

सन्दीप हन्ड्रेड बलमा
१ करोड ४७ लाखमा अनुबन्ध । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

महिला क्रिकेट लिग
शतकीय साझेदारी । १५

वर्ष २७ अंक २४२ काठमाडौं | ५ कात्तिक २०७६ मंगलबार कार्तिक कृष्णपक्ष नवमी | नेपाल संवत् ११३९ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, October 22, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

चर्चित चिनियाँ अभिनेत्री एवं नेपाल भ्रमण वर्ष २०२० का लागि सद्भावनादूत स्वी छिङ सोमबार अन्नपूर्ण आधार शिविरमा । नेपाल भ्रमण क्रममा पोखरामा रहँदा स्वीले प्याराग्लाइडिङ र फेवातालमा नौकाविहार गरिन् । उनले अन्य चिनियाँ कलाकारसहित फेरि नेपाल भ्रमण गर्ने बताएकी छन् । समाचार पृष्ठ ९ ।

तस्विर सौजन्य : हिमालय फ्रन्टियर्स प्यारागलाइडिङ

कुमार पौडेलबारे आयोगको निष्कर्ष

पक्रेर गोली प्रहार

- हत्यामा संलग्न प्रहरीलाई कारबाही र आदेश दिने अधिकारीमाथि छानबिनको निर्देशन
- चन्द समूहलाई वार्तामा ल्याई उसका गैरकानुनी गतिविधि नियन्त्रण गर्न सुझाव

■ **बलराम बानियाँ** (काठमाडौं)

मानव अधिकार आयोगले नेत्रविक्रम चन्द समूहका सर्लाही इन्चार्ज कुमार पौडेललाई प्रहरीले नियन्त्रणमा लिएर गोली हानी हत्या गरेको निष्कर्ष निकाल्दै संलग्नलाई कारबाही सिफारिस गरेको छ । आयोगले आदेश दिने उच्च प्रहरी अधिकारीमाथि पनि छानबिन गरी कारबाही गर्न सरकारलाई निर्देशन दिएको छ ।

प्रहरीको दाबीजस्तो दोहोरो भिडन्त वा आत्मरक्षाको स्थिति पुष्टि नभएको र घटनाको प्रकृति तथा संकलित प्रमाणसमेतबाट नियन्त्रणमा लिएर मारेको देखिएको आयोगले जनाएको छ । प्रहरीले पौडेललाई नियन्त्रणमा लिएपछि ९ राउन्ड गोली हानेको आयोगले उल्लेख गरेको छ । आयोग पदाधिकारीको सोमबार बसेको बैठकले आफ्नो छानबिन प्रतिवेदन आधारमा प्रत्यक्ष संलग्न तथा कमान्डरसमेत रहेका प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साह, प्रहरी हवल्दारद्वय श्रीविनोद साह र सत्यनारायण मिश्रलाई तत्काल निलम्बन गरी फौजदारी अभियोगमा मुद्दा चलाउन सरकारलाई सिफारिस गरेको छ ।

कुमार पौडेल

आयोगका सचिव वेद भट्टराईद्वारा सोमबार जारी विज्ञप्तिअनुसार प्रहरी निरीक्षक किरणप्रसाद न्यौपाने र प्रहरी नायब निरीक्षक सूर्यकुमार कार्कीलाई मुचुल्का गर्दा त्रुटि गरेकाले सचेत गराउन सरकार र नेपाल प्रहरीलाई सिफारिस गरिएको छ । आयोगले प्रहरीलाई निर्देशन दिने तालुक निकायका पदाधिकारी तथा कर्मचारी, आदेश दिने अधिकारी तथा दुरुत्साहन गर्ने व्यक्तिमाथि समेत अनुसन्धान गरी कानुनी दायरामा ल्याई कानुनबमोजिम कारबाही गर्न सिफारिस गरेको छ ।

बाँकी पृष्ठ १४ ▸▸

चन्द समूहका दुई सर्त

काठमाडौं (कास)- नेत्रविक्रम चन्द नेतृत्वको समूहले सरकारसँग वार्ताका लागि आफूमाथिको प्रतिबन्ध हटाउनुपर्ने र नेता-कार्यकर्तालाई निःसर्त रिहा गर्नुपर्ने सर्त अघि सारेको छ ।

चन्द समूहको गत असोजमा सम्पन्न आठौं पूर्ण बैठकले यस्तो निर्णय लिएको हो । तर बैठकले सरकारले अघि सारेको वार्ताको कुरा पत्यार गर्न लायक नभएको निष्कर्ष निकालेको छ ।

'सरकारले आफ्नो फाँसीवादी दमनलाई ढाकछोप गर्न 'वार्ता' को हतियार प्रयोग गरिरहेका सन्दर्भमा पार्टीले षड्यन्त्रपूर्ण वार्ता प्रचारलाई भन्डाफोर गर्ने तर इमानदारीसाथ प्रतिबन्ध हटाएर गिरफ्तार कमरेडहरूलाई छोडेर निःसर्त आएमा सकारात्मक रूपले सोच्ने निर्णय लिएको छ,' चन्दले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

बाँकी पृष्ठ १४ ▸▸

उतिबेलै गरिएको थियो सर्वस्वसहित जन्मकैद मागदाबी

■ **मातृका दाहाल** (काठमाडौं)

तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौला, गृहसचिव उमेश मैनाली र प्रहरी महानिरीक्षक ओमविक्रम राणाले रौतहट बम विस्फोट घटना र घाइतेका विषयमा आफूहरू जानकार नै नरहेको बताए पनि कांग्रेस सांसद मोहम्मद अफताब आलममाथि १२ वर्षअघि प्रहरीले नै सर्वस्वसहित जन्मकैद सजाय हुनुपर्ने मागदाबी गरेको खुलासा भएको छ ।

२०६४ चैत २७ गते राति विस्फोटमा घाइते भएकालाई इँटाभट्टामा लगेर मारिएको कसुरसम्बन्धी प्रहरीको अनुसन्धान प्रतिवेदनमा आलमसहितका आरोपितमाथि सर्वस्वसहित जन्मकैदको सजाय मागदाबी लिएर प्रहरी जिल्ला सरकारी वकिलको कार्यालय पुगेको पाइएको हो । 'बम विस्फोटमा घाइते भएकालाई इँटाभट्टामा लगेर मारेको अभियोगमा मुलुकी ऐन २०२० को महल-१० ज्यानसम्बन्धी कसुरको दफा १३क अनुसार आलममाथि सर्वस्वसहित जन्मकैद सजाय मागदाबी गरिएको थियो,' त्यसबेला प्रहरीले तयार पारेको प्रतिवेदन उल्लेख गर्दै स्रोतले भन्यो, 'तर प्रतिवेदन तथ्य र प्रमाणभन्दा बाहिर गएर बनाइएको तर्क गर्दै सरकारी वकिल कार्यालयले अदालतसम्म नपुऱ्याई अभियुक्तहरूलाई उन्मुक्ति दियो ।'

फाइल तस्बिर

तत्कालीन प्रहरी निरीक्षक (हाल नायब उपरीक्षक) रहेका राजीव बस्नेतको नेतृत्वमा घटनाको अनुसन्धान भएको थियो । अनुसन्धानका क्रममा प्रमाण संकलनमा थुप्रै कमीकमजोरी भए पनि अपराधमा संलग्नले उन्मुक्ति पाउनु हुँदैन भन्ने गरी त्यसबेला नै प्रतिवेदन तयार भएको हाल अनुसन्धानमै खटिएका एक प्रहरीले बताए । त्यसबेलाको प्रहरी प्रतिवेदनअनुसार मुद्दा नचलाई सरकारले आरोपितलाई उन्मुक्ति दिएको थियो । घटनाको १२ वर्षपछि गत असोज २६ गते मुख्य आरोपित आलम रौतहटबाटै पक्राउ परेका हुन् । उनलाई सुरुमा ७ दिन र आइतबार पुनः ५ दिन म्याद थप गरेर हिरासतमै राखिएको छ । प्रहरीसँगको बयानमा आलमले कसुर अस्वीकार गरिरहेका छन् । विस्फोट घटनामा भागेर बाँचेका एक पीडितको चोट तथा घाउ जाँच भइसकेको छ । उनको स्वास्थ्य परीक्षण प्रतिवेदन आएपछि अनुसन्धानलाई पूर्णता दिने प्रहरीको भनाइ छ । आलम जोडिएको घटनामा कसुर पुष्टि हुने आधार तयार भइसकेको उल्लेख गर्दै आलममाथि पोलिग्राफ बयान लिने तयारी भइरहेको स्रोतले जनायो ।

बाँकी पृष्ठ ३ ▸▸

२०६४ चैत २७ : विस्फोट
२०६५ वैशाख १४ : मुचुल्का
२०६५ वैशाख १४ : प्रहरी निरीक्षक राजीव बस्नेतको नेतृत्वमा अनुसन्धान सुरु
२०६५ वैशाख १८ : किटानी जाहेरी
२०६५ असार ९ : प्रहरी अनुसन्धान प्रतिवेदन रौतहट सरकारी वकिलको कार्यालयमा पेस (जुन प्रतिवेदनमा आलमसहितका आरोपितमाथि सर्वस्वसहित जन्मकैदको सजाय मागदाबी)
२०६५ असार ३० : महान्यायाधिवक्ता कार्यालयद्वारा आरोपितविरुद्ध मुद्दा नचल्ने निर्णय
२०६९ जेठ १६ : महान्यायाधिवक्ताको निर्णय सर्वोच्च अदालतद्वारा बदर, सुरुबाटै अनुसन्धान गर्न आदेश
२०७६ असोज २६ : विस्फोटका आरोपित आलम पक्राउ

नागढुंगा-सिस्नेखोला सुरुङमार्ग ४२ महिनामा बन्ने
पृष्ठ २

उकालो लाग्दै रूखबिरुवा

हिमाली क्षेत्रका वनस्पति तापक्रम वृद्धिका कारण ५६.१ मिटरमाथिसम्म फैलिएको पछिल्लो अनुसन्धानले देखाएको छ

■ **अब्दुल्लाह मिर्याँ** (काठमाडौं)

हिमाली क्षेत्रमा पाइने वनस्पतिका केही प्रजाति बर्सेनि माथिल्लो भूभागतर्फ उक्लिरहेको अध्ययनले देखाएको छ । चिसोले वनस्पति नै नहुने क्षेत्रमा पनि क्रमिक यसरी उक्लनेमा भोजपत्र र गोब्रेसल्लालगायतका वनस्पति छन् ।

विश्वमा हालसम्म भएका १ सय ६६ वटा अध्ययनले पनि वृक्षरेखा माथि सर्दै गएका वनस्पतिको प्रतिशत ५२ देखाएको छ । ४७ प्रतिशतको वृक्षरेखा फेरबदल भएको छैन, कतिपय वनस्पतिको वृक्षरेखा उस्तै नै छ । हिमाली क्षेत्रका केही वनस्पतिको हरेक वर्ष २.६ मिटरका दरले वृक्षरेखा माथि सर्दै गएको अनुसन्धानको निष्कर्ष छ । वनस्पति विज्ञहरूले नेपालको पूर्वदेखि पश्चिमसम्मका उच्च हिमाली क्षेत्रमा विभिन्न समयमा गरेको अध्ययनबाट भोजपत्र र गोब्रेसल्लाजस्ता वनस्पति माथितिर उकालो लागिरहेको तथ्य पत्ता लागेको हो । तापक्रम बढेर हिमाल, हिमताल र हिमनदी पग्लिने क्रम बढिरहेका बेला वनस्पतिका केही प्रजाति उपयुक्त चिसो खोज्दै मास्तिर उक्लिरहेका हुन् । यसको असर त्यहाँका वन्यजन्तु र जनजीवनमा समेत पर्ने विश्लेषकहरूको भनाइ छ । भोजपत्र र गोब्रेसल्लाबारे इन्स्टिच्युट अफ टिबेटेन प्लेटो रिसर्च, चाइनिज एकेडेमी अफ साइन्सेस, बेइजिङबाट विद्यावारिधि गरेर त्यहीं कार्यरत वनस्पति विज्ञ शालिकराम सिग्देलले वनस्पतिहरूको वृक्षरेखा (ट्री-लाइन) माथितिर स्थानान्तरण हुने क्रम बढिरहेको पाइएको बताए । 'मेरो अध्ययनले पश्चिमको तुलनामा पूर्वी हिमाली भागका वनस्पतिहरू माथितिर उकालो लागिरहेको देखाएको छ,' पर्वतीय क्षेत्रको परिवर्तनसम्बन्धी चौथो सम्मेलनमा भाग लिन काठमाडौं आएका उनले कान्तिपुरसित भने, 'विगतमा रूख नहुने स्थानमा अहिले दुई मिटरभन्दा बढी उचाइका रूख भेटिएका छन्, त्यसले माथिल्लो क्षेत्रमा वृक्षरेखा स्थापित भएको छ ।'

बाँकी पृष्ठ १४ ▸▸

नागढुंगा-सिस्नेखाला सुरुङमार्ग शिलान्यास

४२ महिनामा बनाइसक्ने

नागढुंगा-सिस्नेखोला सुरुङमार्गको सोमबार शिलान्यास गर्दै प्रधानमन्त्री केपी शर्मा ओली (बायाँ) र सुरुङमार्गको इन्फोग्राफिक्स । *तस्विर : कविन अधिकारी, इन्फो : दीपेन्द्र कर्ण/कान्तिपुर*

■ **विमल खतिवडा** (काठमाडौं)

नागढुंगा-सिस्नेखाला २.६८ किलोमिटर सुरुङमार्गको प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरेका छन् ।

साढे ३ वर्षमा निर्माण सक्ने गरी सुरुङमार्गको सोमबार निर्माण शिलान्यास गरिएको हो । 'ऊर्जा, खानेपानी, सिँचाइका लागि हामीले नहर बनाएका थियौं,' उनले भने, 'राजमार्ग र बाटोका लागि सुरुङमार्ग बनाएका थिएनौं ।' त्यही भएर यो सुरुङमार्ग निर्माण नयाँ प्रविधिको अर्को फड्को रहेको उनले बताए । 'नयाँ प्रविधिमा थप एक कदम अघि बढेका छौं,' उनले भने । उनले कलंकी-नागढुंगा सडक अविलम्ब तयार पार्न निर्देशन दिएका छन् । नेपाल भ्रमण वर्षमा आउने पर्यटकलाई बाटोका कारण कुनै समस्या हुन नहुने उनको धारणा थियो । 'जापान र नेपालको राम्रो र लामो सम्बन्ध छ,' उनले भने, 'जापान सरकारकै ऋण सहयोगले पहिलोपटक सुरुङमार्ग बन्दै छ, यो खुसीको कुरा हो ।'

उनले टोखा-छहरे, बेत्रावती-स्याब्रुबेंसी सडक खण्डमा पनि सुरुङमार्गहरू बन्ने बताए । अहिले सम्भाव्यता अध्ययनको काम भए पनि द्रुत गतिमा काम अगाडि बढाउने उनले बताए । 'काठमाडौं-तराई फास्ट ट्रयाक तीव्र गतिमा बनिरहेको छ, पूर्व पश्चिम हुलाकी राजमार्ग लगभग बनिसक्यो, पूर्व पश्चिम राजमार्ग चौडा गर्ने काम विभिन्न ठाउँबाट भइरहेको छ,' उनले भने, 'राजमार्गबाट सदरमुकाम र सिमानासम्म पुग्ने बाटाहरू चार लेन/६ लेनका बनाइएको छ, यस वर्ष मात्र १६ सय किमिभन्दा बढी सडक कालोपत्रे गरिएको छ ।' सबै डबल लेनको सडक भएको र अब सिंगल लेनको सकड नबनाउने उनको भनाइ थियो ।

'हामीले सिंगल लेनको बाटो बनाउन छाडिसक्यौं, अब कम्तीमा डबल लेन नत्र फोर लेन र सिक्स लेनको बाटो मात्र बन्नेछन्,' उनले भने, 'इतिहासमा यति धेरै बाटो कहिले पनि बनेको थिएन, यसरी बन्ने हो भने नेपालमा बाटोको समस्या हुने थिएन ।' यस वर्ष २४३ वटा पक्की पुल निर्माण भएको उनले बताए । करिब ३ सय झोलुंगेपुल निर्माण गरिएको छ । 'झुन्डिएर तुइनबाट तर्दा खसेर ज्यान जाने धेरै हुन्थे, बालबालिका टुहुरा बन्थे, बूढाबूढी सहाराविहीन हुन्थे,' उनले भने, '१२४ वटा तुइन विस्थापन गरिसकेका छौं ।' उनले बाटो मात्र नभएर विमानस्थलहरू पनि बनाइरहेको बताए । 'पानीजहाजको कुरा गर्दा मान्छेहरूले उडाए,' उनले भने, 'तर काठमाडौंबाट कोलकाता, विराटनगरबाट कोलकाता ७/८ सय किमि पर्छ । अब डेढ किलोमिटरसम्म पानीजहाजबाट आउँछ ।'

खनालको गुनासो

कार्यक्रममा पूर्वप्रधानमन्त्री झलनाथ खनाल पनि उपस्थित थिए । उक्त सुरुङमार्गको ०६७ साल माघ २७ गते खनाल नेतृत्वको मन्त्रिपरिषद्ले सम्भाव्यता अध्ययन निर्णय गरेको थियो । तर कार्यक्रममा बोलाइएका खनाललाई बोल्न दिइएन । कार्यक्रममा बोल्ने कुनै पनि वक्ताले उनी प्रधानमन्त्री हुँदा सम्भाव्यता अध्ययनका लागि स्विकृति दिइएको बारे उच्चारण गरेनन् । खनाल आफूले बोल्न पाउनेमा आशावादी देखिन्थे । तर अन्तिमसम्म आफूले बोल्न नपाएपछि निराश देखिए । कार्यक्रम सकिएलगत्तै आफू निकटस्थसँग असन्तुष्टिसमेत पोखे । 'कार्यक्रममा बोलाए पनि आफूले गरेको कामको प्रसंग नै ननिकालिएको र बोल्न पनि नदिएको भन्दै,' उनले असन्तुष्टि पोखेका हुन् । 'आफ्नै पार्टीको पूर्ववर्ती सरकारले गरेका कामहरूको विषयमा ओली सरकारले कहिल्यै पनि नबोलेको भन्दै,' गुनासो गरेको उनीसँगै कार्यक्रममा सहभागी एक नेताले सुनाए ।

४२ महिनामा निर्माण सम्पन्न

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले सुरुङमार्गको निर्माण ४२ महिनाअघि नै सकिने बताए । 'साँच्चिकै बनाउने हो भने ४२ महिना चाहिँदैन, बढीमा ३६ महिनाभित्र बनाएर दिन भनेका छौं,' उनले भने, 'यसमा निर्माण कम्पनी सकारात्मक छ ।' उनका अनुसार यही आर्थिक वर्षमा अन्य ७ वटा सुरुङमार्गको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरिनेछ । चित्लाङ, लामाबगर, सिद्धबाबा, खुर्कोटलगायत क्षेत्रमा सुरुङमार्ग निर्माणका लागि डीपीआर तयारी अवस्थामा छन् । उनले कोटेश्वर, नयाँबानेश्वर, गौशाला, चाबहिल, कालीमाटी, त्रिपुरेश्वर, थापाथलीसहित ७ वटा ठाउँमा आधुनिक ओभरहेड ब्रिज, अन्डर पास र सुरुङमार्ग बनाउन निर्णय गरिएको बताए ।

सोमबारै सैद्धान्तिक सहमतिका लागि सम्बन्धित निकायमा पठाउने निर्णय भएको र सहमति आउनासाथ ठेक्का प्रक्रिया अगाडि बढाइने उनले बताए । कार्यक्रममा जापनिज राजदूत मसामिची साइगो जापानलाई सुरुङमार्गको राम्रो अनुभव भए पनि पहिलोपटक नेपालमा बन्न लागेकाले खुसी लागेको बताए ।

मन्त्रालयका सचिव देवेन्द्र कार्कीले राजधानीलाई जोड्ने जामको विकल्पको रूपमा सुरुङमार्गको निर्माण गर्न लागिएको बताए । 'सबै खाले गाडी गुड्न सक्ने एउटा मात्र नाका पृथ्वी राजमार्ग हो, प्रत्येक दिन नागढुंगा-नौबिसे खण्डमा जाम हुने गर्छ । जुन ठाउँमा सडक चौडा गर्न मिल्ने भूबनोट पनि छैन,' उनले भने, 'साना घुम्ती र ठाडो उकालो भएकाले यसको विकल्प खोज्ने क्रममा नागढुंगा सुरुङमार्गको परिकल्पना गरिएको हो । यसको निर्माणपश्चात् पुरानो सडक पनि समानान्तर रूपमा चालु रहनेछ ।'

सुरुङमार्ग ४ किमि दूरी छोटिने

सुरुङमार्गले सडकको लम्बाइ ४ किमि छोटचाउने उनले बताए । उनका अनुसार सडकतर्फको आधुनिक प्रविधिको सुरुङ नेपालकै पहिलो भएकाले यसको विशेष महत्त्व छ । सडक विभागका महानिर्देशक केशव शर्माले नेपालको यातायात क्षेत्रलाई सुरुङ युगमा प्रवेश गराएको बताए । ४२ महिनाभित्रमा निर्माण सक्ने गरी ठेक्का असोजमा जापानिज कम्पनी हाज्मा/एन्डोसँग ठेक्का सम्झौता भएको थियो । सडक विभागको विकास सहायता कार्यान्वयन महाशाखाका प्रमुख अर्जुनजंग थापाका अनुसार जापानको साढे १६ अर्ब ऋण सहयोग रहेको छ । ठेक्का भने साढे २२ अर्बको हो । जसमा ६ अर्ब नेपाल सरकारको रहेको छ । ऋण ४० वर्षमा तिरिसक्नुपर्नेछ, जसको ब्याज शून्य दशमलव एक प्रतिशत रहेको छ । ऋणको रकम १० वर्षसम्म किस्ता भुक्तानी गर्नुपर्नेछैन । यो आयोजनामा विदेशबाटै मेसिन ल्याएर काम सुरु गरिनेछ । मुआब्जा वितरण र परामर्श सेवा यसैमा जोडिनेछ । सुरुङमार्गको दूरी २ दशमलव ६८८ किमि रहनेछ, जुन नागढुंगाबाट सिस्नेखोलासम्म मात्र बन्नेछ । दुईवटा सुरुङ रहनेछन् । एउटामा गाडी गुड्ने र अर्को आपत्कालीन सुरुङ रहनेछ, जसमा एम्बुलेन्स र दमकल हिँड्नेछन् ।

अहिले नागढुंगादेखि सिस्नेखोलासम्म साढे ८ किमि छ । सुरुङमार्ग बनेपछि दूरी घटेर करिब ४ किमिमा झर्नेछ । काठमाडौंबाट जाँदा समस्या हुँदैन । आउँदा बढी जाम हुन्छ । दैनिक यात्रुदेखि उपयभोग्य वस्तु काठमाडौं भित्रिने मुख्य नाका यही हो । सुरुङमार्ग बनेपछि एक घण्टाभन्दा बढी नै समयको बचत हुनेछ । काठमाडौंबाट बाहिरिँदा १५/२० मिनेट समयको बचत हुन्छ । सबै साधन सुरुमार्ग हुँदै आउनेछन् । पेट्रोलियम पदार्थ बोकेका साधन मात्र अहिलेकै पुरानो सडकबाट राजधानी आउनेछन् । गुर्जुधारावाट आकासेपुल पश्चिमतर्फ बनेर उत्तरतर्फ मोडिनेछ । उत्तरतर्फ इन्टरसेक्सन बन्छ । यसको अर्थ सर्वेतिरबाट आएका गाडी रोकि नेछैनन् । चारै दिशातर्फ गाडी गुड्नेछन् । यसमा पुल ७ र बक्स कल्भर्ट ११ वटा बन्नेछन् । सिस्नेमा सुरुङबाट निस्किँदा ५ सय मिटर नयाँ सडक बन्ने र जुन त्रिभुवन राजपथसँग जोडिनेछ ।

मुआब्जा विवाद कायमै

काठमाडौंमा मुआब्जा वितरण टुंगिए पनि धादिङतर्फ मुआब्जा वितरण अझै हुन सकेको छैन । धादिङतर्फ सुरुङमार्ग निर्माणका लागि १ सय ९ रोपनी जग्गा प्रयोग हुनेछ, जसमध्ये ४४ रोपनी स्थानीयको रहेको छ । ४४ मध्य करिब २६ रोपनी जग्गा श्री ५ को वायु गुठीको रहेको छ । नागढुंगा सुरुङमार्ग आयोजनाका प्रमुख श्यामप्रसाद खरेलका अनुसार काठमाडौंतिर मुआब्जा वितरणमा समस्या नभएको र धादिङतर्फ वितरणका लागि निर्णय भए पनि अहिलेसम्म वितरण हुन सकेको छैन । धादिङको जग्गाका लागि मालपोतमा लगत कट्टाका लागि पठाइएको छ । गुठी र लालपुर्जा नभएको जग्गाको मन्त्रिपरिषद्बाट निर्णय गराउनुपर्ने हुन्छ ।

सत्ता-प्रतिपक्ष छलफल

रिक्त आयोगहरूमा पदपूर्ति लम्बिने

■ **बिनु सुवेदी** (काठमाडौं)

लामो समयदेखि रिक्त रहेका संवैधानिक आयोग र संक्रमणकालीन न्यायसम्बन्धी आयोगहरूमा पदाधिकारी नियुक्ति प्रक्रिया लम्बिने भएको छ । सत्तारूढ दल नेकपा र प्रमुख प्रतिपक्षी कांग्रेसबीच सोमबार भएको छलफल निष्कर्षमा नपुगेपछि पदाधिकारी नियुक्तिमा समय लाग्ने भएको हो ।

संक्रमणकालीन न्यायसँग जोडिएका सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग ६ महिनादेखि पदाधिकारीविहीन छन् । बैठकमा रिक्त आयोगहरूमा पदाधिकारी नियुक्तिका विषयमा छलफल भए पनि ठोस निष्कर्ष नआएको छलफलमा सहभागी नेकपा संसदीय दलका उपनेता सुवास नेम्वाङले जानकारी दिए । उनले प्रतिपक्षी र सत्तापक्षीय नेताहरूको नियमित भेटघाट मात्रै भएको उल्लेख गर्दै संक्रमणकालीन न्यायसम्बन्धी कानुन निर्माणमा सहमति खोज्ने विषयमा कुराकानी भएको बताए ।

'हामीले संक्रमणकालीन न्यायसम्बन्धी आयोगहरूमा छिट्टै पदाधिकारी नियुक्त गर्ने र कानुन संशोधन गर्ने विषयमा सहमति गरेर जानुपर्छ भन्ने निष्कर्ष निकालेका छौं,' उनले भने, 'आयोगले छिट्टै पूर्णता पाउलान्, विधेयक पनि संसद्को हिउँदे अधिवेशनमा पेस गर्ने गरी काम सक्नेछौं ।' उनले सिफारिस समितिले नाम टुंगो लगाउनेबित्तिकै सत्य निरुपण र मेलमिलाप तथा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिनसम्बन्धी आयोगले पदाधिकारी पाउने बताए तर स्रोतहरू भन्छन्, 'यी आयोगका अध्यक्षका विषयमा सत्ता र प्रतिपक्षी दल तथा नेकपाभित्रै पनि अध्यक्षहरू केपी शर्मा ओली र पुष्पकमल दाहालबीच सहमति नजुट्दा सिफारिस समिति अन्योलमा छ ।'

संवैधानिक र संक्रमणकालीन आयोगहरूमा पदाधिकारी नियुक्तिका विषयमा सहमति जुटेन

गत भदौ १ गते संसद् बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले एक साताभित्र संक्रमणकालीन न्यायसम्बन्धी आयोगहरूमा पदाधिकारी नियुक्त गरिसक्ने बताएका थिए । नियुक्तिमा ढिलाइ हुँदा न्याय निरुपण गर्ने विषयमा उदासीनता बढेको भन्दै सशस्त्र द्वन्द्व प्रभावित र सरोकारवाला पक्षले सरकारको आलोचना गर्दै आएका छन् ।

कांग्रेसका नेता रमेश लेखकले छलफलमा संवैधानिक परिषद् बैठकको तयारीका विषयमा दुई दलबीच छलफल भएको बताए । 'धेरै संवैधानिक आयोग पदाधिकारीविहीन छन्, तिनमा सदस्य सिफारिस गर्ने विषयमा पनि सामान्य छलफल भयो,' उनले बताए ।

संवैधानिक आयोगहरूमा पदाधिकारी नियुक्तिसम्बन्धी छलफल गर्न संवैधानिक परिषद्को बैठक मंगलबार साँझ बस्दै छ । संवैधानिक आयोगहरूमा पदाधिकारी नियुक्त गर्ने गरी बैठकको एजेन्डा तय गरिएको परिषद् सदस्य एवं उपसभामुख शिवमाया तुम्बाहाङ्फेले जानकारी दिइन् । आयोगमा नियुक्तिका लागि सत्ता र प्रतिपक्षी दलबीच सोमबारसम्म सहमति भएको छैन ।

सातवटा संवैधानिक आयोग पदाधिकारीविहीन हुँदा तिनले गर्नुपर्ने काम रोकिएका छन् । सरकारले अहिलेसम्म महिला, आदिवासी जनजाति र दलित आयोगमा पदाधिकारी नियुक्त गर्न सकेको छैन । वित्त, मधेसी, थारू र मुस्लिम आयोगमा अध्यक्ष मात्रै नियुक्त गरिएकाले ती आयोगले काम गर्न सकेका छैनन् । अध्यक्ष र एक सदस्य नियुक्त गरिएको समावेशी आयोगका अध्यक्षले राजीनामा दिइसकेका छन् ।

०७५ भदौ ५ मा संवैधानिक परिषद्को सचिवालयले ८ वटा संवैधानिक आयोगका अध्यक्ष र सदस्यका लागि दरखास्त आह्वान गरेको थियो । ०७५ माघमै मधेसी, थारू, मुस्लिम, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त र राष्ट्रिय समावेशी आयोगमा अध्यक्षहरूको सिफारिस भएको थियो तर अरू आयोगले नेतृत्व तथा पदाधिकारी पाउन सकेका छैनन् । प्रत्येक आयोगमा अध्यक्षसहित पाँच पदाधिकारी हुन्छन् ।

ADMISSIONS OPEN
BE (Civil Engineering)
BBA
BHM
Special Scholarship Available
RITZ
College of Engineering and Management
(Affiliated to Pokhara University)
Dedicated to Quality Education
An ISO 9001-2015 Certified College
01-5186188, 5186183
Balkumari-9, Lalitpur, Nepal
Email:info@ritzhospitality.edu.np
www.ritzhospitality.edu.np

डीभीले राहदानी बनाउने ५ गुणा बढे

राजधानीस्थित राहदानी विभागमा सोमबार राहदानी लिन लामबद्ध युवा । *तस्विर : केशव थापा/कान्तिपुर*

■ **देवेन्द्र भट्टराई** (काठमाडौं)

बसोबासकै लागि अमेरिका जान पाइने अवसरका रूपमा चिनिएको डाइभर्सिटी भिसा (डीभी) को आवेदन फर्म खुल्नासाथै उपत्यकाबाहिरका नेपाली सेवाग्राही राहदानी लिन काठमाडौं ओईरिएका छन् । राहदानी विभागले सधैंको भन्दा झन्डै पाँच गुणा राहदानी आवेदन भर्ने र उत्पादन गर्ने अवस्था आएपछि स्थिति अस्तव्यस्त बनेको छ ।

गत असोज १५ मा डीभी आवेदन खुलेपछि काठमाडौं आएर तत्कालै राहदानी (एमआरपी) भिक्नेको संख्या हवात्तै बढेको हो । अरू बेला जिल्ला संकलन केन्द्रबाट आउनेसहित दैनिक बढीमा आठ सय एमआरपी आवेदक रहने गरेकामा पछिल्ला दिनमा झन्डै चार हजार जनाले आवेदन भरिरहेका छन् । यसमा पनि एक तिहाइ जति १५ हजार रुपैयाँ शुल्क तिरेर एकैदिनमा एमआरपी लिन चाहने छन् । विभागका अनुसार डीभी आवेदन खुल्नुअघि गत असोज १४ मा नारायणहिटीस्थित राहदानी विभाग आएर एमआरपी आवेदन भर्नेको संख्या ४ सय ८१ जना थियो, कात्तिक ३ मा यो संख्या २ हजार ६ सय ६२ पुगेको छ ।

अमेरिकी सरकारले खुलाएको डीभी आवेदनमा यसपटक एमआरपी नम्बर अनिवार्य हुनैपर्ने प्रावधान थपिएपछि तत्काल डीभी भर्ने हतारोमा सेवाग्राही काठमाडौं आएका हुन् । विभागका महानिर्देशक रामकाजी खड्काका अनुसार विभागले परराष्ट्रबाट १० जना कर्मचारी काजमा बोलाउनुका साथै काउन्टरहरू थप गरेर पनि राति ९ बजेसम्म आवेदन फर्म बुझ्ने सेवा दिइरहेको छ । 'हामीले दिने नियमित सेवाले झन्डै थेग्न नसकेको अवस्था छ, तैपनि समय बढाएर आवेदन बुझिरहेका छौं,' उनले भने ।

आवेदकको बढ्दो संख्याको चापका कारण एमआरपी शुल्क तिर्ने अनलाइन पद्धति सोमबार दिनभरजसो अवरुद्ध (सर्भर डाउन) भएको थियो । विभागका कर्मचारीले हातैले रसिद भरेर राजस्व शुल्क बुझिरहेका थिए । 'जिल्लाबाट एमआरपी आवेदन फर्म पठायो भने एक महिनामा मात्रै एमआरपी हातमा आइपुग्छ,' गुल्मीबाट आएकी दीपा कार्कीले भनिन्, 'त्यसबेला त डीभी भर्ने म्याद नै गुज्रन्छ भनेर काठमाडौं आएकी हुँ ।' सूचनामा यही कात्तिक १९ सम्म मात्रै डीभी भर्नका लागि म्याद तोकिएको छ ।

विभागले दैनिक बढीमा एक हजार सेवाग्राहीका लागि सेवा दिने क्षमता भए पनि अहिले डीभी चिट्ठा र मलेसियाको खुला रोजगारीसहितका कारण संख्या एमआरपी आवेदकको संख्या हवात्तै बढेको देखिएको छ ।

अमेरिकी सरकारको डिपार्टमेन्ट अफ स्टेट ब्युरो अफ कन्सुलर अफेयर्सका अनुसार नेपालबाट हरेक वर्ष औसतमा ३५ सय नेपाली डीभी चिट्ठामार्फत अमेरिका गइरहेका छन् । डीभी आवेदन भर्नेको संख्या भने वर्सेनि झन्डै ५० हजारभन्दा बढी हुने गरेको छ ।

विभागका अनुसार मेसिन रिडेबेल पासपोर्ट (एमआरपी) वितरण सुरु भएको १० वर्षमा झन्डै ६१ लाख नेपालीले राहदानी लिएका छन् । अन्तर्राष्ट्रिय नागरिक उड्डयन निकाय (आईकाओ) को प्रावधानमा २०६७ पुस ९ बाट नेपालमा एमआरपी अनिवार्य गरिएको हो । २०७२ मंसिर ८ बाट हस्तलिखित पासपोर्ट पूर्ण रूपमा खारेज भइसकेको छ । सरकारले आगामी वर्ष असारदेखि अनिवार्य रूपमा ई-पासपोर्ट सुरु गर्ने भएपछि अहिले छापिएर स्टकमा राखिएका झन्डै ९ लाख एमआरपी अब एक वर्षभित्रैमा वितरण/नवीकरण भइसक्नेछ ।

यूएनका क्रियाकलापप्रति सरकारको आपत्ति

काठमाडौं (कास)- महिला हिंसा, संक्रमणकालीन न्यायलगायत विषयमा संयुक्त राष्ट्रसंघ (यूएन) ले अन्य मुलुकसँग मिलेर टिप्पणी गरेको भन्दै सरकारले आपत्ति जनाएको छ। परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले नेपालस्थित यूएन कार्यालयको पछिल्लो क्रियाकलापलाई लिएर सोमबार पत्रकारमाझ आपत्ति जनाएका हुन्।

नेपालस्थित यूएन कार्यालयले पछिल्लो पटक असोज १७ गते नेपालमा रहेका अस्ट्रेलिया, फिनल्यान्ड, फ्रान्स, नर्वे, स्विट् जरल्यान्ड र बेलायतका दूतावासहरूसँग मिलेर महिलाविरुद्ध हिंसाका बारेमा संयुक्त विज्ञप्ति निकालेको थियो। विज्ञप्तिमा अन्तर्राष्ट्रिय समुदायले नेपालमा रहेको महिलाविरुद्धको हिंसामा चासो दिएको उल्लेख थियो। महिला हिंसाविरुद्धका केही विषय अझै अनुसन्धान प्रक्रियामा रहेको उल्लेख गर्दै अन्तर्राष्ट्रिय कानुनअनुसार नेपालले पीडितलाई न्याय प्रदान गर्नुपर्ने भनिएको थियो। अन्तर्राष्ट्रिय समुदायले यसअघि गत वर्ष पनि वेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको म्याद सकिन लाग्दा नेपाल सरकारलाई संक्रमणकालीन न्यायबारे आफ्नो योजना प्रस्ट पार्न आग्रह गरेको थियो। त्यसबेला यूएन कार्यालय, युरोपेली संघ, अमेरिका, बेलायत, जर्मनी, अस्ट्रेलिया, फिनल्यान्ड, फ्रान्स, नर्वे र स्विट्जरल्यान्ड दूतावासले संयुक्त विज्ञप्ति निकालेका थिए।

मन्त्री ज्ञवालीले नेपालका बारेमा टिप्पणी गर्दा नेपाललाई जानकारी दिनुपर्ने बताए। 'नसोधी प्रतिक्रिया दिनु हुन्न, परामर्श गर्ने कुरा हुन्छ,' उनले भने, 'पछिल्ला केही वक्तव्यहरूबाट हामी अचम्मित भएका छौं।' नेपालको कुरा नभई संसारभर महिलाका निम्ति सुरक्षित वातावरण बन्न नसकेको बताउँदै उनले भने, 'तर नेपाल यस्तो देश हो, जसले घरेलुदेखि अन्य महिलाविरुद्ध हुने हिंसालाई कानुनमा अन्य अपराधसरह राखेको छ।'

राष्ट्रपति विद्यादेवी भण्डारीको म्यानमार भ्रमणमा सामेल भएर फिरेका ज्ञवालीले त्रिभुवन विमानस्थलमा नेपालमा महिलाविरुद्ध जोडिएका वा अभियोग लागेका उच्च पदस्थ पदाधिकारीसमेत कारबाही दायरामा रहेको भनाइ राखे। 'यो तथ्य देख्दादेख्दै नेपालले यस विषयमा केही पनि गरेको छैन भनेर आएको टिप्पणीलाई हामीले स्वाभाविक रूपमा लिएका छैनौं। उपयुक्त समय आएपछि सरकारले यसबारे प्रतिक्रिया दिनेछ,' उनले भने।

फर्जी कागजात बनाएर लोकसेवा सदस्य

विपक्षी दलका नेता बलदेव शर्मा पोखरेलको सिफारिसमा बुहारीको नियुक्ति

■ **घनश्याम गौतम** (रूपन्देही)

प्रदेश ५ को लोकसेवा आयोगमा फर्जी कागज बनाएर सदस्य नियुक्त गरिएको खुलेको छ। तीन सदस्यीय आयोगका लागि मुख्यमन्त्री शंकर पोखरेल संयोजक रहेको समितिले सिफारिस गरेको महिला सदस्य राहेल पोखरेलको कागजात फर्जी देखिएपछि नियुक्त दुवै सदस्यको शपथग्रहण रोकिएको छ।

आयोग अध्यक्षमा सरकारले साउन पहिलो साता अर्घाखाँचीका डिलाराम भट्टराईलाई नियुक्त गरेको थियो। थप दुई सदस्यमा सिफारिस भएका गुल्मीका बाबुराम गौतम र रूपन्देहीकी पोखरेल प्रदेशप्रमुख उमाकान्त झाबाट बिहीबार नियुक्त भएका थिए। राहेल प्रदेशसभामा विपक्षी दलका नेता बलदेव शर्मा पोखरेलकी बुहारी हुन्। सिफारिस समितिमा उनी र सभामुख सदस्य छन्। नियुक्तिको खबर बाहिरिएपछि पोखरेलका विषयमा कागजपत्र नक्कली भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ।

प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को २ को उपदफा ५ अनुसार आयोगका सदस्यमध्ये कम्तीमा एकजना सदस्य २० वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिमध्येबाट र बाँकी सदस्य विज्ञान, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्त्वपूर्ण कार्य गरी ख्यातिप्राप्त गरेको व्यक्तिमध्येबाट नियुक्त हुने उल्लेख छ। तीन सदस्यमध्ये एक महिला अनिवार्य छ। ०५७ मा एसएलसी दिएर ०५८ साउन १ मा प्रमाणपत्र प्राप्त गरेकी पोखरेलले त्यही कार्यविधि पूरा गर्न ०५७ भदौदेखि नै स्थानीय एक निजी विद्यालयको निमावि तहमा नौ वर्ष अध्यापन गरेको सिफारिस बनाएर पेस गरेकी छन्। ०५७ देखि नै अध्यापन सुरु गरेको दाबी गरे पनि उनको नागरिकतासमेत ०५९ मंसिर २९ मा बनेको देखिन्छ। स्रोतका अनुसार आयोग अध्यक्षमा सिफारिस समितिका संयोजकले नै भट्टराईको नाम प्रस्ताव गरेका थिए। त्यतिबेलै एक सदस्य कांग्रेसका तर्फबाट हुनुपर्ने प्रस्ताव विपक्षी दलका नेता पोखरेलले गरेका थिए। त्यसैअनुसार पछिल्लो बैठकमा विपक्षी दलका तर्फबाट पूर्वप्रजिअ बालकृष्ण पन्थीको नाम प्रस्ताव गरिएको थियो। मुख्यमन्त्रीले महिलाको नाम दिन आग्रह गरेपछि पोखरेलले बुहारीको पनि योग्यता पुगेको भन्दै नियुक्तिका लागि आग्रह गरे। मुख्यमन्त्रीले प्रतिपक्षसँग पनि सहकार्य गरेको सन्देश दिन विपक्षी दलबाट आएको नाम नै स्वीकृत गरेको स्रोतको दावी छ। 'सुरुमा अन्य नाम खोज्ने छलफल पनि भएकै हो,' स्रोतले भन्यो, 'तर पछिल्लो अवस्थामा विपक्षी दलका नेता बिरामी रहेको र उनको आग्रह सुन्दा राम्रै हुने ठानेर सभामुखको सल्लाहमै मुख्यमन्त्रीले निर्णय लिएका हुन्।' सिफारिस गर्ने अन्तिम बैठकमा सभामुख पूर्णबहादुर घर्ती उपस्थित थिएनन्।

प्रदेश ५ लोकसेवा सदस्यमा नियुक्त राहेल पोखरेल

विपक्षी दलका नेता पोखरेलले सहमतिमै बुहारीलाई आयोग सदस्यमा सिफारिस गर्ने निर्णय भएको बताए। 'मैले मेरै बुहारी भन्ने जानकारी गराएर मुख्यमन्त्री र सभामुखकै सहमतिमा सिफारिसका लागि कागजपत्र उपलब्ध गराएको हुँ,' उनले भने, 'कागजपत्र फर्जी होइन, योग्यता पुगेको छ।' फर्जी भएको भए निर्णयपूर्व नै अध्ययन हुनुपर्नेमा बदनाम गराउन खोजिएको उनको दाबी छ। सदस्य नियुक्त पोखरेलले योग्यतामा शंका भए छानबिन गर्न सकिने बताइन। 'मैले ०५७ मा एसएलसी, ०६० मा उच्चमावि र सन् २०१६ मा डिग्री पास गरेकी हुँ,' उनले भनिन्, 'तर पेस गरेको कागजमा डेट मिस्टेक भएको रहेछ, बल्ल थाहा भयो।'

उतिबेलै...

'सवाल जवाफ बयान सकिएको छ, अब पोलिग्राफ बयान लिने तयारीमा छौं,' प्रहरी स्रोतले भन्यो, 'पोलिग्राफ बयान सकेर छिट्टै अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा पेस हुनेछ।'

रौतहट प्रहरी प्रमुख एसपी भूपेन्द्र खत्रीले अनुसन्धान छिट्टै टुंगोमा पुग्ने बताए। 'अन्तिम चरणमा पुगिसकेको छ, केही प्राविधिक पक्षको जाँच पूरा भएपछि रायसहितको प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाउँछौं,' उनले भने, 'घटनासँग जोडिएका सबै पक्ष समेटेर अनुसन्धानलाई तथ्य, वैज्ञानिक र त्रुटिरहित बनाउनेमा हाम्रो ध्यान केन्द्रित छ।' प्रहरीले घटनामा मारिएका व्यक्तिको मोजा, गन्जी, घाइतेलाई ईंटाभट्टासम्म पुऱ्याउन प्रयोग गरिएको ट्याक्टर तथा अन्य सबुत प्रमाण नियन्त्रणमा लिइसकेको छ।

१२ वर्षअघि रौतहटका तत्कालीन प्रहरी प्रमुख लक्ष्मण न्यौपानेले 'माथिको आदेश' भन्दै घटनामा संलग्नलाई उन्मुक्ति दिने गरी प्रतिवेदन पेस गर्न निर्देशन दिएको उच्च स्रोतले बतायो। एसएसपी न्यौपाने २०७२ भदौ ७ गते टीकापुरमा तराई/मधेस तथा थरुहट आन्दोलनका क्रममा प्रदर्शनकारीको कुटाइबाट मारिएका थिए। 'दबाबका बीच पनि त्यतिबेला प्रहरीले घटनामा संलग्नमाथि सर्वस्वसहित जन्मकैद सजाय मागदाबी गरेको थियो,' त्यसबेलाका एक डीआईजीले कान्तिपुरसँग भने, 'गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय र अन्य राजनीतिक शक्तिकेन्द्रको दबावका कारण दोषीले उन्मुक्ति पाए।'

'यसबारे आफू जानकार नभएको' भन्दै तत्कालीन गृहमन्त्री सिटौला, गृहसचिव मैनाली र आईजीपी राणाको एकै किसिमको अभिव्यक्ति आएको छ।

अपराध मामिलाका जानकार एक पूर्वप्रहरी अधिकृतले एउटै पार्टीका गृहमन्त्री रहेका बेला सोही पार्टीका नेतामाथि जन्मकैदको सजाय दावीसहित प्रहरीले अनुसन्धान गर्दा गृहमन्त्रीले थाहा नपाएको भन्नु 'घटना ढाकछोपको प्रपञ्च' भएको प्रतिक्रिया दिए। त्यसबेलाका आईजीपी पनि घटना ढाकछोपमै लागेको ती अधिकारीको आरोप छ। तीनैजना तत्कालीन उच्च पदस्थ अधिकारीको भनाइ 'घटना ढाकछोप गर्ने खालको रहेको' भन्दै स्रोतले अहिले भइरहेको अनुसन्धानले कसुर पुष्टि गर्ने आधार खडा गरेको दावी गरेको छ। प्रहरीले आरोपितसँग सवाल जवाफ बयानका अतिरिक्त प्रमाणका रूपमा घटनामा घाइते भएका पीडितको फरेन्सिक जाँचसमेत गरिसकेको छ।

फैसला उल्ट्याउँदै कसुर ठहर

काठमाडौं (कास)- नक्कली बयान र प्रमाणका भरमा एक वर्षअघि पीडकलाई सफाइ दिएको दोलखा जिल्ला अदालतको एक फैसलालाई उच्च अदालत पाटनले उल्ट्याएको छ। दोलखाको विगु गाउँकी मतिरा खड्का जीसीमाथि उनकै श्रीमान् सुन्दर जीसीले २०७४ वैशाख २३ गते गरेको मरणासन्न अवस्थाको कुटपिट घटनामा किटानी जाहेरी र प्रमाणलाई मिचेर जिल्ला अदालतले पीडकलाई सफाइ दिएको थियो। पीडित मतिराको नक्कली औंठाछापसहितका आधारलाई प्रमाण मान्दै आएको जिल्लाको फैसलामा चित्त नबुझेर ६ महिनाअघि यो मुद्दालाई पुनरावेदनमा लगिएको थियो। 'उच्च अदालतले शुक्रबार गरेको फैसलामा पीडक सुन्दर जीसीलाई 'कसुरदार ठहर' गरेको छ,' महिला आयोगस्थित एक अधिकारीले भने।

रातारात गाउँपालिकाको सामान कब्जा

■ राजेन्द्र मानन्धर (दोलखा)

प्रशासनिक केन्द्रको विवाद चुलिएको कालिञ्चोक गाउँपालिकामा आइतबार राति कार्यालय तोडफोड गर्दै सामान लगिएको छ। कालिञ्चोक-८ कालिनागथानस्थित प्रशासनिक केन्द्रका सामान कब्जामा लिदै वडा नं. ५ को बान्देथलीमा लगिएको हो।

गाउँ कार्यपालिकाको बहुमत निर्णयबाट सामान सार्ने काम जनताले गरेको दाबी पालिका अध्यक्ष बिनकुमार थामीले गरे। उनले भने, 'सोमबारबाट बान्देथलीबाट कार्यालय सञ्चालन हुन्छ।'

तर उक्त कार्य डकैती शैलीमा भएको दाबी उपाध्यक्ष कालिका पाठकले गरिन्। 'सातवटा ढोका फुटाएर लेखा र अन्य महत्त्वपूर्ण समानहरू चोरिनुलाई के भन्ने ?' उनले भनिन्, 'यो कार्यलाई कार्यालय लगिएको भन्न मिल्दैन डकैती गरिएको हो।' प्रहरीलाई खबर गरीकन चोरी गरिएको पनि उनले बताए। सामान उठाएर लगेपछि प्रहरी पुगेको पनि उनले जानकारी दिइन्।

उक्त गाउँपालिको केन्द्र विवादले झडप, हातपात, कुटाकुटको अवस्थामा गुज्रिरहेको थियो। अध्यक्ष वडा नं. ५ को बन्देशली र उपाध्यक्ष कालिनागथानमा केन्द्र राख्न पक्ष र विपक्षमा उत्रेपछि दुईबीच संवादहीनताको स्थिति थियो। केन्द्रको कारणले विकास निर्माणमै बाधा परेपछि उक्त पालिका पछिल्लो समय केन्द्र विवाद थाती राखेर विकास निर्माणमा केन्द्रित थियो। परिस्थिति सहज हुँदै गएको अवस्थामा वडा नं. ५ का अध्यक्ष सुभास थामीको नेतृत्वमा केन्द्रका सामाग्रीहरू लगिएपछि पालिका फेरि विवाद चुलिएको छ। थामीले निर्णयबमोजिम पालिकाको प्रशासनिक केन्द्र सारिएको स्विकार्दै १३ जना जनप्रतिनिधिसहितले कार्यालय सारेको विज्ञप्तिमा उल्लेख गरेका छन्।

पालिका अध्यक्ष बिनकुमारले ६ वटा वडाका अध्यक्षसहित जनप्रतिनिधिको रोहबरमा सामान सारिएको दाबी गरे। उनका अनुसार पालिकाको माइन्युट, कार्यालय सञ्चालन गर्न आवश्यक पर्ने हाजिर खाता, कम्प्युटर, प्रिन्टर, राष्ट्रिय झन्डालगायतको सामान मात्रै लगिएको छ। लेखालगायत अन्य संवेदनशील कागजपत्र छोइएको पनि छैन। उपाध्यक्ष कालिका पाठकले भने लेखाको सामग्रीमाथि नै बढी क्षति पुऱ्याएको दाबी गरिन्।

प्रशासनिक केन्द्र विवाद प्रदेश सरकारसम्म पुगेको थियो। पालिका अध्यक्ष बिनकुमारले प्रक्रिया पूरा गरी पेस गरिएको अवस्थामा पनि वास्ता नगरिएपछि बाध्य भई रातको समयमा कार्यालय सार्नुपरेको बताए। पायक पर्ने स्थानमा केन्द्र राख्ने विषयमा राज्यको कुनै पनि अंगले वास्ता नगरेपछि जनताले उक्त कार्य गरेको उनको दाबी छ। पालिका उपाध्यक्ष पाठकले प्रशासनिक केन्द्र सार्ने विषयमा जबरजस्तीबाहेक कुनै पनि साझा निर्णयहरू नभएको बताइन्। विषय छलफलकै क्रममा रहेको अवस्थामा दुःखद् घटना भएको उनले प्रतिक्रिया दिइन्।

ललितपुरमा कार अनियन्त्रित भई रेस्टुरेन्टभित्र छिरेको छ। सोमबार दिउँसो कुपन्डोलमा मुनिराज उपाध्यायले चलाएको प्रदेश ३ बीएए ३०६९ नम्बरको इलेक्ट्रिक कार अनियन्त्रित भई एनपीपी फुड सर्भिस एन्ड बर्गर हाउसभित्र छिरेको हो। रेस्टुरेन्टभित्र कार पस्दा कफी मेसिन र कम्प्युटरमा क्षति पुगेको छ। कार चालक सामान्य घाइते भएका छन्। उनलाई उपचारका लागि अस्पताल लगिएको प्रहरीले जनाएको छ। *तस्बिर : इलिट जोशी/कान्तिपुर*

नेवारी भाइटीकामा बिदा माग

काठमाडौं (कास)- उपत्यकाका जनप्रतिनिधिहरूले नेवार समुदायको भाइटीकाको दिन कात्तिक १३ गते सार्वजनिक बिदा दिन सरकारसित माग गरेका छन्। उनीहरूले प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटी नेवार समुदायले आफ्नै पात्रोअनुसार मनाउने पर्व भाइटीकाको दिन सार्वजनिक बिदा दिन माग गरेका हुन्।

पञ्चांग निर्णायक समितिको पात्रोअनुसारको तिहारको भाइटीका कात्तिक १२ मा परेको छ भने नेवार समुदायको पात्रोअनुसार भाइटीका कात्तिक १३ मा परेको छ। सरकारले कात्तिक १२ गतेको भाइटीकाका दिन सार्वजनिक बिदा दिएको छ तर नेवार समुदायको भाइटीकाको दिन भने बिदा दिइएको छैन। नेवार समुदायको पात्रोअनुसार कात्तिक १२ मा 'म्हःपूजा' र १३ गते भाइटीका परेको छ।

प्रदेश ३ का नेकपाका प्रदेशसभा सदस्य राजेश शाक्यले उपत्यकाका जनप्रतिनिधिहरूले प्रधानमन्त्रीलाई भेटी नेवार समुदायको भाइटीकाको दिनसमेत बिदा दिन माग गरेको जानकारी दिए। आफूहरूसितको छलफलका क्रममा प्रधानमन्त्री ओलीले नेवार समुदायका पर्व र धार्मिक परम्पराप्रति आफू गम्भीर रहेको उल्लेख गर्दै भाइटीकाका दिन बिदा दिने आश्वासन दिएको उनले बताए।

फोहोर व्यवस्थापन चुनौती

बोर्डले लाइसेन्स दियो, स्थानीय तहमा अड्कियो

■ प्रशान्त माली (काठमाडौं)

लगानी बोर्डले निजी क्षेत्रलाई फोहोरमैला व्यवस्थापनका लागि अनुमति दिए पनि काम अघि बढ्न सकेको छैन। काठमाडौं र ललितपुर महानगरपालिकाले फोहोरमैला व्यवस्थापनको जिम्मेवारी निजी क्षेत्रलाई दिने वा स्थानीय तह आफैंले गर्ने भन्ने विषयमा टुंगो नलगाउँदा बोर्डले डेढ वर्षअघि निजी क्षेत्रलाई कामको जिम्मा दिएको थियो। सार्वजनिक-निजी साझेदारी मोडलमा फोहोरमैला व्यवस्थापन गर्न 'नेप वेस्ट' र दुई महिनाअघि 'क्लिन भ्याली' नामक संस्थासँग परियोजना विकास सम्झौता (पीडीए) गरिएको थियो। पीडीए कार्यान्वयनमा ल्याउन लगानीकर्ता र सम्बन्धित नगरपालिकाबीच सम्झौता हुनुपर्छ। तर, यसबारे काठमाडौं र ललितपुर महानगरले ठोस निर्णय लिन नसक्दा योजना अन्योलमा परेको छ।

लगानी बोर्डका प्रवक्ता बलराम रिजालले काठमाडौं महानगरले चासो नदिँदा फोहोरमैला व्यवस्थापनमा ढिलाइ भइरहेको आरोप लगाए। 'महानगरलाई लगानीकर्तासँग सम्झौता गर्न पटक-पटक मौखिक ध्यानार्कषण गराएँ। धेरैपटक पत्र पनि लेखें,' उनले भने, 'किन हो, बेवास्ता गरियो।' उनका अनुसार अहिले काठमाडौं महानगरले फोहोरमैला व्यवस्थापनमा प्रत्येक वर्ष ५५ करोड रुपैयाँ खर्च गर्दै आएको छ। फोहोरमैला व्यवस्थापनको जिम्मा निजी क्षेत्रलाई दिने हो भने महानगरको खर्च पनि जोगिने उनको भनाइ छ। अहिले उपत्यकाको फोहोर नुवाकोटको सिसडोल साइटमा लैजाने गरिएको छ।

काठमाडौं महानगर वातावरण विभाग प्रमुख हरि श्रेष्ठले भने निजी क्षेत्रलाई दिनेबित्तिकै उपत्यका स्वच्छ र सफा हुन्छ भन्ने ग्यारेन्टी नभएको तर्क गरे। 'बोर्डले सम्झौता गर्न पठाएको मस्यौदा लगानीकर्तालाई मात्र फाइदा पुग्नेगरी बनाइएको छ। मस्यौदामा महानगरका कर्मचारी र स्रोतसाधन व्यवस्थापनबारे केही उल्लेख छैन,' उनले भने, 'निजी क्षेत्रलाई दिनेबित्तिकै प्रतिचुलो निश्चित रकम उठाउने दररेट तोकेको छ। एउटा घरमा पाँच वटासम्म चुलो छन्। यसबारेमा मस्यौदाले केही बोलेको छैन।' हाउजिड र भीआईपी क्षेत्रमा छुट्टै शुल्क लिनेगरी मस्यौदा बनाइएकाले सम्झौता रोकिएको उनी बताउँछन्।

नुवाकोटको सिसडोलमा रहेको ल्यान्डफिल साइट। *तस्बिर : कान्तिपुर*

नुवाकोट क्षेत्र नं २ का सांसद नारायण खतिवडाले फोहोरमैला समस्या समाधान गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले समन्वय गर्नुपर्ने बताए। 'उपत्यकाकाभित्रका सबै नगरपालिकासँग समन्वय गर्ने जिम्मा मन्त्रालयको हो। हामीले पटक-पटक मन्त्रालयलाई यसबारेमा ध्यानार्कषण पनि गराएका छौं,' उनले भने, 'निजी वा महानगरपालिका, जसले गरे पनि व्यवस्थापन हुनुपऱ्यो।'

बोर्डले २०७४ मा पहिलो प्याकेजमा वेस्टलाई काठमाडौं महानगरलगायत १० वटा नगरपालिकाको फोहोरमैला व्यवस्थापन जिम्मा दिने सम्झौता गरेको थियो। सम्झौताअनुसार वेस्टले दक्षिणकाली, चन्द्रागिरि, नागार्जुन, तारकेश्वर, टोखा, बूढानीलकण्ठ, गोकर्णेश्वर, कागेश्वरी मनोहरा र शंखरापुर नगरपालिकाका घरघरबाट फोहोर संकलन गरिनेछ। २०७६ वैशाखदेखि लागू भएको भए फोहरमैला संकलन गरेबापत् वेस्टले प्रतिघर मासिक दुई सय १९ रुपैयाँ शुल्क उठाउने थियो। मस्यौदामा २० प्रतिशत फोहोर ल्यान्डफिल साइटमा व्यवस्थापन गर्ने र ८० प्रतिशत फोहोरबाट कम्पोस्ट मल, चारदेखि पाँच मेगावाटसम्म विद्युत्, प्राकृतिक ग्यास निकाल्ने र पुनः प्रयोग गर्ने व्यवस्था छ। यसरी संकलन गरेको फोहोर नुवाकोटको बन्चरेडाँडा ल्यान्डफिल साइटमा जम्मा गर्ने योजना छ। सरकारले फोहोरमैला विसर्जन गर्न बन्चरेडाँडा र नुवाकोट आलेटारमा ट्रिटमेन्ट प्लान्ट राख्न ८० रोपनी जग्गाको व्यवस्थापन गर्नेछ। वेस्ट कम्पनीले आलेटारमा ८० प्रतिशत फोहोर खपत गर्न प्लान्ट निर्माण गर्नेछ। प्लान्टका लागि ७४ रोपनी जग्गा अधिग्रहण गरिसकेको बोर्डले जनाएको छ।

दोस्रो र तेस्रो प्याकेजमा कीर्तिपुर नगरपालिका, ललितपुर महानगर र भक्तपुर जिल्लाका सबै नगरपालिकाको फोहोरमैला व्यवस्थापन जिम्मा 'क्लिन भ्याली' लाई दिएको थियो। प्याकेज २ र ३ मा फोहोरबाट कम्पोस्ट मल, बायोग्यास, इन्धनको वैकल्पिक साधन र बायोडिजेल उत्पादन गर्ने योजना छ। परियोजना लागू भएको २० वर्षपछि वेस्टले सरकारलाई हस्तान्तरण गर्नेछ।

बोर्डका अनुसार परियोजना सञ्चालन गर्न पाँच अर्ब रुपैयाँ लाग्नेछ। अहिले महानगरले फोहोर निःशुल्क उठाइरहेको छ।

बन्चरेमा बनेन पूर्वाधार

बन्चरेडाँडालाई २०६२/०६३ मा सेनेटरी ल्यान्डफिल साइट (फोहोर प्रशोधनयुक्त स्थल) का रूपमा छनोट गरिएको थियो। एक हजार सात सय ९२ रोपनी जग्गामा रहेको यो साइट नुवाकोट र धादिङको सिमानामा पर्छ। कोसी न्यौपाने एन्ड लुम्बिनी जेभीले भ्याटबाहेक ३४ करोड रुपैयाँमा २०७४ सालमा ठेक्का पाएका थिए। एक वर्षभित्र निर्माण सक्ने सम्झौता भए पनि अझै पूर्वाधार बनिसकेको छैन। सडक विभागले सिसडोलदेखि बन्चरेडाँडासम्म तीन किलोमिटर सडक निर्माणको जिम्मा पाए पनि अपुरो छ।

सरकारले १७ सय रोपनी जग्गा व्यवस्थापन गरेको यो क्षेत्रमा उपत्यकाका तीन जिल्लाको फोहोर २० वर्षसम्म व्यवस्थापन गर्न सकिने अनुमान छ। उपत्यकामा दैनिक हजार टन फोहोर उत्पादन हुने गर्छ। उपत्यकाको फोहोरमैला समस्या समाधानको ठोस पहल नगर्दा १४ वर्षदेखि राजधानी दुर्गन्धित बन्दै आएको छ।

हचुवामा औषधि किनबेच

■ फातिमा बानु (काठमाडौं)

अस्पतालभित्र औषधिजन्य पदार्थ व्यवस्थित बनाउन गठित 'ड्रग एन्ड थेराप्युटिक कमिटी' (डीटीसी) निष्क्रिय हुँदा हचुवाको भरमा औषधि किनबेच भइरहेको पाइएको छ। सरकारी/निजी अस्पताल र मेडिकल कलेजका आफ्नै फार्मेसी गुणस्तरीय बनाउन डीटीसी गठन भएको पाँच वर्ष बित्यो तर औषधि व्यवस्थापनमा यो कमिटीले प्रभावकारी काम गर्न सकेको छैन।

डीटीसी निष्क्रिय हुँदा बिरामीमाथि चलाइएका औषधिले पार्ने नकारात्मक असर र औषधिको गुणस्तमाथि नै प्रश्न उठेको छ।

अस्पताल फार्मेसी सेवा निर्देशिका- २०७२ अनुसार अस्पतालले आफ्नै फार्मेसी खोलेर यस्तो कमिटी गठन गर्नुपर्छ। अस्पताल प्रमुख वा निजले तोकेको वरिष्ठ चिकित्सक अध्यक्ष रहने कमिटीमा चिकित्सकीय विभाग वा एकाइ प्रमुख, नर्सिङ विषय हेर्ने प्रमुख, प्रशासन शाखा प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुख सदस्य रहने व्यवस्था छ। अधिकांश सरकारी अस्पतालमा कमिटी बनिसके पनि राजधानीमा नाम चलेका ग्रान्डी, ओम, अल्काजस्ता अस्पतालको आफ्नो फार्मेसीसमेत छैन।

महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालका चिकित्सक एवं डीटीसी संयोजक डा. प्रदीप ज्ञवाली अस्पतालमा डीटीसी भए पनि निष्प्रभावी बनेको बताउँछन्। औषधि खरिदका लागि टेन्डर गर्नेबाहेक कुनै काम गरेको उनले बताए। 'अस्पतालले हचुवाको भरमा औषधि आपूर्तिकर्ता छनोट गर्छ, प्रशासनले डिटीसीसँग कुनै समन्वय गर्दैन,' उनले स्विकारे, 'हामीले चाहेर पनि केही गर्न सकेका छैनौं।' अस्पतालमा चाहिने औषधिको परिमाण र गुणस्तरीयताको ख्यालै नराखी औषधि खरिद गर्ने गरिएको उनको भनाइ छ।

कम्पनी या ब्रान्ड नतोकी औषधिको प्रेस्क्रिप्सन लेख्नु भनेपछि डीटीसीका पदाधिकारी र चिकित्सकबीच एकपटक विवाद नै भएको उनी सम्झन्छन्। 'हामीले सिफारिस गर्ने सबै औषधिको सूची माग्यौं, कसैले दिएका छैनन्,' उनले भने, 'सूची पाएको भए अस्पतालमा कस्ता औषधि भित्रिरहेका छन्, अनुसन्धान गर्ने थियौं।'

डीटीसीसँग समन्वय नगरी औषधि खरिद गर्दा कतिपय औषधि खेर जान्छन् भने कहिलेकाहीं अत्यावश्यक औषधिको अभाव हुन्छ। समन्वय अभावकै कारण अहिले शिक्षण अस्पतालमा फार्मेसी सञ्चालन निर्देशिकासमेत छैन। निर्देशिकाविनै औषधि कारोबार भइरहेको छ। डीटीसीले निर्देशिका तयार गरेर अस्पताललाई बुझाए पनि पास गर्न आलटाल गरिरहेको डा. ज्ञवालीले बताए।

बिरामी निजी फार्मेसीबाट महँगो मूल्यमा औषधि किन्न बाध्य छन्। 'कति औषधि शंकास्पद पनि छन्,' अस्पताल फार्मेसी स्रोतले भन्यो, 'त्यसको परीक्षण र औषधि परिवर्तनमा डीटीसीले कुनै कदम चालेको छैन।'

वीर अस्पतालको डीटीसी पनि औषधि खरिदमै सीमित छ। वीरको डीटीसी सदस्य सचिव श्याम मण्डल भने जनशक्ति अभावका कारण कमिटी निष्क्रिय हुन पुगेको तर्क गर्छन्। 'सरकारले तोकेअनुरूप फार्मेसीमा जनशक्ति छैनन्। कसरी अनुगमन र रिपोर्टिङ गर्नु ?' उनले उल्टै प्रश्न गरे।

औषधिको खरिद टेन्डरमै समय बित्ने भएकाले निर्देशिकाले तोकेका सबै काम गर्न नसकिएको त्रिवि मनमोहन कार्डियोथोरासिक भास्कुलर थोरासिक एन्ड ट्रान्सप्लान्ट सेन्टरका एक फार्मेसी सदस्यले बताए। सेन्टरमा भएको डीटीसीले पनि औषधिको अनुगमन र निरीक्षणको काम गर्न सकेको छैन। अस्पताल फार्मेसी सेवा निर्देशिका-२०७२ अनुसार कमिटीले फार्मेसीबाट उपलब्ध औषधिको दुष्प्रभावबारे अनुगमन गर्ने, फार्मेसीको अनुगमन तथा निरीक्षण र फार्मेसी सञ्चालन सम्बन्धमा मन्त्रालयले दिएका निर्देशन कार्यान्वयन गराउने गर्नुपर्छ। निर्देशिकाले औषधिबारे छलफल गर्न दुई महिनामा एकपटक डीटीसी बैठक बस्नैपर्ने भने पनि अत्यावश्यकबाहेक अन्य बैठक नबसेको कमिटी स्रोत बताउँछ।

डीटीसीले चौमासिक रूपमा फार्मेसी र औषधिको अनुगमन/मूल्यांकन गरी स्वास्थ्य मन्त्रालय या स्वास्थ्य सेवा विभागमा प्रतिवेदन बुझाउनुपर्ने निर्देशिकामा उल्लेख भए पनि कुनै पनि अस्पतालले हालसम्म प्रतिवेदन नबुझाएको मन्त्रालयले जनाएको छ। त्यस्ता अस्पताल या मेडिकल कलेजलाई मन्त्रालयले कडाइ या कारबाही गर्ने गरेको पनि छैन। मन्त्रालयकी औषधि व्यवस्थापक संगीता साहले डीटीसी सक्रिय बनाउन ठूला अस्पतालसँग समीक्षा बैठक बस्ने तयारी गरिएको बताइन्। 'डीटीसीको समस्या र निष्क्रियताबारे बुझेर समाधानको बाटो खोज्छौं,' उनले भनिन्, 'कतिपय सरकारी अस्पतालभित्रका साझा फार्मेसी हट्न नसक्दा त्यहाँ डीटीसीले काम गर्न नसकेका हुन सक्छन्।'

ENJOY DOLBY ATMOS SOUND BIG Movies
NOW SHOWING
WAR : 11:30 AM, 5:15 PM, 8:15 PM
JOKER : 9:00 AM, 2:15 PM, 7:30 PM
KABADDI KABADDI KABADDI : 2:30 PM
ZOMBIELAND : DOUBLE TAP (A) : 12:00 PM
CHA MAYA CHAPAKKAI : 8:45 AM, 11:45 AM, 2:45 PM, 5:45 PM, 8:45 PM
3D MALEFICENT : MISTRESS OF EVIL : 9:30 AM, 5:00 PM
NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays At Rs. 185 * Conditions apply

QFX cinemas NEXT CHANGE
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
qfxcinemas.com
ZOMBIELAND DOUBLE TAP
Disney MALEFICENT MISTRESS OF EVIL IN CINEMAS SOON

BG Mall BSR MOVIES
FIRST TIME IN NEPAL DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com
NOW SHOWING
CURRENT SHOWTIME
MOVIES | ATMOS 1 | ATMOS 2
CHA MAYA CHHAPAKKI | 2:00 PM | 5:00 PM | 8:15 PM | 11:30 AM
3D: MALEFICENT | 11:00 AM |
ZOMBIELAND: DOUBLE TAP | | 8:00 PM
JOKER | | 5:30 PM
WAR | | 2:30 PM
XTENDED SUPER DAYS TUESDAY Et WEDNESDAY -190 ALL DAY LONG
BSR owns the rights to change the show time.

Showing Time 8:20, 11:20, 2:20, 5:20
GUNA GROUP गुण सिनेमा हल प्रा. लि. Guna Cinema P. Ltd.
Lyrics जुनेली जुनेली MOVIE SONG
दीपक-दीपाको
• War • छ माया छ पक्कै • काले दाई • रातो टिका • कबड्डि कबड्डि • हिरो नम्बर १ • लक्ष्मी रानी
• छ माया छ पक्कै • लक्ष्मी रानी • रातो टिका निदारमा • साहो • War • कबड्डी कबड्डी ३ • मारुनी

तपाईंको आज

मेष	भाग्य वृद्धि	तुला	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पुण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रशन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानि	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पूर्ण

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कात्तिक ६ गते बुधबार तदनुरुप २३ अक्टोबर २०१९ कार्तिक कृष्णपक्ष दशमी तिथि रात्रिको ९:१४ बजेसम्म उप्रान्त एकादशी तिथी, अश्लेषा नक्षत्र दिनको १२:२३ बजेसम्म उप्रान्त मघा नक्षत्र, शुभ योग दिनको ०३:१३ बजेसम्म उप्रान्त शुक्ल योग, वणिज करण प्रात: १०:२० बजेसम्म उप्रान्त भद्रा करण, कर्कट राशिमा चन्द्रमा दिनको १२:२३ बजेसम्म उप्रान्त सिंह राशिमा। ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमार्निङ नेपाल
८:३०	कान्तिपुर न्यूज
९:००	फायरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमनसँग (रिपिट)
११:००	कान्तिपुर न्यूज
११:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	नेपाल स्पेल बी (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	यू एण्ड आई (रिपिट)
३:००	फायरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	मनी टक्स (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्यूज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्यूज रिपीटेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कानुनी बहस र परामर्श (कमला)
०८:००	डेलालपवेलन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमार्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (धनिसा)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	मनका कुरा
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज जिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:५५	नेपालय (परिसमा)
१६:००	हेल्थ एन्ड एजुकेसन डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	ओल्डी गोल्डी (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (अुपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरू (दृष्टि अर्याल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

रक्तसञ्चार केन्द्र	४२०५३४४
वीर अस्पताल	४२०२९८८
त्रिवि शिक्षण अस्पताल	४४१७६०७
कान्ति बाल अस्पताल	४४१९५५०
प्रसूति गृह	४२५३०७६
टेक्नु अस्पताल	४२५३३०६
पाटन अस्पताल	५५२२७७८
शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७
मानसिक अस्पताल	५५२१३३३
नेपाल आँखा बैंक	४४२३६८४
नेपाल आँखा अस्पताल	४२५०४२९
तिलगंगा आँखा अस्पताल	४४२३६८४
नेपाल अर्थोपेडिक अस्पताल	४२९१०२५
भक्तपुर अस्पताल	६६९०६६
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल	४२९१००८
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल	४४७६५५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०४/६
नेपाल मेडिसिटी अस्पताल	९१३४/४२५७०६६/४२५७०५५
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडीकेयर मेरोनल अस्पताल	४४६०८६०
मेडीकेयर मेरोनल अस्पताल (एनबुलेन्स)	४४६०८६०
कान्तिपुर हस्पिटल	४९९९५७०/८५८
ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर	४४०६२०५
नार्भिक, थापाथली	४२५८५५४
क्यान्सर अस्पताल (प्रा.) लि.	४२८६१२८/४२८५६६६
लाइफ केयर अस्पताल	४२२७०३५
मितेरी अस्पताल	६६३९०३६/६६३०८१६
क्यान्सिल हस्पिटल (प्रा.) लि.	४२६४०२०
भक्तपुर रेडक्रस	६६२२०६६
नेसनल किड्नी सेन्टर	४३६३६५२/४३६०८८९
नेपाल मेडिसिटी	४२५७०६५५/४२५७०६६
मानसिक अस्पताल	४४८०१७०
हृयात्मस अस्पताल	४३७०४०४/४३७०६०४
ईशान बाल नर्सिङ होम तथा प्रसूति गृह	४३५४३७०/४३८९२६२
ओर्थो अस्पताल र रिसर्च इन्टिच्यूट	४२५८५२०/४२५८५४१
मनमोहन मेमोरियल अस्पताल	४४१९६०५/४४२०८२३
मरोसा अस्पताल प्रा.लि.	४४७४२६८/४४८९८९१
सामुदायिक मानसिक स्वा. से. केन्द्र	०१ ६२१२५४४
जनसेवी हस्पिटल	४३६६३०१-०५
मध्यपुर अस्पताल	०१-५०९३३८८/५०९३३०५/५०९३३०२
विनायक अस्पताल तथा प्रसूति गृह	४३८३५२/४३८०८४८
केन्द्रीय पशु चिकित्सालय	४२६९३८२/४२२९०६४/४२६८१२३
हेल्थ्प हेल्थ्स सामुदायिक अस्पताल	४४७३५१८/४४७०६१५
शहीद मेमोरियल अस्पताल	४४०२०३४/०१६२०८६०२
स्पार्क हेल्थ होम अस्पताल	४२७३०७४/४२७०२२३
ओम समाज अस्पताल	४३९३५०२
स्टार अस्पताल	५५५०९९०/५५५०१९८/५५५२२७०
अल्का अस्पताल	५५५५५५५
नागरिक सामुदायिक अस्पताल	६६३७६००/५६३२९८४
हिमाल अस्पताल/एनबुलेन्स	४४१५०७६/४४१९६७०
स्पाइनल इन्जरी पुनस्थापना केन्द्र	०१९-६६८४७/६६८४८
काठमाडौं अस्पताल	४२२२२२०
अन्तर्राष्ट्रिय मैत्री बाल अस्पताल	४४१९५३८/४४५५६६१
बी.पी. स्मृति अस्पताल	४३८७०२४/४३८००९६
सुमेरु अस्पताल	४२७५३७०/४२७५०८८/९९
वेलकेयर हस्पिटल	४३२६२३५/४३२६५८४
ग्रमरेष्ट हस्पिटल	४७८२२०४/४७८३०२४
काठमाडौं नाक कान घाँटी अस्पताल	४२४५५४४/४२२६७३०
ग्लाडी इन्टरनेशनल हस्पिटल	५५४२२६६/५५५२०६७
ट्रिज सिटी हस्पिटल	४३५२२४८/४३५०४५२
शुभेक्षा इन्टरनेशनल हस्पिटल	४२८९५३४/४२८९४३५
कान्तिपुर जनरल हस्पिटल	४३८५९७०/४३८५०११
निः शुल्क मोतियो दातव्य	४२४५५४०/४२४५४१९
दीर्घायु गृह हस्पिटल	४४६५५२३/९८४४८५५४७
गणेशमान सिंह मेमोरियल अस्पताल	०१-५५३०८८४/५५२३६२०, ५५४३२४४/५५५५८७४
ॐ समाज डेण्टल हस्पिटल	०१-४४०३४४४/४४८०८८०

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२४९२४४/४२४९७०२
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६९४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निः शुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुशेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४९२२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०७४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अज्ञावाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२२९२
देव कर्नर नि:शुल्क सवबाहन सेवा	४४३४०९३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२६००६
नेपाल मिटर ट्यावस्सी संघ	४२२३३७४

बालुवा-गिट्टीमा ठगी

● २३ जनालाई ठगी मुद्दामा अनुसन्धान ● काठमाडौंमा २३ कम्पनीका मिनी ट्रक नियन्त्रणमा ● भक्तपुरमा आलटाल

कान्तिपुर संवाददाता (काठमाडौं)

मिनी ट्रकको ढालाको उचाइ घटाएर डिपो सञ्चालकले उपभोक्ता ठगी गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । मिनी ट्रकको सतहमा ५ इन्चका फलाम र काठको फ्रेम राखेर त्यहाँमाथि बालुवा, गिट्टी लोड गरी उपभोक्ता ठगी गरिरहेको पाइएको महानगरीय अपराध अनुसन्धान महाशाखाका प्रमुख सहकुल थापाले बताए ।

मापदण्डअनुसार मिनी ट्रकको सामान राख्ने ढालाको उचाइ १ दशमलव ६७ फिट (२० इन्च) हुन्छ । चौडाइ ६ फिट (७२ इन्च) र लम्बाइ १० फिट (१२० इन्च) निर्धारण गरिएको छ । यस्ता मिनी ट्रकमा एक सय क्युफिट निर्माण सामग्री अट्छन् । तर, उपत्यकाका बालुवा, गिट्टी डिपो सञ्चालकले मिनी ट्रकको भित्री भागमा कम निर्माण समाग्री अट्ने गरी फलामको पाता र काठ ओछ्याई स्वरूप नै बिगार्ने गरेको पाइएको हो ।

२० इन्च हुनुपर्नेमा उचाइ घटाएर कम निर्माण सामग्री लोड गरी ५ इन्चसम्म उचाइ घटाउने गरेको प्रहरी अनुसन्धानबाट खुलेको हो । ५ इन्च फ्रेम राखेको मिनीट्रकमा ७० क्युफिट, ४ इन्च फलामको फ्रेम बनाएको १६ इन्चको ढालामा ७५ क्युफिट, १७ इन्चको ढालामा ८० क्युफिट निर्माण सामग्री मात्रै अट्ने गरेको डिपो सञ्चालकहरू बताउँछन् । एउटा ट्रकले ३० क्युफिट कम सामान बोक्दा उपभोक्ता ३ हजार रुपैयाँसम्म ठगिएको पाइएको प्रहरीको अनुसन्धानबाट खुलेको हो ।

एक सय क्युफिट सामान भन्दै ट्रकमा भरी देखिएपनि ५ इन्चको फलामको फ्रेम राखेपछि ७० क्युफिट मात्रै निर्माण सामग्री उपभोक्ताले पाउँछन् । उपभोक्ता हित संरक्षण मञ्चको उजुरीका आधारमा प्रहरीले यसरी स्वरूप बिगारेर उपभोक्ता ठग्न प्रयोग गरिएका काठमाडौंका २३ वटा कम्पनीको ट्रक, कारोबार गरेको बिल र अन्य कागजपत्र नियन्त्रणमा लिएको छ । भक्तपुर प्रहरीले पनि ढालाको स्वरूप बनाएर ठगी गर्ने ३४ वटा ट्रक नियन्त्रणमा लिएको छ । अनुसन्धानमा संलग्न प्रहरीका अनुसार यसरी ट्रकको स्वरूप बिगारी ठगी गर्नेमा बालुवा र रोडा डिपो संलग्न रहेका छन् ।

काठमाडौं जरङखुको खाँडादेवी निर्माण सामग्री सप्लायर्सका प्रकाश भण्डारीको वा ३ ख ४०६४ नम्बरको मिनी ट्रकको ढालामा ५ इन्च उचाइ भएको फलामको पाता ठोकेको पाइएको छ । त्यस्तै जरङखुकै भुमे निर्माण सप्लायर्सका श्यामबहादुर मगरले वा ४ ख ७१९१ नम्बरको मिनी ट्रकको ढालामा मिल्ने ५ इन्च उचाइ भएको फलामको फ्रेम राखेर उपभोक्तालाई ठगी गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ ।

जिल्ला अदालत काठमाडौंले आइतबार २३ जनालाई ठगी मुद्दामा अनुसन्धान गर्न ६ दिनको म्याद थप गरेको छ । भक्तपुर प्रहरीले पनि ३५ वटा ट्रक नियन्त्रणमा लिएको छ । तर, सञ्चालक भने पक्राउ पर्न सकेका छैनन् ।

काठमाडौंमा प्रहरीले यस्ता ट्रकको खोजी तीव्र बनाएपछि रातारात त्यस्ता ट्रकलाई पुरानै स्वरूपमा ल्याउन थालिएको छ । कतिपयले घर र ग्यारेजमा लुकाइराखेको जानकारी आएको प्रहरीको भनाइ छ । काठमाडौंबाट नियन्त्रणमा लिइएको वा ४ ख ९४३१ नम्बरको मिनी ट्रकमा ४ इन्च उचाइ भएको फलामको फ्रेम भेटिएको थियो । उक्त ट्रक वनस्थलीको कालीभैरव निर्माण सामग्री सप्लायर्सका बुद्धिराज थापामगरको हो । त्यस्तै बानियाँटारको धनेश्वर महादेव ढुवानी सेवाका सञ्चालक सन्तोक कुँवरका ट्रकहरू पनि नियन्त्रणमा छन् । ढालाको तल्लो भागमा वास्तविक सहतभन्दा माथि फलाम गरिएका वा ५ ख ४०३६, वा २ ख ७६१७ र वा २ ख २६५७ नम्बरको मिनीट्रक नियन्त्रणमा लिएर प्रहरीले अनुसन्धान गरिरहेको छ । 'कसरी ठगी भइरहेको छ भन्ने ट्रकको ढाला हेर्ने बित्तिकै थाहा भइहाल्छ,' महाशाखा प्रमुख थापाले भने, 'कसलाई कति ठगी गरे भन्नेबारे छानबिन भइरहेको छ ।'

प्रहरीले उपत्यकाका बालुवा डिपोमा छापा मार्दा गुण्डा नाइके बागे भनिने सुकबहादुर लामालाई समेत नियन्त्रणमा लिएको छ । ठूलो भञ्याङको जेबीएस सप्लायर्स उनैले सञ्चालन गरेको पाइएको प्रहरीले जनाएको छ । उनको डिपोको वा २ ख ४३८५, वा २ ख ३८९३ समेत तीन मिनी ट्रकमा ३ इन्च उचाइ भएको फलामको फ्रेम राखेको पाइएको थियो । महाशाखाले घर निर्माण गर्दा ठगिएका सर्वसाधरणलाई उजुरी दिनसमेत आग्रह गरेको छ । पहिलो चरणमा ढालामा फलाम, काठको फ्रेम र ढलान नै गरेर कम सामान दिएर ठग्ने बालुवा, गिट्टीका डिपो सञ्चालकमाथि छानबिन गरेजस्तै दोस्रो चरणमा ढाला काटेर कम सामान दिने सञ्चालक र गाडीमाथि कारबाही गर्ने थापाले बताए ।

भक्तपुरमा आलटाल

काठमाडौंमा नियन्त्रणमा लिइएका ट्रक सञ्चालकलाई ठगी मुद्दाको प्रक्रिया अघि बढाइए पनि भक्तपुरमा भने आलटाल भइरहेको छ । शनिबार सडक र डिपोबाट चालक र ट्रक नियन्त्रणमा लिइएको थियो । महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी प्रमुख सविन प्रधानले चालकलाई छाडेर ३४ वटा ट्रक नियन्त्रणमा रहेको बताए । 'ट्रकको बोक्ने क्षमता कति हो भनेर ट्रक बिक्री गर्ने कम्पनीलाई सोधेका छौं । यातायात र नापतौल तथा गुणस्तर विभागसँग समेत जानकारी लिएर ठगीको मुद्दाको प्रक्रिया अघि बढाउँछौं,' उनले भने ।

नियन्त्रणमा लिएर टेकु प्रहरी परिसरमा राखिएको टिपर । डालाको तल्लो भागमा फलाम बढाउने र माथिल्लो भागमा घटाउने गरेर निर्माण सामग्रीमा ठगी गरेको खुलेपछि व्यवसायीमाथि अनुसन्धान भइरहेको छ । *तस्बिर : केशव थापा/कान्तिपुर*

उपभोक्ता ठग्ने काठमाडौंका डिपो

१. खाडादेवी निर्माण सामग्री सप्लायर्स, जरंखु
२. भुमे निर्माण सामग्री सप्लायर्स, जरंखु
३. कालीभैरव निर्माण सामग्री सप्लायर्स, वनस्थली
४. धनेश्वर महादेव ढुवानी सेवा, बानियाँटार
५. जय महालक्ष्मी सप्लायर्स, चौमती
६. गोरखाली सप्लायर्स, चौमती
७. कामना कन्सट्रक्टन मल्टिपल इन्टरप्राइजेज, फुटुङ
८. गरिमाज ट्रड लिंक, फुटुङ
९. सत्य शिवशक्ति सप्लायर्स, फुटुङ
१०. भ्याली क्वालिटी निर्माण सामग्री सप्लायर्स, चौमती
११. रजित एन्ड रञ्जित सप्लायर्स, फुटुङ
१२. महालक्ष्मी ढुवानी सेवा, चौमती
१३. कालिका निर्माण सामग्री सप्लायर्स, चौमती
१४ विज्ञान सप्लायर्स, चौमती
१५. आकर्ष निर्माण सामग्री सप्लायर्स, चौमती
१६. स्वयम्भू सप्लायर्स, चौमती
१७. बज्र इन्टरप्राइजेज, ठूलो भञ्याङ
१८. जेबीएस सप्लायर्स, ठूलो भञ्याङ
१९. शुभकाना सप्लायर्स, सानो भञ्याङ
२०. पञ्चमेश्वर हार्डवेयर, ठूलो भञ्याङ
२१. सेतीदेवी ढुवानी सेवा, टोखा
२२. कुण्डला सप्लायर्स, मनमैजु
२३. नव अरूषा सप्लायर्स, चौमती

(स्रोत : अपराध अनुसन्धान महाशाखा)

सार्न मिल्ने पुल बनाउँदै महानगर

काठमाडौं (कास)- काठमाडौं महानगरपालिकाले माइतीघर, चाबहिल र जय बागेश्वरीमा स्थानान्तरण गर्न मिल्ने खालका आकाशेपुल (ट्रस ब्रिज) निर्माण गर्ने भएको छ । पैदलयात्रुको अत्यधिक चाप तथा ट्राफिक व्यवस्थापन र दुर्घटना न्यूनीकरण गर्न अर्को स्थानमा सार्न मिल्ने खालका पुल निर्माण कार्य सुरु गरिएको हो । चाबहिल र जय बागेश्वरीको पुल निर्माणका लागि समेत टेन्डर आह्वान गरिसकेको महानगरको सहरी पूर्वाधार विकास विभागका प्रमुख डा. उत्तरकुमार रेग्मीले बताए ।

माइतीघरस्थित पुरातत्त्व विभागअगाडि पुल बनाउन कोसी बिल्डर्सले भदौमा खाडल खनेको थियो । पीसीसी ढलान गरिए पनि चिनियाँ राष्ट्रपति सी चिनफिङको भ्रमण हुँदा उक्त ढलान पुरियो । कम्पनीले अहिले फेरि खन्ने काम सुरू गरिसकेको छ ।

गत वर्ष महानगरले माइतीघर, चाबहिल, त्रिपुरेश्वर, टेकु भन्सार, कालीमाटी, थापाथली, गौशाला, बानेश्वर चोक, बबरमहल (काठमाडौं जिल्ला अदालत), पुतलीसडक, महाराजगन्ज, कोटेश्वरलगायत) स्थानमा आकाशेपुल निर्माण गर्ने भन्दै १२ करोड रुपैयाँ छुटचाएको थियो । गत वर्ष नै तीन आकाशेपुल निर्माण गरिसक्ने योजनासमेत थियो । तर, महानगरले माइतीघरमा निर्माण हुने पुलको मात्र सम्झौता गऱ्यो । स्थान छनोट तथा प्राविधिक कारण पुल निर्माणमा ढिलाइ भएको महानगरका प्रवक्ता ईश्वरमान डंगोलले बताए ।

अब बन्ने पुलहरू रत्नपार्क-नेपाल विद्युत् प्राधिकरणअगाडिका जस्तै बन्नेछन् । पहिलोपटक परीक्षणका रूपमा बनाइएका ती पुलको फाउन्डेसनसहित पिलर पनि 'आरसीसी' छ । तर अब बन्ने पुलको फाउन्डेसन मात्रै आरसीसी पिलरको हुनेछ । जमिनमाथिको भागका सबै संरचना फलाम तथा स्टिलको हुनेछन् । त्यसो हुँदा सडकमा भौतिक संरचना निर्माण गर्नुपर्ने भएमा सजिलै हटाउन सकिने तथा आवश्यकता भएका स्थानमा सारेर लैजान पनि सकिन्छ । कम्पनीले असारमा भ्याटसहित ६८ लाख ७ हजार १ सय ५३ रुपैयाँमा सम्झौता गरेको महानगरको सहरी पूर्वाधार विकास विभागले जनाएको छ । कम्पनीले मंसिर मसान्तसम्म पुल निर्माण कार्य सम्पन्न गरिसक्नुपर्नेछ । महानगरका इन्जिनियर प्रेमबहादुर श्रेष्ठका अनुसार आकाशेपुल करिब १८ मिटर लम्बाइ र दुई मिटर चौडाइको हुनेछ । साँघुरा सडकपेटी, छेउछाउमा निजी घरहरू हुँदा चाहेको जति चौडाइमा पुल निर्माण गर्न नसक्ने उनी बताउँछन् ।

महानगरमा पुरानो बसपार्क, नयाँ बसपार्क, जमल, सुन्धारा, नयाँ सडक, वीर अस्पताल, रत्नपार्क-भोटाहिटी, भद्रकाली, रत्नपार्क-बागबजारमा आकाशेपुल सञ्चालनमा छन् । रत्नपार्कमा एउटा सब-वे छ । यसअघिका पुल निजी क्षेत्रले बनाएका थिए भने अहिले महानगरपालिका, सडक विभाग आफैंले निर्माण गर्दै छन् ।

वर्षामा काम, सुक्खामा आराम

सम्झौता भएको सात महिना बित्दा पनि व्यस्त क्षेत्र बानेश्वरको आकाशेपुल निर्माणले गति लिन सकेको छैन । डिभिजन सडक कार्यालय काठमाडौंले चैतमा नै प्राकृतिक पवन जेभी कम्पनीसँग निर्माण सम्झौता गरेको थियो । वैशाखमा नै काम सुरु गर्नुपर्ने भए पनि सम्बन्धित विभागले खानेपानीको पाइप, बिजुलीका तार नहटाईदिँदा असारबाट काम थालेको कम्पनीका अनुज श्रेष्ठले बताए ।

वर्षायाममा धमाधम काम भएको पुलको अहिले टन्टलापुर घाममा काम नहुँदा स्थानीय गुनासो पोख्छन् । 'असारमा पैदलयात्री पसलको पेटी हुँदै हिँड्नुपऱ्यो । हिलो सबै पसलभित्र आयो,' पसल सञ्चालक दीपेन्द्र श्रेष्ठ भन्छन्, 'अहिले टन्टलापुर घाममा काम नै गर्दैनन् ।'

डिभिजन कार्यालयका साइट इन्जिनियर सोम्या आनन्द भने काम भइरहेको दाबी गर्छिन् । पुलको फाउन्डेसनको काम सकिएपछि पायलिङ र फाउन्डेसनको टेस्ट गर्नुपर्छ । जसका लागि २८ दिन सबै काम रोक्नुपर्छ । टेस्ट रिपोर्ट आएलगत्तै काम सुरु हुनुपर्नेमा दसैंका कारण काम रोकेको उनले बताइन् । अहिले कम्पनीले पिलरको लागि खाडल खन्ने र इन्डी काट्ने काम गरिरहेको उनको भनाइ छ । पुलको पिलर पनि ढलान हुने भएकाले अझै दुई स्टेप ढलान गर्न बाँकी छ । 'कतिपय कामहरू कारखानामा गरिन्छ,' उनले भनिन्, 'जसले गर्दा फिल्डमा काम भएको देखिदैन, तर काम हुँदै नभएको भने होइन ।'

करिब दुई करोड चार लाखमा पुस मसान्तसम्म पुल निर्माण गरी कम्पनीले डिभिजन कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेछ । नयाँ बन्ने आकाशेपुल भने ढलानको नभई इस्पातको बन्नेछ ।

नक्कली नोट छाप्ने तीन दाजुभाइ पक्राउ

काठमाडौं (कास)- नक्कली नेपाली नोट छाप्ने मेसिनसहित तीन जना दाजुभाइ नै पक्राउ परेका छन् ।

महानगरीय प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले सोमबार गोकर्णेश्वर नगरपालिका-६, नयाँबस्ती (विपुलचोक) बस्ने दोलखाका २८ वर्षीय राजन परियार, ३५ वर्षीय सन्तोष नेपाली र २१ वर्षीय महेन्द्र नेपालीलाई पक्राउ गरेको हो । पक्राउ परेका तीनैजना दाजुभाइका छोरा रहेको खुलेको छ । उनीहरू नयाँबस्तीस्थित कोठाबाटै पक्राउ परेका हुन् ।

प्रहरीले नगद १६ हजार १ सय ९५ रुपैयाँ तथा १ हजार दरका नोट बनाउन प्रयोग गर्ने चिप्लो कागज १ सय ४२ थान, हजार दरको नोट बनाउने तयारी गरिएको काटेको कागज १ सय ४९ थान, रंगीन फोटोकपी मेसिन, कम्प्युटर २ थान र सियो, क्यामेरा र कैंचीसहितका उपकरण पनि बरामद गरिएको काठमाडौं प्रहरीले जनाएको छ । काठमाडौं प्रहरी प्रवक्ता डीएसपी होविन्द्र बोगटीका अनुसार आरोपितले करिब ६० हजार रुपैयाँ नक्कली नोटबाट सामान खरिद गरिसकेको पनि खुलेको छ । केही नक्कली नोट बजारबाटै नियन्त्रणमा लिइएको र बाँकी पनि छिट्टै फेला पारिने डीएसपी बोगटीको भनाइ छ ।

तेस्रोपटक कलेजो प्रत्यारोपण

काठमाडौं (कास)- त्रिवि शिक्षण अस्पतालले तेस्रो पटक कलेजोको सफल प्रत्यारोपण गरेको छ । प्राडा रमेशसिंह भण्डारीको नेतृत्वमा पाँच महिनाभित्र तेस्रो पटक कलेजो प्रत्यारोपण गरिएको हो ।

कलेजोको सिरोसिस भएका रुपन्देहीका ५८ वर्षीय व्यक्तिलाई उनका २७ वर्षीय छोराले कलेजो दिएका हुन् । करिब ८ घन्टा लगाएर गरिएको उक्त प्रत्यारोपणपछि बिरामी हाल आईसीयूमा स्थिर अवस्थामा छन् । तेस्रो प्रत्यारोपणमा समेत शिक्षण अस्पतालको प्रत्यारोपण टिमलाई भारत, दिल्लीस्थित फोर्टिस अस्पतालका डा. विवेक विजको टिमले सघाएको थियो ।

'निरन्तर ३ वटा प्रत्यारोपण गर्दा बिस्तारै सिस्टम बस्न थालेको छ, अझै ८/१० वटा प्रत्यारोपणमा विदेशी विज्ञको सहयोग लिनेछौं,' डा. भण्डारीले भने, वर्षमा १२ वटासम्म प्रत्यारोपण गर्ने लक्ष्य छ ।' उनका अनुसार कलेजोको प्रत्यारोपणमा करिब २५ लाख रुपैयाँ खर्च हुन्छ । सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले विदेशी विशेषज्ञको सहयोगमा ३ वटा कलेजोको प्रत्यारोपण गरिसकेको छ ।

पशुपति क्षेत्रको विनाशप्रति युनेस्को मिसनको चासो

■ **दामोदर न्यौपाने** (काठमाडौं)

राष्ट्रसंघीय निकाय युनेस्कोको 'मनिटरिङ मिसन' ले पशुपति क्षेत्रमा भएका गैरकानुनी संरचना निर्माण र सांस्कृतिक सम्पदामा पुगेको क्षतिप्रति चासो राखेको छ । मिसन टोली उपत्यकाका सातवटै विश्व सम्पदाको अध्ययन गर्न काठमाडौं आएको छ । सबैभन्दा बढी पशुपतिमा क्षति पुगेको भन्दै टोलीका सदस्यले त्यहाँको विनाश रोक्न ध्यानाकर्षण गराए ।

'काठमाडौं भ्याली एउटा क्षेत्र मानेर युनेस्कोले विश्व सम्पदा सूचीमा राखेको हो । सातवटै सम्पदा अलग-अलग सूचीकृत भएका होइनन् । एक विश्व सम्पदा क्षेत्रको सातवटा अलग-अलग घटक मात्र हुन्,' मिसनको नेतृत्व गरेका ग्यामिनीले भने, 'एउटा मात्र सम्पदामा असर पुग्यो भने उपत्काका पूरै विश्व सम्पदामा असर पर्न सक्छ । एउटा सम्पदा विश्व सूचीबाट हट्यो भने सातैवटा सम्पदा हट्छ । यसतिर ध्यान दिन आग्रह गर्छु ।' उपत्यकामा काठमाडौं, ललितपुर र भक्तपुर दरबार स्क्वायर, पशुपतिनाथ मन्दिर, बौद्धनाथ, स्वयम्भूनाथ, चाँगुनारायण मन्दिर क्षेत्र विश्व सम्पदा सूचीमा छन् ।

टोलीमै रहेकी केटरिनले पशुपतिमा प्राचीन वस्ती उठाएको, सांस्कृतिक मार्ग थुनिएको र फलामको घेरा लगाएर प्राचीनता मासिएको पाइएको बताइन् । उनले पशुपति क्षेत्र विकास कोषले बनाउन लागेको गुरुयोजनामा प्राचीन मार्गलाई ध्यान दिन पनि सुझाइन् ।

शनिबार पशुपति क्षेत्रको निरीक्षणमा आएको मिसन टोलीले कोषसँग गुरुयोजनाबारे जानकारी मागेको थियो । तर, सोमबार पुरातत्त्व विभागमा भएको छलफलमा कोषका इन्जिनियर केदार थपलिया गुरुयोजनाको जानकारीबिनै प्रस्तुत भए । सूचना उपलब्ध नगराएको भन्दै पुरातत्त्व विभागका विश्व सम्पदा शाखा प्रमुख सुरेश सुरज श्रेष्ठले आपत्ति जनाएका थिए । त्यसपछि भने थपलियाले पशुपति क्षेत्रबारे सामान्य जानकारी दिएका थिए ।

'प्राचीन बस्ती हटाएकोमा चित्त दुख्यो'

टोली सदस्य कर्टरिनले यहाँको प्राचीन वस्ती हटाएकोमा आफूलाई चित्त दुखेको बताइन् । पशुपति क्षेत्रमा खुला ठाउँ बनाउने भन्दै २०५८ सालमा अधिग्रहण गरी यहाँका केही प्राचीन बस्ती हटाइएको थियो । कांग्रेस नेता बलबहादुर केसी संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री छँदा वनकाली क्षेत्रको ९० र तिलगंगा क्षेत्रको ५८ घर भत्काइएका थिए । त्यतिबेला कोषका सदस्यसचिव वसन्त चौधरी थिए ।

'संकटकाल लागेको बेलामा अधिग्रहण गरियो । हामीले आवाज उठाउन पनि पाएनौं,' पशुपतिनाथका भण्डारी केदारमान भण्डारी भन्छन्, 'घरमात्रै होइन डबली, चोक र शक्तिपीठ पनि विस्थापित भए, मूर्ति चोरिए,' उनी भन्छन्, 'बाजा बजाउनेहरू पनि गए, अन्त गएपछि यहाँ आइराख्न समस्या हुँदो रहेछ ।'

पशुपति क्षेत्रका नौ बस्तीमध्येको इतापाखा हुँदै कोषसँगै रहेको वेद विद्याश्रम माविं जाने बाटो थियो । त्यहाँ पस्ने थोत्रो ढोका अहिले पनि देखिन्छ । तर दुई वर्षअघि बनेको पर्खालले ढोकाबाट छिर्ने बाटो बन्द गरियो । उक्त ढोकाभन्दा दक्षिणतिर अर्को बाटो थियो, जहाँबाट पशुपति क्षेत्रका मुख्य जात्रा चलाइन्छ । कोषको भवनभन्दा पूर्वतिर लगाइएको पर्खालले यो बाटो पनि बन्द भएको छ । 'देशोद्धार पूजा गर्दा त्यही बाटो प्रयोग हुन्छ, यहीं अवरोध गरिएको छ,' भण्डारी गुनासो गर्छन्, 'बाटोमा कोषको कार्यालयका ढोका छन् । ढोका वर्षमा एकपटक खोलिदिन्छन् । ढोका खोले पनि बाटो गतिलो हुँदैन । कतै झाडी भएको हुन्छ, कतै चिप्लो । कतै त रेखांकन नै मेटिएको हुन्छ ।'

मिसन टोलीलाई भक्तपुर नगरपालिकाकी उपमेयर रजनी जोशीले भक्तपुरमा निर्माण भइरहेको सम्पदाका बारे जानकारी गराएकी थिइन् । सम्पदा संरक्षण अभियन्ता सञ्जय अधिकारीले विश्व सम्पदा क्षेत्रमा भइरहेका गैरकानुनी निर्माणबारे प्रतिवेदन तयार पारेर टोलीलाई हस्तान्तरण गरे । काठमाडौं भ्याली पिजर्भेसन ट्रस्टका रोहित रञ्जितले ललितपुरमा आफ्नो संस्थाले गरेका कामबारे जानकारी दिए ।

पुरातत्त्व विभागका निमित्त महानिर्देशक दामोदर गौतमले क्षति भएका सम्पदामध्ये ४० प्रतिशत काम सकिएको बताउँदै भने, 'आउँदो वर्ष थप ४० प्रतिशत काम सम्पन्न हुनेछ । दुई वर्षभित्रका सबै सम्पदा सम्पन्न गर्ने लक्ष्य लिएका छौं ।'

युनेस्कोको 'मनिटरिङ मिसन' मा दुई जना विज्ञ सहभागी छन् । २०७२ सालको भूकम्पयता यहाँका सम्पदाको अध्ययन गर्न दुईपटक यस्तो मिसन आइसकेको छ । सन् २०१५ मा जर्मनीको बोनमा बसेको विश्व सम्पदा कमिटीको बैठकबाट नै उपत्यकाका विश्व सम्पदा स्थललाई खतराको सूचीमा राख्न 'ड्राफ्ट डिजाइन' हुँदै आएको थियो । त्यसयताका प्रत्येक 'सेसन' मा उपत्यकाका विश्व सम्पदलाई खतराको सूचीमा राख्ने प्रस्ताव हुँदै आएको आएको छ ।

'हामीले यहाँ जे देख्यौं, त्यो विश्व सम्पदा केन्द्रमा बुझाउँछौं,' ग्यामिनले भने, 'खतराको सूचीमा राख्ने वा के गर्ने भन्ने प्रस्ताव विश्व सम्पदा समितिले गर्छ ।' उनी भूकम्प गएको वर्ष मिसन टोलीमा सहभागी भई नेपाल आएका थिए । त्यसबेलाको भन्दा काममा धेरै सुधार आएको आफूले पाएको उनले बताए ।

भक्तपुर दरबार क्षेत्रमा युनेस्कोको मिसन टोली । *तस्बिर : कान्तिपुर*

KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG KANTIPUR MEDIA GROUP

शुभ दीपावली २०७६को उपलक्ष्यमा
कान्तिपुर राष्ट्रिय दैनिकको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
कान्तिपुर

धनतेरस विशेषांक

आगामी शुक्रबार, २०७६ कार्तिक ८ गते प्रकाशित हुने
"कान्तिपुर धनतेरस विशेषांक"मा आफ्नो वस्तु तथा सेवाहरुको प्रचार प्रसार
गरी विशेष मौकाको फाईदा उठाउनुहोस् ।

थप जानकारी तथा बुकिङ्गको लागि सम्पर्क नम्बरहरुः
९८०१३२८००० ९८०१३२८०१०

सम्पादकीय

संसदीय समितिको अनादर

कार्यपालिकालाई संसद्मार्फत जनताप्रति उत्तरदायी बनाउने भूमिकामा रहेका संसदीय समितिहरूले दिएका निर्देशनको पालना गर्न सरकार उदासीन देखिएको छ । 'मिनी संसद्' मानिने यी समितिहरूका निर्देशन तथा सुझावलाई अटेर गर्ने सरकारी कार्यशैली संसदीय व्यवस्थाकै मूल्य-मान्यताविपरीत छ । संसदीय समितिहरूको दायित्व कानुन निर्माणका लागि विधेयकबारे छलफल गर्नु मात्र होइन, सरकार तथा राज्यका निकायका कामकारबाही अध्ययन-अनुगमन गरी सचेत/ध्यानाकर्षण गराउनु तथा निर्देशन दिनु पनि हो । सरकारले संसदीय समितिहरूको निर्देशन जति कार्यान्वयन गर्छ, त्यति नै सिंगो संसद्कै प्रतिष्ठा वृद्धि हुन्छ र लोकतान्त्रिक अभ्यास बलियो बन्दै जान्छ । तसर्थ, समितिका निर्देशन/सुझावहरूलाई सरकारले आफ्नो काममा अनावश्यक अंकुश लगाउने कदमका रूपमा बुझ्नु हुँदैन ।

संघीय संसद्का दुवै सभाअन्तर्गतका संयुक्त दुई र राष्ट्रिय सभाका ४ सहित १६ वटा समितिहरू सबैले दिएका निर्देशनको कार्यान्वयन पक्ष अत्यन्त फितलो छ । धेरैजसो सुझाव/निर्देशनको सरकारले कार्यान्वयन नै गर्दैन । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले नेकपा नेत्रविक्रम चन्द समूहका कार्यकर्ता कुमार पौडेलको सर्लाहीमा भएको हत्याको साताभित्र छानबिन गरेर प्रतिवेदन बुझाउन गृह मन्त्रालयलाई दिएको निर्देशन होस् या अन्तर्राष्ट्रिय सम्बन्ध समितिले भारतसँग तत्काल कुराकानी गरेर सीमाका जंगे पिलर पुनःस्थापित गर्न र मिचिएको जमिनको अवस्था यकिन गर्न सरकारलाई दिएको पाँचबुँदे निर्देशन- यस्ता अधिकांश निर्देशनको सरकारले कार्यान्वयन गरेकै छैन । कतिपय निर्देशनको भोलिपल्टैदेखि सरकारले प्रतिवाद गरेको उदाहरणसमेत छन् ।

आफूअनुकूलका निर्देशन मात्र कार्यान्वयन गर्ने अरूलाई त्यसै थन्काउने सरकारी प्रवृत्तिले जनप्रतिनिधिमूलक संस्थाको अनादर गरेको छ । प्रतिनिधिमूलक लोकतन्त्रमा यस्तो रबैया देखाउनु प्रकारान्तरले जनताकै अपमान गर्नु हो । निर्देशन कार्यान्वयन गर्न असम्भव भए बरु सरकारले त्यसबारे संसदीय समितिलाई जानकारी गराउन सक्छ । पुनरावलोकनका लागि निवेदन दिन पनि सक्छ । यसका लागि कार्यान्वयन गर्न नसक्नुका कारणबारे समितिसमक्ष प्रस्ट्याउनुपर्छ । अनि मात्रै सरकारको कर्तव्य पूरा हुन्छ र संसद्को साख पनि जोगिन्छ । तर समितिले निर्देशन दिने र सरकारले नटेर्ने अवस्था रहिरहे संसदीय पद्धतिमै हानि पुग्छ ।

सरकारलाई जवाफदेही तुल्याउने सन्दर्भमा संसदीय समितिको भूमिका सिंगो संसद्को भन्दा महत्त्वपूर्ण मानिन्छ किनकि यो बाह्रैमास सक्रिय हुन सक्छ, संसद् जस्तो अधिवेशन भएका बेला मात्र होइन । र, यी समितिहरूमा संसद्मा भन्दा विस्तृत रूपमा विषयवस्तुमाथि छलफल गर्न पनि सम्भव हुन्छ । सरकारले गरेका गलत कामकारबाहीलाई लगाम लगाउने भूमिकामा यी समितिहरू जति सक्रिय र प्रभावकारी बन्छन्, संसदीय व्यवस्था त्यति नै मजबुद हुँदै जान्छ । तर सरकारी अटेरीले यस्ता निर्देशन तथा सुझाव औपचारिकतामा मात्र सीमित भइरहेका छन् । सरकारले बुझ्नुपर्छ- जनप्रतिनिधिहरूको काम नै नीति-नियम बनाउने र त्यसको कार्यान्वयन सरकारले गरे-नगरेको अनुगमन गर्ने हो । त्यसैले, जतिसुकै बलशाली वा बहुमतको सरकार भए पनि संसदीय समितिहरूलाई नजरअन्दाज गर्न मिल्दैन । संसदीय समितिप्रति उत्तरदायी बन्दा सरकारका काम व्यवस्थित र प्रभावकारी मात्र बन्दैनन्, संसदीय व्यवस्था पनि मर्यादित बन्दै जान्छ ।

संसदीय समितिहरूको निर्णयको परिपक्वतामा पनि प्रश्न नभएका होइनन् । कतिपय अवस्थामा समितिहरूले कानुनसम्मत, वस्तुपरक, निष्पक्ष र व्यावहारिक निर्देशन/सुझाव नदिएको टिप्पणी सुनिन्छन् । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले नै लोकसेवासम्बन्धी राज्य व्यवस्था समितिको निर्णयको औचित्य पुष्टि गर्न चुनौती दिएको उदाहरणसमेत छ । समितिहरूले कतै 'निर्देशनका लागि निर्देशन' दिइरहेका त छैनन् भन्ने आशंका पनि गरिन्छ । समितिहरूले आफ्ना निर्देशनउपर भएको प्रगतिबारे तथ्यांक राख्ने, ताकेता र अनुगमन गर्ने गरेको पाइँदैन । समितिहरूबीचै क्षेत्राधिकारसम्बन्धी विवाद पनि भएका छन् । संसदीय सुनुवाइ विशेष समितिको काम त 'कर्मकाण्ड' पूरा गर्नेजस्तो मात्रै छ ।

तसर्थ, संसदीय समिति स्वयंले पनि आफूभित्रको बहुमतको बलमा होइन, पर्याप्त अध्ययन-अवलोकन गरेर जायज निर्देशन/सुझाव मात्र दिने थिति बसाल्नुपर्छ । जटिल विषय छ भने विज्ञहरूसित सरसल्लाह गरेर वैधताको कसीमा खरो उत्रन सक्ने निर्देशन मात्र दिनुपर्छ । समितिसित सरकारलाई अप्ठेरो बनाउने नियत होइन, विधिको बाटो हिँडाउने र सुधारको प्रयत्न गर्न लगाउने सदीक्षा हुनुपर्छ । सरकारले कुन नीति उल्लंघन गरेको हो प्रस्ट्याउनुपर्छ, हचुवाका भरमा र राजनीतिक लेखाजोखा गरेर निर्देशन दिनु हुँदैन ।

संसदीय समितिले आफूलाई सुधार्दै लैजान आवश्यक त छँदै छ तर उसका केही कमजोरी औंल्याएर आफूअनुकूल नभएका सबै निर्देशन पालना नगर्ने भूल सरकारले गर्नु हुँदैन । संसदीय समितिहरूका निर्देशन पालना नहुनु भनेको व्यवस्थापिकामाथि कार्यपालिका हावी हुन खोजेको संकेत हो, जुन संसदीय व्यवस्थाकै मर्म प्रतिकूल छ । सरकारको यस्तो बलमिच्याइँले कार्यपालिकाका अघि व्यवस्थापिका निरीह बन्ने मात्र होइन, यो प्रवृत्ति बढ्दै जाँदा राज्य व्यवस्थालाई नै क्षति पुग्छ । तसर्थ, राज्यका सम्बद्ध निकायहरूले मनन गर्नुपर्छ- संसदीय लोकतन्त्रमा जनउत्तरदायी शासनको आम अनुभूति त्यतिबेला मात्र हुन्छ, जतिबेला संसदीय समितिहरूले सरकारका कामकारबाहीमाथि उचित निगरानी तथा मूल्यांकन गरेर आवश्यक निर्देशन दिन्छन् र सरकारले पनि त्यसको पालना गर्छ ।

बहकिएको रेल बहस

विशाल चालिसे

चिनियाँ राष्ट्रपतिको भ्रमणसँगै नेपाल-चीन रेलमार्गको बहस फेरि सतहमा आएको छ । भ्रमण क्रममा दुई देशबीच बहुचर्चित केरुङ-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययन गर्ने सहमति भएको छ । उक्त अध्ययनलाई चाहिने करिब २ अर्ब रुपैयाँ चीन सरकारबाट अनुदान पाइने लगभग तय छ । यसलाई कतिपयले चीनले अब रेल बनाइदिन्छ भनेर बुझेका छन् । अरूले भने अपेक्षाकृत रेल निर्माणमा अनुदानको 'सरप्राइज प्याकेज' घोषणा नहुनुलाई रेल नआउने संकेतका रूपमा लिएका छन् । समग्रमा एक पक्ष रेल जसरी पनि आउनुपर्ने कुराको वकालत गर्दैछ भने अर्को पक्ष नेपालको लागि रेल काम नभएको फैसला सुनाउन तल्लिन छ ।

खासमा अहिले हामीसँग रेल निर्माणबारे सुसूचित निर्णय गर्न आवश्यक विभिन्न पाटाबारे यथेष्ट जानकारी नै छैन । रेलको प्राविधिक र अझ महत्त्वपूर्ण पक्ष आर्थिक पाटोबारे छलफल नै नभई रेलको आवश्यकता र उपादेयतामा निर्णय गर्न असम्भव छ । तर हचुवाको भरमा यही वा त्यही भनेर ठोकुवा गर्ने हाम्रो प्रवृत्ति पुरानै हो । दुवै प्रवृत्ति प्रमाणमा आधारित नीति निर्माणका लागि सहयोगी त छैनन् नै, जनसाधारणलाई समेत गलत भ्रममा पार्नेसम्मका घातक देखिन्छन् ।

रेलमार्ग निर्माणमा हालसम्म प्राप्त सबैभन्दा भरपर्दो जानकारीको स्रोत चाइना रेलवे फर्स्ट सर्वे एन्ड डिजाइन इन्स्टिट्युट ग्रुप कम्पनीले पूर्वसम्भाव्यता अध्ययन गरेर नेपाली तथा चिनियाँ सरकारका सम्बन्धित निकायहरूलाई बुझाएको प्रतिवेदन हो । सम्बन्धित सरकारहरूले आधिकारिक रूपमा प्रकाशित गरेको नपाइएकोले यसलाई अनौपचारिक प्रतिवेदनको रूपमा बुझ्न ठीक हुन्छ । सिगात्से काठमाडौं रेल निर्माणका विभिन्न पक्षलाई समेटेर बनाइएको मस्यौदा प्रतिवेदन सन् २०१८ मा तयार भएको हो । प्रतिवेदनले प्राविधिक पक्षलाई प्राथमिकता दिएको पाइन्छ ।

प्रतिवेदनमा नेपाल-चीन रेलमार्ग निर्माण इन्जिनियरिङ, स्थलाकृतिक सर्वेक्षण, भूगर्भीय र पर्यावरणीय आदिको दृष्टिकोणबाट अत्यन्त चुनौतीपूर्ण रहेको बताइएको छ । प्रतिवेदन भन्छ, 'नेपाल-चीन रेलमार्ग ४ हजारदेखि ५ हजार मिटरसम्मको उचाइमा भएर आउने भएकोले त्यस क्षेत्रको भूगर्भीय र मौसमी अवस्था पूर्णरूपमा ज्ञात छैन र पठारमा हुने उच्च अल्पाइन जलवायुले रेल लाइन निर्माणमा पार्न सक्ने प्रभावलाई अझ बढी अनुसन्धान गरी अर्को चरणमा निर्धारण गर्नुपर्छ ।'

त्यसैगरी प्रतिवेदन अगाडि भन्छ, 'केरुङ-काठमाडौं खण्ड पर्यावरण संरक्षण क्षेत्र हुँदै जान्छ । उक्त क्षेत्रमा ठूला अस्थायी संरचनाहरू बनाउन सकिन्छ कि सकिँदैन भन्ने कुरा अर्को चरणमा सुनिश्चित हुनुपर्छ । त्यसैगरी पर्यावरणले गर्दा संरक्षण क्षेत्रमा कुनै पनि फोहोर फाल्न नपाइने नियम भएकाले निर्माणबाट आउने कुँडाकर्कटहरूलाई रेल लाइन नजिकै कतै विसर्जन गर्न सकिन्छ कि सकिँदैन भन्ने पनि निर्क्योल हुन जरुरी छ । जाडो मौसममा तथा निर्माण क्षेत्रबाट टाढा कुँडाकर्कटहरू विसर्जन गर्नुपरेमा अझ कठिन हुने हुँदा अतिरिक्त लजिस्टिकल व्यवस्थापनबारे सोच्नुपर्छ, यसले लागत पनि बढाउँछ ।'

यस बाहेक रेलमार्ग रहने क्षेत्रमा पातलो जनघनत्व, अविकसित अर्थतन्त्र तथा अपर्याप्त बिजुली आपूर्ति छ । केरुङ-काठमाडौं खण्डमा सुरुङ र पुलको अंश करिब ९८ प्रतिशत छ र सुरुङ निर्माणमा अत्यधिक मात्रामा बिजुली खपत हुन्छ । यसले गर्दा रेल निर्माणमा जानुअघि अस्थायी र स्थायी विद्युत आपूर्ति योजना निर्धारण गर्न जरुरी हुन्छ । जटिल भूबनोट र अस्थायी सडकका माझ पावर स्टेसनहरू निर्माण कठिन हुनु पनि रेल निर्माणको चुनौती हो । यी प्राविधिक चुनौती पार गरेर उच्च हिमाली क्षेत्र छिचोलेर आउनुपर्ने भएकोले नेपाल-चीन रेल निर्माणको सफलता अद्वितीय नै हुन जान्छ ।

रेलमार्गको प्राविधिक जटिलताको पाटो नौलो भने होइन । चीनको तिब्बत क्षेत्रको भूबनोट पनि लगभग नेपालकै उत्तरी भेगजस्तै छ । चीनले विगत दुई दशकमा रेल प्रविधिमा ठूलो प्रगति हासिल गरेर तिब्बतमा लामो रेल सञ्जाल निर्माण गरेको छ । यसले नेपाल-चीन रेलमार्ग निर्माण असम्भवचाहिँ छैन भन्ने देखाउँछ । आयोजनाको निर्माण लागत बढ्ने भने निश्चित छ । त्यसैले रेलमार्ग बनाउने कि नबनाउने भन्ने प्रश्न प्राविधिक त हो नै, महत्त्वपूर्ण पाटो आर्थिक पनि हो ।

तर पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदनको वित्तीय र आर्थिक पाटोको विश्लेषण अत्यन्त कमजोर र सतही छ । करिब २ सय पृष्ठको प्रतिवेदनमा वित्तीयलाई तीन पृष्ठ र आर्थिकलाई जम्मा एक पृष्ठमा सीमित गरिएको छ । वित्तीय आन्तरिक दर नकारात्मक ४.६ देखि ०२७ प्रतिशतसम्म गणना गरिएको छ भने खुद नाफा नकारात्मक १०.२ प्रतिशत देखाइएको छ । अधिकतम लागत तथा वस्तु र यातुको कम चापलाई मध्यनजर गरेर गणना गर्दा लगानीको प्रतिफल औसत नकारात्मक ४.६ प्रतिशत अनुमान गरिएको छ । तर यसैलाई देखाएर रेल घाटाको आयोजना हो भन्नु भ्रामक निष्कर्ष हुन जान्छ । भौतिक पूर्वाधार त्यसमा पनि परिवहनका आयोजनाहरूको सम्भाव्यता निर्धारणका लागि वित्तीयभन्दा पनि समष्टिगत आर्थिक प्रतिफललाई हेर्नु उपयुक्त हुन्छ ।

त्यसैले बहसको पहिलो विषय नेपाल-चीन रेलले ल्याउने सम्भावित आर्थिक फाइदाहरू के हुनसक्छन्, त्यसको विश्लेषण गर्नु हो । उदाहरणका लागि अष्ट्रेलियाको राजधानी क्यानबेरामा बनेको मोनोरेलको सम्भाव्यता अध्ययनमा यात्रुबाट टिकट बापत उठ्ने रकमको मात्रा एकदमै न्यून थियो । बरु रेलले अर्थतन्त्रमा पुऱ्याउने प्रत्यक्ष-अप्रत्यक्ष फाइदाहरू जस्तै समयको बचत, सडक दुर्घटनामा आउने कमी, जग्गाको मूल्य वृद्धि, फोहोर संकलनमा आउने सुधार, ऊर्जा बचत, निजी सवारीलाई विस्थापित गर्दा वातावरणमा पर्ने सकारात्मक प्रभाव, उत्पादकत्व सुधार लगायतका फराकिला आर्थिक प्रभावहरूलाई समेटिएको थियो । यति गर्दा पनि प्रतिफल लागतको अनुपात जम्मा १.२: १ थियो । नेपाल-चीन रेलमा के त्यस्ता फाइदाका (वा घाटाका) अवसरहरू होलान् ? भारतसँगको निर्भरता घट्ने कुराको मौद्रिक मूल्य हुने कि नहुने ? हुने भए रेललाई त्यसको कति श्रेय दिने ? आदि प्रतिनिधि प्रश्न हुन सक्छन् ।

रेल बन्यो भने नेपाल पनि श्रीलंकाजस्तै ऋण पासोमा फस्नेछ भनेर अनुमान गर्नुभन्दा पहिला वित्तीय संरचना कस्तो बन्यो भने नेपालले स्वीकार गर्न सक्ने र कस्तो भयो भने नेपाललाई फाइदा हुन्न भन्ने खाका नै बहसको विषय बन्नुपर्छ ।

बहसको अर्को विषय रेलबाट के व्यापार गर्ने भन्ने हो, जुन अन्योलमै छ । नेपालबाट खाली नै पठाउन रेल किन भन्नेलाई भारतबाट आएको ट्रकचाहिँ के लिएर फर्किन्छ भनेर पनि सोध्न सकिन्छ । समस्या रेल वा ट्रकमा होइन, हाम्रो अर्थतन्त्र वा उत्पादन क्षमतामा छ । मुख्य विषय, रेलमार्ग वा सडक साधनमात्र हुन्, साध्य होइनन् । रेलको उपादेयता अर्थतन्त्रका अन्य क्षेत्रमा खोज्नुपर्छ । बहस अर्थतन्त्रका अन्य क्षेत्रमा सुधार गरी रेलबाट फाइदा लिनेबारे केन्द्रित हुन जरुरी छ । रेलको काम भनेको परनिर्भरता विना करिब १.३ अर्ब मध्यमवर्गीय उपभोक्तासँग जोड्नु हो । संसारका सबै देश चिनियाँ उपभोक्तासम्म कसरी पुग्ने भनेर लागिरहन्छन् । हामीले पनि तिनीहरूलाई बेच्न सकिन्छ भनेर सोच्नु र सोही अनुसार अर्थतन्त्रमा सुधार ल्याउनेबारे छलफल केन्द्रित गर्नु बढी श्रेयस्कर हुन्छ ।

यसै पनि रेल आज आउने होइन न त आजैका लागि निर्माण हुने हो । सिगात्सेदेखि केरुङसम्मको खण्ड निर्माणमा ६.५ वर्ष र काठमाडौंसम्मको खण्डका लागि ९ वर्ष लाग्ने अनुमान छ । त्यसमा पनि सम्भाव्यता अध्ययन र अन्य प्रक्रियागत कामका लागि लाग्ने समयसहित कुनै अवरोध विना काम हुँदा पनि रेल गुडुन करिब डेढ दशक लाग्ने निश्चित छ । के डेढ-दुई दशकपछि पनि नेपालको अर्थतन्त्र यस्तै रहिरहला ? वा हामीले यस्तै राखिराख्ने ? आगो लागेपछि कुवा खनेर हुँदैन । अहिलेदेखि योजनाबद्ध ढङ्गले काम गर्न जरुरी हुन्छ । सरकारले पूर्ण सम्भाव्यता अध्ययन प्रक्रिया अगाडि बढाउँदैछ । रेललाई आवश्यक विद्युत आपूर्तिका संरचनाहरू पनि विस्तारै त्यो क्षेत्रमा बन्दैछन् । के यो ठूला आयोजनाका लागि उपयुक्त समय र प्रक्रिया हो कि होइन ? दीर्घकालीन सोच राख्न नै हामीले बलियो सरकार बनाएको हैन र ?

यसैगरी बहसको अर्को विषय रेल आयोजना नेपालको वित्तीय क्षमताको तुलनामा निकै ठूलो हो । यसले रेलमा लाग्ने रकम अन्य विकल्पमा लगाउन सकिन्छ, जस्तो भइरहेको सडकको स्तरोन्नति वा नयाँ अन्तर्देशीय राजमार्ग निर्माण वा त्यस्तै । छलफलको विषय विभिन्न विकल्पहरू बीचको छनोट हो । त्यसैले रेल निर्माण गर्ने वित्तीय संरचना महत्त्वपूर्ण हुन जान्छ । चीनले अनुदान दिने भए नेपालको स्रोत कम लाग्छ, तर यसले रेल नै बनाउनुपर्ने हुन्छ । उसले अरु आयोजनाका लागि अनुदान नदिन सक्छ । यस्तोमा सडकभन्दा रेल बनाउँदै नेपाली लगानीको बढी प्रतिफल आउन सक्छ । त्यसैले रेल बन्यो भने नेपाल पनि श्रीलङ्काजस्तै ऋण पासोमा फँस्नेछ भनेर अनुमान गर्नुभन्दा पहिला वित्तीय संरचना कस्तो बन्यो भने नेपालले स्वीकार गर्न सक्ने र कस्तो भयो भने नेपाललाई फाइदा हुन्न भन्ने खाका नै बहसको विषय बन्नुपर्छ । तसर्थ विस्तृत आयोजना प्रतिवेदन बन्दा वित्तीय व्यवस्थापनका सम्भावित सबै परिदृश्यको विश्लेषण र बहस हुन जरुरी हुन्छ । यसले मात्र सही निचोडमा पुऱ्याउन मद्दत गर्छ ।

अर्को बहस, रेलले गर्ने वातावरणीय क्षतिबारे हो । रेलको बाटो संरक्षित क्षेत्रमा पर्छ, जुन कमजोर पर्यावरणीय खण्ड पनि हो । तर हाम्रो घर अगाडि बनेको सडक गायत सबै भौतिक संरचनाले प्राकृतिक वातावरणको क्षय गर्छ । रेलले गर्ने क्षतिको मूल्याङ्कन कति हो ? क्षति न्यूनीकरणका उपाय के-के हुन् ? त्यसले निर्माण लागत कतिले बढाउँछ ? त्यसैको अर्को पाटो रेलले गर्ने पर्यावरणको संरक्षण पनि हो । रेलले गर्दा अन्य माध्यमहरूमा हुने वातावरण विनाश वा प्रदूषणको कमीलाई कसरी हिसाब गर्ने ? जस्तो- जलमार्गबाट सामान ढुवानी गर्दा जहाजले गर्ने कार्बन उत्सर्जनलाई रेलले गर्ने विस्थापनलाई कसरी मूल्याङ्कन गर्ने ? त्यसैले रेलले गर्ने सकारात्मक वा नकारात्मक दुबै खाले 'एक्टर्न्यालिटिज'लाई सम्बोधन गर्न जरुरी छ ।

यी त प्रतिनिधि सवालमात्रै हुन्, रेल बारेमा यस्ता थुप्रै प्रश्नहरू अनुत्तरित छन्, सूचना वा तथ्याङ्क अभावले । देश अहिले महत्त्वपूर्ण अर्थराजनीतिक कालबाट गुज्रिरहेको छ, जसको दूरगामी असर रहनेछ । यस्तो महत्त्वपूर्ण समयमा रमाइलो र राजनीतिक विचारधारा प्रेरितभन्दा तथ्यमा आधारित गम्भीर बहसको खाँचो छ ।

सम्पादकलाई चिठी

मल्ललाई उन्मुक्ति नदिइयोस्

मोहनराज मल्लबाट किसान पीडित थिए । किसानले कैंयनपटक अनुरोध गर्दा पनि ऋण तिरेर जग्गा फुकुवा गरिदिएनन् । जग्गा भएर पनि किसानले त्यसको पूरा उपयोग गर्न पाएनन् । बिक्री, अंशबन्डा सबै रोकियो । यो भर्खरको घटना होइन । ३० वर्षदेखि किसानले यो समस्या भोग्दै आए । जग्गा नै लिलाम हुने अवस्था आएपछि किसान आफूले लिदै नलिएको ऋण तिर्न बाध्य भए । केहीले अझै तिर्नसकेका छैनन् ।

मल्ल त्यस क्षेत्रका ठूला जमिनदार हुन् । उनको आफ्नै पनि धेरै जमिन छ । आफ्नो जमिनदारी शक्तिलाई प्रयोग गरेर किसानको जग्गा धितोमा दिन बाध्य बनाएका थिए । सरकारले उनलाई कारबाही गर्नुको साटो पुरस्कृत गऱ्यो । कानुनको उल्लंघन गर्ने नै कानुन प्रमाणित गर्ने ठाउँमा भएपछि किसानले अब हाम्रो केही लाग्दैन भनेर बाध्य भएर आफै ऋण तिर्न थालेका हुन् । सुदूर पश्चिम प्रदेश प्रमुख मल्लको यस किसिमको अन्यायको छानबिन गरिनुपर्छ । किसानले तिरेको पैसा फिर्ता गर्नुपर्छ । तिर्न नसकेकाको तिरिदिनुपर्छ । उनी यस विषयमा मौन बसेर उम्किन खोजेका छन् । कुनै पनि हिसाबले उनलाई उन्मुक्ति नदिइयोस् ।

- जगत देउजा, *मेलम्ची, सिन्धुपाल्चोक*

छाडा साँढेजस्तो बन्ने डर

जघन्य अपराध गरेको आशंकामा हाल पक्राउ परेका रौतहटका सांसद मोहम्मद अफ्ताव आलम कांग्रेस नेतृत्वबीच 'हाइ-हाइ' बनेर आसन जमाइरहेको प्रसंगबाट स्तब्ध नबन्ने कोही छैन । १२ वर्षअघि राजपुर, फरदहवास्थित इँटाभट्टामा बम विस्फोटनबाट घाइते भएका २० भन्दा बढीलाई बेहोस हुने सुई लगाइ जिउँदै जलाएर सामुहिक हत्या गरेको विषय सार्वजनिक भएसँगै नर्भास्किने पनि कोही छैन । यस्ता आततायीलाई अंकमाल गरेर बस्ने कांग्रेस नेतृत्वको मानसिकता कतिसम्म गिरेको रहेछ भनी स्वत: अनुमान गर्न सकिन्छ । सोमबारको 'पीडित परिवार आलमको त्रासमा' समाचारले अर्को अनहोनीतर्फ संकेत गरेको देखिन्छ । सरकारी कमजोरी या हत्याकाण्डको घानबाट बच्न खोज्नेहरूको भीडले अनेक प्रपञ्च रचेर दोषी उम्काई छाडे भने आलमविरुद्ध किटानी जाहेरी दिनेहरूको हालत के होला ? कुख्यात अपराधीको पञ्जाबाट उनीहरू उम्कन सक्लान् ? स्थानीयवासीलाई यही कुराले चिन्तित तुल्याएको छ । विगतको कुरा गर्दा सांसदमात्र नभएर ४/४ पटक मन्त्री बनेका व्यक्ति हुन्, आलम । २०५४ मा उनी श्रम तथा यातायात सहायक मन्त्री, २०५७ मा वनमन्त्री, २०५८ मा भूमिसुधार मन्त्री र २०६६ सालमा श्रम मन्त्री बनेका थिए । तत्तत् सालमा प्रधानमन्त्रीको कुर्सीमा क्रमश: सूर्यबहादुर थापा, गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा र माधवकुमार नेपाल थिए । सरसर्ती हेर्दा गुन्डागर्दी गर्ने, आपराधिक मानसिकता बोकेको आततायीलाई काखी च्याप्न नाम चलेका पूर्व प्रधानमन्त्रीमध्ये कोहीभन्दा कोही कम देखिँदैनन् । साथै १२ वर्षको अवधिमा १५ जना एसपीहरूले जिल्ला प्रहरी कार्यालय, रौतहटको जिम्मेवारी पाएर पनि अन्यायमा पर्नेहरूको गुहार नसुनेको, माथिदेखिको आशिर्वादले काम गर्न नदिएको र स्थानीय गुन्डादेखि हच्किएको विषय उत्तिकै शर्मनाक छ । तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौलाले '१२ वर्षपछि पक्राउ गरिएकोमा अचम्मित छु, अदालतले निर्णय नगरेसम्म आलम निर्दोष छन्' भनी दिएको अभिव्यक्तिलाई संशयपूर्ण र आलमलाई छाडा छाड्ने आशयसँग जोडिएको भन्न सकिँदैन र ?

- भुवनेश्वर शर्मा, *चन्द्रागिरि-२, काठमाडौं*

ओली-दाहालबीच बढ्यो दूरी

सोमबार प्रकाशित 'ओलीको अभिव्यक्तिपछि दाहालको दूरी' समाचारले केही तरंग पैदा गरेको छ । पार्टी एकताका बखत 'विशाल जेटका दुई कुशल पाइलटका' रूपमा आफूहरूलाई प्रचार गरेका नेकपाका दुई अध्यक्षमा उत्साहभन्दा पनि केही कुण्ठा र निराशाजनक अभिव्यक्ति आउनु दुःखद हो । आम नेपालीले विशेषत: ओलीलाई विश्वास गरेर ठूलो भरोसासाथ चुनावमा झन्डै दुई तिहाइको सुविधाजनक मत दिएका हुन् । जुन कुरा कान्तिपुरको अन्तर्वार्तामा ओलीले भनेका छन् । प्रचण्डको नाम र तस्बिर भजाएर यो बहुमत पक्कै पनि आएको होइन । यो तथ्य घामझैं छर्लंग छ । लामो समयदेखि कम्युनिस्ट पार्टीको टुटफुटबाट आजित वामपन्थी जनमत तात्कालिक नेकपा (एमाले) र एमाओवादी केन्द्रको चुनावी गठबन्धनबाट खुसी हुँदै साझा उम्मेदवारलाई मतदान गर्न राजी भएका हुन् । वामपन्थी मतदाताले देशमा समृद्धि हासिल हुने र आमनेपाली सुखी हुने भन्दै ठूलो भरोसासाथ वामपन्थी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) लाई मतदान गरेका हुन् । तर विशाल जेटका दुई पाइलटले पार्टीलाई दुर्घटनाको नजिक पुऱ्याइसकेका छन् ।

- यज्ञराज न्यौपाने, *पैप्सिकोला, काठमाडौं*

लेखका लागि : article@kmg.com.np

प्रतिक्रियाका लागि : letter@kmg.com.np

(लेख-रचना पठाउँदा सम्पर्क नम्बर अनिवार्य उल्लेख गर्नुहोला)

प्रधानमन्त्रीलाई प्रश्न

आइतबार प्रकाशित 'प्रधानमन्त्रीका कुरा' सम्पादकीय सटिक लाग्यो । हो, केपी शर्मा ओली नेतृत्वको सरकारमा केही राम्रा काम नभएका त होइनन्, तर जनता केन्द्रित र जनतालाई अनुभूति हुने काम नभएको तितो कुरा सम्भ्रान्त वर्ग र प्रतिपक्षको बोली होइन । गाउँका जनता केन्द्रित काम नभएकाले निम्नलिखित प्रश्न तेर्साएको छु :

१. कृषकले कृषि ऋण, मल, बीउ पाउनसकेका छन् कि छैनन् ? यस्ता काममा दृष्टि नभएका कृषि मन्त्रीलाई फेर्न सकिन्छ कि सकिन्न ?
२. गाउँका गरिब किसानले पालेको एउटा खसी, बोका, बंगुर, भाले बेच्दा कर तिर्नुपर्ने हो ? करको सीमा के, कति हो ? स्थानीय सरकारले मनपरी कर निर्धारण गरेर निरीह जनतामाथि असुल्न सुहाउँछ ?
३. माओवादी द्वन्द्वबाट ध्वस्त पारिएका गाउँतिरका टेलिफोन लाइन पुनःस्थापना गर्नसके मोबाइल किन्न नसक्ने जनताले सुविधा पाउँथे कि ?
४. गाउँतिर स्वास्थ्यचौकीमा प्राविधिक जनशक्ति नबस्ने, कम्तीमा १० देखि ३ बजेसम्म पनि नखोल्ने, गरिब बिरामीले सिटामोल पनि पाउन नसक्ने गुनासोका बावजुद स्वास्थ्यमन्त्री विदेशतिर मात्र शयर गर्ने र मन्त्रालयको व्यवस्थापन कमजोर भएको आवाजप्रति प्रधानमन्त्रीले कदम चाल्न किन नचाल्ने ?
५. जनताका छोराछोरीलाई निशुल्क शिक्षा प्रदान गर्ने भनिए पनि विभिन्न शीर्षक राखी अवैध रकम असुल्ने, चिकित्सा शिक्षामा निजी मेडिकल कलेजको ब्रह्मलुटलाई बन्द गराउन र

पढाउन नसक्ने घुर्की दिने कलेजको साँचो हातमा लिन नसक्ने शिक्षामन्त्रीको के काम ?

६. कतिपय स्थानीय सरकारले अनावश्यक डोजर आतंक गरेका, विकास, निर्माण नगर्ने तर जनताको हितविरुद्ध निर्णयमाथि प्रधानमन्त्रीले किन निर्देशन नदिने ?
७. कतिपय प्रदेश तथा स्थानीय सरकारको समन्वय नहुँदा स्थानीय जनतालाई मर्का परेको र विकास निर्माण हुन नसकेको पहिल्याई प्रधानमन्त्रीले निर्देशन दिन किन सक्नुभएको छैन ?
८. रिक्त रहेका सबै निकायमा समयमै पदपूर्ति किन नगर्ने ?
९. सांसद विकास कोष बापत बाँडिएको रकममध्ये कति सही काममा खर्च भयो ? सोको अनुगमन गरी कडा कदम चाल्न प्रधानमन्त्री किन निरीह बन्नुभएको ?
१०. संघीयता लागू भएको यतिका बितिसक्दा पनि प्रदेशको नामकरण गर्न नसक्ने ४ वटा प्रदेशलाई शीघ्र नामकरण गर्न निर्देशन दिन केले छेक्यो ?
११. खाल्डाखुल्डी परेका र बिग्रे/भत्केका सडकहरूबाट जनताले दुःख पाइरहँदा यस्ता सडक (नागढुंगा-नौबिसे-मुगलिङ लगायत) को मर्मतसम्भार, पुलको ठेक्का लिने तर काम नगर्ने पप्पु लगायतका ठेकेदारलाई ठेगान लाउन नसक्ने भौतिक योजना मन्त्रीको के काम ?
१२. करिब ९० प्रतिशत नेपालीले मान्ने धर्म, संस्कृति, पर्वमा विदा दिन कञ्जुस्याइँ गरी सस्तो लोकप्रियता कमाउन खोज्ने तर अपराध नियन्त्रण गर्न चासो नराख्ने गृहमन्त्रीको काम के ?
१३. संविधान जारी भइसकेको, कार्यान्वयनको सिलसिलामा विधिको शासन गरिरहेको मुलुकका ट्राफिक प्रहरीले यातायातका साधनले गरेको बेथितिप्रति कडा कारबाही गर्न किन सक्दैन ?

- गंगाराज अर्याल, *पाणिनि-८, अर्घाखाँची*

आकस्मिक सेवाका सर्तहरू

डा. ढुण्डीराज पौडेल

आवासीय भिसा अन्तर्गत क्यानाडामा बसोबास गर्ने मेरो एक आफन्तको घाँटीमा थाइरोइडको सानो गिर्खा उठेछ। बिमा पद्धति अनुसार फिजिसियन चिकित्सकको प्राथमिक परीक्षणबाट त्यो रोग आकस्मिक र घातक क्यान्सर नभएकाले विशेषज्ञबाट विशेष जाँचका लागि करिब १० महिना कुर्नुपरेछ। उनले आत्तिएर नेपाल आउन खोज्दा हतारिनु नपर्ने, त्यहीं नियमित प्रक्रियाबाट उपचार हुने सल्लाह दिएपछि तोकिएको समयमा त्यहीं सस्तोमा नियमित प्रक्रियाबाट स्तरीय उपचारबाट निको भएछ। तर हामीकहाँ भए यस्तो केसमा बिरामीलाई छिटो गर्नुस् भनेर अत्याउने गरिन्छ।

भ्रमण भिसाबाट अमेरिका पुगेका एकजना नेपालीको अकस्मात कलेजो बिग्रेछ। उपचार गर्ने उनको आर्थिक तयारी र हैसियत थिएन। तुरुन्तै उपचार नगर्दा उनको अकालमा ज्यान जानसक्ने सम्भावना हुन्थ्यो। तर त्यहीं तुरुन्तै कलेजो प्रत्यारोपण भई केही महिनामा उनी नेपाल फर्के।

पुँजीवादी राष्ट्र अमेरिकाको भ्रमणको क्रममा आकस्मिक समस्या पर्दा स्वयं हाम्रा प्रधानमन्त्रीको बिना पैसा उपचार भएको तथ्य स्वयंबाट निर्वाचनपश्चात उजागर भएकै हो।

उपचार सेवालाई मूलतः ३ भागमा वर्गीकरण गर्न सकिन्छ–१. निसर्त र निःशुल्क आकस्मिक उपचार २. नियमित उपचार ३. विशेष या 'पेइड' उपचार।

अब राज्यले संविधान र ऐन अनुसार आकस्मिक सेवा निःशुल्क नगरे अदालतमा मुद्दा दिनुको विकल्प छैन।

(यो पद्धतिबाट सक्नेले अतिरिक्त रकम तिरेर विशेष सुविधा र सहजतापूर्वक उपचार सेवा लिन सक्छन्, जुन रकम आर्थिक रूपमा असक्षमहरूको उपचारमा खर्च गर्न सकिन्छ।) यी तीनवटै उपचारमा न्यूनतम स्तरीयता कायम हुनुपर्छ।

लोककल्याणकारी राज्यव्यवस्था भएका मुलुकमा मात्रै होइन, पुँजीवादी मुलुकमा समेत आकस्मिक अवस्थामा ज्यान र अंग बचाउने दायित्व राज्यको हुने गर्छ। शासन सत्ता या राजनीतिक पहुँच भएकाहरूको मात्रै होइन, ३ करोड नेपालीले अकालमा मर्नु नपर्ने स्थितिको सुनिश्चितताको प्रत्याभूति राज्यबाट हुनुपर्छ।

केही वर्ष अघिसम्म हालको पाटन अस्पताल विदेशीहरूद्वारा सञ्चालित थियो, जसलाई शान्तभवन भनिन्थ्यो। सायद नेपालमा सबैभन्दा जटिल शल्यक्रियाहरू त्यहीं सम्पादित हुन्थे। त्यहाँ कुनै गरिब पैसाको अभावमा उपचारबाट बञ्चित हुनुपर्थेन, त्यसका लागि भनसुन गर्नु पर्दैनथ्यो। बिरामीको व्यथासहित आर्थिक हैसियत पनि स्वास्थ्यकर्मीहरूले पत्ता लगाउँथे र सोही अनुसारको निःशुल्क या सस्तो उपचारको व्यवस्था हुन्थ्यो। हामीले नेपालको कुन अस्पतालमा हाल त्यो पद्धति कायम गर्नसकेका छौं? बरु अहिले त ठिक विपरीत हुनेखाने, टाठाबाठा, पहुँच भएकाहरूले सस्तो या सहुलियत सेवा प्राप्त गर्लान्, तर पहुँच नभएकाहरू उपचारबाट बञ्चित हुनुपर्छ। उपचारकै कारण महँगो ऋणको चपेटामा पर्नुपर्छ।

मुख्य सरकारी अस्पतालको आकस्मिक कक्षमा शैया नै खाली हुन्नन्। खाली पाइहाले पनि प्राप्त लामो सूचीमा लेखिएका औषधिहरूमा चलखेल हुन्छ र हतासमा रहेका बिरामी र तिनका अभिभावकहरूको चरम आर्थिक शोषण हुने गर्छ।

समाजवाद उन्मुख राष्ट्रमा समाजवाद स्थापनाका लागि हिंसात्मक विद्रोहदेखि वर्षौं जेलनेल भोगेका नेताहरू सत्तामा छन्, जो स्वयंले पनि व्यक्तिको लागि जीजिविषाको महत्त्वलाई राम्रोसँग बुझेका छन्। वर्षौं जेलनेल भोगेका र बिरामी परेका बखत स्तरीय उपचार नपाई कालको ग्रासबाट जोगिएर आएका पनि छन्। त्यसैले संविधानमा मुलुकलाई समाजवाद उन्मुख भनी घोषणा गरिएको होला। यो परिवेशमा समाजवाद भनेको अर्बौंका भ्युटावर, कवर्ड हल, खर्बौंका टनेलको यात्राभन्दा सहज, सस्तो एवं स्तरीय उपचार, शिक्षा, स्वास्थ्य, पानी, भोजनको प्रबन्ध महत्त्वपूर्ण हुन्। संविधानद्वारा बाध्यकारी भइसकेपछि सरकारी, सार्वजनिक मात्रै होइन, राज्यबाट सोधभर्ना हुनेगरी निजी स्वास्थ्य संस्थामा समेत निःशुल्क उद्धार र उपचारको व्यवस्था हुनुपर्छ।

रहरले होइन, आर्थिक अभावका कारण बाध्य भई सकिनसकी मोफसलदेखि राजधानीका त्रिवि शिक्षण, वीर, कान्ति, प्रसूति आदि सरकारी अस्पतालहरूको आकस्मिक कक्षमा पुगेपछि या पुऱ्याएपछि बिरामी र आफन्तले अकालमा जोगिने/जोगाइने आशाले राहतको सास फेर्न नपाउँदै जब स्वास्थ्यकर्मीले आकस्मिक कक्षको शैया खाली नरहेको बताउँछन्, तब निराश बन्छन्। अझै रुखो बोली र व्यवहारले त झनै आहत हुन पुग्छन्। अनि सुरु हुन्छ, तिनै अस्पतालमा कार्यरत चिकित्सकहरूले काम गर्ने वरिपरिका अस्पतालहरूतिर बिरामी ओसार्ने प्रक्रिया। ती निजी अस्पतालहरूको उपचारको मूल्य पनि उदेकलाग्दो छ। मान्छेको पहुँच र चेतनाको स्तर अनुसार टाठाबाठाको सामान्य एपेन्डिक्सको शल्यक्रिया सहितको उपचार ५०,००० देखि ७०,००० रुपैयाँसम्ममा हुनसक्छ भने पहुँच नभएका सिधासाधाहरूलाई ढाडै सेकिनेगरी डेढ/दुई लाखसम्म पनि लाग्न सक्छ।

संविधानले मौलिक हकबारे स्पष्ट उल्लेख गरेको छ। मौलिक हक भनेको अभिव्यक्ति स्वतन्त्रता मात्रै होइन, बाँच्न पाउनुपर्ने अधिकार पनि हो। कुनै पनि नागरिक उपचार नपाएर अकालमा मर्नु या अंग गुमाएर जीवनभर अपांग हुने स्थिति समाजवाद उन्मुख लोकतान्त्रिक मुलुकमा रहनु हुन्न।

कुनै पनि व्यक्ति बिरामी हुने बित्तिकै राज्यका तीनै तहका सरकारहरूबाट आकस्मिक या हट नम्बर प्रदान गरिनुपर्छ। सो नम्बरमा सम्पर्क गरी उनको तुरुन्तै उद्धार गर्ने व्यवस्था मिलाइनुपर्छ। नजिकैको सरकारी या निजी स्वास्थ्य संस्थाले निसर्त र आवश्यकता अनुसार निःशुल्क उपचारको व्यवस्था गर्नुपर्छ। यदि सो नगरी बिरामीको अकालमा मृत्यु हुनगए क्षतिपूर्तिको व्यवस्था हुनुपर्छ।

आकस्मिक सेवा निःशुल्कमात्रै होइन, स्तर र तह अनुसार यसको विस्तार हुनुपर्छ। एपेन्डिक्स, सिजरियन आदि शल्यक्रिया दोस्रो तहको अस्पतालदेखि उपलब्ध हुनुपर्छ। यदि स्थानीय अस्पतालहरूमा उपलब्ध हुन नसके 'रिफर'को व्यवस्था हुनुपर्छ। अहिले जस्तो मोफसलका सरकारी अस्पतालहरूमा दलाल र एम्बुलेन्सवालाहरूले निहित स्वार्थका लागि भड्काउने र सम्भव हुने उपचार पनि हुन नदिने प्रवृत्तिको अन्त्य हुनुपर्छ।

अनिवार्य उपचार कर या बिमा प्रिमियमको व्यवस्था हुनुपर्छ। आम्दानी नभएका असहाय गरिबहरूको पनि आकस्मिक उपचार निःशुल्क र निसर्त हुनुपर्छ। यसका लागि छुट्टै कोष खडा गर्नुपर्ने या राज्यले त्यसको सोधभर्ना दिने व्यवस्था हुनुपर्छ। स्वास्थ्यमा अनिवार्य बिमा प्रगतिशील करको माध्यमबाट आवश्यक पर्नेहरूलाई निःशुल्क, आकस्मिक सेवाको सुनिश्चितता हुनैपर्छ। यदि आकस्मिक सेवाको अभावमा वा समयमै उपचार हुन नसकी अकालमा कुनै नागरिकको ज्यान गएमा क्षतिपूर्तिको व्यवस्था हुनुपर्छ। हालै घाँटीमा हड्डी अड्किएर जटिल बनेको आफ्नो छोराको ज्यान बचाउन लोकप्रिय जनगायक जीवन शर्माले बाध्य भई उपचारनिम्ति गरेको याचना ठिटलाग्दो छ।

संविधानमा भनिएको छ, 'कसैलाई पनि आकस्मिक सेवाबाट बञ्चित गरिने छैन।' अब राज्यले संविधान र ऐन अनुसार आकस्मिक सेवा निःशुल्क नगरे अदालतमा मुद्दा दिनुको विकल्प छैन। आकस्मिक सेवाबाट कोही बञ्चित रहे दण्ड, सजाय र क्षतिपूर्तिको पनि व्यवस्था हुनुपर्छ।

के राजनीति, के अपराध ?

लसकुस
राजेन्द्र महर्जन

रौतहटको राजपुरमा बम विस्फोट हुन्छ, एकाध किलोमिटर परको प्रहरी चौकीले सुन्दैन। विस्फोटमा परेर मरेकालाई बोरामा कोचिन्छ र घाइतेहरूलाई बेहोस पारिन्छ, प्रहरी र सशस्त्र प्रहरीले राजा इँटाभट्टासम्म तिनलाई पुऱ्याउन 'एस्कर्टिङ' गर्छन्, तर नेपाल प्रहरी र सशस्त्र प्रहरीको कमाण्डलाई 'थाहा' हुँदैन। विस्फोटमा परेका मानिस इँटाभट्टामा झोसेर काठ र कोइलाजस्तै जलाइन्छन्, तर त्यस्तो जघन्य मानव संहारबारे तत्कालीन प्रहरी महानिरीक्षक (आईजीपी) ओमविक्रम राणालाई केही 'थाहा' हुँदैन। विस्फोटको भोलिपल्टै मानव संहार भएको निरीक्षण गर्दा पनि प्रहरी महानिरीक्षकले केही देख्दैनन्, प्रहरी र सशस्त्र प्रहरीले सबै प्रमाण समयमै नष्ट गर्ने महान कर्तव्य जो पूरा गरिसकेका हुन्छन्।

१२ वर्षमा रौतहटमा प्रहरी प्रमुखका रूपमा १६ जना एसपी पुगिसके, तर तिनीहरूमध्ये १५ जनाले इँटाभट्टामा २० जनाभन्दा बेसीलाई जिउँदै जलाइएको दृश्य देखेनन्, घाइतेहरूका पीडा र मृतकका परिवारका चित्कार सुनेनन्। जसरी आईजीपी राणालाई केही थाहा थिएन, त्यसरी नै गृहसचिव उमेश मैनाली र गृहमन्त्री कृष्ण सिटौलालाई पनि थाहा हुने कुरै भएन। गृहमन्त्रीदेखि गृहसचिव र आईजीपीहरूलाई सम्झनासमेत नभएको बम विस्फोट अभियुक्त माननीय र उनलाई संरक्षण गर्ने प्रहरी प्रशासनको समवेत भाषामा भन्दा 'घटना भएकै थिएन।'

आफ्ना नेता/कार्यकर्ताले गरेका अपराधको सुरक्षा एवं संरक्षण गर्न सकिएन भने सरकार टिक्दैन। दल चल्दैन। अन्ततः नेतृत्व विस्थापित हुन्छ।

कपोलकल्पित घटना

'घटना कपोलकल्पित भएको' ठोकुवा गर्न भ्याएको प्रहरी प्रशासनले बम विस्फोटबारे उजुरी लिएर कहाँ डबल बेकुफी गर्न मिल्छ र? प्रहरी प्रशासनले सर्वोच्च अदालतलाई समेत राजपुरमा कपोलकल्पित घटना भएको ठोकुवा गरेपछि जिल्ला सरकारी वकिलको कार्यालय र महान्यायाधिवक्ताको कार्यालयले मुद्दा अगाडि बढाउने झन् सम्भावना नै भएन। आईजीपीदेखि गृहमन्त्री समेतलाई थाहा नभएको घटनाबारे सरकारी वकिलको कार्यालय र महान्यायाधिवक्ता यज्ञमूर्ति बन्जाडेले जान्ने भएर मुद्दा चलाउने निर्णय गर्नु पनि भएन। सरकार र सरकार चलाउने दलले जे काम गर्न पद, पैसा र जिम्मेवारी दिएका हुन्, त्यसभन्दा भिन्न काम गरी गैरजिम्मेवार कर्तव्य निर्वाह कसरी गर्न मिल्छ र? अभियुक्त माननीय र भूपू मन्त्रीजस्ता आफ्नो दलका नेता/कार्यकर्ताको समेत सुरक्षा र संरक्षण गर्न नसक्ने भयो भने प्रहरी प्रशासनदेखि महान्यायाधिवक्ता पदमा समेत दलीयकरण गरी घरिघरि बदनाम किन हुने?

मानव अधिकार आयोग, बार एसोसिएसन र इन्सेकको प्रतिवेदनमा समेत मृतकका आफन्तकै भाषामा आरोप छ, जिल्ला प्रहरीको नेतृत्व दोषीलाई पक्राउ गर्न होइन, घटना लुकाउन र माननीय अभियुक्तलाई सहयोग गर्नमात्र जुटिरहेको छ। यस आरोपमा सत्यको मात्रा बेसी छ, किनभने माथिको अघोषित आदेश र व्यवहार त्यसभन्दा भिन्न हुनसक्ने सम्भावना कम छ। पीडित पक्षले पटक-पटक गुहार गर्दा पनि प्रहरीले जाहेरी दर्ता गर्नसमेत नमान्नु, हुलाकमार्फत जाहेरी दर्ता भएपछि पीडितलाई न्याय होइन, अभियुक्तलाई उन्मुक्ति दिन प्रहरी लागिपर्नु यसका ज्वलन्त उदाहरण हुन्। त्यस्तै उजुरी दर्ता भएपछि प्रहरीले प्रमाणविनाको प्रतिवेदन सरकारी वकिल कार्यालयमा पठाइनु र सरकारी वकिल कार्यालयबाट मुद्दा नचलाउने निर्णय गराएर 'केस' फासफुस गर्ने योजना बनाउनु र त्यही योजना अनुसार महान्यायाधिवक्ता महोदयले पनि मुद्दा नचलाउने निर्णय गर्नुमा प्रहरी प्रशासन, सरकारी वकिलको कार्यालय र महान्यायाधिवक्ताले नुनको सोझो गरेका दृष्टान्त हुन्।

अपराधलाई संरक्षण

सिद्धान्त, संविधान र विधानमा जे-जे लेखिएको भए पनि राजनीतिक दल र त्यसको सरकारको मुख्य काम, कर्तव्य र अधिकार हो- आफ्ना नेता/कार्यकर्ताको सुरक्षा र संरक्षण गर्नु। आफ्ना नेता/कार्यकर्ताले गरेका अपराधको सुरक्षा एवं संरक्षण गर्न सकिएन भने सरकार टिक्दैन। दल चल्दैन। अन्ततः नेतृत्व विस्थापित हुन्छ। उनीहरूका हजार खत माफ गर्ने 'उदार दिल' भएन भने राजनीतिक व्यापारको दोकान नै बन्द गरेर जोगी बन्नुपर्ने हुन्छ। इँटाभट्टा मानव संहारबारे राज्ययन्त्रका धेरै कलपुर्जालाई 'थाहा' नहुनु, 'सम्झना' नहुनु वा कपोलकल्पित भन्दै घटना लुकाउनमा उद्यत हुनुमा दलीय नेताहरूको उदार दिलको राजनीतिले काम गरेको छ।

२०६४ सालको संविधानसभा निर्वाचनमा बम विस्फोट र बुथ कब्जा गरेर भए पनि, दर्जनौं मान्छेलाई इँटाभट्टामा जलाएर भए पनि सभासद नबनेका भए कसरी माधव नेपालको सरकारमा श्रम तथा यायायात मन्त्री बन्न पाउँथे र? त्यसअघि नै उनी सूर्यबहादुर थापा, गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाको मन्त्रिपरिषदमा मन्त्री बनिसकेका थिए। एकसेएक राष्ट्रवादी, प्रजातन्त्रवादी र वामपन्थी प्रधानमन्त्रीको उदार दिलका कारण मन्त्री भइखाएका नेताले केही अपराध गरे भन्दैमा उन्मुक्ति नपाउने कुरा भएन।

अपराधको राजनीतीकरण

आसेपासेका अपराध नदेख्ने उदार दिलको राजनीतिकै कारण शेरबहादुर देउवा हठात् आगो भएका हुन्, '१२ वर्ष अघिको मुद्दा ब्युँताउन पाइन्छ?' कानुनका बाह्रखरी थाहा नपाएर होइन, आफ्ना नेता/कार्यकर्तालाई बचाउने शिक्षामा डिग्रीधारी भएकै कारण उनी उत्तेजित भएको कुरा जगजाहेर छ। विडम्बना, मानव संहारको अपराध लागेका नेता/कार्यकर्तालाई सत्ता, शक्ति, सम्पत्तिको आधारमा उन्मुक्ति दिन सकिन्छ र 'लोकतन्त्र र कांग्रेसमाथि गरेको राजनीतिको अपराधीकरणतिर बलियो संकेत गरेको छ।

राजनीतिको अपराधीकरण

अपराधको राजनीतीकरण र राजनीतिको अपराधीकरणबीच कुनै स्पष्ट सीमारेखा कोर्न कठिन हुँदैछ। कुन कहाँबाट सुरु हुन्छ र कहाँ गएर अन्त्य हुन्छ, भेउ पाउन गाह्रो हुनथालेको छ। अध्येता अरविन्द जैनका अनुसार भारतीय राजनीतिमा अपराधीहरूको संख्या बढ्दैछ। सन् २००४ मा २४ प्रतिशत आपराधिक पृष्ठभूमिका सांसद थिए, त्यो संख्या २००९ मा ३० प्रतिशत र २०१४ मा ३४ प्रतिशत पुगेको छ। यस्ता बाहुबलीहरू पहिले राजनीतिक नेताहरूलाई समर्थन र सहयोग गर्थे, पछि उनीहरूमै राजनीतिक मैदान कुद्ने प्रवृत्ति बढ्दो छ। नेपालमा आपराधिक पृष्ठभूमिका सांसद कति भए? अध्ययन भएको छैन। एकपछि अर्को आपराधिक प्रकरणले गर्दा अध्ययन गर्नुपर्ने भएको छ।

राजनीति र अपराधको अवैध बिहेबारी कुनै नीति-नैतिकताको प्रश्नमात्रै होइन, जुन सद्चरित्रको अभ्यासबाट हल होस्। यो गोप्य मतदान, बहुमतमाथि आधारित संसदीय लोकतन्त्रको अभ्यासबाट समाधान हुने सरल समस्या पनि होइन। किनभने संसदीय लोकतन्त्रमा बुथ क्याप्चर गरेर होस् या मतदातालाई किनेर वा मारेर होस्, जसरी पनि चुनाव जित्नैपर्ने निर्वाचन प्रणालीले राजनीति र अपराधको अवैध बिहेवारीलाई बढाएको छ।

योजनाबद्ध आक्रमण' भएको आरोपलाई ढालको रूपमा प्रयोग गर्न सकिन्छ भन्ने रुग्ण मानसिकताले कहीं कतै पनि प्रतिपक्षीय राजनीति झल्काउँदैन। सत्ता, शक्ति, सम्पत्तिका लागि राज गर्ने राजनीतिमा नीति, नैतिकता र न्यायजस्ता मूल्य-मान्यतालाई इँटाभट्टामा पोलिएकै कारण 'लोकतन्त्र जल्न थालेको' र 'प्रतिपक्षीयता खरानी भएको' तथ्य बुझ्न गाह्रो पर्दैन। देउवा वा उनीजस्ता धेरै नेतामा भ्रम छ- लोकतन्त्र र आफ्नो दल पर्यायवाची हुन्, एकबिना अर्कोको अस्तित्व समाप्त हुन्छ।

चाहे सत्तापक्षी होस् या विपक्षी दल, तिनले सत्ता, शक्ति र सम्पत्तिका लागि अपराधलाई राजनीतिक सुरक्षा र संरक्षण दिँदै आएका छन्। फलस्वरुप अपराधको वनमारा झ्यांगिँदो छ। टोले दादादेखि राष्ट्रिय/अन्तर्राष्ट्रिय डनसमेत दलका नेता/कार्यकर्ता हुने भएकाले अपराधको राजनीतीकरण तीव्र र सघन भएको हो। सबै खाले साना-ठूला भ्रष्टाचार, बलात्कार, दलन, उत्पीडन र हिंसाका घटनाका अभियुक्तको पक्षमा सत्तापक्षी र विपक्षी दल, सरकार, प्रहरी प्रशासनको मिलेमतो, दलबाट नियुक्त न्यायाधीश र महान्यायाधिवक्ताको सहयोग अपराधको राजनीतीकरणकै द्योतक हुन्। १२ वर्षसम्म दबाइएको बम विस्फोट र त्यसको अभियुक्त आलमको संरक्षणले भारतीय पत्रकार पुण्यप्रसुन लेख्छन्, 'जब क्रिकेटर बनेर नाम कमाउँछन्, त्यसपछि राजनीतिमा आउँछन्, जब एथलेट बनेर मेडल जित्छन् अनि राजनीतिमा, जब हलिवुडमा चम्किन्छन् अनि राजनीतिमा, जब पत्रकारिता गर्दै सम्पादक बन्छन्, अन्त्यमा राजनीतिकै आहालमा कुद्छन्।' सबैलाई मोहित र आकर्षित गरिरहेको सत्ता-शक्तिको फोहोरी राजनीति नै हरेक अपराधको जड भएको छ। यही मोह र आकर्षण अपराधी, भ्रष्टाचारी, पीडक र पुँजीपतिमा पलाउनु अनि आपराधिक दुष्कर्म र राजनीतिक शक्तिको गठबन्धनबाट भ्रष्ट, हिंस्रक र अनैतिक दलतन्त्र बन्नु कुन अनौठो भयो र?

लोकतान्त्रिक भनिने दल, लोकतन्त्रको नाममा अभ्यास गरिने संरचना र प्रक्रियाले पनि समाजका सबैजसो खराबी, विशेषगरी हिंसा र अपराधलाई यति धेरै संरक्षण दिएका र अपराधीलाई उपयोग गरेका छन् कि अपराधीहरूका मनमा जसरी पनि उन्मुक्त हुन सकिन्छ भन्ने विश्वास पैदा भइसकेको छ। एकपछि अर्को नेता/कार्यकर्ता अनेक खालका आपराधिक कर्ममा संलग्न देखिनु, अपराधीहरूको सुरक्षा र संरक्षणका लागि दल, प्रशासन, अदालत परिचालित हुनु अनि त्यस विरुद्ध कुनै जनआन्दोलन सिर्जना नहुनु डरलाग्दो पक्ष हो।

ट्वीटर : @rmaharjan72

पितृसत्ता, शक्ति-सत्ता र महिला

डा. साधना प्रतीक्षा

युगौंदेखि समाजमा स्थापित पितृसत्ताले हाम्रो सामाजिक/सांस्कृतिक, आर्थिक, राजनीतिक लगायत सबै पक्षमा यसरी प्रभुत्व जमाएको छ कि यसले पुरुषको त कुरै छाडौं, स्वयम् नारीलाई पनि पितृसत्तात्मक मानसिकताबाट मुक्त हुन दिएको छैन। अहिले हाम्रो राजनीतिमा पितृसत्ताको सर्वाधिक प्रभाव देखिएको छ। किनकि पितृसत्तात्मक समाजको राजनीतिक वृत्तमा शक्ति र सत्ताको आडमा नारीलाई वस्तु नै ठानिँदो रहेछ। पुरुषका जैविक आवश्यकता, आवेग र पाशविक चाहना परितृप्त पार्ने फगत एउटा वस्तु नारी। रोशनी प्रकरणले वाम राजनीतिक वृत्तमा भित्रभित्रै गुम्सिएको यही यथार्थको पटाक्षेप गरेको छ। एउटी नारीले आफू वस्तुसरह बलात्कृत भएको यथार्थ उजागर गर्ने साहस गरेपछि उसका सुख-दुःखमा साथ दिनुपर्ने पतिले उसको घाउमा मलम लगाउनुको सट्टा उसैलाई मानसिक रोगी घोषित गर्दै सम्बन्धविच्छेदको प्रस्ताव अघि सार्छ। मानौं, बलात्कृत हुनु उसको अपराध हो र त्यसको सजाय सुखद पारिवारिक सम्बन्धबाट अलग्याइनु हो।

बलात्कारको आरोप लागेका कृष्णबहादुर महरालाई क्रान्तिकारी महिलाहरूले समेत उनलाई निर्दोष र रोशनीलाई दोषी देखाउने प्रयास गर्नुले घुमाउरो पारामा पुरुषले जे गरे पनि हुन्छ भन्ने पितृसत्तात्मक मूल्यलाई नै स्थापित गर्न खोजेको देखिँदैन र? यद्यपि आरोपमाथि अनुसन्धान भइरहेको छ, प्रमाणित हुने/नहुने भविष्यको गर्भमा नै छ, तापनि यस परिदृश्यले हाम्रो परिवर्तित राजनीतिक परिवेशको उपहास गरेको छ।

नारीवादी चिन्तक बेट्टी फ्राइडनले अमेरिकी नारीका समस्या समाधान भएको होइन, ती अदृश्यमात्र भएका हुन् भन्दै नारीका अदृश्य र अव्यक्त समस्यालाई 'महिला रहस्य' नाम दिइन्। उनको कृति 'फेमिनिन मिस्टिक' (सन् १९६३) यसैको उपज हो। राजनीतिक अधिकार र प्रतिनिधित्वले मात्र महिलाका समस्या समाधान हुँदैनन् भन्ने 'महिला रहस्य' आज हामीकहाँ पनि रहस्यकै रूपमा देखिएको छ।

पटक-पटक राजनीतिक आन्दोलन र परिवर्तन भए। महिलाहरू संगठित भएर अनेक जोखिम उठाएर आफ्नो आवाज बुलन्द गर्नाले नै राजनीतिक क्षेत्रमा महिलाको सहभागिता र प्रतिनिधित्व सुनिश्चित भएको हो। ३३ प्रतिशत आरक्षण, स्थानीय तहमा निश्चित प्रतिनिधित्वको अनिवार्यता भएर पनि पितृसत्ताको कारण यस प्रकारको उपस्थितिलाई सम्बन्धित महिलाले स्वतन्त्र र स्वस्फुर्त रूपमा महिलाकै हकहितका लागि नभएर दलगत स्वार्थ तथा घेराबन्दीमा सीमित गरेको देखिन्छ। यो नै आम नेपाली महिलाका लागि दुर्भाग्य हो।

हाम्रो राजनीतिक संस्कार सत्य र न्यायप्रति निष्ठावान हुन कहिल्यै सकेन, यो जुनसुकै अवस्थामा पनि दल र नेताप्रति निष्ठावान हुने गऱ्यो। त्यसैले जब-जब समाजमा अप्रिय घटना हुन्छन्, अपराध, हिंसा, बलात्कार हुन्छन्, तब आरोपी कुनै राजनीतिक दलसँग आबद्ध देखिएन भनेमात्र त्यसको सर्वत्र भर्त्सना हुने गर्छ। आरोपी यदि सत्ता-राजनीति र शक्तिको नजिक छ भने विरोधका आवाज मत्थर हुने गर्छन्। अहिले राजनीतिक वृत्त, विशेषगरी नेकपासँग आबद्ध महिलाहरूको मौनताले यसैलाई विम्बित गरिरहेको छ। महिलाका समस्यामा महिलामात्र बोल्नुपर्छ, यो पुरुषको सरोकारको कुरा होइन भन्न खोजिएको होइन, तर महिला अर्थात् पीडित पक्ष नै यसरी राजनीतिक आस्थाका आधारमा विभाजित हुनुले पीडकको मनोबल बढाउनेतर्फ ध्यानाकृष्ट गरिएको हो। अघिल्लो दिन आफैले बलात्कारको अभियोग लगाएको व्यक्तिलाई अर्को दिन 'आफ्नो बाबु समान' भन्दै उसैको बचाउ गरिरहेकी पीडित महिला देख्दा मलाई आमूल नारीवादी केट मिलेटले उनको कृति 'सेक्सुअल पलिटिक्स' (सन् १९७०) मा लेखेको यो प्रसङ्को सम्झना भइरहेको छ- 'परम्परागत रूपमा पितृसत्ताले बाबुलाई महिला तथा बालबालिका माथिको सबैजसो अधिकार प्रदान गरेको छ। शारीरिक हिंसा लगायत बेचबिखनदेखि सबै खाले हिंसा गर्नेसम्मको छुट उसलाई दिएको देखिन्छ। यहाँ बाबुलाई नाता सम्बन्धभित्र निर्माता र मालिकका रूपमा अधिकार प्रदान गरिएको हुन्छ।' पितृसत्तामा महिलाका बारेमा व्याख्या गर्ने प्रतीकहरू पुरुषनिर्मित छन्।

आदिम तथा अहिलेको सभ्य युग पुरुषहरूकै युग हो। पुरुषहरूले नै महिलाका लागि सांस्कृतिक मूल्य-मान्यताहरू निर्माण गरेका हुन्छन्। उनले भनेझैं पितृसत्ता भित्रका कथित बाबुलाई धेरै छुट प्राप्त छ। ऊ पुरुष हो, उसका हरेक छद्मभेष सत्ता र शक्तिको आवरणले ढाकिएका हुन्छन्। पितृसत्तालाई केवल संस्कृतिका रूपमा लिने अनि यसभित्र हुने अपराधलाई सत्ता-शक्ति अनि विचारधारा र सङ्गठनका आधारमा ढाकछोप गर्ने प्रवृत्तिका कारण नै यस्ता अपराधले मौलाउने वातावरण पाएको देखिन्छ।

पितृसत्तात्मक सामाजिक/सांस्कृतिक मूल्यहरू परिवर्तनको माग भइरहेको बेला हालको घटनाले भने सोही मूल्यको पक्षधरता प्रदर्शन गरिरहेको प्रतीत हुन्छ। विष्णु भगवानले छलपूर्वक जालन्धरपत्नी वृन्दासँग यौनसम्बन्ध राखेको पौराणिक कथाकै आधारमा हाम्रो सनातन धर्म-संस्कृतिलाई बहिष्कार गर्नुपर्छ भन्ने तथा त्रेतायुगमा रामले रावणद्वारा हरण गरिएकी पत्नी सीताको सतीत्वमा शंका गर्दै उनलाई परित्याग गरेको कथा अघि सारेर धार्मिक-आध्यात्मिक आस्थामाथि धावा बोल्ने क्रान्तिकारी महिलाहरू आफ्नै युगमा पीडित भनिएकी रोशनीलाई उनका पतिले त्यागदा र पीडक भनिएका महरालाई उनकी पत्नीले पुजिरहँदा किन बोल्दैनन्? कसैले नदेखेका अनि कल्पनाका आधारमा सिर्जित मिथकहरूप्रति आक्रोशित हुनेहरू आज आँखा सामुको घटना, पीडितको पहिलो अभिव्यक्ति, उनको कोठामा देखिएका मदिराका बोतल र गिलास, भाँचिएको चस्मा आदिलाई कसैको सुनियोजित षड्यन्त्रका रूपमा लिन पछि परेका छैनन्। आखिर को हुन्, ती षड्यन्त्रकारी जसले राज्यका तीन अङ्गमध्ये एक अङ्गका प्रमुखलाई राति एक्ली महिलाको शयनकक्षसम्म पुऱ्याउने गर्छ? यसको जवाफ माग्रिरहेछन्, आम नेपाली।

राज्यको पहिलो दायित्व हिंसापीडित महिलालाई पूर्ण सुरक्षा र संरक्षण दिनु, उसको भौतिक तथा मानसिक अवस्थालाई सहजीकरण गर्ने हुनुपर्छ।

सवाल रोशनी र महराको होइन, यो अनुसन्धान भइरहेको विषय हो। यस्ता धेरै घटना समाजमा हुने गर्छन्, तर बाहिरिन सक्दैनन्। पीडक अर्थात् पुरुषसँग साम, दाम, दण्ड, भेद छ, त्यसैले ऊ समाजमा निर्बाध हिँडिरहन्छ। तर पीडित अर्थात् महिलाका लागि यो समाज साह्रै साँघुरो छ। त्यसैले ऊ न शिर ठाडो गरी बोल्न सक्छे, न त खुलेरै हिँड्न सक्छे। चारैतिरको प्रतिकूल परिवेशमा जेलिएर उसले आफैलाई बहुलाही घोषित गरिदिन सक्छे, तर न्यायका लागि आवाज उठाउन सक्दिन। त्यसैले यौनहिंसाका अधिकांश घटनामा पीडितले न्याय पाउँदैनन्, बरु उनीहरू आजीवन शोषित हुन बाध्य हुन्छन्। यसको कारण एकातिर महिलालाई वस्तु तथा पुरुषको अधीनस्थ ठान्ने सामाजिक/सांस्कृतिक मूल्य, अर्कातिर संकीर्ण राजनीतिक संस्कार तथा महिलाप्रति अनुत्तरदायी राज्यव्यवस्था हो।

राज्यको पहिलो दायित्व हिंसापीडित महिलालाई पूर्ण सुरक्षा र संरक्षण दिनु, उसको भौतिक तथा मानसिक अवस्थालाई सहजीकरण गर्ने हुनपर्छ। अनि मात्र पीडित महिलाले आफूमाथिको अन्याय, शोषण अनि पीडाबारे कितानी जाहेरी दिन सक्छन्। त्यसपछि पीडक पक्षको सत्ता-शक्ति सम्बन्धको प्रभावमा नपरी राज्यको संरचना न्यायिक छानबिनमा लाग्ने, दोषी जोकोही भए पनि कानुनको दायरामा ल्याउनसके मात्र पीडित महिलाले बोल्ने साहस गर्छन्। अन्यथा घटना भइसकेको थाहा पाएर पनि प्रहरी-प्रशासनले बेवास्ता गर्ने, पीडित पक्षका प्रमाण सुरक्षित गर्नभन्दा नष्ट गर्नतिर अग्रसर हुने, पीडितलाई आवश्यक सुरक्षा नदिएर बयान फेर्न बाध्य पार्ने जस्ता प्रभावपरक गतिविधि भइरहने हो भने पितृसत्ता भित्रको शक्ति र सत्ताले महिलाको आवाज दबाई नै राख्नेछ।

दक्षिण एशियाली विश्वविद्यालय

भारतको मनोमानी

■ सुरेशराज न्यौपाने (नयाँदिल्ली)

दक्षिण एसियामै विश्वस्तरको शैक्षिक जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ स्थापना गरिएको दक्षिण एसियाली विश्वविद्यालय (साउ) मा फेरि एकपटक विवादको घेरामा परेको छ। कहिले अपारदर्शी खरीदप्रक्रिया त कहिले विद्यार्थी आन्दोलनका कारण विवादमा पर्दै आएको साउ पछिल्लो पटक भने विश्वविद्यालयको अध्यक्ष चयन प्रक्रियामा भारत सरकारले एकलौटी रूपमा सूचना जारी गरेको हो।

वर्तमान अध्यक्ष कविता शर्माको पाँचवर्षे कार्यकाल आगामी २ नोभेम्बरमा पुरा हुने भएकाले विदेश मन्त्रालयले नयाँ अध्यक्ष नियुक्ति प्रक्रिया एकलौटी ढंगले अगाडि बढाए पछि साउ फेरि एक पटक विवादमा तानिएको हो। विश्वविद्यालयको विधानले विश्वविद्यालयको प्रशासन सम्बन्धी कुनै पनि अन्तिम निर्णय लिने अधिकार अध्यक्षलाई दिएको छ।

साउको विधानले भने अध्यक्षको नियुक्तिको अधिकार गभर्निङ बोर्ड (कार्यकारी परिषद्) लाई मात्र दिएको छ। त्यति मात्र होइन, मन्त्रालयले अध्यक्ष छनोटका लागि जारी गरेको सूचनामा भारतीय नागरिक हुनुपर्ने व्यवस्थाले पनि थप विवाद निम्त्याएको छ। मन्त्रालयको सार्क तथा विमस्टेक डिभिजनले ३० सेप्टेम्बरमा जारी गरेको सूचनामा साउको अध्यक्षका लागि शिक्षण र अनुसन्धानमा कम्तीमा कम्तीमा दस वर्षको अनुभवका साथै बृहत् वैश्विकदृष्टि भएको उत्कृष्ट शैक्षिक योग्यताको हुनुपर्नेछ। र त्यस्तो व्यवस्था भारतीय नागरिक हुनुपर्नेसमेत उल्लेख छ।

सार्कको भुटानको राजधानी थिम्पुमा फेब्रुअरी २०११ मा बसेको स्थायी समितिको बैठक र पछि सन् २०१६ को बैठकले परिमार्जन गरेको नियमले अध्यक्ष चयन प्रक्रियासम्बन्धी प्रस्ट व्यवस्था गरेको छ। स्थायी समितिले पारित गरेको नियम ५ मा साउको पहिलो अध्यक्ष अथित्य मुलुक (हाल भारत) र त्यसपछि क्रमशः सार्क सदस्यहरू राष्ट्रहरूबाट वर्णानुक्रम हिसाबले नियुक्त गरिने व्यवस्था गरेको छ।

'पहिलो अध्यक्ष अथित्य मुलुकबाट नियुक्त हुनेछ। त्यसपछि भने वर्णानुक्रम हिसाबले क्रमशः सदस्य राष्ट्रबाट नियुक्ति गरिनेछ,' नियम ५ को दफा १.२ मा भनिएको छ। तर, भारतको विदेश मन्त्रालयले जारी गरेको सूचनामा भने भारतीय नागरिक हुनुपर्ने उल्लेख छ।

त्यतिमात्र होइन, नियम ५ को दफा १.४ मा अध्यक्ष चयन गभर्निंग बोर्डद्वारा गठन गरिने समितिले गर्ने प्रस्ट रूपमा उल्लेख छ। विदेश मन्त्रालयले भने यी सबै व्यवस्थाको उल्लघंन गरेको छ। विदेश मन्त्रालयको पछिल्लो सूचनाले सार्कको अवधारणा र साउको अध्यक्ष चयनसम्बन्धी व्यवस्थाको ठाडो उल्लंघन भएको भन्दै प्राध्यापक र विद्यार्थीहरूले समेत विरोध गरेका छन्। विद्यमान नियमको ठाडो उल्लंघन भएकाले विदेश मन्त्रालयले सूचना निकाले पनि वैधानिक नहुने साउका एक प्राध्यापकले बताए। 'विदेश मन्त्रालयलाई सूचना निकाल्ने अधिकार नै छैन। त्यसमाथि सार्कले नै तय गरेको अध्यक्ष चयनको विधि उल्लंघन गरिएको छ,' एक प्राध्यापकले नाम उल्लेख नगर्ने सर्तमा भने। साउको अध्यक्ष चयनका लागि सबैभन्दा पहिले रजिस्ट्रारले त्यसको जानकारी गभर्निङ बोर्डले दिने र त्यसपछि बोर्डले प्रक्रिया अगाडि बढाउने व्यवस्था छ। तर, विदेश मन्त्रालयले आफैले सूचना निकालेर त्यो व्यवस्थाको ठाडो उल्लंघन गरेको देखिन्छ।

अध्यक्ष चयनसम्बन्धी नियममा पहिलो अध्यक्ष भारतको हुने व्यवस्था भएअनुसार प्राध्यापक जिके चढ्दा नियुक्त भएका थिए। ७ मार्च २०११ मा पाँच वर्षका लागि अध्यक्ष बनेका चढ्ढाको १ मार्च २०१४ मा निधन भयो। र बाँकी दुई वर्षका लागि कविता शर्मालाई अध्यक्ष बनाइयो। त्यसपछि नियमअनुसार वर्णानुक्रमका आधारमा अर्को सार्क सदस्य राष्ट्रले अध्यक्ष पाउनुपर्थ्यो। तरनियम उल्लंघन गर्दै गभर्निङ बोर्डले नै कविता शर्मालाई पुनः अध्यक्ष नियुक्त गरेको थियो।

विगतमा पनि विद्यमान नियमको उल्लंघन गरिएको हुँदा यसपटक पनि विदेश मन्त्रालयले बलमिच्याइ गर्न खोजेको एक प्राध्यापकले बताए। 'साउमा अन्य सदस्य राष्ट्रलाई चासो नै छैन, त्यही भएर भारतले आफूखुसी गर्दै आएको छ,' उनले भने। नोभेम्बर २००५ मा बंगलादेशको ढाकामा सम्पन्न तेह्रौं सार्क शिखर सम्मेलनमा विश्वस्तरीय शैक्षिक जनशक्ति उत्पादन गर्ने उद्देश्यसहित दक्षिण एसियाली विश्वविद्यालय (साउ) स्थापना गर्ने निर्णय भएको थियो।

प्रेस स्वतन्त्रता माग गर्दै सञ्चारमाध्यमद्वारा विरोध

■ नारायण खड्का (अस्ट्रेलिया)

प्रेस स्वतन्त्रता खुम्चाउने अस्ट्रेलिया सरकारको निर्णयविरुद्ध मूलधारका अखबारले आफ्नो पहिलो पृष्ठमा कालो पोतेर विरोध जनाएका छन्।

विरलै हुने घटनामा न्युज कर्पोरेसन अस्ट्रेलिया तथा नाइन न्युजले प्रेस स्वतन्त्रता र समाचार स्रोतको सुरक्षाको माग गर्दै मुख्य पृष्ठमा कालो पोतेका हुन्। त्यसका साथै उनीहरूले विरोधस्वरूप 'गोप्य' लेखिएको रातो छापसमेत प्रकाशन गरेका छन्। सञ्चारमाध्यमहरूको विरोध सरकारको 'राष्ट्रिय सुरक्षा कानुन' प्रति लक्षित रहेको बीबीसीले जनाएको छ।

सरकारले उक्त कानुनले प्रेस स्वतन्त्रताको पक्षपोषण गर्ने जनाउँदै कानुनभन्दा माथि कोही नरहेको प्रतिक्रिया दिएको छ। विरोधमा उत्रेका सञ्चारमाध्यमले प्रेस स्वतन्त्रताको सुरक्षा गर्नसमेत सरकारसँग माग गरेका छन्। सरकारले गत जुनमा सरकारी सहयोगमा चल्ने सञ्चारमाध्यम एबीसी र अर्को समाचारसंस्था द अस्ट्रेलियाकी पत्रकार अन्निका स्मिथहर्स्टको कार्यलयमा छापा मारेको थियो।

सोमबार गरिएको विरोधमा अस्ट्रेलियाको सरकारी सहयोगप्राप्त सञ्चारमाध्यम एबीसी मात्र नभई एसबीएस, नाइन न्युज कर्पोरेसन र गार्जियनलगायतका सञ्चारमाध्यमको ऐक्यबद्धता छ। दुई दशकयता निर्माण गरिएका झन्डै ६ दर्जनबढी कानुनले सुचना प्राप्त गर्न आफूहरूलाई अप्ठ्यारो पारेको सञ्चारकर्मीको भनाइ छ।

पत्रकारलाई सुरक्षाको प्रत्याभूति हुनुपर्ने, स्वतन्त्र पत्रकारिताको सम्मान गरिनुपर्ने र समाचारस्रोतको रक्षा गर्नका लागि नयाँ कानुन निर्माणको समेत सञ्चारकर्मीहरूले माग गरेका छन्। सरकारले छापा मारेपछि सरकारलाई दबाब दिन १९ ठूला सञ्चारमाध्यमले 'राइट टु नो' अभियान चलाएका थिए। अभियानले सरकारी अधिकारी लक्षित सूचना सम्प्रेषणमा लगाइएको प्रतिबन्धसमेत विरोध जनाउँदै आएको छ।

अस्ट्रेलियाका पत्रकारहरूको युनियन 'मिडिया इन्टरटेन्मेन्ट एन्ड आर्ट अलाएन्स' का कार्यकारी अधिकृत पउल मर्फीले विगत दुई दशकमा बनाइएका कानुनले पत्रकार तथा समाचार स्रोतलाई सत्यतथ्य उजागर गर्न समस्या सृजना भइरहेको जनाए।

अस्ट्रेलियाको क्विन्सल्यान्ड युनिभर्सिटी अफ टेक्नोलोजीबाट सञ्चारनीतिमा विद्यावारिधि गरेका भरतराज पौडेलले सरकारको सहयोगप्राप्त सञ्चारमाध्यम नै वर्तमान सरकारको मिडियालाई नियन्त्रण गर्ने नीतिको विरोधमा उत्रिएका कारण सरकार दबाबमा परेको बताउँछन्। पत्रकारहरूले नयाँ नियम निर्माणका लागि आग्रह गरिरहेको भए पनि अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मरिसन तथा महान्यायाधिवक्ता क्रिस्टियन पोर्टरलगायतले सरकार राष्ट्रिय सुरक्षा कानुनका प्रावधानप्रति अडिग रहेको प्रतिक्रिया दिएका छन्।

फिलिपिन्सका ९ हजार प्रहरी कारबाहीमा

मनिला (एजेन्सी)- फिलिपिन्समा पछिल्ला केही वर्षमा ९ हजारभन्दा बढी प्रहरीलाई कारबाही भएको अधिकारीहरूले जनाएका छन्।

फिलिपिन्सको राष्ट्रिय प्रहरीले सन् २०१६ को जुन ३० देखि अहिलेसम्म ९ हजार १ सय ७२ प्रहरीलाई कारवाही गरिएको जनाएको हो। कारबाहीमा परेका प्रहरीको संख्या कुल प्रहरीको संख्याको ४.७ प्रतिशत रहेको पनि प्रहरी उच्च अधिकारीले सोमबार जनाएका छन्।

कार्यवाहक प्रहरी प्रमुखले सोमबार आयोजित पत्रकार सम्मेलनमा दिएको जानकारीअनुसार खराब तथा भ्रष्ट प्रवृत्तिका कारण ती प्रहरीहरू कारबाहीमा परेका हुन्। फ्रान्सिस्को गाम्बोआले कारबाहीमा परेकामध्ये २ हजार ८०६ जनालाई सेवाबाटै निष्कासन गरिएको जनाए।

त्यसैगरी, ५ सय ३५ लाई घटुवा गरिएको, ४ हजार ७ सय २१ जनालाई निलम्बन गरिएको, ७ सय ६२ जनालाई नसियत दिइएको, ६० जनालाई ४ महिनाका लागि निष्कासन गरिएको, २ सय ८ जनाको तलब रोक्का गरिएको र ८० जनालाई अधिकारविहीन गराइएको उनले बताए।

निष्कासनमा परेकामध्ये केही प्रहरी लागूऔषधको कारोबारमा संलग्न भएको पाइएको गोम्बोआले जानकारी दिए। उनका अनुसार सन् २०१९ को नौ महिनामा मात्रै २२ सय ८६ जनामाथि यस्तै कारबाही भएको छ।

सिरियाबाट फर्कने अमेरिकी सेना इराक जाने

वासिङ्टन (एजेन्सी)- सिरियाको उत्तर क्षेत्रबाट फिर्ता गरिएका अमेरिकी सेना इराक खटाइने भएको छ।

अमेरिकी रक्षामन्त्री मार्क एस्परले सिरियाबाट फिर्ता गरिएकामध्ये एक हजार सेना स्लामिक स्टेट (आईएस) को पुनरुत्थानविरुद्ध खटाइने बताए। यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ती सेना देश फर्कले घोषणा गरेका थिए। त्यसको केही समयमा सिरियास्थित कुर्द समूहले आफ्ना लडाकुहरू सिरियाको रस अल-ऐनबाट फर्केका जनाएको छ। टर्की र अमेरिकाबीचको सहमतिअनुसार सिरियामा गरिएको युद्धविरामपछि लडाकुहरू फिर्ता गरिएको हो।

सिरियाबाट सेना फिर्ता गर्ने अमेरिकी राष्ट्रपति ट्रम्पको निर्णयले टर्कीलाई कुर्द लक्षित आक्रमण गर्न बाटो खोलिदिएको थियो। सिरियन डेमोक्रचाटिक फोर्स (एसडीएफ) को प्रमुख एकाई कुर्दिस फौजलाई टर्कीले आतंककारी समूह बताउने गर्छ। पछिल्लो युद्धविराम सम्झौतामा एसडीएफ निश्चित क्षेत्रमा रहन सहमत भएको थियो। यद्यपि, टर्कीले एसडीएफ अझै सानो इलाकामा रहनुपर्ने बताएको थियो।

अमेरिकी उपराष्ट्रपति माइक पेन्सको अग्रसरतामा भएको युद्धविराम उल्लंघन गरेको आरोप दुवै पक्षले एक अर्कालाई लगाएका छन्। आइतबार टर्कीले सिरियाको ताल अब्याद क्षेत्रमा आफ्ना एक सैनिकको ज्यान गएको र एक घाइते भएका बताएको थियो।

अमेरिकी रक्षा मन्त्रालयका एक वरिष्ठ अधिकारीले अमेरिकी सेना इराक खटाइन लागेको पुष्टि गरेका छन्। उनले योजना परिवर्तन हुन सक्ने जनाए पनि तत्कालका लागि यो नै उत्तम योजना रहेको बताए।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ट्वीट गर्दै सिरियामा युद्धविरामपछि छिटफुट घटनाबाहेक स्थिति सामान्य रहेको दावी गरेका छन्।

दुई सातअघि टर्कीले सीमावर्ती सिरियाली भूभागमा भीषण सैन्य कारबाही थालेको थियो। टर्कीले आफ्नो देशमा रहेका ३० लाखभन्दा बढी सिरियाली शरणार्थी सिरियामा पुनःस्थापित गराउने कारबाही चलाएको बताएको थियो।

भारत-पाक तनाव

गोली हानाहानपछि आरोप-प्रत्यारोप

भारतीय सुरक्षाकर्मीको आक्रमणमा पाकिस्तान प्रशासित कश्मीरको जुरामा क्षतिग्रस्त घर। तस्विर : रोयसटर्स

श्रीनगर/इस्लामाबाद (एजेन्सी)- भारत-पाकिस्तान सीमाक्षेत्र कश्मीरमा गोली हानाहान भएपछि दुई देशबीच फेरि तनाव चर्किएको छ।

उनीहरूले एकअर्कालाई गोलाबारी गरेको आरोप लगाएका छन्। घटनामा दुवैतिर सैनिक तथा गैरसैनिक नागरिकको मृत्यु भएको छ। भारत र पाकिस्तान दुवैले एकअर्कालाई युद्धविराम भंग गरेको आरोप लगाउँदै आफूहरू प्रतिकारमा उत्रेको दावी गरेका छन्। परमाणु हतियार सम्पन्न दुई देशबीच कश्मीर विवादका कारण दुई पटकसम्म युद्ध भइसकेको छ। तर पछिल्लो समय कश्मीर मुद्दाका कारण भारत र पाकिस्तानबीच तनाव निकै बढेको हो। फेब्रुअरीमा कश्मीरमा गरिएको एक आत्मघाती आक्रमणमा भारतीय सशस्त्र फौजका ४६ जवानको मृत्यु भएपछि भारतले पाकिस्तानमा हवाई आक्रमण गरेको थियो। पुलवामामा गरिएको आत्मघाती बम आक्रमणको पाकिस्तानस्थित विद्रोही समूह जैस-ए-मोहम्मदले जिम्मेवारी लिएको थियो। त्यसका कारण बढेका दुई देशका तनाव गत अगस्टमा भारतले कश्मीरको विशेषाधिकार खारेज गरेपछि पाकिस्तानले त्यसको विरोध गऱ्यो। भारतीय निर्णयविरुद्ध अन्तर्राष्ट्रिय समर्थन खोजिरहेका पाकिस्तानी प्रधानमन्त्री इमरान खानले यो मुद्दा राष्ट्रसंघलगायतमा उठाइसकेका छन्।

कश्मीर आफ्नो स्वामित्वमा हुनुपर्ने भारत र पाकिस्तान दुवैको दावी छ। कश्मीरमा सन् २००३ मा युद्धविराम गर्ने भारत र पाकिस्तानबीच भएको सहमति पछिल्लो वर्षको तनावले जोखिममा परेको आंकलन गरिएको छ। दुई देशका सैनिकबीच सीमावर्ती कुपवारा जिल्लाका दुई गाउँमा आइतबार गोलाबारी भएको थियो। तर दुई पक्षका दावी फरक छन्। पाकिस्तानले गैरसैनिकलाई तारो बनाएको भारतको आरोप छ। भारतीय सेनाप्रमुख विपीन राउतले भारतीय पक्षले गरेको लडाकु लक्षित आक्रमणमा कम्तीमा ६ पाकिस्तानी सैनिकको मृत्यु भएको तथा ३ शिविर नष्ट भएको दावी गरेका छन्।

पाकिस्तानी सेनाका प्रवक्ता असिफ गफूरले भारतले युद्धविराम भंग गरेको तथा 'नियतवश गैरसैनिकलाई तारो बनाएको' आरोप लगाएका छन्। उनले आफ्नो प्रतिकारात्मक कारबाहीमा ९ भारतीय सैनिकको ज्यान गएको र अन्य केही घाइते भएका दावी गरे।

पाकिस्तानी पक्षले हालसम्म कम्तीमा २ हजारपटक युद्धविरामको नियमविपरीत कारबाही गरेको भारतीय गृह मन्त्रालयको दावी छ। घटनामा भारतका २१ को मृत्यु भएको उसको भनाइ छ। यस वर्ष सीमाक्षेत्रमा भारतीय पक्षको आक्रमणमा ४५ जनाको मृत्यु भएको पाकिस्तानको दावी छ।

छात्रवृत्ति सहित पूनः भर्ना खुल्यो
१. भेटेरीनरी जे.टि.ए./पशु विज्ञान
२. कृषि जे.टि.ए./वाली विज्ञान
३. मेडिकल ल्याब असिस्टेन्ट
* फारम भर्ने अन्तिम मिति : २०७६ कात्तिक १७ गते
* पूनः प्रवेश परीक्षा मिति : २०७६ कात्तिक २३ गते
SEE मा 'D' र 'E' Grade आएकाहरुले पनि भर्ना हुन पाउने।
कान्तिपुर टेक्निकल कलेज
बालाजु १६ (गंगा हल अगाडि), काठमाडौं
फो नं.: ०१-४३६०६०५, ०१-४३८०८६४, ९८४१-२८२९८८

ADMISSION OPEN
B.E.Civil Engineering
Eligibility: +2 Science (Math or Bio) equivalent with minimum Grade C or Diploma in Engineering Equivalent with minimum 45% score
OUR FEATURES
• Excellent Academic Environment • Peaceful location
• Dedicated & highly qualified faculty members
• Well managed library, laboratories with internet access
• Comprehensive post study career Counseling
For Limit Seat
College of Engineering and Management
(Affiliated to Pokhara University)
Shitalnagar- 10, Nepalgunj, Banke
Ph: - 081- 526086 Mob:- 9851216582, 9858020456, 9848172273
Email:- coem.clg@gmail.com, Website:- www.coem.edu.np

पुनः प्रवेश परीक्षा सम्बन्धी सुचना
यस कलेजमा सञ्चालित निम्न ३ वर्षे डिप्लोमा इन्जिनियरिङ्गका कार्यक्रमहरुमा सीमित रिक्त रहेका कोटामा अध्ययन गर्न इच्छुक SEE उत्तिर्ण विद्यार्थीहरुले तुरुन्त सम्पर्क गर्नुहोला।
कार्यक्रमहरु :
• सिमिल • इलेक्ट्रिकल
• आर्किटेक्चर • कम्प्यूटर
• इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स
फाराम बुझाउने अन्तिम मिति:२०७६ कार्तिक १७ गते आइतबार
Kathmandu Institute of Technology
KIT COLLEGE
Civil, Architecture, Electronics, Electrical & Computer Engineering
Milan Tole, Tokha Road, Dhapasi, Kathmandu
☎ 01-5159255
9849766768

प्राविधिक शिक्षामा पूनः भर्ना खुल्यो
★ भेटनरी जेटिए
★ ल्याब असिष्टेन्ट
★ सिमिल सव-ओभरसियर
फारम भर्ने अन्तिम मितिः २०७६/०७/१७ गते
प्रवेश परीक्षा मितिः २०७६/०७/२३ गते दिउँसो २ बजे
SEE मा E ग्रेडमा पास भए पनि भर्ना हुन पाउने
छात्रवृत्तिको विशेष व्यवस्था
भिक्टोरिया टेक्निकल कलेज
कोटेश्वर चौक, काठमाडौं
फोन नं. ०१-४६००३१६,४८२३०७१०६२
नेपोली कलेज
(नेपाल पोलिटेक्निक इन्स्टिच्यूट)
★ सिमिल सव-ओभरसियर
★ इलेक्ट्रीकल सव ओभरसियर
फारम भर्ने अन्तिम मितिः २०७६/०७/१७ गते
प्रवेश परीक्षा मितिः २०७६/०७/२३ गते दिउँसो २ बजे
नरेफाँट कोटेश्वर, काठमाडौं
फोन नं. ०१-५१४५५८८,४८०८३४२४४३

छात्रवृत्ति सहित पूनः भर्ना खुल्यो
मेडिकल ल्याब असिस्टेण्ट
कृषि जे.टि.ए./बाली विज्ञान
भेटनेरी जे.टि.ए./पशु स्वास्थ्य
सिमिल सब-ओभरसियर
फारम भर्ने अन्तिम मितिः २०७६ कार्तिक १७ गते सम्म
पूनः प्रवेश परीक्षा हुने मितिः २०७६ कार्तिक २३ गते
SEE मा 'D' र 'E' Grade आएकाहरूले पनि भर्ना हुन पाउने।
सिंह टेक्निकल कलेज
(गोंगबुचोक र रेडनपुल बिचमा)
गोंगबु टाउन प्लानिङ्ग, काठमाडौं
सम्पर्क: ०१-४३८२०२२, ९८५१०६२४१२
९८६१०६५६७४, ९८५१०५७३७४

(HIM Emperor Naruhito)
Hearty Congratulations
on the occasion of the Enthronment of
His Majesty the Emperor of Japan
October 22, 2019
Photo Credit "Imperial Household Agency"
Japanese Universities Alumni Association Nepal (JUAAN)

CTEVT बाट सम्बन्धन प्राप्त
प्राविधिक शिक्षामा पूनः प्रवेश परीक्षा सम्बन्धि सूचना
१० कक्षा/SEE उत्तिर्ण गरेको विद्यार्थीहरुका लागि ३ वर्षे डिप्लोमा इन इन्जिनियरिङ्गमा
इलेक्ट्रिकल र आर्किटेक्चर
१८ महिने टि. एस. एल. सि.
ईलेक्ट्रिकल र सिमिल
फारम बुझाउने अन्तिम मिति : २०७६ कार्तिक १७ गते सम्म।
सम्पर्क
Central Engineering Campus
Balkumari, Lalitpur, Nepal
Tel : 01-5202414
Mobile : 9860468347, 9813313366, 9841013788

स्वी छिङ सुटुक्क पोखरा

नेपाल भ्रमण वर्ष २०२० का लागि चिनियाँ सद्भावना दूत अभिनेत्री स्वी छिङ पोखराको फेवातालमा नौकाविहार गर्दै । *तस्बिर : हिमालय फ्रन्टियर्स प्याराग्लाइडिङ*

■ **दीपक परियार** (पोखरा)

नेपाल भ्रमण वर्ष २०२० का लागि चिनियाँ सदभावना दूत अभिनेत्री स्वी छिङ शनिबार सुटुक्क पोखरा आइन् । काठमाडौंमा सदभावना दूत घोषणा भएलगत्तै उनी पोखरा आएकी हुन् ।

फिस्टेल रिसोर्ट बसेकी उनी आइतबार बिहान नौकाविहारमा रमाइन् । डुंगा सयर गरेर तालबाराही मन्दिर पुगिन् । परेवालाई चारो दिइन् । गन्धर्वको सारंगी र मादलको धुनमा 'रेशम फिरिरी...' सुनिन् । चिनियाँ सामाजिक सञ्जाल 'वैपो' मा हजारौंद्वारा पछ्याइएकी अभिनेत्रीलाई चिनेका चिनियाँ पर्यटक पोखरामा उनको पछि लागे । आफ्ना देशका नागरिक पछि लागेपछि उनी भने होटल फर्किइन ।

आइतबार दिउँसो उनी प्यारागलाइडिङमा रमाइन् । हिमालय फ्रन्टियर्स प्यारागलाइडिङका पाइलट विष्णु कार्कीले उनलाई आकाशमा उडाएका हुन् । सराङकोटबाट कावा खाँदै उनी तोरीपानी झरिन् । यसअघि टर्कीमा प्यारागलाइडिङ गरेको उनले सम्झिइन् ।

सोमबार उनी हेलिकप्टरमा अन्नपूर्ण आधार शिविर (एबीसी) पुगिन् । उनको सात सदस्यीय टोलीले त्यहाँ २ घण्टा बितायो । उनले फोटो र भिडियो छ्यांकन गराइन । एबीसीबाट हेलिकप्टरमै उनी मर्दी हिमाल पुगिन् । माछापुच्छ्रे हिमालको आडैमा आधा घन्टाजति बसिन् । पोखरा फर्किएर उनले नेपाली खाना खाइन् । दाल, भात, तरकारी मीठो मानीमानी हातैले खाइन् । पोखरा भ्रमणको भिडियो उनले वैपोको आफ्नो एकाउन्टमा पोस्ट गरेकी छन् ।

केही महिनापछि चिनियाँ कलाकारसहित पुनः पोखरा आउने छिङले इच्छा देखाएको हिमालय फ्रन्टियर्स प्यारागलाइडिङका शैलेन्द्र रावतले बताए । रावतका अनुसार स्वी छिङले नेपालको प्रवर्द्धन गर्न यहाँका पर्यटन व्यवसायीलाई चीन बोलाउँनेछिन् ।

सन् १९६९ मा बेइजिङमा जन्मिएकी स्वी छिङले 'पियान्चौ पियान्छाङ (लाइफ अन अ स्ट्रिङ)' नामक चलचित्रबाट डेब्यु गरेकी थिइन् । हलिउड तथा चिनियाँ चलचित्र दुनियाँमा निरन्तर सक्रिय स्वीको 'गुड अगेन्स्ट एभिल' नामक चलचित्र गत वर्ष ५५ औं ताइवान गोल्डेन हर्स अवार्डमा छानिएको थियो । उनीद्वारा अभिनीत नाटक, टेलिचलचित्रलगायत कलाकर्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कारका लागि छानिएका थिए ।

सन् २०१३ मा नेपालमा छ्यांकन भएको चिनियाँ फिल्म 'अप इन द वाइन्ड' मा समेत पोखराको प्यारागलाइडिङको दृश्य थियो । सांघाईमा काम गर्ने महिला पत्रकार नेपाल यात्राबारे लेख्न काठमाडौं, चितवन र पोखरा घुमेको कथा फिल्ममा छ । काठमाडौंका पुरातात्त्विक स्थल, चितवनको जंगल सफारी र पोखराका साहसिक गतिविधि र सुन्दर दृश्य फिल्ममा देखाइएको छ । तेङ हुआताओको निर्देशनमा बनेको फिल्ममा नि नि र जिङ बोरान मुख्य भूमिकामा छन् ।

उक्त फिल्ममा देखाइएको लोभलाग्दा दृश्यले चिनियाँ पर्यटक पोखरा भित्र्याउन सहयोग पुगेको व्यवसायी बताउँछन् । फिल्ममा पोखराको सराङकोटबाट गरिने प्यारागलाइडिङसमेत समावेश भएपछि साहसिक पर्यटनले थप फड्को मारेको व्यवसायी वसन्त दवाडीले बताए । उनका अनुसार हाल प्यारागलाइडिङ गर्ने पर्यटकमध्ये ५० प्रतिशत चिनियाँ छन् । पोखरा आउनेमध्ये ८० प्रतिशत चिनियाँले प्यारागलाइडिङ गर्छन् ।

सदाबहार छैनन् देउसीभैली

■ **सुशीला तामाङ** (काठमाडौं)

'तिहारै आयो लौ झिलीमिली, ए सुन हजुर भैलिनी आइन् आँगन...' फिल्म 'स्वर्ग' मा समावेश यो गीत हरेक वर्षको तिहारमा सदाबहार । रेडियो, टीभी मात्र नभई स्टेज सो र देउसीभैलीसम्ममा यो गीत बज्दै आइरहेको छ । २५ वर्षअघि शम्भु प्रधानको फिल्म 'स्वर्ग' मा समेटिएको यो गीत बजेपछि तिहार आएको आभास हुन्छ । वर्सेनि तिहार गीतहरू रिलिज हुने भए पनि यो गीतको तुलनामा सदाबहादर हुन सकेको देखिँदैन ।

युट्युबमा सर्च गर्ने हो भने थुप्रै ताजा तिहार गीतहरू भेटिन्छन् । रामकृष्ण ढकालको स्वरमा रमेश बिजीको गीत 'टीकामाला...', खुमन अधिकारी र देवी घर्तीमगरको स्वरमा रहेको नन्दराम परियारको 'आयो तिहार...', दुर्गेश थापाको शब्द, संगीत र स्वर रहेको गीत 'ह्याप्पी तिहार...', सन्तोष केसी र शर्मिला गुरुङको 'देउसी रे...', तेजश रेग्मी र सन्ध्या बूढाको 'देउसीभैलो...', खुमन र समीक्षा अधिकारीको 'आँगनीमा भैलिनी...' लगायतका थुप्रै गीतहरू यसपालि रिलिज भएका छन् । अधिकांश गीतले पर्वको गम्भीरताभन्दा पनि हल्काफुल्का र बजारिया तत्त्व नै समातेको देखिन्छ ।

अधिकांश तिहार गीतहरू सदाबहारभन्दा पनि मौसमी र क्षणिक छन् । भर्खरै तिहार गीतकै रूपमा 'टीकामाला...' सार्वजनिक गरेका लोक गायक रमेश बिजी पछिल्लो समय आएका पर्व गीतहरू टिकाउ र सदाबहार प्रकृतिका नभएको सुनाउँछन् । उनले 'टीकामाला...' मा भने कारणबस टाढा भएका दिदीभाइको बिछोडलाई समेटेर चेली-माइतीबीचको गहिरो सम्बन्धलाई देखाउन खोजिएको छ । 'तिहारको मौलिकतालाई उठाउन खोजेको हुँ,' उनी भन्छन्, 'यसो भयो भने सदाबहार हुन सकिन्छ कि ।' पर्व विशेष गीतहरू छोटो अवधिकै लागि हुने भएकाले पहिलेको तुलनामा तिहारका गीतहरू पनि घटेको उनको अनुभव छ । छिट्टै चर्चा कमाउनतिर सर्जकहरूको ध्यानाकर्षण भएकाले पनि तिहारका गीतहरूमा त्यति मिहिनेत नदेखिएको उनको दाबी छ । 'गीतलाई कति आयु दिने भन्ने कुरा सर्जकहरूको हातमा निर्भर रहन्छ,' उनी भन्छन्, 'गीतसंगीत आफ्नो सन्तानजस्तै हुन् । गीतलाई कालजयी बनाउन एउटी आमाले जस्तै सन्तानलाई दीर्घायुको कामना गर्नुपर्छ ।'

खुमन अधिकारीको देउसी गीतको एक दृश्य । *तस्बिर : युट्युब*

तिहारको सन्दर्भमा लोचन भट्टराई र नूतन प्रधानको स्वर रहेको फिल्म 'स्वर्ग' का गीत जस्तो सदाबहार सिर्जना अहिलेसम्म आउन नसकेको स्विकार्छिन् लोकगायिका गायिका शर्मिला गुरुङ पनि । 'जति पुरानो भए नि सुनौं सुनौं लाग्ने यो गीतबाट सिक्नुपर्छ,' उनी भन्छिन्, 'तर अहिलेका तिहार गीतहरू मौलिक संस्कृतिभन्दा रमाइलोतिर बढी गइरहेको भैं लाग्छ ।' तिहार के हो, तिहारका गीतहरूमा हुने लय कस्ता हुन् भन्नेतिर अध्ययन अनुसन्धान पनि कम भएको गुरुङ स्विकार्छिन् । उनले कुनै समय पर्व र लोक संस्कृतिका गीतलाई बमबहादुर कार्की र शम्भु राईजस्ता अग्रजले निकै राम्रो काम गरेको भए पनि अहिलेको पुस्ताले पुरानाबाट सिक्न नसकेको पनि उनी बताउँछिन् ।

लोकलय र सांस्कृतिक तत्त्वलाई समातेर ल्याइएका केही गीत पनि छन् बजारमा । झन्डै एक दशकको बीचमा बनेको नवीन खड्का र पुस्तक खड्काका स्वरमा रहेको 'देउसी गीत' को लय भने सामान्य भए पनि मीठो सुनिन्छ । गायक राईका तिहार गीतहरूमा पनि उस्तै मिठास भेटिन्छ । रेशम सापकोटाका भर्खरै सार्वजनिक 'बलि राजाको भाइटीका...' ले पनि मौलिक संस्कृतिलाई समाउन खोजेको देखिन्छ । युवा पुस्तालाई केन्द्रमा राख्दै लोक शैलीका गीतलाई केही परिमार्जन गर्दै आएका गायक तथा मोडल दुर्गेश थापाले यसपटक पनि तिहारकै मौका छोपी केही फरक गीत पस्केका छन् । डिजे र पार्टीमा रमाउने युवायुवतीलाई लक्षित उनको गीतमा त्यस्तै सांगीतिक पक्ष फ्युजन गरिएको छ ।

'हामीले सबै पुस्ता समेट्ने कोसिस गर्नुपर्छ,' उनको तर्क छ, 'त्यही भएर लोक शैलीका गीतमा पनि आधुनिक प्रयोगहरू हुन जरुरी छ । घर आँगनमा मात्र होइन, डिस्को र डिजे पार्टीमा पनि तिहार गीतहरू बज्नुपर्छ ।' पश्चिमा गीतसंगीतमा रमाउने चाहने पुस्ताका लागि मनोरञ्जन र संस्कृति दुवै दिनुपर्ने उनको मत छ । 'यद्यपि रहेक स्रष्टाले सदाबहार सिर्जना दिनेतिर पनि सोच्नुपर्छ,' उनी भन्छन् ।

शैली संक्षेप

सिनेस्टारले माग्यो फिल्म

काठमाडौं (कास)- क्यानडाको टोरन्टोमा माघ १७ गते हुने सिने स्टार अवार्डका लागि गतवर्ष सार्वजनिक प्रदर्शनमा आएका फिल्मलाई दर्ताका लागि आह्वान गरिएको छ । कात्तिकसम्म गरिसक्नुपर्ने दर्ता प्रक्रिया निःशुल्क रहने आयोजक संस्था हिल्सा इन्टरनेसनल इन्टरटेनमेन्टले जनाएको छ ।

फिल्मकर्मीहरू मोहन निरौला, रमेश बुढाथोकी र दिनेश डिसी निर्णायक रहेको सिने स्टारमा विभिन्न १२ विधाका उत्कृष्टलाई अवार्ड प्रदानका साथै नेपाली फिल्म क्षेत्रमा लामो समयदेखि योगदान पुऱ्याउँदै आएका एक फिल्मकर्मीलाई लाइफटाइम अचिभमेन्ट अवार्ड र निर्णायक टिमका तर्फबाट जुरी अवार्डसमेत प्रदान गरिने बताइएको छ । हिल्सा इन्टरटेनमेन्ट नेपालको मुख्य आयोजनामा हुने उक्त अवार्ड जीटीए लायन्स क्लब टोरेन्टो क्यानडा र सिने मल्टिभिजन क्यानडाको सहकार्यमा हुन लागेको हो ।

पर्यटन वर्ष लक्षित अवार्ड कार्यक्रमले राष्ट्रिय पर्यटन प्रवर्द्धनमा मद्दत गर्नुका साथै नेपाली फिल्मको बजार विस्तारीकरणमा सघाउ पुऱ्याउने आयोजकको दावी छ ।

साँबाको स्मृतिग्रन्थ

काठमाडौं (कास)- पूर्वमन्त्री अम्बिका साँबाको स्मृतिग्रन्थ लोकार्पण भएको छ । पूर्वप्रधानमन्त्री तथा नेकपाका वरिष्ठ नेता माधवकुमार नेपाल, नेकपा मालेका महासचिव सीपी मैनाली, नेपाली कांग्रेसका केन्द्रीय सदस्य भीष्मराज आङदेम्बेलगायतले काठमाडौंमा आयोजित कार्यक्रममा स्मृतिग्रन्थ लोकार्पण गरेका हुन् ।

कार्यक्रममा पूर्वसभामुख सुवास नेम्वाङलगायतले साँबाले नेपाली राजनीतिमा गरेको योगदानबारे चर्चा गरेका थिए । स्मृतिग्रन्थमाथि नेता एवं साहित्यकार प्रदीप नेपाल र इतिहासविद् सुरेन्द्र केसीले टिप्पणी गरेका थिए । अम्बिका साँबा स्मृति प्रतिष्ठानबाट प्रकाशित ८ सय ७६ पेजको स्मृतिग्रन्थमा शैक्षिक, सामाजिक, राजनीतिक उन्नयनमा साँबाले निर्वाह गरेको भूमिकामाथि २ सय ६ जनाको लेख समावेश गरिएका छन् ।

१९९३ चैत ४ गते ताप्लेजुङको खोक्लिङमा जन्मिएका साँबा २०२१ सालमा जिल्ला सभापति र २०५५ सालमा जनसंख्या तथा वातावरणमन्त्री बनेका थिए । उनी २०४८ र २०५१ सालमा तत्कालीन नेकपा एमालेबाट प्रतिनिधिसभा सदस्य भएका थिए । उनको २०६७ असाजे ३१ गते निधन भएको थियो ।

दी एलिमेन्टस्ले गायो 'अल्लारे...'

कान्तिपुर संवाददाता (काठमाडौं)

दी एलिमेन्टस् ब्यान्डले टुबोर्ग ओपन सेसन्स् २ मा आफ्नो लोकप्रिय गीत 'अल्लारे...' को प्रस्तुति दिएको छ । यो गीतको शब्द एकै रातमा लेखिएको थियो र सुरुमा सामान्य रेकर्डर प्रयोग गरी गाइएको थियो । ओपन सेसन्स् २ मा भने थप जोसिलो र रमाइलो शैलीमा यो प्रस्तुत गरियो । गीतको वातावरण र प्रकृतिलाई थप रमाइलो बनाउन धेरै धुन थपिएको थियो ।

दी एलिमेन्टस्मा ईशान ओन्टा गायक, ड्रम्समा दिपेश गुरुङ र गितारमा रौनकसिंह अधिकारी छन् । ओपन सेसन्स्को पहिलो संस्करणमा दी एलिमेन्टस्ले प्रस्तुति दिएको लोकप्रिय गीत 'बिर्सने हौ कि...' ले सबैभन्दा धेरै भ्युज र स्ट्रिम संकलन गरेको छ ।

सिजन २ मा निर्माता रोहित शाक्य र मनोजकुमार केसीले नेपाली संगीतको सारलाई पुनर्जीवित गर्दै २६ वटा गीतमा सहकार्य गर्ने बताइए । नेपाली संगीत उद्योगको विविधतालाई अंगाल्ने र परम्परागत सांगीतिक आधारलाई सम्मान गर्ने यस सेसनको लक्ष्य रहेको बताइएको छ । टुबोर्ग र च्यानल आरबिट्रीद्वारा सञ्चालन हुने टुबोर्ग ओपन सेसन्स्- २ एक युट्युब सिरिज हो जसमा, प्रसिद्ध कलाकारको स्टुडियोमा प्रत्यक्ष रेकर्ड गरिएको गीत प्रस्तुत गरिन्छ ।

छोटकरी

राष्ट्रपति-अबे भेटवार्ता
काठमाडौं (कास)- जापानको मैत्रीपूर्ण भ्रमणमा रहेकी राष्ट्रपति विद्यादेवी भण्डारीले सोमबार जापानका प्रधानमन्त्री सिन्जो अबेसँग दुईपक्षीय वार्ता गरेकी छन् । परराष्ट्र मन्त्रालयका अनुसार भेटमा पूर्वाधार विकास, व्यापार प्रवर्द्धन, लगानीमा बढावा, मानव संसाधनको विकास, पर्यटन प्रवर्द्धनसहित अन्य विषयमा दुईपक्षीय कुरा भएको थियो । राष्ट्रपति भण्डारीले जापानी सम्राट नारुहितोको राज्याभिषेकका अवसरमा जापान सरकार र जापानी जनतालाई शान्ति, समृद्धि र सुखी नयाँ 'रेइवा एरा' को बधाई दिइन् । अबेले सामाजिक-आर्थिक विकासमा जापान सरकारले नेपाललाई निरन्तर सहयोग दिइरहने प्रतिबद्धता व्यक्त गरे ।

निर्वाचन अधिकृत तोकिए
काठमाडौं (कास)- निर्वाचन आयोगले मंसिर १४ गते हुने उपनिर्वाचनका लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरू तोकेको छ । आयोगले न्याय परिषद्को परामर्शमा ३७ जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र न्याय सेवा आयोगको परामर्शमा ११ जना न्याय सेवाका उपसचिव स्तरका अधिकृतलाई निर्वाचन अधिकृत तोकेको हो । कानुनले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतमा न्यायाधीश एवं न्याय सेवाका कर्मचारी खटाउने विषयलाई प्राथमिकतामा राखेको छ । दुवैबाट अपुग भएको खण्डमा मात्रै निजामती सेवाबाट खटाउन सकिने व्यवस्था छ ।

असंलग्न अभियानको १९ औं सम्मेलन

प्रधानमन्त्री ओली बाकु जाँदै

ग्लोबल साउथका देशहरूको सेयर बढाउने, दिगो विकासमा लगानी वृद्धि, असंलग्न राष्ट्रबीचको द्वन्द्व हटाउन पहल गर्ने र जलवायु परिवर्तनका विषयमा जोड दिने नेपालको तयारी

■ **जगदीश्वर पाण्डे** (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओली आगामी ८ र ९ गते अजरबैजानको बाकुमा हुने असंलग्न अभियान (नाम) को १८ औं शिखर सम्मेलनमा सहभागी हुँदै छन् । भर्खरै सम्पन्न संयुक्त राष्ट्रसंघको ७४ औं महासभामा परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीलाई पठाए पनि सम्मेलनमा प्रधानमन्त्री आफैं जान लागेका हुन् ।

सम्मेलनमा ओलीले 'बाडडुड सिद्धान्तलाई आत्मसात् गर्दै वर्तमान विश्वमा उचित र पर्याप्त चुनौतीको प्रतिक्रिया दिने' शीर्षकमा विचार राख्ने कार्यक्रम छ । प्रधानमन्त्रीको टोलीमा उनकी पत्नी राधिका शाक्य, परराष्ट्रमन्त्री ज्ञवाली, राजनीतिक सल्लाहकार विष्णु रिमाल, परराष्ट्र सल्लाहकार राजन भट्टराई र परराष्ट्र सचिव शंकरदास बैरागीसहित परराष्ट्रका उच्च अधिकारीहरू रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । सचिव बैरागी यसअघि नै उच्च अधिकारीहरू सम्मिलित बैठकमा भाग लिन बाकु गइसकेका छन् । परराष्ट्रमन्त्री ज्ञवाली परराष्ट्रमन्त्री स्तरीय बैठकमा सहभागी हुन मंगलबार जाँदै छन् । ज्ञवालीका अनुसार सम्मेलनमा नेपालले यसपटक चार कुरामा जोड दिँदै छ । पहिलो, ग्लोबल साउथ र ग्लोबल नर्थ । ग्लोबल नर्थमा विकसित र ग्लोबल साउथमा अल्पविकसित देश थिए । अहिले ग्लोबल साउथमा रहेका चीन, ब्राजिल, भारत, इन्डोनेसिया, मलेसियाजस्ता धेरै मुलुक आर्थिक विकासमा माथि आइसके । 'अहिले जुन संरचना छ, त्यसमा ग्लोबल साउथको सेयर बढ्नुपर्छ भन्नेमा हामी जोड दिनेछौं,' उनले थपे । दिगो विकासको लक्ष्य पूरा गर्न अन्तर्राष्ट्रिय लगानी बढाउनुपर्ने, असंलग्न राष्ट्रबीच अनावश्यक रूपमा बढिरहेको द्वन्द्व कम गर्न पहल गर्ने र जलवायु परिवर्तनलगायत कुरामा जोड दिइने ज्ञवालीले बताए ।

अहिले अन्तर्राष्ट्रिय परिस्थिति एकदमै तरल रहेको र यसको सबैभन्दा ठूलो चुनौती विकासशील देशहरूलाई परेकाले असंलग्न आन्दोलनको सान्दर्भिकता उत्तिकै रहेको उनको भनाइ छ । यो अभियानलाई यूएनपछिको दोस्रो ठूलो संगठन मान्छन् उनी । अहिले शीतयुद्ध नरहे पनि साना देशहरूमा शीतयुद्धका चुनौती उत्तिकै रहेको बताउँछन् । 'एउटा उदाहरण दिगो विकास लक्ष्य २०३० सबैले आत्मसात् गरेका छौं । यूएनको यो सबैभन्दा ठूलो महत्त्वाकांक्षी परियोजना



हो । त्यसलाई कार्यान्वयन गर्न सक्दा मानव जातिको आर्थिक-सामाजिक क्षेत्रमा ठूलो विकास हुन्छ,' उनले भने, 'त्यो कार्यान्वयन गर्न ठूला देशबाट जसरी लगानी गर्नुपर्थ्यो, त्यो घट्दै गइरहेको छ । संस्थासंस्थाको होडबाजी बढ्दै गइरहेको छ । आमनरसंहारका हतियार उत्पादनमा लगानी बढिरहेको छ । विकास र भोकमरी उन्मूलनमा हुनुपर्ने लगानी झन्-झन् कम हुँदै गइरहेको छ ।'

हाल असंलग्न अभियानमा १२० विकासोन्मुख मुलुक सदस्य छन् । यसको पर्यवेक्षकका रूपमा १७ मुलुक र १० अन्तर्राष्ट्रिय संस्था छन् । असंलग्न अभियानले अहस्तक्षेप, अनाक्रमण, शान्तिपूर्ण सहअस्तित्व, एकअर्काको स्वतन्त्रता, सार्वभौमिकता र अखण्डतामा सम्मान जनाउने पञ्चशील सिद्धान्त अंगीकार गरेको छ ।

असंलग्न अभियान परिवर्तित अन्तर्राष्ट्रिय राजनीति अनुकूल रूपान्तरण हुन नसकेर सेलाए पनि उपादेयता अझै रहेको पूर्वपरराष्ट्रमन्त्री रमेशनाथ पाण्डे बताउँछन् । 'विश्व शान्ति, स्थायित्व र डिजिटल सार्वभौमको प्रश्नमा अभियानले प्रभावकारी भूमिका खेल्न सक्छ । त्यसमा नेपालले सारपूर्ण योगदान दिनुपर्छ,' उनले भने । प्रधानमन्त्री ओलीले नेपाली टोलीको नेतृत्व गरेर बाकु जाँदै गर्दा असंलग्न अभियानमा नेपालले प्रभावकारी ढंगले भूमिका निर्वाह गर्नुपर्ने पाण्डे बताउँछन् ।

पूर्वराजदूत तथा कूटनीतिक विश्लेषक दिनेश भट्टराई असंलग्न अभियान आज पनि सान्दर्भिक रहेको बताउँछन् । 'हाम्रा दुवै छिमेकी द्रुतगतिमा अघि बढिरहेका छन् । विश्वको शक्ति नै उनीहरूको पछि लागिरहेको छ । नेपाल ती दुई मुलुकको बीचमा छ,' उनले भने, 'असंलग्न अभियानचाहिँ नेपालका लागि 'स्ट्राटेजी फर सर्भाइभल' हो । आज हाम्रा लागि यसको महत्त्व झन् बढेर गएको छ ।' भट्टराई असंलग्नतालाई 'स्ट्राटेजिक अटोनोमी' का रूपमा व्याख्या गर्छन् । 'दुई विशाल मुलुक सर्वशक्तिमान् हुँदै छन् । त्यसका बीचमा हामी छौं । नेपालका लागि असंलग्नता भनेको 'स्ट्राटेजिक अटोनोमी' अनुसार काम गर्नु हो । हरेक विषयलाई धेरै राम्ररी हेर्ने र अन्त्यमा देशको हितमा निर्णय गर्ने हो,' उनले भने । भूराजनीतिका जानकार रूपक सापकोटा भारतले जसरी असंलग्न आन्दोलनमा सहभागी भएर पश्चिमा र सोभियत युनियन ब्लगबाट फाइदा लियो, नेपालले त्यस्तो गर्न नसकेको मान्छन् । उनको बुझाइमा नेपालले 'स्ट्राटेजिक अटोनोमी'लाई आत्मसात् गर्दै आफ्नो आवश्यकताअनुसार विदेशी मुलुकसँग सम्बन्ध विस्तार गर्नुपर्छ ।

नेपाल अभियानको संस्थापक सदस्य हो । सन् १९५५ मा इन्डोनेसियाको बाडडुडमा भएको तेस्रो विश्वका मुलुकको सम्मेलनमा भएको सैद्धान्तिक सहमतिका आधारमा सन् १९६१ मा तत्कालीन युगोस्लाभियाको बेलग्रेडमा पहिलो शिखर सम्मेलन भएको थियो । बाडडुडमा नेपालका तर्फबाट तत्कालीन परराष्ट्र सचिव तथा उपरथी सोभारजंग थापाले नेतृत्व गरेका थिए । सन् १९६१ को सम्मेलनमा तत्कालीन राजा महेन्द्र नेतृत्वमा टोली सहभागी थियो ।

'सुरक्षित मातृत्व र प्रजनन अधिकार ऐन न्यायिक'

नतालिया कनेम
यूएन उपमहासचिव

काठमाडौं (कास)- नेपाल भ्रमणमा रहेकी संयुक्त राष्ट्रसंघ जनसंख्या कोषकी कार्यकारी निर्देशक तथा यूएनकी उपमहासचिव नतालिया कनेमले कोषको कार्ययोजनाले शिक्षा र स्वास्थ्य सुरक्षामा पहुँच, यौन तथा प्रजननमा सार्वभौम अधिकारसहितको विकासको प्रत्याभूति गराउन जोड दिएको बताएकी छन् । व्यक्ति तथा दम्पतीहरूले कहिले बच्चा जन्माउने, कति अन्तर राख्ने र कतिवटा बच्चा जन्माउने भन्ने विषयमा आफैं निर्णय लिन सक्ने उनले बताइन् ।

'नेपालले विगत २५ वर्षमा कोषको कार्ययोजनाअन्तर्गत गम्भीर चुनौतीहरूका बावजुद अत्यन्तै महत्त्वपूर्ण पाइला चालेको छ,' कनेमले राजधानीमा पत्रकार सम्मेलन गर्दै भनिन्, 'कार्ययोजनाका अझै बाँकी अधुरा कामलाई तुरुन्तै सम्बोधन गर्ने समय आइसकेको छ । गत वर्ष नेपाल सरकारले जारी गरेको सुरक्षित मातृत्व र प्रजनन अधिकारसम्बन्धी ऐन न्यायिक व्यवस्थाको उल्लेखनीय अंश हो । जसले कायरोमा सर्वसम्मति भएका लक्ष्य प्राप्तिको प्रयत्नलाई तीव्रता दिन सहयोग गर्छ । साथै यी लक्ष्यलाई आगामी महिना नैरोबीमा पुनःपुष्टि र पुनःप्रतिबद्धता गरिनेछ ।' पहिलोपटक नेपाल आएकी उनको भ्रमण दलमा एसिया र प्रशान्तका लागि कोषका क्षेत्रीय निर्देशक बियोन एन्डरसन र कोषकै चिफ अफ स्टाफ पियो स्मिथ पनि छन् ।

कनेमले सन् २०१९ कोषको ५० औं वार्षिकोत्सव तथा जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको २५ औं वार्षिकोत्सव मनाउने लागेको जानकारी दिइन् । सन् १९९४ मा इजिप्टको राजधानी कायरोमा सम्पन्न उक्त सम्मेलनमा नेपाललगायत विश्वका १७९ राष्ट्रहरूले हस्ताक्षर गरेका थिए । कायरो सम्मेलनको दूरदृष्टि तथा सन् २०३० सम्म यस सम्मेलनको कार्ययोजनाको पूर्ण कार्यान्वयनमा नेपाल सरकारको प्रतिबद्धतामा नेपालले हालसम्म हासिल गरेका महत्त्वपूर्ण उपलब्धिहरूसँग साक्षात्कार हुनका लागि उक्त उच्चस्तरीय टोलीले नेपालको दुईदिने भ्रमण गरेको बताइएको छ । साथै, आगामी नोभेम्बर १२-१४, २०१९ मा नैरोबीमा आयोजना हुन लागेको कोषको २५ औं शिखर सम्मेलनमा प्रजनन अधिकार सुनिश्चिततामा नेतृत्वदायी भूमिकासहित सहभागी हुन सरकारको उच्च तहलाई आमन्त्रण गर्ने उद्देश्य रहेको बताइएको छ ।

बर्गिकृत विज्ञापन

घर जग्गा

पेप्सीमा सस्तोमा घर, मूलपानीमा, दुवाकोटमा 12,50,000-15,50,000/ प्रतिआना 9840208434, 9861665560

लालबन्दीमा घडेरी सिन्धुलीघर तु.बिक्रीमा 9813637744

भैंसीपाटी एरीयामा घडेरीहरू बिक्रीमा, ९८४१५१५३०२

बौद्ध प्लनिङ्ग नजिकै ०-३-०-० जग्गा 9841567917

बानेश्वरमा ६आना ३.५तल्ला सटरहरू भएको घरबिक्रीमा ९८४२४१५९३०

सुपथमूल्यका जग्गा/ घर चाहियो ९८६०९२६३४५

चितवन भरतपुरको शुक्रनगरमा ४१ गठ्ठाजमिन बिक्रिमा 9846044105 9819120340

घरजग्गा धितोमा तुरुन्त कर्जा 9860579477

महाराजगंज नारायणगोपालचोक रिङरोड टुयाकरोडमा ५४आनाजग्गा सरलमूल्यमा 9851036108, 9823582607

घरजग्गा खरिदबिक्री गर्नुपरेमा 9851027364, midasrealestate9@gmail.com

टेकु मेनरोडमा ०-१२-०-० बनेको घर बिक्रीमा 9803152880

एकतले घर बिक्रिमा, इमाडोल ९८६०४३१४२३

कंलकी, ढुंगेअड्डाको नयांघर बिक्रीमा, मूल्य: २,५०,००,०००/-, 9841478303

बानियाटार जाल्पाचोकनपुर्दै ५० मि.भित्र १३फिटे पिचबाटोमा ०-३-०-० मावनेको तिनतले घरबिक्रीमा 1,65,00,000/- 9864248472

एकमिनेटमै, सिनेमाहल, स्कूल, बैंक, बजार पुगिने रमणीय चुचेपाटी छेउमा ५ आनाको घडेरी, 9849091587

महालक्ष्मी नगरपालिका १९ लामाटार ढुंगेनी बसपार्क नजिकमै ५ रोपनी जग्गा ९८५१११११०५०, ९८५१७ ९२६१३

गठ्ठाघरमा आधारोपनीमा नयाँघर ३९५००००० ९८४१४८९५३५

बालाजु नजिकै मनमैजु लामबगरमा ०-४-३-० बनेको २.५- तलेनयाँघर 9851099255

कपन राममन्दिरमा ०-४-०-० सम्पर्क ९८५१०२३४८६

कपुरधाराचाकैमा चारसटर पर्सल चलिरहेको घर बिक्रीमा ९८१२०२७८१३

कांडाघारी विरेन्द्रचोकमा २.५तले घर बिक्रिमा ९८४१२५४६५०

दक्षिणढोकाको १९आना नोर्लिङ्ग होटलमा टासिएको कर्मसियल जग्गाबिक्रीमा 9823140441, 9840856188

बौद्धमा चलिरहेको होटल बिक्रीमा ८आनामा बनेको मूल्य २५करोड 9823140441, 9840856188

काठमाण्डौं न्यूरोड यंगालमा ०-६-०-० जग्गा बिक्रिमा 9818807488

सातदोबाटो स्विमिंगपुल पछाडी ०-५-०-० र ०-३-०-० मा बनेको तिनतल्ले आधुनिक नयांघर बिक्रीमा ९८५१२०९१८५

कांडाघारी सनसिटीनजिक ०-४-३-३ मावनेको वाल सिस्टमकोघर, मूल्य रकरोड २५लाख 9860779070

बुढानीलकण्ठ नगरपालीका हाँत्तीगौडानजिक ०-४-०-० जग्गाबिक्रीमा 9841429189

सर्लाही नवलपुरचोक देखि सदरमुकाम जाने पिचबाटोबाट १ कि.मि भित्र चक्रेश्वर मन्दिर पुर्व १० र ६ मिटर बाटोमा २३कट्ठा प्रतिकट्ठा १० लाखमा बिकि ९८४५०७८९१७

नयां बंगला बिक्रीमा सिनामंगल ३,२१,००,०००/- ९८४१२९६१२०

दधिकोट, भक्तपुरमा तीनआनाको ३५ लाख 9849076331, 9851176331

जुम्ला, दार्चुला, डडेलधुरामा जग्गा चाहियो ९८९३६७३६०४

बुढानिलकण्ठ हरिहरकोलोनीमा ०-६-०-० जग्गा 9818015694

पेप्सिकोला सनसिटिसर्नै तिनआना छआना जग्गाबिक्रिमा 9823584337

सामाखुसिमा शान्त वातावरण मैत्रि २६ आना जग्गामा बनेको २.५ तल्ले घर सम्पर्क ९८१३४५२२२७

भंगालको ०-५-०-० जग्गा बिक्रीमा 9857017519

सामाखुशी गोगबुचोक देखी १५० मिटर रिङरोड बाहिर २० फिटे बाटोबाट एक कित्ता भित्र ४.२ फिटे बाटो भएको ४.२ आनामा बनेको एकतले पक्की घर मूल्य एक करोड बिस लाख सम्पर्क, 9823288656

दधिकोट चित्रपुर ०-४-२-० जग्गाबिक्रिमा 9808726213

गहेश्वरी नयाँबस्ती मेनरोडको घैरबिक्रिमा 9808726213

अनामनगर घट्टेकुलो मेनरोडको घरबिक्रिमा 9841224883

Beautiful Bunglow Hattiban Height 9843969843

यंगालमा ०-१-२-२ एकमुष्ठ १७५,००,०००/-, संगमचोकमा ०-३-०-० प्रतिआना ६५,००,०००/-, ओमशान्तिचोकमा ०-५-०-० प्रतिआना ६५,००,०००/- ९८५१०२४६७८

निर्मलनिवास पछाडि बिसफिटे बाटोमा ४आना जग्गा बिक्रिमा ९८२३८२७८८५

हात्तिवन माउन्टभ्यू रेसिडेन्सी फेज २मा बंगलो बिक्रीमा मूल्य ३,२०,००००० /- ९८५१२४३४२६

नारायणथान ०-६-०-० प्रतिआना 1500000/- 9803312082

चुनदेवी ०-४-०-० प्रतिआना 4200000/- 9803312082

सितापाईलाचोक रिङरोडबाट ५० मिटर बाहिर ५आनामा बनेको इतल्लेघर बिक्रीमा सिधासम्पर्क ९८५१०२१११७

पेप्सीकोला नजिक लोमस हाईवेमा ०-१०-०-२ जग्गाबिक्रीमा 9851140551

साखु बजार नजिक टुक्रा घडेरी सस्तो बिक्रीमा ९८५१०२१६५९, ९८६१३९६९९०

शान्तिनगर ओमकारेश्वरमा साडे ६ आना, 9813659998

घरतुबिक्रिमा तथा भाडामा बालुवाटार सम्पर्क ९८०११३४७७७

सल्लाघारी सूर्यविनायक बिचको हाइवेमा 42ft पछाडी २०मि. बाटोमा 48ft 8000sft. गोदामभएको ३० आना जग्गा ९८०१८४४९३८

गोदावरी नपा लेले पिच सडकको १९ रोपनी जग्गा बिक्रिमा ९८५१२३४०२४

काभ्रेस्थली मेनरोड भेडीकोटमा ०-७-२-० जग्गाबिक्रीमा 014720646, 9851008086, 9849756619

गोङ्गबु बसपार्कको खानेपानी ट्याङ्की पछाडि ०-१०-०-० बिक्रिमा, ९८४९२०२९३०

१००% घरजग्गा खरिदबिक्रि गर्नुपरेमा ९८४१९९३९०८

नारायणथान १७ आनामा बनेको बङ्गला बिक्रिमा ९८१८०८९२९०

धुम्बाराही शिरडीकोलोनी ०-९-१-०, ०-८-०-०, ०-४-०-०, 9851210655

चपली गणेशस्कूलपूर्व ०-६-०-२, ०-५-२-०, 9851249307

धुम्बाराही पिपलबोट छेउ ०-७-१-०, 9851265324

एकतावस्ती ०-४-०-० सुविधासम्पन्न घर 9855068777

धुम्बाराही रिडरोडछेउ ०-६-०-२ कोआधुनिकघर 9855044654

हेटौडा मेनरोड चौकीटोलमा १४धुर जग्गा तुरुन्त बिक्रीमा ९८४९८९३५७२

सवारी साधन

२०१७ मोडलको ACE टिपर ९८५११६८२१५

2009 I10 बिक्रिमा 12,25,000 9851093662

मेशिन औजार

चलिरहेको चाउमिन मेशिन सेट बिक्रीमा 9863809905

सम्पर्क

Cash Deposit विदेशकोलागी सस्तोमा 9803453019

Worldwide Visit Visa 9803988508, 9869862433

अति सस्तोमा बैंक Deposit 9863646909, 9803702227

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

सस्तोमा Cash deposit धितोफुकुवा 9841027010

Cash deposit without collateral 9841756349.

धितोफुकुवा, क्यासडिपोजिट, धितोराखी ९८४४४७८७५८, ९८०३१२३५७८

विद्यार्थीलाई सस्तोमा Cash Deposit 9818013909

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851014408

सस्तोमा Cashdeposit, धितोफुकुवा गर्नपरेमा 9851113117

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851034124

सस्तोमा Cash Deposit धितोफुकुवा 9851032104

अतिसस्तोमा धितोफुकुवागर्न, विदेश अध्ययनकोलागि Cashdeposit, ऋणलिन ९८५१११७९८०

सस्तोमा Bank Deposit गर्नुपरेमा ९८५११६१२०२

Website Design and Development 9801004217

HONGKONG ISRAEL VISIT VISA 9869862433

विविध बिक्रीमा

माछापोखरीको लेडिजफेन्सी, पार्लर तुरुन्तबिक्रिमा ९८४३०८४८९९

लगनखेलमा राम्ररी चलिरहेको रेष्टुरेण्ट तु.बिक्रिमा ९८१३७७४७४४

किराना पसल बिक्रिमा ९,००,०००।–, ९८०८५२५३५५, बुद्धनगर

चलिरहेको Institute बिक्रिमा जमलचोक 9860141806

ग्वार्कोको मम पसल बिक्रिमा ९८४९८०६०४९

खाद्यान्न किराना, ग्यास सहितको पसल दैनिक ७०,००० भन्दामाथि व्यापार ९७४८६०९०६३

ठमेलमा रेष्टुरेण्ट बिक्रीमा १०,००,०००।- 9818038130

बसन्तपुरमा Lounge & Bar तु.बिक्रीमा ९८६११९४७३३

चलिरहेको Computer Institution Center तु बिक्रिमा 9843354301

माहाबौद्धभित्र खाजा खाना घर ९८०७६७९१०४

बागबजारमा चलिरहेको म:म: पसल बिक्रिमा 9841260306, 9841439059

नक्साल टंगालमा मदिरा पसल बिक्रिमा ९८४५०६२०८०, ९८१२९११२८८

भाडा पसल बिक्रीमा, 9813685236, 9841214752

चलिरहेको होटल बिक्रिमा नयाँबसपार्क, 9847948360

किराना पसल तुबिक्रिमा कलंकी 9880049510

नक्सालभाट्भटेनी अगाडी एम-3 सेन्टरमा रहेको कपडापसल बिक्रिमा- 9843919816

पुल्चोक स्थित व्यस्त चोकमा चलिरहेको ब्युटीपार्लर तु.बिक्रीमा ९८२३११४९००

वसुन्धाराको करुवा क्याफे बिक्रिमा ९८११२२५४१२

पुतलीसडकमा प्रतिष्ठित कन्सल्टेन्सी बिक्रिमा ९८२३०५९३५१

रेष्टुरेण्टको लागि कुक, वेइटर 9860191825

चलिरहेको हेल्मेट हाउस एण्ड एसोसेरीस तुबिक्रिमा, 9849432345, 9841415732,

कालिमाटीचोकको लेडिज फेन्सी बिक्रीमा ९८०८७३०३२०

निर्माण सफाई

सस्तोमा सेफटीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

सेफटीट्यांकी सफाई गाडीमा १५००/- 9843768737

सेफटीट्यांकी सफाई ठुलोगाडीमा मेसिनबाट 5251092, 9851024364

ढलमंगाल, सेफटीट्याङ्की सफाई जामखोल्ने 9849519040

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9860053124

ढलट्वाईलेट ,जामखोल्ने ,मंगलसफाई निर्माणपनी 9841559659,

सेफिटीटैंकी सफाई 9841212244, 9841488132, 01-5182401

सेफिटीटैंकी सफाई सस्तोमा 9841343487, 4464568

सेफिटीटैंकी सफाई गाडिबाट 9851118279, 9851087058

ढलमंगाल बनाउने जामखोल्ने सेफिटीटैंकी मेशिनबाट 9841448770 होमप्रसाद

प्लम्बिङ्ग, बोरिङ्गसर्भिस, धाराजामखोल्ने, ईनारसफाइगर्ने पहेलोपानिफिल्टर रिजर्भटेङ्कसफाई, इनारखन्ने, ढलजामखोल्ने 9851168028

सेफटीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल, ट्वाइलेट जामखोल्ने 9851013512, 9841607856

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा 9841634234, 9841176292

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841663344, 9841050858

इनारसफाई, रिजर्भटेङ्कीसफाई, सोलारफिल्टर ढलमंगाल, जामखोल्ने 9851116022

भाडामा

कुनैपनी प्राइम लोकेशनमा फास्टफुडको लागी (१-१.५) रोपनी जग्गा भाडामा चाहियो 9840630254

बनस्थलीमा २.५-रोपनीमा बनेको टहरा ९८४१२५३६५८

पुरानोबानेश्वर हाईटमा फल्याट खोलिछ 9841748661

कलेश्वरस्थित प्राइम लोकेशनमा 1040sqft फल्याट भाडामा ९८५१०२५९८१, ०१४६७३९३२

चाहियो

चावहिलगोपिकृष्ण अफिसलाई अफिसियल कर्मचारीहरू 29,500/- +खाजाभाडा, पढेनपढेका जोकोहीलेगर्नमिल्ने 9818282550, 9863383625

मित्रपार्कको ओमसाई अफिसमा साधारणदेखि SEE-above कर्मचारी आवश्यकता 18,500/-+ खाजाभाडा 9810286955, 9860912207

गोंगबु अफिसलाई कर्मचारी 15,499/- 9849365964, 9824937551

बंगलो, अपार्टमेन्ट, जग्गाचाहियो 9801117335 www.homekfm.com

रिसेप्सन, क्लिनर, सेल्स, कुक,वेइटर, सेक्यूरिटी अर्जेन्ट 9861497188, 9823691949, गोपिकृष्णअगाडी

ग्वार्कोचौकैको PGLअफिसलाई अफिसस्टाफअर्जेन्ट 23,500/- जोकोहीले गर्नमिल्ने 9808728580, 9846599866

कोटेश्वरमा हाउसकिपर र मसाल्ची 9803774569

Salesgirls, Salesboys महाराजगंज 15,500/- 9818702341

घरमा कामगर्ने महिलाहरू चाहियो ९८५१२२७६१६

Homebased Typing Job 25,500/- 9803188112

टाईपिङ्ग, पोस्टकार्ड कामदार चावहिलचोक २४,५००।- 9803434644

Primary Ladies, Lower Secondary Maths, Science Teachers Nayathimi, 9851064120

भक्तपुरको पोल्ट्रीफार्म हुयाचरीमा कामदार चाहियो दम्पतीलाई प्राथमिकता 9851169728

सहकारी, इन्स्टिच्युट, रेष्टुरेन्टकालागि पार्टनर 9843755490

Thamel Mobile shopमा +2 staff m/f 9803720822

अफिसलाई कर्मचारी 15000/- 9810381536, 9851035560 तिनकुने

कालिमाटी टेकुभन्सारचोकमा पढेनपढेका ३५-महिलापुरुष गृहिणी विद्यार्थीहरू अर्जेन्ट रु. २५,०००/- ९८१२९३२१९९, ९८४९४५३९५६

पढेनपढेका महिलापुरुष कामदार २४,५००/ 9810260716

चलिरहेको रेस्टुरेन्टकोलागि कुक, हेल्पर, वेटर, म:म मेकर, क्यासियर, कफिमेकर र मसाल्ची चाहियो। 9818383405/ 9862575399/ 9845364587

सेक्यूरिटीगार्डहरू तु.चाहियो १६०००-२००००।- 9808323444

कस्मेटिकभित्र इमान्दार कर्मचारी 12,500/- 9823280255

गोंगबु अफिसलाई ६-कर्मचारी 15,500/- 9842942463, 9803390405

कम्पनीकोलागी गार्ड डाईभर रिसेप्सनिष्ट,एकाउन्ट ४०जना ९८४१४५७५९५

लुम्बिनी तन्दुरी कौशलटारलाई रोटीनानकुक, वेटर चाहियो 01-6633252, 9851181794

TWI अफिसलाई कर्मचारी 15,500/- 9869540591, 9813109357

तिहारको अवसरमा SLC 15000/- 9869282654, 9862428235, 014488043

रौतहटमा Secondary Social (Rs25,000/-), Class1 Grade-2 (Rs16,000/-) खानबस्न ९८४५६५७०३७

चावहिल अफिसलाई कर्मचारी 14500/- 9813017714, 9851069713

सेक्यूरीटी अर्जेन्ट तलब 14000-20000 9841687964 9808787334

बाजुराजिल्लामा रहेको बडिमालीका बोर्डिङ्गस्कुलमा, प्रिन्सिपल शिक्षकको आवश्यकता सोसल, म्याथ, एकाउन्ट, नेपाली, साइन्स श्रीमानश्रिमती विशेषग्राह्यता 9851196913, 9848438372

Second coming cook, cook helper, waiter leady and gents, dish wash ledy and gents. Tokha Shivapuri Village Resort, Chandeswori, Tokha. 9803836902

साधारण सेक्यूरीटी तुअर्जेन्ट 18000 9813210032

भक्तपुरमा संञ्चालन रहेको पश्मिना उद्योगकोलागि सहायक डाईङमास्टर आवश्यकता भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला तलब-१५,००० सम्पर्क ०१६६१७५४७, ९८०८८७१९००

जोरपाटीचोकमा Self-Industry लाई Staff अर्जेन्ट 18,500/ 01-4912867, 9813528011

पुल्चोक रेष्टुरेन्टमा हेल्पर, वेटर, मेसाल्ची 9841323458

कोटेश्वरतिनकुने CSSकम्पनीभित्रै विभिन्नकाममा १६ वर्षभन्दामाथिका पढेनपढेका महिलापुरुष सबैलेगर्नमिल्ने 37,500/- खाजाभाडाबोनस, 9823705671, 01-5199302

CGI अफिसलाई स्टाफ 15,500/- 01-4720680, 9844386083

चक्रपथमा +2 कर्मचारी 15,500/- 9823841868

गोंगबुमा कर्मचारी 15,500/- 9823748140, 9823037715

नेवारी, थकालीखाना बनाउनजान्ने कुक चाहियो बौद्ध 9862797348

चावहिलको अलराउन्डरकक लडिजवेटर 9818073883

जुनसुकै काम चाहिएमा सम्झनुहोला ९८०८८२२५८८

Urgent Preprimary to Lower Secondary English, Science, Social, Math, Teachers, 01-5561080, 9823833012, Thaiba, Lalitpur

तन्दुरीकुक, हेल्पर, वेटर, मसाल्ची खानबस्ने कुलेश्वर ९८६१६६६७९१

क्यान्टिन वेटर चाहियो खानबस्नसुविधा महाराजगंज 9841501118

महिला कुक,होस्टेल इन्चार्ज ९८४९०८२५९१,९८१८१२२६५६

दुइजना मार्केटिङ कर्मचारी (मोटरसाइकल भएकोलाइ प्राथमिकता) 4422447, 9840251262

ब्याचलर पास कम्तीमा ७ वर्ष स्टारहोटल रेष्टुरेण्ट क्वाटरिङ्गमा सेफको अनुभवी सेफ २ तलब ४००००। email: aryalshivaram@hotmail.com

Experienced Lower Secondary Science, Maths, Social Studies Teacher, Hostel Teacher Bhaktapur 01-6617801, 01-6610395, 9851234157

तन्दुरी कुक वेटर मसाल्ची महिला/पुरुष ९८४९८५८५८५

स्नुकरहाउसमा २जना लेडिज स्टाफचाहियो 9818322667

कपडा पसलमा सेल्सगर्ल, सेल्सब्वाई ९८२३०३२५७३

रेष्टुरेन्टकोलागि Head Chef/Cook helper, Barista चाहियो, Midbaneshwor 9813978185, 9861495659

होटलको लागि कुक, वेटर, मसाल्चि, हाउसकिपिङ चाहियो खानबस्नको सुविधा ९८१८४९३०१२, ९८४३२४२३११

लाइट ड्राइभर चाहियो 9851173073

A reputed school Gongabu Baniyatar is looking for energetic dynamic Math, Science teacher(Male) for grade 2 to 5 salary 20000 plus 9849762418

Computer Technician Required, Have knowledge in Hardware, Software & Basic Networking, Contact: 9801079448 Note: Should have bike driving license.

डान्सर, वेटर्स, क्यापटेन, कुक ९८१०२६०२०३

Boston School, Gyaneshwor, Requires Montessori Teachers 9841141242

मसाल्ची वेटर महिला/पुरुष कुमारीरेष्टुरेन्ट ४४१७९५८

Frontdesk officer Thamel Hotel 9849909156, 4240734

सुन्धारामा फास्टफुडलाई इमानदार कुक, हेल्पर चाहियो तलब ८,०००,१५,०००,९८०३५०४४२०, ९८६२७९४९२६

कुक अर्जेन्ट चाहियो 9849636246

लेडिज वेटर चाहियो 9810213673

कम्प्युटर/ प्रिन्टर टेक्निसियन तुचाहियो 9849960614 (Part-Full)

बागबजारको कम्प्युटर अफिसमा लेडिज रिसेप्सनिष्ट/ एकाउन्टेन्ट, स्वीपर ९८४१९९३९०८ डाइरेक्ट जब

सुन्धारामा फेन्सीलाई हिन्दीमा प्रफेक्ट लेडिज 9851086238

बुढानिलकण्ठमा पानी फ्योक्टीकोलागि हेल्पर चाहियो ९८०१८०१५९९

भक्तपुरको बोर्डिङ्ग स्कूलमा प्राइमरी शिक्षिका(५), महिला कर्मचारी(२) सम्पर्क: ९८४३८०८७४४

ग्राण्डी हस्पिटलमा नयांघर बिक्रिमा १७५,००,०००।- ९८१३२६६२०

कुक, मसाल्ची चाहियो खानबस्न 9803097669

कम्पनीको अनुभवी एवं Commerce मा Undergraduate, Office Assistant चाहियो, काठमाडौं वासी वा नेवार जातिलाई विशेष ग्राहेता, 9851062218

कुक, गायिका, वेटर्स चावहिल, 9849788850, 9841199985,

कपडापसलमा सेल्सगर्ल, सेल्सब्वाई न्यूरोडमा, 9843760033, 9861589926, 9861610443,

श्रीमान-श्रीमती दुईजनाकोलागि घरमाकामगर्ने महिलाचाहियो 9864238949

बाइकलाइसेन्स भएको ड्राईभर चाहियो ९८०३५९८९११

घरमा पार्टटाइम सरसफाई पुरुष ९८२३७२०९७७

मर्मत

ढलुंट

धान पाक्यो
कपिलवस्तुको बडहरामा धान दाइँ गर्दै कृषक ।

ekantipur.com

अर्थ वाणिज्य

हाइब्रिड धानमा कालोपोके

■ **अगन्धर तिवारी** (पर्वत)

थोरै खेतमा धेरै फलाउन अनधिकृत उन्नत जातका धान रोपेका किसान पाक्ने बेलामा पछुताएका छन् । प्राविधिक सिफारिसबिना लगाइएका एआरआई ६, यूएस ३१२, तहल्का, लोकतन्त्रलगायतका धान पाक्ने बेलामा बालाभरि कालोपोके देखा परेको छ ।

जिल्लाका कुश्मा, फलेबास नगरपालिका, बिहादी गाउँपालिकालगायतका किसानले लगाएको हाइब्रिड धान पाक्ने बेलामा सखाप हुन थालेको छ । धेरैजसो कटुवाचौपारी, मुडिकुवा, शंकरपोखरी, सिल्मी, रानीपानी, बर्राचौरलगायतका खेतका धानमा यस्तो प्रकोप देखिएको हो ।

धान पसाएर दाना लाग्ने बेलामा धानकै दानाजस्तै पहेंलो देखिने किसानले बताएका छन् । प्रकोप सुरु भएको पहिलो साता पहेंलो, दोस्रो साता पाकेको सुन्तलाजस्तो हुँदै पाक्ने बेलासम्म कालो पोकामा परिणत भएको किसानले बताए । 'सुरुमा धानमै टाँसिएको पहेंलो ढुसीजस्तो देखिएको थियो,' कुश्मा नगरपालिका-९ का केशवदास पौडेलले भने, 'बिस्तारै पहेंलो सुन्तला रङमा बदलिदै अहिले धानको बाला नै ढाक्ने गरी कालो भएको छ ।'

स्थानीय धानको तुलनामा तीन गुणासम्म फल्ने भएकाले कटुवाका धेरैजसो किसानले यो धान लगाएका छन । भारतबाट सीधै बीउ ल्याउनुपर्ने भएकाले बीउको मूल्य पनि महँगो भएको रामचन्द्र अधिकारीले बताए । 'साढे चार सय रुपैयाँ किलोमा किनेर ल्याएको हो,' उनले भने, 'पोहोर राम्रै फलेकाले अहिले पनि रोपियो । यस्तो होला भन्ने सोचिएन ।' कृषि प्राविधिकको सल्लाहबिना रोपिएको हुँदा किसानले सम्बन्धित निकायमा गुनासोसमेत गर्न सकेका छैनन् । 'कसैलाई सोधेर रोपेको होइन,' स्थानीय दुर्गादत्त पौडेलले भने, 'कृषिले सिफारिस गरेको भए राहत माग्ने आधार हुन्थ्यो । अब कसलाई गुनासो गर्ने ।'

धानबालीविज्ञ एवं कृषि ज्ञान केन्द्र पर्वतका प्रमुख वासुदेव रेग्मीका अनुसार धानमा देखिएको यो रोगको नाम फल्स स्मर्ट (झुट्टा कालोपोके) हो । 'यस्तो रोग लागेको धान र पराल दुवै विषाक्त हुन्छ,' रेग्मीले भने, 'मानिसमा फुड पोइजन, झाडाबान्ता, पेट दुख्ने समस्या हुन्छ । पराल, ढुटो कनिका खुवाएका पशु छेरेर मर्छन् ।' सिफारिस नगरिएका यस्ता धानका बीउ बिक्रेतालाई नै कारबाही गर्नुपर्ने रेग्मी बताउँछन् । उनका अनुसार समुद्र सतहदेखि ७ सय मिटरभन्दा माथिल्लो क्षेत्रमा यो धान लगाउनु हुँदैन । बर्णसंकर (हाइब्रिड) सबै प्रकारका जातका धान धेरै संवेदनशील हुने भएकाले त्यस्ता धान लगाउँदा प्राविधिकको सल्लाह लिनुपर्नेमा किसानले आफ्खुसी लगाउँदा बर्सेनि यस्तो समस्या देखिने गरेको रेग्मीको तर्क छ । बारुलुङका पनि धेरैजसो स्थानमा यस्तै रोग देखापरेको उनले बताए । यो रोग समाधानको उपयुक्त उपाय नभएको रेग्मीले बताए ।

धानमा देखिने यस्तो समस्या मौसमको खराबीले छिटो देखापर्ने प्राविधिकको दाबी छ । रात र दिनको तापक्रममा धेरै बदली हुने, पसाउने बेलामा वर्षा भइरहने रासायनिक मलको बढी प्रयोगलगायतका कारण यस्तो समस्या देखिने प्राविधिक कृष्ण तिवारीले बताए ।

बीउमा समस्या

गरिमाको डीएनए परीक्षणमा ढिलाइ

■ **राजु चौधरी** (काठमाडौं)

राष्ट्रिय धान बाली अनुसन्धान कार्यक्रम हर्दिनाथ, धनुषाका धान संयोजक रामवरण यादवको संयोजकत्वमा गठित समितिले गरिमा जातको हाइब्रिड धानको बीउ नक्कली रहेको आशंकासहित प्रतिवेदन तयार पाऱ्यो । प्रतिवेदन असोज १३ गते कृषि तथा पशुपन्छी विकासमन्त्री चक्रपाणि खनाललाई हस्तान्तरण भयो ।

थप पुष्टि गर्न बीउ विज्ञान प्रविधि महाशाखा खुमलटारले बीउको डीएनए परीक्षण सुरु गऱ्यो । महाशाखाका अनुसार धानको बीउ रोपेको ७ दिनमा पात लाग्छ । पात लागेपछि डीएनए परीक्षण गर्न मिल्ने र त्यसको ३ दिनमा डीएनएको नतिजा आइसक्छ ।

परीक्षण सुरु गरेको २२ दिन बित्दा पनि धानको डीएनए परीक्षणले गति लिएको छैन । 'बीउको डीएनए परीक्षणको काम भइरहेको छ,' नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का वैज्ञानिक सुशील सुवेदीले भने, 'तर, प्रगति भएको छैन । एक दुई दिन अझै लाग्छ ।' नार्कका अनुसार केही चरणमा परीक्षण भए पनि थप वैज्ञानिक आधार खोजी भइरहेको उनले बताए । तिहारअगाडिसम्म रिपोर्ट सार्वजनिक गर्ने गरी काम भइरहेको उनले बताए ।

डीएनए रिपोर्ट सार्वजनिकमा ढिलाइ हुँदा किसानहरू थप मर्कामा परेका छन् । गरिमा जातको हाइब्रिड धान एक सय २० देखि २५ दिनभित्रै पाक्नुपर्छ । अघिल्लो किसानले यस बेला वर्ष धान पाकेर थन्काएका थिए । अन्य जातका धान लगाउने किसानहरू धान काट्न व्यस्त छन् । गरिमा जातको धानको बाला नलागेपछि हरियै गाँज काट्न थालेका छन् । नक्कली बीउसँगै बाला लाग्ने आशामा बसेका किसानलाई फौजी कीराको प्रकोपले थप सताएको छ ।

सरकारसँग नियन्त्रण गर्ने ठोस योजना छैन, जसले गर्दा किसान थप मर्कामा परेका हुन् । मन्त्रालयका प्रवक्ता तेजबहादुर सुवेदीले पनि गरिमाको परीक्षणमा खासै अगाडि बढ्न नसकेको बताए । 'डीएनएको रिपोर्ट आएको छैन । रिपोर्ट नआएसम्म अगाडि बढ्न सक्ने अवस्था भएन,' उनले भने, 'कहिलकाहिं १० दिनमा आउँछ । थप पुष्टि गर्न लामो समय पनि लाग्न सक्छ ।'

बाला नलागेपछि चितवन खैरहनीका किसान हरियो धान काट्दै । *तस्विर : रमेशकुमार पौडेल/कान्तिपुर*

सरकारले डीएनए रिपोर्ट सार्वजनिक गर्न ढिलाइ गरेपछि केही एग्रोभेटले किसानलाई अफवाह फैलाउने गरेका छन् । उनीहरूले गरिमा बीउ आयात गर्ने कम्पनीलाई कारबाहीस्वरूप बन्द गरेकाले क्षतिपूर्ति पाउन नपाउने गलत सूचना प्रवाह गरेको पीडित किसानहरू बताउँछन् ।

'किसानहरू जानकार छैनन् । त्यसको फाइदा आयातकर्ताले उठाएका छन् । हाल उनीहरूको फर्म बन्द भएको छ । क्षतिपूर्ति नपाउने अफवाह फैलाइएको छ,' चितवनका एक एग्रोभेट सञ्चालकले भने, 'उक्त सूचनाले किसानहरू थप चिन्तित छन् ।' मन्त्रालयका अनुसार गरिमा हाइब्रिड धान २०७२ सालमा दर्ता भएको थियो । यसको विशेषता पाक्ने अवधि १२० देखि १२५ दिन, बोटको उचाइ १०० देखि १०५ सेन्टिमिटर, उत्पादन क्षमता ५.८ देखि ६.३ मेट्रिक टन, मसिनो दाना हो । यो जातको सिफारिस क्षेत्र तराई र भित्री मधेस हो । गरिमा बीउ स्रोत रिनोभा सिड साइन्स इन्डिया प्रालिले उत्पदान गरेको हो । आयातकर्ता साउथ इस्ट एसियन सिड कम्पनी प्रालिका देवानजंग चौधरी हुन् ।

आयातकर्ता चौधरीले बीउ नक्कली प्रमाणित भई नसकेको बताए । '२०७२ सालबाट बिक्री गरेको छु । केही समस्या थिएन । यो वर्ष १७ टन बिक्री गरें,' उनले भने, 'बजार बिगार्ने रहर कसैको हुँदैन । कम्पनी पनि अचम्ममा छ ।' उनले बीउ उत्पादनकै क्रममा केही समस्या भएको हुन सक्ने आशंका व्यक्त गरे । 'राज्यले पनि निष्पक्ष भएर छानबिन गर्नुपर्छ,' उनले भने, 'किसान पनि मर्कामा पर्नुभएन, व्यवसायी पनि भएन ।' उक्त बीउ सबैभन्दा बढी चितवनमा बिक्री भएको थियो ।

चितवनका लागि आधिकारिक विक्रेता पर्सा खुरखुरेमा रहेको प्रशान्त एग्रोभेट हो । प्रशान्त एग्रोभेटका सञ्चालक प्रदीप पाठक हुन् । पाठकले गरिमा धानको १३ हजार ४०४ केजी बीउ बिक्री गरेको बताए । चितवनमा मात्रै ९ हजार किलो बीउ बिक्री गरेको प्रतिवेदनमा उल्लेख छ । बाँकी बीउ रौतहट, नवलपरासी, नुवाकोट, लमजुङ, गोरखा र तनहुँलगायतका जिल्लामा वितरण भएको बताए । '१ सय ४० दिन हुन लाग्यो । धान निस्केको छैन,' प्रशान्त एग्रोभेटका सञ्चालक प्रदीप पाठकले भने, 'कुनै ठाउँमा बल्ल निस्किन थालेको छ ।'

'जसका नाममा सूचीकृत छ, मुद्दा चल्छ, एग्रोभेटले पनि बेहोर्नुपर्छ'
– कृषिमन्त्री खनाल

कृषिमन्त्री चक्रपाणि खनालले पनि डीएनए परीक्षणको रिपोर्टपश्चात् कानुनी प्रक्रिया सुरु गर्ने बताए । 'क्षतिको सूची संकलन गर्ने क्रममा छौं । अहिलेसम्म आयातकर्तालाई कारबाही भएको छैन,' उनले भने, 'जसको नाममा सूचीकृत छ, उसलाई मुद्दा चलाउँछौं ।' अन्य एग्रोभेटको हकमा कानुनअनुसार प्रक्रिया अगाडि बढाइने बताए । धान पाक्न ढिला भएपछि केही किसानले गाँज नै काट्न थालेका छन् ।

मन्त्रालयका प्रवक्ता सुवेदीका अनुसार प्राविधिकको सिफारिसमा मात्रै धान काट्नुपर्ने बताए । बीउ खरिद गरिएको बिल भरपाई सुरक्षित राख्नुपर्छ । 'सूची संकलन भइरहेको छ । डीएनएको रिपोर्ट आएपछि निर्णय हुन्छ,' प्रवक्ता सुवेदीले भने, 'डीएनएको आधारमा सुविधा हुन्छ । बिल भरपाईलगायत सबै सुरक्षित गरेर सम्बन्धित स्थानीय तह वडा कार्यालयमा उजुरी गरौं । प्राविधिकको सिफारिसमा मात्रै धान काट्न आग्रह गरेका छौं ।'

क्षतिपूर्तिमा अन्योल

स्थलगत अध्ययन प्रतिवेदनले गरिमा हाइब्रिडसँग मेल नखाएको उल्लेख भए पनि किसानले क्षतिपूर्ति पाउनेमा अन्योल देखिएको छ । **बाँकी पृष्ठ १३**

औद्योगिक क्षेत्रको ईआईए थन्कियो

■ प्रताप तिष्ट

सरकारले हेटौंडा उपमहानगरपालिका-१४ को मयूरधापमा स्थापना गर्ने भनेको नयाँ औद्योगिक क्षेत्रको ईआईए प्रतिवेदन छ महिनादेखि थन्किएको छ। औद्योगिक क्षेत्रको जग्गा निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने भएकाले निकुञ्ज कार्यालयले ईआईए स्वीकृत नगर्न वन मन्त्रालयमा पत्राचार गरेको छ।

निकुञ्जसँग कुनै स्वीकृत नलिई तारबार गर्ने र औद्योगिक क्षेत्र बनाउने कार्य कानुनविपरीत भएको निकुञ्जका अधिकारीहरूको भनाइ छ। 'यही विवादका कारणले मन्त्रालयबाट ईआईए स्वीकृतमा विलम्ब भएको छ,' परियोजनाका एक कर्मचारीले भने, 'ईआईए स्वीकृत नभएकाले परियोजनाको काम अघि बढ्न पाएको छैन।'

निकुञ्जको मध्यवर्ती क्षेत्रमा परेको जग्गा हटाउन हेटौंडा उपमहानगरपालिकाले वन मन्त्रालयलाई पत्राचार गरेको छ। 'अहिलेसम्म ईआईए मन्त्रालयबाट स्वीकृत भएको छैन,' हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका प्रमुख राजेन्द्र कँडेलले भने, 'छिटो स्वीकृत गरिदिन अनुरोध गरेका छौं, डीपीआरको काम सकिएको छ, ईआईए स्वीकृत भएपछि परियोजनाले काम सुरु गर्छ।'

हेटौंडा उपमहानगरपालिका-१४ मयूरधाप कालापानीमा औद्योगिक क्षेत्र परियोजना कार्यालय स्थापना गरिसकेको छ। सरकारले गत आवमा औद्योगिक क्षेत्रमा पूर्वाधारका काम बनाउन विनियोजन गरेको ५० लाख फ्रिज भएको थियो। चालु आवमा ३१ करोड विनियोजन गरेको छ। अहिलेसम्म ईआईए स्वीकृत नभएकाले उक्त रकम पनि खर्च गर्न समस्या हुने प्रमुख कँडेलले बताए।

सरकारले ०७२ चैत १ गते प्रदेश-३ को मयूरधापमा नयाँ औद्योगिक क्षेत्र घोषणा गर्ने निर्णय गरेको थियो। ०७३ साउन ६ गते औद्योगिक क्षेत्रका नाममा जग्गा हालेको थियो।

ईआईएको स्वीकृत हुनेबित्तिकै मयूरधाप कालापानी औद्योगिक क्षेत्रको शिलान्यास हुने परियोजनाले जनाएको छ। करिब २ सय बिघा क्षेत्रमा स्थापना गरिन लागेको औद्योगिक क्षेत्रको विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) को काम सकिइसकेको छ। उक्त जग्गामध्ये २० बिघा जमिन मुद्रण विभागले लिइसकेको छ। बाँकी जमिनलाई ४ देखि १४ रोपनीसम्मका गरी ६२ वटा प्लटमा विभाजित गर्ने जनाएको छ। नयाँ औद्योगिक क्षेत्रको जमिनमा अतिक्रमण र उत्खनन रोक्न तारबार लगाउने कार्य पनि गरिएको छ।

मयूरधापको उक्त ऐलानी जमिन औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको स्वामित्वमा गराउन मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको थियो। औद्योगिक क्षेत्रमा पूर्वाधार निर्माण गर्न कम्तीमा २ वर्ष लाग्न सक्ने प्रमुख कँडेलले बताए। उक्त नयाँ औद्योगिक क्षेत्रमा एक सय उद्योग स्थापना हुन सक्नेछन्। गुरुयोजनाबमोजिम निर्माणमा साढे ७ अर्ब खर्च हुने अनुमान गरिएको छ।

'पूर्वमा मयूरधापको बस्ती, पश्चिममा कालापानी, उत्तरमा १६ नम्बर वडा र दक्षिणमा उत्तरपानी पर्ने उक्त चार

- डीपीआर सकियो
- ६२ वटा प्लट बन्ने

किल्लाभित्र रहेको चुरे खहरेको उकास जमिनमा नयाँ औद्योगिक क्षेत्र स्थापना गर्न लागेको हो। चुरेको खहरेको उकास जमिनमा उद्योग स्थापना गर्न लागेको हो। वर्षौंअगाडिसम्म त्यही जमिन भएर चुरेको खहरे बग्ने गरेको थियो। अहिले धार बदलेर खहरे अन्यत्रबाट बगेकाले उक्त जमिन सुरक्षित छ।

बुटचानहरूले ढाकेको उक्त जमिनमा ठूला रूखहरू छैनन्। राजमार्गसँग जोड्न सडक पुऱ्याउन पनि समस्या नहुने र बिजुली पनि सहज ढंगले पुऱ्याउन सकिने भएकाले औद्योगिक क्षेत्र स्थापना गर्न उपयुक्त थलो रहेको उद्योग संघ मकवानपुरका अध्यक्ष नवराज अर्यालले भने, 'अनुत्पादक जग्गा उपयोगमा पनि आउने, औद्योगिक क्षेत्रलाई आवश्यक पर्ने पूर्वाधारहरू उक्त स्थानमा निर्माण गर्न सहज हुन्छ।'

अमेरिकी सरकारको सहयोगमा २०२० सालमा २ सय १२ बिघा जमिनमा हेटौंडा औद्योगिक क्षेत्र स्थापना गरेको थियो। ५६ वर्षपछि हेटौंडा औद्योगिक क्षेत्र नजिककै २ सय १ बिघा जमिनमा औद्योगिक क्षेत्र स्थापना गर्न लागेको हो।

तिहारअघि नै फूलको माग उच्च

झापाको बिर्तामोडमा फूल टिप्दै महिला। तस्बिर : अर्जुन/कान्तिपुर

■ अर्जुन राजवंशी (बिर्तामोड)

फूल खेती गरेका यहाँका उद्यमी महिलालाई दसैंयता बिक्री गर्न भ्याइनभ्याइ छ।

स्थानीय गोमा भट्टराई, नैनाकला भट्टराई, सुष्मा भण्डारी, कञ्चना बराल, यशोदा चापागाईं र शर्मिला अधिकारीले बिर्तामोड नगरपालिका ४ स्थित एक बिघा जमिनमा फूल खेती गरेका थिए। साउन अन्तिम साता लगाएको फूल खेतीमा दसैंको घटस्थापनाका दिनदेखि फूल बिक्री सुरु भएको छ।

विषादीमुक्त खेती गरेकाले फूलको माग दैनिक आउने गरेको भण्डारीले बताइन्। दसैंदेखि दैनिक ५०-६० वटा माला बिक्री गर्दै आएको उनले बताइन्। ३० वटा थुङ्गाको एउटा माला बनाएर उनीहरूले प्रतिमाला ५० रुपैयाँ लिने गरेका छन्।

'दसैं मा भएका विवाह, पूजा तथा दैनिकजसो हुने सहकारीका साधारणसभाबाट फूलको माग आउने गरेको छ,' भण्डारीले भनिन्। उनीहरूले २० हजार सयपत्री फूलका बिरुवाबाट उत्पादन लिइरहेका छन्। फूल खेती प्लास्टिक मल्चिङ विधिबाट गरेका छन्। आफैले नर्सरी राखेर गरेको फूल खेतीमा करिब ३ लाख रुपैयाँ लगानी गरेका छन्। 'तिहारसम्ममा हामीले ५ लाख रुपैयाँको फूल बिक्री गर्ने लक्ष्य राखेका छौं,' गोमाले भनिन्।

तिहारका लागि फूल खेती गरे पनि दसैंदेखि नै फूलको माग आउन थालेको नैनाकला भट्टराईले बताइन्। 'हामीले अर्गानिक फूल उत्पादन गरेका छौं,' नैनाकलाले भनिन्, 'धेरै फूल बेचेर पैसा कमाउनेभन्दा पनि भारतबाट आउने विषादीयुक्त फूलको प्रयोग घटाउने हाम्रो लक्ष्य हो।' जिल्लामा बिर्तामोड, धुलाबारी, भद्रपुर, दमक, सुरुङ्गा, हल्दीबारी, चारपाने, कचनकवललगायतका स्थानमा व्यावसायिक फूल खेती गरिएको छ। 'तिहारअगावै फूल फूले पनि कुनै समस्या भएन,' बरालले भनिन्, 'बजारमा फूलको माग दैनिक रहेकाले किसानलाई फूल खेतीबाट कुनै क्षति छैन।'

उनीहरूले बेरोजगार महिलाहरूको प्रेरणाका लागि विगत तीन वर्षदेखि सयपत्री फूलको खेती गर्दै आएका छन्। 'काम नगरी घरमै बसोबास गर्ने महिला दिदीबहिनीहरूलाई फूल खेतीबाट पनि आम्दानी गर्न सकिन्छ भनेर प्रेरणा दिन हामीले यो खेती गरेका हौं,' भण्डारीले भनिन्, 'हाम्रो आआफ्नै पेसा व्यवसाय छ।

दिनमा एक-दुई घण्टा समय दिँदा पनि फूल खेतीबाट राम्रो आम्दानी गर्न सकिँदोरहेछ।' उनीहरूले वार्षिक ५० हजारका दरले ५ वर्षका लागि जग्गा लिजमा लिएर फूल खेती गर्दै आएका छन्।

बजार लिँदै तिहारे फूल

■ माधव अर्याल (पाल्पा)

जिल्लामै पहिलोपटक तिहार लक्षित व्यावसायिक फूल खेती रामपुर नगरपालिका-४, देवीस्थानमा गरिएको छ। स्थानीय दिलबहादुर थापाले पहिलोपटक लगाएको तिहारे फूलले बजार लिन थालेको छ। एक हप्ते तालिम लिएसँगै उनले व्यावसायिक फूल खेती सुरु गरेका हुन्। बारीमा नर्सरी बनाएर लगाएको फूल दसैंपछि ढकमक्क फूलेको छ। उनको फूल खेती हेर्न वरपरका बासिन्दासमेत पुग्ने गरेका छन्।

सदरमुकामदेखि ७० किलोमिटर पूर्वमा लगाए पनि स्थानीय बजारमै खपत हुने विश्वास उनको छ। तिहारलाई मध्यनजर गर्दै थापाले एक रोपनी बारीमा फूल लगाएका हुन्। दसैंदेखि नै टिप्न तयार भएको उनले बताए। 'बारीको फूल विभिन्न संघसंस्थाले औपचारिक कार्यक्रममा लैजाने गरेका छन्,' उनले भने। उनले बारीमा हाइब्रिड र उन्नत जातको सयपत्री र मखमली फूल लगाएका छन्।

रामपुर नगरपालिका-४ को उद्यमी कृषक महिला समूहले पनि थापासहित कृषि सेवा कार्यालयको सल्लाहमा एक रोपनी जमिनमा सयपत्री फूल खेती गरेको छ। समूहमा आबद्ध १८ जना महिलाले रामपुरमा पहिलोपटक यस वर्ष फूल खेती गर्न सफल भएको समूहकी सीमा रानाले बताइन्। उनले लगाएको फूल खेतीको रामपुर नगरपालिकाका प्रमुखसहितको टोलीले अवलोकन गरेको प्रमुख प्रशासकीय अधिकृत बाबुराम अर्यालले बताए। व्यावसायिक फूल खेतीको अवलोकन गर्दै नगर प्रमुख रमण थापाले फूलको बजार तिहारमा मात्र नभएर वर्षभरि नै हुने बताए। 'फूल खेती रामपुरको गौरव बन्नेछ,' उनले भने। रामपुर नगरपालिका-४ की वडा सदस्य तथा न्यायिक समिति सदस्य पार्वती परियारले दसैं र तिहारमा प्लास्टिकका फूलले बजार ढाकेका बेला स्थानीयस्तरमा गरिएको फूल खेतीले सबैलाई राहत पुग्ने बताइन्। रामपुरमा घरघरमा बगैंचा र गमलामा फूल लगाउन सुरु भएको छ। 'त्यसैले पनि नर्सरीको बिरुवाबाट पनि राम्रो आम्दानी हुन्छ भन्ने लागेको छ,' उनले भने, 'आवश्यकताअनुसारका फूलका बिरुवासमेत तयारी गर्ने गरेको छु।'

नेपाल स्टक एक्सचेन्ज

४ कार्तिक २०७६ को कारोबार

कम्पनीको नाम	अघिल्लो दिनको मूल्य	अन्तिम मूल्य	कारोबार संख्या	फरक
आँधीखोला लघुवित्त	४१४	४१५	४४०	१
कृषि विकास बैंक	४१३	४१२	१३६०९	-१
आंखुखोला जलविद्युत	५४	५४	३३०	०
अपी पावर कम्पनी	१११३	१११९	४५९४४	-२
अरूण कावेली पावर	१३४	१३४	८१५	०
अरूणभ्याली हाइड्रोपावर	९३	९४	३८९७	१
आशा लघुवित्त	३८३	३९५	४७०	१२
एसियन लाइफ इन्स्योरेन्स	३१४	३१४	१६२२	०
बैंक अफ काठमाडौं लि.	२२६	२२६	१८४२७	०
बरूण हाइड्रोपावर	८७	८९	८०	२
बेस्ट फाइनान्स	९३	९०	१५१४	-३
बोटलर्स नेपाल (तराई) लि.	६४४६	६३१८	१०	-१२८
बुटवल पावर कम्पनी	३६२	३५८	१७४४	-४
सेन्चुरी कमर्सियल बैंक	१५४	१५३	७०५३	-१
छिमेक लघुवित्त विकास बैंक	९६१	९६४	४४२	३
छ्याङ्दी हाइड्रोपावर	८०	८०	७८	०
चिलिमे हाइड्रोपावर	४२३	४१८	२५६०	-५
सिटिजन बैंक इन्टरनेशनल	१९३	१९२	४७४४	-१
सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट	१७७०	१७८८	८४०	१८
सिटी एक्स्प्रेस फाइनान्स	१११	१११	२५६	०
सिमिल बैंक	१४२	१४२	१७९९९	०
सिमिल लघुवित्त	४७५	४६७	९४	-८
डिप्रोक्स लघुवित्त वित्तीय संस्था	७२४	७२२	३५६	-२
देव विकास बैंक	१२६	१२५	२२२८३	-१
दिव्येश्वरी हाइड्रोपावर	५७	५६	५६०	-१
एमरेष्ट बैंक लि.	५४९	५४५	७७८६	-४
एमरेष्ट बैंक लि. प्रि.	७११	६४५	५०	-६६
एमरेष्ट इन्स्योरेन्स	२२२	२२१	१४१०	-१
फस्ट माइक्रोफाइनान्स	३१३	३१२	३०११	-१
फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स	१२७०	१२७१	१८७	१
गणपति माइक्रोफाइनान्स	४५२	४४७	६००	-५
गरिमा विकास बैंक	२१३	२१३	१९५५	०
घोडीघोडा लघुवित्त	२९१	३०५	२०	१४
गुडविल फाइनान्स	१३४	१३३	२१०	-१
ग्रामीण विकास लघुवित्त	३०८	३०८	११७०	०
ग्रीन डेभ. बैंक	१०६	१०३	६००	-३
गुराँस लघुवित्त वि. संस्था	४१८	४१८	३७५	०
गुराँस लाइफ इन्स्योरेन्स	३५९	३५७	५४७	-२
गुर्खाज फाइनान्स	११०	१०९	१५०	-१
हिमालयन ऊर्जा विकास क.	१०५	१०३	२७०	-२
हिमालयन बैंक	५००	४९०	३३६६	-१०
हिमालय डिष्टिलरी	१४३०	१४०२	४५७	-२८
हिमालयन जनरल इन्स्योरेन्स	२६५	२६७	२७४	२
हिमालयन पावर पार्टनर	१३८	१३९	३५०	१
जलविद्युत लगानी तथा विकास क.	१३६	१३७	१५६१	१
आईसीएफसी फाइनान्स लि.	१६०	१५८	६२०	-२
आईएमई जनरल इन्स्योरेन्स	२९०	२९०	१४५	०
इन्फिनिटी लघुवित्त	४१६	४१५	५६०	-१
ज्योति विकास बैंक	१५७	१५६	७२६३	-१
कामना सेवा विकास बैंक	१४२	१४१	३१७९	-१
कर्णाली डेभ. बैंक	१०५	१०१	४००	-४
खानीखोला हाइड्रोपावर	६०	५९	३२	-१
कुमारी बैंक लि.	१७८	१८१	१३१६३	३
लक्ष्मी बैंक	२१३	२१४	१६६३	१
लक्ष्मी लुघुवित्त	६५०	६५५	८००	५
लाइफ इन्स्योरेन्स कम्पनी	९८८	९८०	७६४	-८
लुम्बिनी विकास बैंक	१७५	१७२	१६७४	-३
लुम्बिनी जनरल इन्स्योरेन्स	३१५	३०८	९४०	-७
माछापुच्छ्रे बैंक लि.	२२२	२२४	९७३६	२
महालक्ष्मी विकास बैंक	२१४	२१४	२०६८५	०
महिला सहयात्रा माइक्रोफाइनान्स	४९७	४७९	८४	-१८
महुली सामुदायिक लघुवित्त	८७०	८७०	६१३	०
मेगा बैंक	१९६	१९४	३६१३०	-२
मेरो माइक्रोफाइनान्स	५५०	५५०	२३२२	०
मितेरी डेभलपमेन्ट बैंक	२४५	२५२	८०	७
मिथिला लघुवित्तीय वित्तिय संस्था	४४३	४३०	८६	-१३
माउन्टेन हाइड्रो नेपाल	७९	७८	३३८५	-१
मुक्तिनाथ विकास बैंक	३१०	३०६	८२२०	-४
नबिल बैंक	७५७	७५८	६०५६	१
नबिल इक्विटी फन्ड	७.९४	८.१२	२९००	०.१८
नेडेप लघुवित्त	३९८	३९३	३३०	-५
नेशनल हाइड्रोपावर	५३	५२	१९३०	-१
नेशनल लाइफ इन्स्योरेन्स	४५०	४५५	४०७३	५
नेशनल माइक्रोफाइनान्स	१६९०	१६८०	१००	-१०
नेको इन्स्योरेन्स	३५९	३५४	२५१७	-५
नेपाल बंगलादेश बैंक लि.	२१०	२१०	११३२४	०
नेपाल बैंक लि.	३१७	३१८	२४०९०	१
नेपाल क्रेडिट एन्ड कमर्स बैंक	१९७	१९९	१०६०२	२
नेपाल दूरसञ्चार	६२०	६२०	२१००	०
नेपाल इन्स्योरेन्स	२६४	२५७	१३४०	-७
नेपाल इन्भेष्टमेन्ट बैंक	४४४	४४३	८४२६	-१
नेपाल इन्भेष्टमेन्ट बैंक प्र.से.	४०९	४०८	४५००	-१
नेपाल लाइफ इन्स्योरेन्स क. लि.	७७३	७७६	७७५०	३
नेपाल एसबीआई बैंक	३९९	४०३	३९४	४
नेपाल सेवा लघुवित्त वित्तीय संस्था	३७५	३७६	५०	१
न्याग्दी ग्रुप पावर	९९	९८	३००	-१
एनआईबीएल प्रगति फन्ड	७.०३	७.१९	३०००	०.१६
एनआईबीएल सम्बृद्धि फन्ड १	८.६९	८.६१	३०००	-०.०८
एनआईसी एसिया बैंक	३८२	३८४	६०६९	२
निर्धन उत्थान बैंक	८६३	८६९	१०२०	६
एनएलजी इन्स्योरेन्स	५८१	५७०	१०२००	-११
एनएमबी माइक्रोफाइनान्स	१०८३	१०७५	१६३०	-८
ओरियन्टल होटल	४४२	४४२	६०	०
पाँचथर पावर क.	९३	९३	३३०	०
पोखरा फाइनान्स	१३४	१३४	१७२३	०
प्रभु बैंक	२६५	२६३	७१६१८	-२
प्रभु इन्स्योरेन्स	३०६	३०६	१८८६	०
प्रिमियर इन्स्योरेन्स	३६४	३६५	१९९९	१
प्राइम कमर्सियल बैंक	२६४	२६५	३९५८	१
प्राइम लाइफ इन्स्योरेन्स	३११	३२४	२७०	१३
प्रोग्रेसिभ फाइनान्स	९५	९७	४८७०	२
राधी विद्युत कम्पनी	१४४	१३६	४६४	-८
राइराङ हाइड्रोपावर	१००	१००	१७०	०
राष्ट्रिय बिमा कम्पनी	८४००	८५६०	४०	१६०
राष्ट्रिय बिमा कम्पनी प्र.से.	७५१०	७६६०	१०	१५०
रसुवागडी हाइड्रोपावर	१६६	१६५	१२२५०	-१
रिलायन्स फाइनान्स	११५	११३	३००	-२
रिडी हाइड्रोपावर	७८	७९	१०८४	१
आरएमडीसी लघुवित्त वित्तीय संस्था	६०६	६०६	१८९	०
सबैको लघुवित्त	४६१	४५०	३००	-११
सगरमाथा इन्स्योरेन्स	४९२	४९१	६१७	-१
समता माइक्रोफाइनान्स	५३०	५२४	१०	-६

कुल कारोबार मूल्य : १६४,३४९,५३६ | कारोबार संख्या : ३,४२५
सेयर संख्या : ६०८,६०१ | नेप्से : १,१३२.४० (-१.३३)

तिहार काउन्टर सञ्चालन सम्बन्धी सूचना

शुभ दीपावली २०७६ को पावन अवसरमा हाम्रा ग्राहक महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। शुभ दीपावलीको समयमा ग्राहक माहानुभावहरूको सुविधालाई ध्यानमा राख्दै प्रभु बैंकले देहाय बमोजिमका शाखा कार्यालयहरूमा नगद कारोबार संचालन हुने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गर्दछौं।

काठमाण्डौ उपत्यका भित्र

खुल्ला रहने शाखा	खुल्ला रहने मिति	कारोबार समय	प्रदेश
१. मुख्यशाखा, बबरमहल	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. ३
२. कमलादी	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. ३
३.जावलाखेल	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. ३
४.गंगबु, चोक	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. ३
५.खिचापोखरी न्यूरोड	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. ३
६.सुर्यविनायक	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. ३
७.कोटेश्वर, भाटभटेनि	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. ३
८.कालिमाटि	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. ३
९.बौद्ध	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. ३

उपत्यका बाहिर

खुल्ला रहने शाखा	खुल्ला रहने मिति	कारोबार समय	प्रदेश
१. जनकपुर	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. २
२. ईटहरी	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. १
३. नारायणगढ	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. ३
४. दमक	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. १
५. धरान	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. १
६. सिराहा	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. २
७. बुटवल	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. ५
८. भैरहवा	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. ५
९. न्यूरोड पोखरा	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. ४
१०.नेपालगन्ज	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. ५
११. कलैया	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. २
१२. विरगन्ज	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. २
१३. विराटनगर	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. १
१४.बाग्लुङ	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. ४
१५. धनगढी	कार्त्तिक १० र ११ गते	११ देखी २.०० बजे सम्म	नं. ७

नोट : २०७६ कार्तिक १२ गते मंगलवार भाई टिकाको दिन ३६५ दिने बैंकिङ्ग सेवा बन्द रहने छ।

उपलब्धहुने सेवाहरु:
१) निक्षेप जम्मा।
२) चेक भुक्तानी -(बढीमा दैनिक रु. १,००,०००/)।
३) रेमिट्यान्स रकम बढीमा रु. ५०,०००/०० सम्म (सो भन्दा बढी रकमका लागि खाता खोली जम्मा गर्न पाउने)।

prabhu BANK
मुख्य कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ४७८८५००, फ्याक्स नं. ५७७-१-४७८०५८८

राष्ट्रिय सहकारी बैंक लिमिटेडको नयाँ शेयर प्रमाणपत्र वितरण सम्बन्धी सूचना

प्रकाशित मिति : २०७६/०७/०५

यस बैंकको विनियममा भएको व्यवस्था बमोजिम यस पूर्व प्रति कित्ता रु.१००० का दरले हुन आउने रकम बराबरको शेयर प्रमाणपत्र उपलब्ध गराउँदै आएकोमा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ मा भएको व्यवस्था बमोजिम यस बैंकले पनि आफ्नो विनियममा संशोधन गरी प्रति कित्ता शेयर रकम रु.१०० कायम गरी सदस्यहरुलाई प्रति कित्ता रु.१०० का दरले हुन आउने रकम बराबरको नयाँ शेयर प्रमाणपत्र जारी गर्न बैंकको सञ्चालक समितिको बैठकबाट मिति २०७५/१२/१६ गते भएको निर्णयानुसार नयाँ शेयर प्रमाणपत्र तयार गरी सम्बन्धित शाखा कार्यालयमा पठाई सकिएकोले पुरानो शेयर प्रमाणपत्र फिर्ता बुझाई नयाँ शेयर प्रमाणपत्र बुझिलिनु हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: कुपण्डोल, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop

६५ लाखको फूलको कारोबार

काठमाडौं (कास)- फ्लोरिकल्चर एसोसिएसन नेपालले आयोजना गरेको '१३ औं गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनी २०७६' ले चार दिनमा ६५ लाख रुपैयाँको कारोबार गरेको छ।

एसोसिएसनले ५० लाख रुपैयाँको कारोबार हुने अनुमान गरेको थियो। ललितपुर, जावलाखेलको खेल मैदानमा कात्तिक १ गतेदेखि ४ गतेसम्म चलेको मेलाको अन्तिम दिन १५ लाख रुपैयाँको कारोबार भएको एसोसिएसनका उपाध्यक्ष शिवबहादुर खड्काले जानकारी दिए।

'मेलाले गरेको व्यावसायिक कारोबारदेखि लिएर आयोजक खुसी छौं,' उनले भने, '३५ हजारले प्रत्यक्ष अवलोकन गर्ने अपेक्षा थियो, ४१ हजारले अवलोकन गरेका छन्।' मेलामा भएको फूल प्रदर्शनी भएको कारोबार तथा अवलोकनकर्ताहरूको भीडले पुष्प व्यवसायीलाई हौसला मिलेको उनले बताए।

उत्कृष्ट नर्सरीलाई कात्तिक १ गते नै विजेताहरूलाई पुरस्कृत गरिएको थियो। मेलामा गोदावरी फूलको विविध प्रजातिहरूमध्ये यस प्रदर्शनी मुख्यत: स्पाइडर, मिनियचर, इन्क्रभ, रिफ्लेक्स र कट फ्लावरका विधालाई प्रतिस्पर्धामा समावेश गरिएको थियो। गोदावरीको प्रतियोगितात्मक प्रदर्शनीमा सम्झना नर्सरी पहिलो, टीपीआर मितेरी नर्सरी दोस्रो र बंगलामुखी नर्सरी तेस्रो भएका थिए।

अर्थ संक्षेप

सीजीको लक्की ड्र सम्पन्न

काठमाडौं (कास- चाडपर्वलाई लक्षित गरी सीजीले 'सीजीसँग उत्साह उमंग थाइल्यान्ड जाऊ परिवारसँग' नामक स्किमको पहिलो चरणको लक्की ड्र सीजीको आधिकारिक फेसबुक पेजमार्फत प्रत्यक्ष प्रसारण गरी सम्पन्न गरेको छ। यो योजनामा सीजीको प्रत्येक होम अप्लायन्सको खरिदमा उपहार राखिएको थियो। लक्की ड्रमा सुनसरी खनारका भरत साह र गोदावरीका कुमार लामाको जोडीले थाइल्यान्ड जाने अवसर प्राप्त गरेका छन्।

गुहेश्वरीको नयाँ शाखा

काठमाडौं (कास)- रौतहट, चन्द्रनिगापुरमा गुहेश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स लिमिटेडले सोमबारदेखि नयाँ शाखा सञ्चालनमा ल्याएको छ। एक समारोहका बीच नगरपालिकाका मेयर रामचन्द्र चौधरी र संस्थाका प्रमुख कार्यकारी अधिकृत दिनेशलाल श्रेष्ठले संयुक्त रूपमा शाखाको उद्घाटन गरेका थिए।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभागको
अत्यन्त जरुरी सूचना

नेपाल सरकारले औषधि ऐन, २०३५ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी एकभन्दा बढी तत्व समाबेश भएको भिटामिन वा टनिक किसिमका औषधिहरुको देहाय बमोजिमको सम्मिश्रण वाहेक अन्य सबै सम्मिश्रणको उत्पादन, परिवहन, बिक्री-वितरण गर्न मनाही गरिएको सूचना मिति २०४९।११।१८ को नेपाल राजपत्र (खण्ड ४२ संख्या ४६ भाग ३) मा प्रकाशित भएकोमा Food Supplement/Dietary Supplement को नाममा यस्ता प्रतिबन्धित औषधिहरु फर्मास्युटिकल बनावट (Tablet/Capsule/Syrup) मा गैर कानूनी ढंगबाट आयात गरी औषधि पसलहरुबाट बिक्री-वितरण भएको पाइएको हुँदा त्यस्ता औषधिहरुको पैठारी, बिक्री-वितरण, संचय, परिवहन तथा बिरामीहरुलाई सिफारिश नगर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ। अन्यथा औषधि ऐन २०३५ बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

S.No.	Vitamin	Unit	Adult Dose	Pediatric Dose
1.	Vitamin A	IU	NLT 5000 & NMT 10000	NLT 1500 & NMT 5000
2.	Vitamin D	IU	NLT 400 & NMT 1000	NLT 100 & NMT 400
3.	Vitamin B1	mg	NLT 4.5 & NMT 10	NLT 1 & NMT 4.5
4.	Vitamin B2	mg	NLT 5 & NMT 10	NLT 1 & NMT 5
5.	Vitamin B6	mg	NLT 1.5 & NMT 3	NLT 1 & NMT 3
6.	Niacinamide	mg	NLT 45 & NMT 100	NLT 10 & NMT 40
7.	d-Panthenic acid or its salts & Panthenol	mg	NLT 5 & NMT 50	NLT 2.5 & NMT 10
8.	Folic acid	mcg	NLT 1000 & NMT 1500	NLT 100 & NMT 500
9.	Vitamin B12	mcg	NLT 5 & NMT 15	NLT 1 & NMT 5
10.	Vitamin C	mg	NLT 75 & NMT 150	NLT 30 & NMT 80
11.	Vitamin E	IU	NLT 15 & NMT 25	NLT 5 & NMT 20

NLT – Not Less Than; NMT – Not More Than
नोट : उपर्युक्त मनाही बाह्य प्रयोग र भेटेरिनरी प्रयोगका औषधिको हकमा लागू गरेको छैन।

ललितपुरको बालकुमारीमा भवन निर्माण गर्दै कामदार । पछिल्लो समय कामदारले निर्माण कार्यमा सुरक्षालाई पनि ध्यान दिने गरेका छन् । *तस्बिर : अनिश रेग्मी/ कान्तिपुर*

११ अर्बको अप्टिकल फाइबर परियोजनामा समस्या

■ **विजय तिमल्सिना** (काठमाडौं)

मध्यपहाडी लोकमार्गअन्तर्गत सबै जिल्ला सदरमुकामलाई अप्टिकल फाइबरले जोड्न नेपाल दूरसञ्चार प्राधिकरणले सुरु गरेका परियोजना समस्यामा परेका छन् । असोज ३० गते प्राधिकरणले कर्णाली र सुदूरपश्चिम प्रदेशका सबै जिल्ला सदरमुकाम जोड्ने गरी अप्टिकल फाइबर बिछ्याउन स्मार्ट टेलिकमलाई दिएको ४ अर्बको परियोजनाको सम्झौता रद्द गरेको छ ।

मध्यपहाडी जिल्ला हुँदै जिल्ला सदरमुकामसम्म अप्टिकल फाइबरले जोड्न प्राधिकरणले तीन वटा टेलिकम कम्पनीलाई ठेक्का दिएको थियो । स्मार्टबाहेक अर्को एक कम्पनीलाई प्रदेश ४ र ५ मा अप्टिकल फाइबर विस्तारका लागि दिएको ठेक्का पनि प्राधिकरणले यसअघि रद्द गरिसकेको छ भने प्रदेश १, २ र ३ मा काम गर्ने जिम्मा पाएको नेपाल टेलिकमले पनि निकै ढिला गरी काम अघि बढाएको छ ।

स्मार्टलाई २ वर्षमा काम सक्ने गरी परियोजना दिइएको भए पनि २ वर्ष ३ महिनामा जम्मा शून्य दशमलव ८ प्रतिशत मात्रै काम भएको प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले जानकारी दिए । 'साउनमा उसको दुईवर्षे म्याद सकिएको थियो,' उनले भने, 'प्रगति हेर्न हामीले तीन महिनाको म्याद थप्यौं तर प्रगति लगभग शून्यको स्थितिमा देखियो ।'

प्राधिकरणले स्मार्टसँग ठेक्का सम्झौता रद्द गर्नुअघि यूटीएलसँगको ठेक्का सम्झौता पनि रद्द गरेको थियो । २ अर्ब १ करोड रुपैयाँ लागतमा प्राधिकरणले वैशाख २०७४ वैशाख २५ मा यूटीएललाई प्रदेश ४ र ५ मा अप्टिकल फाइबर बिछ्याउने जिम्मा दिएको थियो । ठेक्का सम्झौताको दुई वर्षसम्म पनि यूटीएलले अप्टिकल फाइबर बिछ्याउन कुनै प्रगति गर्न नसकेपछि प्राधिकरणले यही वैशाख २४ गते यूटीएलसँगको ठेक्का रद्द गरेको थियो । ठेक्का रद्द गर्ने प्राधिकरणको निर्णय लिएर अदालत पुगेको यूटीएलको पक्षमा सर्वोच्चले अन्तरिम आदेश दिएको छ ।

गोरखाको आरुघाटदेखि बाग्लुङको बुर्तिबाङसम्म २१ जिल्ला सदरमुकाम छुने गरी अप्टिकलफाइबर बिछ्याउन यूटीएलसँग प्राधिकरणले सम्झौता गरेको

सबै जिल्ला सदरमुकाम जोड्ने गरी अप्टिकल फाइबर बिछ्याउने जिम्मा पाएका तीन कम्पनीमध्ये दुईसँको सम्झौता रद्द

थियो । ठेक्का सम्झौताअनुसार यूटीएलले १ हजार ४ सय ८२ किलोमिटर भूमिगत र ६ सय ३६ किलोमिटर एडीएसएस गरी कुल २ हजार १ सय १७ किलोमिटर अप्टिकल फाइबर बिछ्याउनुपर्ने थियो ।

प्राधिकरणले ग्रामीण दूरसञ्चार कोषमा जम्मा भएको रकम परिचालन गरी सबै जिल्ला सदरमुकाम जोड्ने गरी अप्टिकल फाइबर बिछ्याउने योजनाअघि सारेको हो । प्राधिकरणले यो कामलाई तीन खण्डमा विभाजन गरी छुट्टाछुट्टै दूरसञ्चार कम्पनीलाई जिम्मा दिएको भए पनि पूरा हुनुपर्ने समयमा आएर परियोजना लथालिंग अवस्थामा छ ।

प्रदेश १ देखि ३ सम्मको सबै जिल्ला सदरमुकाम छुने गरी अप्टिकल फाइबर बिछ्याउने काम नेपाल टेलिकमले पाएको छ । ५ अर्बबराबरको यो ठेक्का टेलिकमलाई बिनाप्रतिस्पर्धा दिइएको हो । टेलिकमले पनि सम्झौता गरेको करिब २ वर्षपछि बल्ल अप्टिकल फाइबर बिछ्याउन केही महिनाअघि अन्य कम्पनीसँग ठेक्का सम्झौता गरेको छ ।

प्रदेश १ मा ५ सय ९६ किलोमिटर अप्टिकल फाइबर बिछ्याउने टेलिकमले जनाएको छ । यसका लागि कोरियाली कम्पनी एलएस कबल्ससँग सम्झौता भइसकेको छ । प्रदेश २ मा १ हजार २८ किलोमिटर अप्टिकल फाइबर विस्तार हुनेछ । प्रदेश दुईमा काम गर्न आराग्य कन्स्ट्रक्सन नेपाल, चाइना रेल्वे र चाइना फ्युलको जोइन्ट भेन्चरले पाएका छन् ।

प्रदेश ३ मा ४ सय ५५ किलोमिटरमा फाइबर बिछ्याइने टेलिकमले जनाएको छ । यो कामको जिम्मा हङकङको चाइना कम्युनिकेसन सर्भिस इन्टरनेसनल (सीसीएसआई) ले पाएको छ । अप्टिकल फाइबर विस्तारको क्रममा आवश्यक पर्ने डीडब्लूडीएम र राउटरजस्ता उपकरणको लागि क्रमश: सीसीएसआई र सिंगापुरको सीटीएस कम्युनिकेसनसँग सम्झौता भएको छ ।

प्राधिकरण र टेलिकमबीच २०७३ असोज १२ गते सम्झौता भएको थियो । अप्टिकल फाइबर विस्तारको काम २ वर्षमा सक्ने उल्लेख भए पनि ढिला गरी काम सुरु भएको हो । टेलिकमले पाएको परियोजनाअन्तर्गत मध्यपहाडी लोकमार्गमा ८ सय ४ किलोमिटर अप्टिकल फाइबर बिछ्याइनेछ । लोकमार्गको वरपरका जिल्ला सदरमुकाम जोड्ने गरी थप १ हजार ५ सय ७२ किलोमिटर लिंक विस्तार गरिनेछ । यसअन्तर्गत कुल २ हजार ३ सय ७६ किलोमिटर अप्टिकल फाइबर विस्तार गरिने टेलिकमले जनाएको छ ।

वित्तीय पहुँचको स्थिति

३६ सय नागरिकलाई एक बैंक शाखा

कान्तिपुर संवाददाता (काठमाडौं)

बैंक तथा वित्तीय संस्थाको एउटा शाखाले औसतमा ३ हजार ६ सय नागरिकलाई वित्तीय सेवा दिँदै आएको राष्ट्र बैंकको एक अध्ययनले देखाएको छ । ०७५ असारमा प्रतिशाखाले ४ हजार ३ सय ३३ जनालाई सेवा दिँदै आएका थिए । मुलुकभर वित्तीय पहुँच विस्तारसँगै प्रतिशखा आश्रित जनसंख्या (सेवाग्राही) पनि घट्दै गएको अध्ययनको निष्कर्ष छ ।

'बैंक तथा वित्तीय संस्थाको शाखा विस्तारसँगै एक बैंक शाखाबाट सेवा प्राप्त गर्न सक्ने औसत जनसंख्याको आकार पनि क्रमश: घट्दै गएको छ,' प्रतिवेदनमा भनिएको छ ।

गत असोजसम्म मुलुकभर बैंक तथा वित्तीय संस्थाका ८ हजार ८ सय ५ शाखा सञ्चालनमा छन् । जसमध्ये प्रदेश तीनमा सबैभन्दा धेरै २ हजार २ सय ३१ शाखा सञ्चालनमा छन । काठमाडौं उपत्यका प्रदेश ३ मै पर्ने र धेरै बैंक तथा वित्तीय संस्थाको केन्द्रमै रहेकाले यो क्षेत्रमा धेरै शाखा देखिएको राष्ट्र बैंकले जनाएको छ ।

काठमाडौं उपत्यका (प्रदेश ३) छोड्ने हो भने वित्तीय पहुँचमा प्रदेश ५ अघि छ । यो प्रदेशमा बैंक तथा वित्तीय संस्थाका १ हजार ७ सय ४ शाखा सञ्चालनमा छन् । प्रदेश ५ मा प्रतिशाखामार्फत २ हजार ९ सय ५१ जनाले वित्तीय सुविधा पाउँदै आएका छन् । वित्तीय पहुँचका हिसाबले कर्णाली प्रदेश सबैभन्दा पछि छ । यो प्रदेशमा सबैभन्दा कम ३ सय ५४ मा शाखा सञ्चालनमा छन् । सो क्षेत्रमा प्रतिशाखा ४ हजार ९ सय ५८ नागरिक आश्रित रहेको अध्ययनले देखाएको छ । कम वित्तीय पहुँचको हिसाबले कर्णाली प्रदेशपछि प्रदेश २ रहेको देखिन्छ । प्रदेश २ मा १ हजार २ सय २३ शाखा सञ्चालनमा छन् । सो क्षेत्रमा प्रतिशाखा ४ हजार ९ सय ३८ जनाले वित्तीय सेवा लिँदै आएका छन् ।

मुलुकभर वित्तीय पहुँच विस्तारसँगै प्रतिशखा आश्रित जनसंख्या पनि घट्दो

गत असोजसम्म सुदूरपश्चिम प्रदेशमा ६ सय ४७ शाखा सञ्चालनमा छन् । त्यहाँ रहेक शाखाले औसतमा ४ हजार ४ सय ९ जनालाई सेवा पुऱ्याउँदै आएका छन् । यस्तै, गण्डकी प्रदेशमा सञ्चालित २ हजार २ सय ३१ शाखाले २ हजार ७ सय ७० र प्रदेश एकमा सञ्चालित १ हजार ४ सय ५६ शाखाले ३ हजार ४ सय ८१ जनालाई वित्तीय सेवा दिँदै आएको राष्ट्र बैंकले जनाएको छ ।

मुलुक संघीयतामा गएसँगै सरकारले ७ सय ५३ वटै स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुऱ्याउने लक्ष्य लिएको थियो । सोहीअनुसार बैंक तथा वित्तीय संस्थालाई ०७५ असारसम्म सबै स्थानीय तहमा शाखा पुऱ्याउन निर्देशन पनि दिएको थियो । तर, असोजसम्म १४ स्थानीय तह बैंकविहीन छन् । ती जिल्लामा अझै वाणिज्य बैंकको शाखा पुगेको छैन ।

'सबै स्थानीय तहमा वाणिज्य बैंकको कम्तीमा एक शाखा पुऱ्याउने नीतिअनुरूप ०७६ असोजसम्म ७ सय ३९ स्थानीय तहमा बैंकको शाखा विस्तार भएको छ,' प्रतिवेदनमा भनिएको छ, '०७५ असार मसान्तसम्म ६ सय ३१ र ०७४ असारसम्म २ सय ९६ स्थानीय तहमा मात्र वाणिज्य बैंकका शाखा पुगेका थिए ।'

०७६ असोजसम्म प्रदेश ५ का सबै स्थानीय तहमा वाणिज्य बैंकका शाखा पुगिसकेको छ । 'सुदूरपश्चिम प्रदेशका ६ स्थानीय तहमा र प्रदेश १ र गण्डकी प्रदेशका एक/एक स्थानीय तह र कर्णाली प्रदेश, प्रदेश ३ र प्रदेश २ का दुई/दुई स्थानीय तहमा अझै बैंक शाखा पुगेका छैनन्,' प्रतिवेदनमा उल्लेख छ । ७ सय ५३ स्थानीय तहमध्ये प्रदेश १ मा सबैभन्दा बढी १ सय ३७, प्रदेश दुईमा १ सय ३६, प्रदेश ३ मा १ सय १९, प्रदेश ४ मा ८५, प्रदेश ५ मा १ सय ९, प्रदेश ६ मा ७९ र प्रदेश सातमा ८८ स्थानीय तह छन् । यो अध्यायमा लघुवित्त वित्तीय संस्था र सहकारी संस्थाबाट सेवा लिने नागरिकको तथ्यांक समावेश छैन । लघुवित्त वित्तीय संस्था र बचत तथा ऋण सहकारी संस्थाको वित्तीय सेवालाई समेत समावेश गर्दा वित्तीय पहुँच थप विस्तार भएको देखिने अनुसन्धानको निष्कर्ष छ ।

गरिमाको डीएनए परीक्षणमा ...

चितवनका मुख्य सप्लायर्स प्रशान्त एग्रोभेटका सञ्चालक प्रदीप पाठकले क्षतिपूर्तिको हकमा मुख्य आयातकर्ताले दिनुपर्ने बताए । यद्यपि, सरकारको निर्णय मान्ने उनले बताए । मुख्य आयातकर्ता दिवानगंज चौधरी क्षतिपूर्तिको हकमा ऐन कानुनअनुसार हुने बताए । तर, ठूलो क्षेत्रमा क्षति भएकाले व्यवसायीले बेहोर्न नसक्ने उनले बताए । 'करोडौंको क्षति कहाँबाट तिर्ने ? किसानहरू मर्कामा हुनुभएन,' उनले भने, 'राज्यको ऐन कानुन छ । त्यहीअनुसार बेहोर्छौं ।' मन्त्री खनालले पनि क्षतिपूर्तिको जटिलता देखिएको बताए । यद्यपि, किसानप्रति जिम्मेवार भएर अर्थको सहमतिमा किसानले सहयोग गर्ने बताए । 'कारवाहीका लागि पुरानो बीउ बिजन ऐनअनुसार जानपर्नेछ । ऐन धेरै फितलो छ । किसानको नोक्सान भएको छ,' मन्त्री खनालले भने, 'सूक्ष्म/प्रक्रियागत रूपमा अध्ययन भइरहेको छ । सम्बन्धित व्यक्तिलाई कारवाही, क्षतिपूर्तिको हकमा मन्त्रिपरिषद्बाट टुङ्याउँछु ।'

प्रतिवेदन भन्छ : गरिमा हाइब्रिडसँग मेल खाएन

सरकारले स्थलगत रूपमा तयार पारेको प्रतिवेदनले बीउको गुण हेर्दा बाली पाक्ने अवधिको हिसाबले खडा बाली दर्ता भएको गरिमा हाइब्रिडसँग मेल नखाएको उल्लेख छ । 'चितवन जिल्लाका विभिन्न स्थानको स्थलगत निरीक्षण गर्दा किसानको खेतबारीमा रहेको गरिमा जातको हाइब्रिड धान बाला निस्कने अवस्थाको, प्रारम्भिक चरणमा रहेको बाला निस्कन थप २० देखि २५ दिन लाग्ने तथा यसको पाक्ने अवधि पनि दर्ता गरिएको गरिमा हाइब्रिड धानको भन्दा करिब १ महिना बढी लाग्ने देखियो,' अध्ययन समिति सदस्य तथा बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र हरिहर भवनका निमित्त प्रमुख केशव देवकोटाले भने, 'त्यसकारण दर्ता गरिएको गरिमा जातको हाइब्रिड धान र स्थलगत निरीक्षण गरिएको गरिमा धानको जातीय विशेषत: (विशेषगरी बाली अवधिमा) फरक पाइयो ।'

कोरला नाकाबाट साढे ७ लाख राजस्व

■ **घनश्याम खड्का** (म्याग्दी)

मुस्ताङको लोमान्थाङ गाउँपालिकामा । आर्थिक वर्ष ०७५/०७६ मा ७ लाख ५० हजार राजस्व संकलन गरेको छ ।

बेनी-जोमसोम-लोमन्थाङ-कोरला सडकअन्तर्गत नेचुङस्थित कोरला नाकाबाट नेपाल भित्रिएका विभिन्न दैनिक उपभोग्य वस्तुबाट यो राजस्व संकलन भएको हो । कार्यालयको चालु वर्ष राजस्व संकलन १० लाख पुऱ्याउने लक्ष्य छ ।

'यो सिल बोर्डर हो । वर्षको दुईपटक सीमा क्षेत्रमा व्यापार मेला लाग्छ, यही मेलाबाट आयात हुने वस्तुमा राजस्व संकलन हो,' नेचुङ भन्सार कार्यालयका निमित्त प्रमुख रहेका कार्यालय सहयोगी यादवराज पहाडीले भने, 'निकासी वस्तुमा शून्य कर संकलन भएको छ ।' आफूहरू यहाँको वातावरणमा नयाँ रहेको भन्दै उनले स्थानीय व्यापारीलाई राजस्व तिर्ने बानी बसाल्दै गएको बताए ।

कोरला नाकादेखि १२ किलोमिटर दक्षिणपट्टि तल नेचुङमा अवस्थित इलाका प्रहरी र कुरुवाको भरमा चलेको भन्सार कार्यालयले नाकासम्म निगरानी पुऱ्याउन जनशक्ति र साधनस्रोत दुवै छैन । कोरला भन्सार कार्यालसँगै सुरक्षार्थ खटाइएको सशस्त्र प्रहरी सदरमुकम जोमसोम छोड्न मानेको छैन । वर्षमा दुईचोटि (जेठ-असार र भदौ-असोजमा) कोरला नाकामा हाट लाग्छ, जहाँ दुवै देशका व्यापारीले सरसामान लगेर

कोरला नाकाको फाइल तस्बिर

एकअर्कालाई बेच्ने गर्छन् । यो वर्ष असोज २६-कात्तिक ५ सम्म तिब्बतको ढोडवासेनमा व्यापार मेला लागेको छ । यस्तै व्यापार मेलाको बेला मुस्ताङ भित्रिएका सामग्रीमा भन्सार असुली गरिएको हो ।

लोमन्थाङसमेत उपल्लो मुस्ताङका घर पसलमा लत्ताकपडा, खाद्यान्न, पेय पदार्थ र इलेक्ट्रोनिक, सिमेन्ट, काठलगाएत सबै चिनियाँ सामग्रीको एकलौटी किनबेच हुन्छ । सामान झार्न लोमन्थाङभन्दा अलि पर चिनियाँ गाडी आइपुग्छन् ।

'चिनियाँ सुरक्षाकर्मीसँगको भाषाको समस्याले सीमा नाकामा पर्यटकले असुरक्षित महसुस गर्छन् । कहिलेकाहीं हामी आफैंले समस्या झेल्ने गरेका छौं,' इलाका प्रहरी कार्यालय नेचुङका प्रहरी हवल्दार श्यामकुमार थापाले भने, 'स्थानीयबाहेक एक्लैदुक्लै नाकामा पुग्नु असुरक्षित लाग्छ ।'

मुस्ताङमा पर्ने नेपाल-चीनबीचको २४ नम्बर सीमास्तम्भ रहेको कोरला नाकामा चीनले दशगजा छोडेर आधुनिक सूचाना प्रविधिजडित भन्सार कार्यालयका अतिरिक्त क्वारेन्टाइन, एनिमल क्वारेन्टाइन, कर्मचारी आवासगृह, प्रयोगशाला, गोदामघर, ट्रक तथा कन्टेनर पार्किङ र सुरक्षा प्रबन्धलगायतका पूर्वाधार बनाइरहेको छ । नेपालपट्टि खालीचौर चकमन्न पल्टेको छ । संरचना निर्माणको कुनै सुरसार देखिदैन । मुस्ताङका संघीय सांसद प्रेमप्रसाद तुलाचनका अनुसार कोरला नाकाको २४ नम्बर पिलर क्षेत्रमै नेपाली पक्षले पनि भन्सार प्रयोजनका पूर्वाधार निर्माण गर्न एक हजार रोपनीभन्दा बढी जग्गा अधिग्रहण गरेको छ ।

यसअघि नाकाभन्दा १२ किलोमिटर तल नेचुङमा भन्सारका लागि जग्गा अधिग्रहण गरिएकोमा अव्यावहारिक भन्दै विरोध भएपछि नाका क्षेत्रमै चिनियाँ भन्सारको आमने-सामने हुनेगरी भन्सार बनाउने तयारी भएको छ । तुलाचनले भने, 'अर्थ, गृह, रक्षा र प्रधानमन्त्री सबैलाई कोरला नाकाको यथार्थ लेखेरै जानकारी गराएको छु । गृह र अर्थमन्त्रीले कोरला नाका व्यवस्थित सञ्चालन गर्न काम भैरहेको जनाएका छन् ।'

वीरगन्जबाट लक्ष्यभन्दा कम राजस्व

■ **शंकर आचार्य** (पर्सा)

वीरगन्जका दुवै भन्सार कार्यालयले असोज महिनामा २१ अर्ब बढी राजस्व संकलन गरेका छन् । वीरगन्ज/आईसीपी भन्सार कार्यालय र सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालयले गरी यति राजस्व संकलन गरेका हुन् । वीरगन्ज/आईसीपी भन्सारले १२ अर्ब ८८ करोड र सुक्खा बन्दरगाह भन्सारले ९ अर्ब ६२ करोड रुपैयाँ राजस्व संकलन गरेको छ ।

दुवै भन्सारले असोजमा लक्ष्यभन्दा कम राजस्व असुल गरेका हुन् । असोजमा वीरगन्ज भन्सारले १८ अर्ब ९२ करोड रुपैयाँ राजस्व असुलीको लक्ष्य पाएकामा १२ अर्ब ८८ करोड संकलन गरेको छ । यो मासिक लक्ष्यको ६८ प्रतिशत हो ।

सुक्खा बन्दरगाह भन्सार कार्यालयले मासिक लक्ष्यको ६९ दशमलव २३ प्रतिशत मात्र राजस्व असुली गर्न सकेको छ । असोजमा यो भन्सारले २ अर्ब ९२ करोड रुपैयाँ मात्र राजस्व असुली गरेको छ ।

मासिक असुलीको तुलनामा चालु आवको पहिलो त्रैमासिक अवधिमा दुवै भन्सारले केही बढी राजस्व असुली गर्न सकेका छन् । वीरगन्ज/आईसीपी भन्सारले यस अवधिमा ३८ अर्ब ६२ करोड रुपैयाँ

वीरगन्ज आईसीपीले लक्ष्यको ६८ प्रतिशत र सुक्खा बन्दरगाहले ६९ प्रतिशत राजस्व संकलन गरेका छन्

राजस्व संकलन गरेको छ । जुन त्रैमासिक लक्ष्यको ७३ प्रतिशत हो । यो भन्सारको त्रैमासिक अवधिको राजस्व असुली लक्ष्य ५२ अर्ब ९८ करोड रुपैयाँ रहेको थियो ।

सुक्खा बन्दरगाह भन्सार चालु आवको त्रैमासिक अवधिमा लक्ष्यको ८१ दशमलव ३४ प्रतिशत राजस्व असुली गर्न सफल भएको छ । यस अवधिमा ११ अर्ब ७६ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य रहेकामा ९ अर्ब ६२ करोड रुपैयाँ राजस्व संकलन भएको छ ।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकृत मनीष महतो असोज महिनामा कम राजस्व संकलन हुनुमा पर्व बिदा मुख्य कारण रहेको बताउँछन् । 'असोजमा दसैं बिदा परेकाले राजस्व असुली प्रभावित भएको हो,' उनले भने, 'तैपनि गत आवको असोज महिनाको तुलनामा चालु आवको असोज महिनामा ३० प्रतिशत बढी राजस्व संकलन भएको छ ।'

वीरगन्ज नाकाबाट राजस्वमा योगदान गर्ने मुख्य वस्तु नयाँ सवारी साधनको आयात ओरालो लागेकाले पनि राजस्व असुली लक्ष्य भेट्याउन समस्या हुँदै गएको हो । सुक्खा बन्दरगाह भन्सार कार्यालयका सूचना अधिकृत विकास साहले पनि राजस्व असुली कम हुनुमा पर्व बिदा मुख्य कारण रहेको बताए ।

भारतमा सम्पत्ति शुद्धीकरण तालिम

काठमाडौं (कास)- नेपाल सरकारका १८ कर्मचारीलाई भारतमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी प्रशिक्षण दिइएको छ । सोमबारबाट भारतको बैंग्लोरस्थित नेसनल एकेडेमी अफ कस्टम, इनडाइरेन्ट टयास एन्ड नाकोटिक्स (एनएसीआईएन) ले उक्त प्रशिक्षण दिएको हो ।

नेपाल सरकारको अनुरोधमा ६० कर्मचारीका लागि सम्पत्ति शुद्धीकरणसम्बन्धी विशेष पाठ्यक्रम तयार पारिएको थियो । सोही कार्यक्रम अनुसार दोस्रो चरणमा ती अधिकारीले प्रशिक्षण लिएका हुन् । भारतीय विदेश मन्त्रालयको प्राविधिक तथा आर्थिक सहयोग कार्यक्रमअन्तर्गत यो तालिम दिइएको हो । यसअघि २० कर्मचारीले गत भदौमा ६ दिने तालिम लिएका थिए । २१ कर्मचारीले तेस्रो चरणमा (आउँदो मंसिर/पुसमा) तालिम लिने नेपालस्थित भारतीय दूतावासले जनाएको छ ।

VACANCY @ MAN POWER

1.	Operation Manager	01 No.	(Male/Female)
2.	Public Relation Officer	02 Nos.	(Male/Female)
3.	Documentation Officer	02 Nos.	(Female)
4.	Receptionist	02 Nos.	(Female)

Note:
- Salary Negotiable (Depends upon Experiences).
- Must be good command over English & computer literate (MS Office Package and Photoshop).

Interested candidate may apply with a cover letter & complete CV with recent photograph to: **hiringagr@gmail.com**
Contact: Sinamangal, KTM, 01-4492905 / 906, 9801089211.
Only short listed candidates will be called for an interview.

गोदाम आवश्यकता

एक प्रतिष्ठित कम्पनीको लागी काठमाडौँ उपत्यकाको रिङ्गरोड आसपासको एरिया तथा पोखरा र बिर्तामोडमा ट्रक आवतजावत गर्नसक्ने बाटो भएको गोदाम र अफिस एरियाको लागी ८,०००-१०,००० वर्ग फिटसम्मको खाली जग्गामा गोदाम र अफिस निर्माण गरी दिने वा निर्माण भएको भवन आवश्यक परेको हुदाँ इच्छुक व्यक्तिहरुले सम्पर्क गर्न अनुरोध गरिन्छ ।

१) कलङ्की देखी बालाजु सम्म २) कोटेश्वर देखी सातदोबाटो सम्म ३) पोखरा ४) बिर्तामोड

सम्पर्क नं: ९८०११८५००१

आवश्यकता !!!

जेष्ट बचत तथा ऋण सहकारी संस्था लि. मा केहीपदहरु रिक्त रहेको र उक्तपदहरुको पूर्ति खुल्ला प्रतिस्पर्धाद्वारा गर्न लागेको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलाई विज्ञापन प्रकाशित मितिले १० दिन भित्रमा दर्खास्त दिनहुनआव्हान गरिन्छ ।

क्र.स.	पद	संख्या	न्यूनतम शैक्षिक योग्यता
१.	बजार प्रतिनिधि	४ जना(कपन) ५ जना (कोटेश्वर) ३ जना (कलंकी) २ जना (गगंबु) ५ जना (टोखा)	प्रविणता प्रमाणपत्र तह वा सो सरह
२.	बजार निरिक्षक	२ जना (कलंकी) १ जना(कपन)	स्नातकतह (व्यवस्थापन)
३.	रिसेप्सनिष्ट	१ जना (कोटेश्वर)	प्रविणता प्रमाणपत्र तह वा सो सरह

Zest Co-operative Saving & Credit
सहकारिताका.....आत्मनिर्भरता
जेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड
ZEST SAVING & CREDIT CO-OPERATIVE LIMITED

दर्खास्त दिन सकिने स्थानहरु:
गगंबु, काठमाण्डौ - ४३८८९५४, कलंकी, काठमाण्डौ - ५२३४७१४, ५२३४९५१
हात्तीगौडा, काठमाण्डौ - ४३७८००५, ४३७९५२१, कोटेश्वर, काठमाण्डौ - ५१९९५६८, ५१९९५६
Email Address: zest2kalanki@gmail.com
नोट:- सम्बन्धित काममा अनुभवी तथा मोटरसाईकल वा स्कुटरको लाईसेन्स भएकालाई विशेष ग्राहयता दिईनेछ ।

Vacancy Announcement

Shangri-La Orphanage Home (SOH) is now seeking application from the qualified and experienced Nepali candidate for the position of Care taker: 1 (Male), ***Residential Job (24 hours)***. The position will be based on residential in Godawori Municipality-10, Neupanegaun, Chapagaun Lalitpur.

Qualification and Experiences: (SLC) School Leaving Certificate). Work experience Minimum 1 year of relevant field
Age: above 25 years old.
Remuneration and Facilities: **As per organization's rules**

Interested, fully qualified and competent candidates are invited to apply with cover letter addressing to Chairperson with up dated CV in PO Box 8975, EPC 1546, Kathmandu Nepal or in mail to application@waisenkind.de till November 10, 2019, 5 PM. For more detail please visit: **http://shangrila.org.np/index.php/news-events/**
Only Short Listed Candidate will be invited for an interview.

VACANCY ANNOUNCEMENT

REED Model Secondary School, one of the reputed school in Kathmandu Valley invites application from highly motivated, competent, well-trained and experienced professionals for the following posts.

S. N.	Post/Subject	No. of Post	Qualification
1.	Hostel Warden	1	At least Bachelor's Degree with two year working experience
2.	Primary Science Teacher	1	At least Bachelor's Degree with two year working experience
3.	Primary Computer Teacher	1	At least Bachelor's Degree with two year working experience
4.	Pre-Primary Grade Teacher	1	At least +2 with Montessori trained and two year working experience

REED Model S. School
Nagarjun-2, Swoyambhu, Kathmandu
Phone: 4890499, 4890465, 9851165652, 9841296474
e-mail : info@reedschool.edu.np

पत्रेर गोली प्रहार...

पौडेलको शव परीक्षणक्रममा न्यूनतम प्रक्रियासमेत पूरा नगरेकामा जिल्ला अस्पताल सर्लाहीका तत्कालीन डा. वीरेन्द्रकुमार मण्डललाई सचेत गराउन आयोगले सिफारिस गरेको छ।

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालको प्रत्यक्ष कमान्डमा रहेको विशेष ब्युरोबाट प्रहरी निरीक्षकको नेतृत्वमा खटिएका घुमुवाले पौडेलमाथि गोली हानेको जानकारी उच्च स्रोतले दिएको छ। ब्युरोको टोलीले हत्या गरेको विषय विवादमा आउने डरले पौडेललाई दोहोरो मुठभेडमा मारिएको भन्दै घटनाको सत्यतथ्य लुकाउन खोजिएको आरोप प्रहरीमाथि लाग्दै आएको छ।

विशेष ब्युरो संगठित अपराध, आतंकवाद, सीमा अपराधलगायत विषयमा अनुसन्धान गर्ने प्रहरीको केन्द्रीय संयन्त्र हो। यसका कामकारबाहीबारे सिधै प्रहरी महानिरीक्षकलाई ब्रिफिङ हुन्छ। पौडेलको 'इन्काउन्टर' प्रकरणमा समेत विशेष ब्युरोबाटै खटिएका ४ प्रहरी संलग्न रहेको निष्कर्ष आयोगको छानबिन प्रतिवेदनमा उल्लेख छ। उनीहरू ब्युरोबाट २ नम्बर प्रदेशअन्तर्गतका ८ वटा जिल्ला हेर्ने गरी खटिएका थिए। सरकारले गोली हान्न आदेश दिने प्रहरीको नेतृत्व र उच्च प्रहरी अधिकारीमाथि छानबिन गरी कारबाही गर्नुपर्ने आयोगका अधिकारीहरू बताउँछन्।

आयोगले विज्ञप्तिमा आफ्नो अनुसन्धान टोलीले प्रहरी प्रधान कार्यालयको प्रत्यक्ष निर्देशनमा खटिएका र २ नं. प्रदेश प्रहरी कार्यालयको समन्वयमा समेत परिचालित भएका प्रहरीले पौडेललाई नियन्त्रणमा लिई हत्या गरेको निष्कर्ष निकालेको जनाएको छ। 'प्रहरी कारबाहीमा पौडेलको मृत्यु भएको घटनामा प्रहरी प्रधान कार्यालयको प्रत्यक्ष निर्देशनमा खटिएका २ नं. प्रदेश प्रहरी कार्यालयको समन्वयमा समेत परिचालन भएका प्रहरीले निजलाई नियन्त्रणमा लिएपश्चात् अनावश्यक रूपमा बल प्रयोग गरी ९ वटा गोली हानी मारिएको, प्रहरीले आत्मरक्षा र दोहोरो भिडन्त भनी दावी गरेकामा दोहोरो भिडन्त वा आत्मरक्षाको अवस्था कतैबाट पुष्टि नभएको र घटनाको प्रकृति, संकलित प्रमाणसमेतबाट निजलाई नियन्त्रणमा लिई मारिएको आयोगको अनुसन्धानबाट देखियो,' आयोगको विज्ञप्तिमा छ।

प्रहरीबाट पौडेल हत्या घटनाको निष्पक्ष अनुसन्धान नभएको र घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का तयार गर्दा 'मेडिको लिगल' (कानुनी र चिकित्सकीय) दृष्टिकोणबाट समेत त्रुटि भएको देखिएको आयोगले उल्लेख गरेको छ। आयोगले पौडेलको बाँच्न पाउने अधिकारको हनन भएको देखिएकाले कानुनबमोजिम पौडेलका हकवालालाई मानव अधिकार आयोग ऐन २०६८ को प्रावधानअनुरूप ३ लाख रुपैयाँ क्षतिपूर्ति दिन सरकारलाई सिफारिस गरेको छ।

आयोगले हिंसात्मक गतिविधिमार्फत शान्तिसुरक्षालगायत मानव अधिकारका अन्य पक्षमा समेत बढ्दै गएको गम्भीर चुनौतीलाई उचित सम्बोधन गर्न चन्द नेतृत्वको नेकपालाई वार्तामा ल्याई उक्त पार्टीका कार्यकर्ताबाट हुँदै आएका गैरकानुनी गतिविधिलाई नियन्त्रण गर्न तथा कानुनबमोजिम आवश्यक कारबाही गर्नसमेत सरकारलाई सुझाएको छ।

आयोगले घटनामा संविधानको धारा १६ ले प्रदान गरेको बाँच्न पाउने हकलगायत नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ६ लगायत संयुक्त राष्ट्रसंघले प्रतिपादन गरेका विभिन्न सिद्धान्तसमेतको उल्लंघन भएको देखिएकाले घटनामा संलग्न र आदेश दिने प्रहरी अधिकारीहरूलाई कारबाही गर्न सिफारिस गरिएको विज्ञप्तिमा उल्लेख गरेको छ।

आयोगले विवादित यस किसिमका घटनामा स्वतन्त्र र निष्पक्ष अनुसन्धान गर्न विषयगत विशेषज्ञसहितको टोली गठन गरी अनुसन्धान गर्ने व्यवस्था गर्न, अनुसन्धानका लागि छुट्टै संयन्त्र निर्माण गर्न तथा कुनै पनि सुरक्षा निकायका कर्मचारी कानुनविपरीतका आदेश कार्यान्वयन नगर्न स्वतन्त्र रहन सक्ने व्यवस्थालाई कानुनमार्फत संरक्षित गर्न समेत सरकारलाई निर्देशन दिएको छ। आयोगले मौखिक रूपमा प्राप्त भएका महत्त्वपूर्ण आदेशहरूलाई समेत सम्बन्धित प्रहरी कार्यालयले अभिलेखमा राख्ने व्यवस्था मिलाउन सरकारलाई निर्देशन दिएको छ।

आयोगले दोहोरो भिडन्तमा मृत्यु भएको भनिएका विवादास्पद किसिमका घटना, हिरासत र कारागारमा हुने मृत्युको घटना तथा बलात्कारसम्बन्धी घटना सम्बन्धमा २४ घण्टाभित्र अनिवार्य रूपमा आयोगलाई लिखित जानकारी दिने व्यवस्था मिलाउन सरकारलाई निर्देशन दिएको छ। त्यसका लागि आवश्यक निर्देशिका बनाई सबै प्रहरी कार्यालयहरूलाई निर्देशन दिनसमेत सिफारिस गरिएको छ।

आयोगले शव परीक्षणलाई विश्वासिलो बनाउनका लागि जिल्ला अस्पताल सर्लाहीलगायत मुलुकभरका शव परीक्षण गर्ने अस्पतालहरूमा क्यामेरा, पानी, बिजुली, एक्सरे मेसिन, शव सुरक्षामा आवश्यक रासायनिक पदार्थको तत्काल व्यवस्था गर्न, भएका स्रोतसाधनको उचित व्यवस्थापन, संरक्षण र प्रयोग भए/नभएको सम्बन्धमा अनुगमन गरी आवश्यक निर्देशन दिनसमेत सरकारलाई निर्देशन दिएको छ। शव परीक्षण गरिने प्रत्येक अस्पतालमा कम्तीमा एक जना प्राविधिक र तालिमप्राप्त फरेन्सिक मेडिसिन विशेषज्ञको व्यवस्था गर्न/गराउनसमेत सिफारिस गरिएको छ। आयोगले इन्काउन्टर वा दोहोरो भिडन्तमा मारिएका संदिग्ध आरोपितको हात वा औंलाको स्वाब लिई फरेन्सिक प्रयोगशाला परीक्षण गर्नुपर्ने कुरालाई अनिवार्य बनाउन, आपराधिक क्रियाकलापमा संलग्न भएका व्यक्तिबाट बरामद गरिएका हातहतियारको भण्डारण र अभिलेखको छुट्टै व्यवस्था गरी ती हतियारको विस्तृत विवरणसहितको अद्यावधिक तथ्यांक सम्बन्धित निकायमा पेस गर्न निर्देशन दिएको छ। चन्द नेतृत्वको नेकपालाई हत्या-हिंसाको राजनीति परित्याग गरी लोकतान्त्रिक र शान्तिपूर्ण राजनीतिमा आउन पनि आयोगले आग्रह गरेको छ।

चन्द समूहका...

बैठकले नेपाली राजनीति, एकीकृत जनक्रान्ति, संयुक्त मोर्चा, ध्रुवीकरण, पार्टी शुद्धीकरण, आर्थिक अभियान, पार्टी पुनर्गठन दिवसलगायत प्रस्तावहरूमा छलफल गरेको थियो।

बैठकमा केन्द्रीय सदस्यहरूले आफ्नो क्षेत्रगत प्रतिवेदन पेस गरेका थिए। उनीहरूले सरकारको प्रतिबन्ध, हत्या अपरेसन, गिरफ्तारी र केही गम्भीर क्षतिका बाबजुद पार्टी जनताका बीचमा स्थापित र अनुशासित बन्दै गएको रिपोर्ट गरेका थिए। नयाँ पूर्णकालीन कार्यकर्ता बढ्दै गएको, सेनामा भर्ती बढिरहेको उनीहरूले उल्लेख गरेका थिए। महासचिव चन्दले 'आफैंलाई रूपान्तरण गर्दै पार्टीलाई शुद्धीकरण गरौं, फाँसीवादको प्रतिरोध गर्दै एकीकृत जनक्रान्तिलाई नयाँ उचाइमा उठाऔं' शीर्षक राजनीतिक प्रस्ताव पेस गरेका थिए। दुई दिन चलेको बैठकको स्थल भने खुलाइएको छैन। केपी ओली नेतृत्वको सरकारका कारण मुलुकको स्वाधीनता र सार्वभौमिकता दिन प्रतिदिन संकटमा पर्दै गएको बैठकले निष्कर्ष निकालेको छ।

बैठकमा सामाजिक फाँसीवाद, दलालीकरण र सरकारी भ्रष्टाचारका विरुद्ध सम्पूर्ण देशभक्त, वामपन्थी, लोकतन्त्रवादी, कम्युनिस्ट शक्तिहरूलाई मोर्चाबन्दी गर्ने र संयुक्त संघर्ष सञ्चालन गर्ने निर्णय भएको विज्ञप्तिमा छ।

राज्यको नियन्त्रणमा परेका समयमा पार्टी नीतिविपरीत जनतामा गलत समाचार पुग्ने गरी आत्मसमर्पण गर्ने, समन्वय गर्ने नेता-कार्यकर्तालाई कारबाही गरिएको समूहले जनाएको छ। केन्द्रीय सदस्य गुणराज लोहनीलाई भने स्वास्थ्यका कारण काम गर्न कठिनाइ भएकाले जिम्मेवारीबाट मुक्त गरिएको विज्ञप्तिमा उल्लेख छ।

उकालो लाग्दै...

त्यो उचाइको रूख बाँच्न सक्ने सीमालाई वृक्षरेखा अर्थात् 'ट्री-लाइन' भनिन्छ। वृक्षरेखाभन्दा माथिको क्षेत्रमा घाँसे मैदान हुन्छ।

सिग्देलले अध्ययनका लागि कञ्चनजंघा, सगरमाथा, लाङटाङ, मनाङ, जुम्ला र हुम्लामा भोजपत्र र गोब्रेसल्लाका २० वटा नमुना प्लट लिएका थिए। 'सबै नमुनाको अध्ययन गर्दा १ सय ५० वर्षको बीचमा ५६.१ मिटरमाथिसम्म वृक्षरेखा सरेको देखियो,' उनले भने, 'पश्चिमका हुम्ला, जुम्लालगायतका क्षेत्रमा भने ट्री-लाइन त्यति धेरै माथि सरेको देखिन्न।' ३० मिटर चौडाइ र १५० मिटर लम्बाइ भएका वनका प्लटलाई नमुना मानेर सन् २०१४ देखि २०१५ सम्म स्थलगत अध्ययन गरेको उनले बताए।

वैज्ञानिकहरूले वृक्षरेखा माथि सर्नुमा मुख्य कारण तापक्रम वृद्धिलाई नै मानेका छन्। नेपालको हिमाली क्षेत्रमा वार्षिक ०.०६ डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको छ। जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल (आईपीसी) को प्रतिवेदनअनुसार सन् १८०० पछि सन् २०१८ सम्मै जलवायु परिवर्तनको सबभन्दा बढी असर हिमाली क्षेत्रमा परेको छ।

पूर्वी हिमाली क्षेत्रको तुलनामा पश्चिमको हिमाली क्षेत्रमा भने वृक्षरेखा उतिसारो सरेको देखिन्न। उनले नमुना प्लट छानेको हुम्ला, जुम्ला र मनाङमा पश्चिमको तुलनामा थोरै मात्र वृक्षरेखा माथिल्लो क्षेत्रतिर सर्दै गएको देखिन्छ। मनाङमा गोब्रेसल्ला र भोजपत्र ३ देखि ११ मिटर मात्र माथि सरेको देखिन्छ भने जुम्लामा ०.५ देखि ५.५ मिटर मात्र माथि स्थानान्तरण भएको देखिन्छ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) ले 'दी हिन्दुकुश हिमालय एसेसमेन्ट-माउन्टेन, क्लाइमेट चेन्ज, सस्टेनएबिलिटी एन्ड पिपल' प्रतिवेदन सार्वजनिक गर्दै शताब्दीको अन्त्यसम्म विश्वको तापक्रम वृद्धि १ दशमलव ५ डिग्री हुँदा ३६ प्रतिशत हिउँ पग्लने र अहिलेकै अवस्थामा कार्बन उत्सर्जन हुने हो भने ६४ प्रतिशत हिउँ पग्लने चेतावनी दिएको छ। यसको मुख्य असर पनि हिमाली क्षेत्रको वनस्पतिमै पर्ने देखिन्छ।

लाङटाङको हिमाली भेगमा भोजपत्र।

कहाँ कति सय्यो ?		
कञ्चनजंघा	भोजपत्र	५६.१ मि.
सगरमाथा	गोब्रेसल्ला	५१.७ मि.
लाङटाङ	भोजपत्र	२६.१ मि.
हुम्ला	भोजपत्र	१५.३ मि.

आईपीसीले शताब्दीको अन्त्यतिर १ दशमलव ५ डिग्री सेल्सियसमा कायम गर्नपर्ने सुझाव दिइरहेका बेला हिन्दुकुश हिमालयमा क्षेत्रमा २ दशमलव १ डिग्री तापक्रम बढ्ने प्रतिवेदन आएको छ। विज्ञहरूका अनुसार यो हिसाबले हिमाली क्षेत्रमा वनस्पतिहरूको वृक्षरेखा अझै माथि सर्न सक्छ।

सिग्देलको अध्ययनअनुसार कञ्चनजंघा क्षेत्रमा भोजपत्र ४२१७.२ मिटर उचाइसम्म पुगेको छ। सन् १९६० मा ३८८५ मिटर उचाइमा रहेको भोजपत्र सन् २०१५ मा ४६ मिटर बढेर ३९३१.४ मिटर उचाइसम्म पुगेको छ। लाङटाङमा सन् १९६० मा ४०४२.४ मिटरमा रहेको भोजपत्र सन् २०१५ मा ४०४८ देखि ४०५१.४ मिटरसम्म पुगेको सिग्देलको अध्ययनले देखाएको छ।

सगरमाथा क्षेत्रमा गोब्रेसल्ला ४० ९८.९ मिटर उचाइसम्म पुगेको छ। १५० वर्षको बीचमा सगरमाथा क्षेत्रमा गोब्रेसल्ला ५६ मिटरमाथिसम्म सरेको पाइएको छ। सन् १९६० मा ४०४२.५ मिटरमा रहेको गोब्रेसल्ला सन् २०१५ मा आइपुग्दा ५६ मिटर माथि पुगेको उनको अध्ययनको निष्कर्ष छ। यसैगरी लाङटाङ क्षेत्रमा भोजपत्र ४०३१.३ देखि ४०६७.४ मिटरसम्म पुगेको छ भने मनाङमा ४०८६.९ मिटर उचाइसम्म पुगेको छ। मनाङमा भोजपत्र ४०८०.९ मिटरदेखि ४१४०.५ मिटरसम्म उक्लिएको छ। सिग्देलले हिमाली क्षेत्रमा वृक्षरेखा माथि सरेको थाहा पाउन नमुना बिरुवा लिएका थिए। 'रूखको उमेर पत्ता लगाउन वृक्ष चक्र पनि हेरिएको थियो,' उनले भने, 'हिमाली क्षेत्रको यो अध्ययनले वृक्षरेखा माथितिर सरिरहेको स्पष्ट पार्छ।'

सिग्देल जस्तै त्रिभुवन विश्वविद्यालयका वनस्पति विज्ञ र वृक्ष चक्र समाजले पनि गोरखाको मनास्लु संरक्षण क्षेत्र, मनाङ, मुस्ताङ र डोल्पामा भोजपत्रको वृक्षरेखाबारे अध्ययन गरेको थियो। ती अध्ययनले पनि भोजपत्रलगायतका हिमाली क्षेत्रका वनस्पति माथि सर्दै गएको देखाएको छ। वृक्षरेखा माथि सर्नुलाई जलवायु परिवर्तनको सूचकका रूपमा व्याख्या गर्ने गरिएको छ।

वृक्षरेखा माथि सर्दा प्रत्यक्ष असर हिमाली जनजीवन र उक्त क्षेत्रमा पाइने जडीबुटी र घाँसे मैदानमा पर्छ। यार्चागुम्बु पाइने क्षेत्रमा अरू प्रजातिका रूखले प्रभुत्व जमाउन थालेपछि उक्त जडीबुटीको अस्तित्व नै जोखिममा पर्न सक्ने सम्भावना हुन्छ। घाँसे मैदान हराउने भएकाले चरन क्षेत्र पनि कमी हुन जान्छ।

वन मन्त्रालयको जलवायु परिवर्तन महाशाखामा कार्यरत वन्यजन्तु विज्ञ केशवराज गौतम वृक्षरेखा माथि सर्दाको मुख्य असर वन्यजन्तुमा पर्ने व्याख्या गर्छन्। 'तलका वृक्षहरू माथितिर स्थानान्तरण हुँदा वृक्षरेखा माथि बस्ने जीवजन्तुहरूको बासस्थान घट्छ,' उनी भन्छन्। भोजपत्र र गोब्रेसल्लाजस्ता प्रजाति माथि सर्दा तिनमा आश्रित वन्यजन्तुलाई प्रत्यक्ष असर परेको हुन्छ। वनस्पति माथि सरे पनि मृग, हिउँचितुवा र हाब्रेजस्ता हिमाली क्षेत्रमा रमाउने वन्यजन्तु तलतिर सरिरहेका छन्।

हार्दिक समवेदना

जन्म: वि.सं. २००४/१०/२९
स्व. सिता देवी लामिछाने
स्वर्गारोहण: वि.सं. २०७६/६/२३

यस सत्मार्ग वचत तथा ऋण सहकारी संस्था लि.का संस्थापक अध्यक्ष **सितादेवी लामिछाने**को असामयिक निधनले हामी अत्यन्तै दुःखी एवं मर्माहत भएका छौं। आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना तथा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

सत्मार्ग वचत तथा ऋण सहकारी संस्था लि.
मैजुवहाल, काठमाडौं

हार्दिक समवेदना



जन्म: १९९५/०८/२५ गते
स्वर्गारोहण: २०७६/०६/२३ गते

स्व. नारायण प्रसाद श्रेष्ठ

यस महालक्ष्मी युवा समुहका अध्यक्ष श्री शरण प्रकाश श्रेष्ठज्यूका पूजनीय पिता **श्री नारायण प्रसाद श्रेष्ठ**को ८२ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

महालक्ष्मी युवा समुह परिवार
च.न.पा-४ थानकोट

हार्दिक समवेदना

जन्म: २००१/११/२८ गते
स्वर्गारोहण: २०७६/०६/२८ गते

स्व. देवेन्द्रकुमार निरौला

यस विश्वविद्यालयको भौतिक व्यवस्थापन शाखाका अधिकृत श्री महेन्द्रकुमार निरौलाका पूजनीय पिता श्री **देवेन्द्रकुमार निरौला**को असामयिक निधन भएको १२ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

काठमाडौं विश्वविद्यालय परिवार

हार्दिक संमवेदना

जन्म: २०२०/१०/१०
स्वर्गारोहण: २०७६/०६/२४

स्व. माधव कुमार घर्ति क्षेत्री

यस संस्थाका पुर्व कोषाध्यक्ष श्री सुवास जि.सी. का पुजनीय पिता श्री माधव कुमार घर्ति क्षेत्रीको असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। शोकको यस दुःखद घडिमा शोकसन्तप्त परिवारप्रति हार्दिक संमवेदना प्रकट गर्दछौं।

संचालक समिति एवं कर्मचारी परिवार
कोटदेवी वचत तथा ऋण सहकारी संस्था लि.
जडिबुटी-३१, काठमाण्डौं

हार्दिक श्रद्धाञ्जली



जन्म वि.सं.१९९५/०८/२५
स्वर्गारोहण वि.सं.२०७६/०६/२३

स्व. नारायण प्रसाद श्रेष्ठ

यस थानकोट नगर यातायात सेवा प्रा लि का अध्यक्ष श्री मन्जय प्रकाश श्रेष्ठ का पिता स्व. नारायण प्रसाद श्रेष्ठको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछौं।
साथै यस दुःखद घडिमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी श्री पशुपतिनाथ संग प्रार्थना गर्दछौं।

थानकोट नगर यातायात सेवा प्रा लि परिवार
थानकोट

हार्दिक श्रद्धाञ्जली

जन्म १९९५/०३/२४ — स्व.तुलसी नारायण पोटे — स्वर्गारोहण २०७६/०५/२२

हाम्रा पूजनिय पति/पिता **तुलसी नारायण पोटे**को स्वर्गारोहण भएको ४५औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडीमा हामीप्रति सहानुभूति तथा समवेदना प्रकट गर्नुहुने सम्पुर्ण महानुभावमा हार्दिक कृतज्ञता प्रकट गर्दछौं।

छोरा / बुहारी
केशव पोटे/ मञ्जु पोटे
श्रीराम पोटे/ सुनिला पोटे
शिवराम पोटे/ रेनुका पोटे

श्रीमति
मायादेवी पोटे
छोरी
सरिता पोटे (लाखे)

बर्गिकृत डिस्प्ले

WANTED
For a reputed school at Lalitpur
Canteen Manager (Age-35 yrs.+)
Experience: At least 3 years in a canteen as a Manager/Chef
Nurse (Female -ANM/CMA)
Experience : Min. 1 year
For both posts:
Salary: Attractive (Negotiable)
Contact: 9841630226/9851094112
Email your updated C.V. within a week at vacancysch@gmail.com

यौन शक्ति
यौन शक्ति बढाउने, पुरुषलाई देखापर्ने सम्पुर्ण यौन समस्या र दुर्बलताहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्ट
जाँड-रक्सी, गाँजा, चुरोट जस्ता अन्य कुलत छुटाउन
हाईट बढाउन रुपाल झर्ने रोकी पुनः उमार्न
मोटोपना बढाउन/घटाउन
महिलाको पेट तथा छातिमा देखिने सेतो धर्सा हटाउने
चाँयापोतो,डण्डिफोर चाउरीपना हटाउन
हिपथाई बढाउन/घटाउन
स्तन बढाउन/घटाउन/टाईट पार्न
नेपालभरी फ्रि-होम डेलिभरी
Global Fitness Shop
9851057631, 014461711, 9803464971, 9851057632
चावहिल (मेडिकेयर अगाडी)
Not For Medicinal Use

जग्गा बिक्रीमा तिहारको विशेष छुट
- मण्डीकाटार (Main Road) मा जोडीएको ३ देखि ६ आना प्लटहरु बिक्रीमा ९८०१९०९६९३, ९८०१९०९६८५
- गोल्फुटारको Football Ground बाट १०० मिटर टाडा ३ देखि ९ आनाका १४ ओटा आकर्षक प्लटहरु बिक्रीमा ९८०१९०९६९४, ९८०१९०९६८२
- रिङरोड बाट ५० मिटर भित्र महाराजगञ्ज चुनदेवीमा प्लटिङका घडेरीहरु बिक्रीमा ९८०१९०९६९०, ९८०१९०९६८४

Vacancy Announcement
Silver Oak Banquet & Events Center
Cook- 5, Helper- 4, Waiter-5, Waitress-5
Attractive salary based on experience
Location: Gairidhara
Contact: 9808626505

यौन-शक्ति
कि-होम डेलिभरी
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहे नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुन:उमार्न-Hair Building Fiber
हेलो शप नेपाल
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

सुनौलो मौका सुनौलो मौका
अकस्मात विदेश जानु परको कारण चक्रपथबाट ०.५ कि.मि भित्र २० फिट बाटो र ढल जडान भएको कुसुन्तीको आर्कषक घडेरीहरु बिक्रिमा जुनसुकै बेलाम पास गर्न सक्ने ।
सम्पर्क
९८५१२३०८८२
९८५१०५१९१९

अटो मोबाईल
अटो वर्कसप बिक्रीमा
बाफल, सितापाईला
9851181826
9849578757

भवन सहितको जग्गा बिक्रिमा
भैरहवाको बुद्धचोकबाट १.८ की.मि. पश्चिम एयरपोर्टबाट नजिकै लुम्बिनी रोडमा होटल, स्कुल, कलेजको लागि उपयुक्त २१ कट्ठा १६ धुर (७५४६१ वर्ग फिट) मा बनेको भवन सहितको जग्गा बिक्रिमा दिनुपर्ने भएकोले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क:-
९८०२६७००५५

यौन-शक्ति बर्द्धक
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौनशक्ति बढाउने विश्वस्तरिय HERBAL SUPPLIMENT. GERMAN, USA, LONDON PRODUCTS ARE AVAILABLE (80 वर्षसम्म हुन)
जाँड-रक्सी कुलत थाहे नदिई छुटाउने
स्तन बढाउने घटाउने, गुप्तांक टाइट गर्ने, मोटोपन घटाउने बढाउने । हाइट बढ्ने स्टेपअप
Balkumari, Ktm.
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810,9818941842

तु-आवश्यकता
No Interview Required
Receptionist 6 SLC/+2/Bach. 12-20,000
Accountant BBS/BBA 15-25,0000
Counselor 5 Bach. 20-30,000
CMA/ANM/HA/LAb 6 10-18,000
Graphic Desinger 3 12-25,000
Bike Holder 4 SLC/+2 12-15,000
हेल्पर/सेल्स/अफिस मेन ६ जना 10-12,000
English Good Person 10 15-25,000
कार्यलय सहायक ४ जना slc/+2 12-16,000
काम गर्ने ठाउहरु: Baneshwor, Bagbazar,Koteshwor putalisadak, chabhil , kalanki, Gangbu, Lagankhel etc
Tinkune: 01- 4111669

घर बिक्रीमा
१. टोखा न. पा वानियाटार स्थीत साढे तिन तल्ले आधुनिक घर बिक्रीमा ।
मुल्य : २ करोड ८४ लाख
२. होटल तालिम इन्स्टिच्युट वा सामान मात्र बिक्रीमा
तु : सम्पर्क
९८५१०४१२६४

तु-चाहियो
एक प्रतिष्ठित संस्था को लागि सेक्युरिटी गार्ड को आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला ।
पुल्चोक, ललितपुर
सम्पर्क: ९८०३६२७४३६,
०१-५५५४९७५ ,
०१-५५३७३६२
E-mail: info@ndri.org.np

छोटो अवधिको तालिम सम्बन्धि सुचना
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, सानो ठिमी भक्तपुरबाट सम्चन्धन/स्वीकृत प्राप्त यस **नेपाल युथ फाउन्डेशन नेपालले ओल्यापुरी भोकेशनल स्कुलमा प्लम्बिङ, फर्निचर मेकर, विल्डीङ इलेक्ट्रीसियन र वेल्डीङ** विषयमा छोटो अवधिको तालिम कार्यक्रम मिति २०७६ मसिर १५ गतेबाट सचालन गरिने भएकोले इच्छुक व्यक्तिहरुले निम्न ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।
नोट: फारम भर्ने अन्तिम मिति २०७६ कार्तिक २९ गते
ओल्यापुरी भोकेशनल स्कुल,
ल.पु.मा.न.पा.२२ चुनीखेल, बुङमती
फोन: ५१७३०७५/५१७३९२९

चितवन को
घर घडेरी बिक्रीमा
स्थान हरु रत्ननगर, टाडि पिठुवा, टाडि
0% भुक्तानीमा
रत्ननगर शान्ती चोक बाट ८ कि.मि.भित्र गैडाकोट (कंगोस चोक नजिकै)
चनौली (चनौली बजार बाट २ कि.मि.भित्र)
सुलभ ब्याजदरमा सम्पुर्ण रकम किस्तावन्दिमा
न्युनतम रु १५ लाख देखि शुरु
शर्त हरु लागू हुनेछन्
९८०२५५६०३३
९८०२५५६०२५

आवश्यकता
प्रतिष्ठित हस्पिटलको क्यान्टिनलाई Day र Night का कर्मचारीहरू आवश्यक भएको हुनाले यशशिग्र सम्पर्क गर्नुहोला।
- केटा वेटर : १४,०००/-
- कुक हेल्पर : १४,०००/-
सम्पर्क: 01-4917580 01-4913065

चाहियो
ठमेलस्थित टुरिष्ट पसलमा काम गर्ने महिला चाहियो।
उमेर २०-३० वर्ष हुनुपर्ने, योग्यता: एसएलसी पास वा सो भन्दा बढी, काम गर्ने समय बिहान ८:३० देखि बेलुका ७:०० बजे सम्म ।
9851077930

WANTED
For a Thangka Production, House located in Boudha, Kathmandu.
Production Supervisor:
Fine Arts Graduate
No experience required
Accountant:
Bachelor completed
Minimum experience of 3 years in related field
Send us your CV at enproduction111@gmail.com

VACANCY
1. MARKETING MANAFER - 2
2. MARKET SUPERVISOR - 3
3. ACCOUNTANT - 2
4. LOAN OFFICER - 1
5. MARKETING REPRESENTATIVE - 15
नोट: सेवा सुविधा संस्थाको नियम अनुसार हुनेछ । अनुभवीलाई विशेष प्राथमिकता
यूनिफाईड वचत तथा ऋण सहकारी संस्था लि.
नयाँबजार, काठमाण्डौं
सम्पर्क नं.: ०१-४३९०४५४
०१-४३९०४५७, ९८०१११७५६५

URGENT VACANCY
- Documentation & Admin Officer
- Ticketing Officer
- Public Relation Officer
The River Overseas P. Ltd.
Gaushala, Kathmandu
kindly share your CV
ritu@theriveroverseas.com

बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*

घर बिक्रिमा

गाडि बिक्रिमा

जग्गा बिक्रिमा

* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

ekantipur.com

खेलकुद

अघि बढ्दै रायना

सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा सुरू एसियाली यू-१४ च्याङकिङ सी-२ टेनिस च्याम्पियनसिपको गर्ल्स सिंगलमा नेपालकी रायना शाहले मलेसियाकी सोफिया ग्रेसलाई सोझो सेटमा हराएकी छन् ।

सन्दीप हन्ड्रेड बलमा

फाइल तस्बिर

काठमाडौं (कास)- युवा क्रिकेटर सन्दीप लामिछानेको नयाँ गन्तव्य हन्ड्रेड बल क्रिकेट हुने भएको छ । लेग स्पिनर सन्दीपलाई ओभल इन्भिन्सिबलले आइतबार रातिको ड्राफ्टबाट लिएको हो । इंग्ल्यान्ड एवं वेल्स क्रिकेट बोर्डले सन् २०२० को जुलाईमा आयोजना गर्ने प्रतियोगितामा महिला र पुरुषको ८-८ टोलीले प्रतिस्पर्धा गर्नेछन् ।

टम मुडीको प्रशिक्षणमा रहने इन्भिन्सिबलले सन्दीपलाई ड्राफ्टको दोस्रो चरणमा लिएको हो । सन्दीपले राखेको १ लाख पाउन्ड मूल्यलाई इन्भिन्सिबलले ड्राफ्टमा सकारेको थियो । फ्रेन्चाइज लिग क्रिकेट खेलेर सन्दीपले पाउन लागेको यो सबैभन्दा ठूलो रकम हो । उनले इंग्ल्यान्डमा खेलेर १ करोड ४७ लाख नेपाली रुपैयाँ पाउनेछन् ।

यसै वर्ष ग्लोबल क्यानडा लिग खेल्दा टोरन्टो नेसनल्सले सन्दीपलाई ६५ हजार डलर तिरेको थियो, जुन उनले यसअघि पाएको सबैभन्दा बढी रकम हो । सन्दीपले गत सिजन मेलबर्न स्टार्सबाट बिग-बास र सिलेट सिक्सर्सबाट खेल्दा समान ६० हजार डलर पाएका थिए । उनी यसपालि बिग-बासमा मेलबर्नबाट अझै ठूलो रकम लिएर खेल्दै छन् ।

हन्ड्रेड बलमा एउटा टोलीले ३ विदेशी खेलाडी राख्न पाउने प्रावधान छ । सन्दीपसँगै इन्भिन्सिबलमा वेस्ट इन्डिजका सुनील नारिन र फाबिन एलेन छन् । इंग्लिस अलराउन्डर साम कुरान टोलीका मार्की खेलाडी हुन् । ड्राफ्टमा रहे पनि वेस्ट इन्डिजका क्रिस गेल र ड्वायने ब्राभो, श्रीलंकाका लासिथ मालिङ्गा, बंगलादेशका सकिब अल-हसन, दक्षिण अफ्रिकाका कागिसो राबाडा जस्ता ठूलो नामका खेलाडीलाई कुनै टोलीले लिएनन् ।

एक इनिङ्समा १ सय बल खेलिने हन्ड्रेड बलमा पावर प्ले २५ बलको हुनेछ । त्यसमा एक ओभर १० बलको हुनेछ । तर बलरले ५ बल वा १० लगातार बल फाल्ने निर्णय त्यो टोलीका कप्तानको हातमा हुनेछ ।

महिला लिगमा शतकीय साझेदारी

फाइल तस्बिर

पोखरा पल्टनकी विन्दु रावल र कविता कुँवर रन विटविन द विकेटमा । प्लेयर्स अफ द म्याच कविता टुफीसाथ (तल) ।



कान्तिपुर संवाददाता (काठमाडौं)

कविता कुँवर र विन्दु रावलको जोडी महिला फ्रेन्चाइज लिग क्रिकेटमा शतकीय साझेदारी निभाउने पहिलो जोडी बनेको छ । यी दुईको १ सय ६ रन साझेदारीमा पोखरा पल्टनले वुमन्स च्याम्पियन्स लिग (डब्लूसीएल) ट्वान्टी-२० क्रिकेटमा ललितपुर फाल्कोनलाई ६ विकेटले पराजित गरेको छ ।

यसअघि नै राउन्ड रोबिन लिगको पहिलो तीन खेल हारेर यी दुवै टोली बाहिरिइसकेका थिए । त्यसैले पल्टनका लागि यस जित सान्त्वनामात्र बन्यो । राष्ट्रिय महिला टोलीका पूर्व कप्तान नेरी थापाको नेतृत्वमा रहेको फाल्कन सबै ४ खेलमा पराजित रह्यो ।

महिला क्रिकेटको पहिलो फ्रेन्चाइज लिगमा पहिलो शतकीय साझेदारी सम्भव भएको हो । यसअघि विराटनगर टाइटन्सकी ज्योति पाण्डे र सोनु खड्काले पहिलो विकेटमा जोडेको ८३ रन प्रतियोगितामा ठूलो साझेदारी थियो ।

टस जितेको फाल्कनले ७ विकेट गुमाई १ सय २२ रन बनायो । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा पल्टनले ५ ओभर खेल्दै गर्दा रनमै ३ विकेट गुमाइसकेको थियो । कविता र विन्दुको साझेदारीपछि पल्टनले १७.२ ओभरमै लक्ष्य पूरा गऱ्यो । विन्दु ४० रनमा नेरीको बलमा विकेटकिपर कविता जोशीबाट क्याचआउट भएपछि यो साझेदारी टुटेको हो ।

विन्दुले ४४ बल खेली ४ चौका प्रहार गरिन् । प्लेयर्स अफ द म्याच भने कविता थिइन् । उनले ४२ बलमा अविजित ६१ रन बनाउँदा १० चौका प्रहार गरिन् । ओपनरद्वय कप्तान सीता रानामगर र रेवती धामी समान १ र रुबी पोदार शून्यमा आउट भएपछि विन्दु र कविताको जोडी जमेको हो । अञ्जली चन्द ५ रनमा अविजित रहिन् ।

फाल्कनको इनिङ्समा ममता चौधरीले अविजित ५२ रन जोडेकी थिइन् । उनले ५१ बल खेल्दै ७ चौका प्रहार गरिन् । ओपनरद्वय गीता गोसाईं र रोशनी बोहरा समान १ रन, नेरी ८, करुणा भण्डारी १ रनमा आउट भएको अवस्थामा ममताले पाँचौं विकेटमा कविता जोशीसँग ५१ रनको साझेदारी गरिन् । कविताले २३ बलमा ६ चौकासहित ३१ रन बनाइन् । सम्झना खड्काले १० रन जोडिन् । पल्टनकी सीता रानामगरले २ तथा नविना खड्का, अञ्जली र राजमति ऐरीले १-१ विकेट लिए ।

मंगलबार एकमात्र प्लेअफमा क्वाट क्विन्स काठमाडौं र विराटनगर टाइटन्सबीच प्रतिस्पर्धा हुनेछ । विजेता टोलीले चितवन राइनोजसँग बिहीबार फाइनल खेल्नेछ ।

छोटकरी

रायनाको जित

काठमाडौं (कास)- नेपालकी रायना शाहले एसियाली यू-१४ च्याङकिङ सी-२ टेनिस च्याम्पियनसिपको गर्ल्स सिंगलमा सोमबार जित पाएकी छन् ।

सातदोबाटोस्थित टेनिस कोर्टमा रायनाले मलेसियाकी सोफिया ग्रेस येओहलाई ६-१, ६-२ को सोझो सेटमा हराइन् । कात्यानी वशिष्ठले नेपालकी श्रेया भट्टराईलाई ६-३, ६-४ ले, भारतका युनाम थोवईले नेपालकी समृद्धि सेढाईलाई ६-१, ६-१ र जान्भी असावाले नेपालकी प्रशंसा मोक्तानलाई ६-१, ६-० को सेटमा हराए । ब्वाइज सिंगल्समा नेपालका सरोज तामाङ, श्रृजन भट्टराई, आयुशमान हजुर घले, निहालजंग थापा, सौगात विक, जापानका ज्याकरी बुरक, भारतका देव मेहता, स्विट्जरल्यान्डका चार्ली सेन्हाउसर,भारतका मनुराज सिंह, नेपालका सक्षमविक्रम शाह र राजवीर प्रधान विजयी भए । गर्ल्स डबल्समा समृद्धि महर्जन र आध्या पौडेलको जोडी विजयी भयो

साफ नेटबलमा बस्नेत

काठमाडौं (कास)- दक्षिण एसियाली नेटबल फेडेरेसनको सोमबार काठमाडौंमा सम्पन्न कंग्रेसले मोहनबहादुर बस्नेतलाई अध्यक्षमा चयन गरेको छ । नेपाल नेटबल संघका अध्यक्ष बस्नेतको नेतृत्वमा गठित फेडेरेसनको वरिष्ठ उपाध्यक्षमा भारतका हरिओम कौशिक, उपाध्यक्षमा माल्दिभ्सकी फजना जलिल, श्रीलंकाकी चम्पा वानामालिया गुणवर्द्धने, महासचिवमा पाकिस्तानका मुदासर रजक अराइन, उपमहासचिवमा नेपालका दीपक लामा, कोषाध्यक्षमा पाकिस्तानकी साजिया युसुफ चयन भए । सदस्यमा भारतका अमित अरोरा र बंगलादेशका कमरुल इस्लाम छन् । कंग्रेसबाट फेडेरेसनको विधान र कार्यक्रम पनि पास गरेको छ । त्यसअनुसार अर्को वर्ष नेपालमा दक्षिण एसियालीस्तरीय कोचिङ तथा अम्पायरिङ कोर्स हुनेछ भने सन् २०२१ मा दक्षिण एसियाली नेटबल च्याम्पियनसिप भारतले आयोजना गर्नेछ ।

एसिया कप करााँते हुने

काठमाडौं (कास)- नेपाल क्योकुसिन-सेईसिन काइकान करााँते संघले पुसमा एसिया कप अन्तर्राष्ट्रिय फुल कन्ट्याक्ट करााँते प्रतियोगिता आयोजना गर्ने भएको छ । नेपाल भ्रमण वर्ष २०२० को अवसरमा हुन लागेको उक्त प्रतियोगिता पुस १८ र १९ राष्ट्रिय खेलकुद परिषदको त्रिपुरेश्वरस्थित कभर्डहलमा हुनेछ । त्यसमा कम्तीमा २५ देशका करिब ६ सय खेलाडी सहभागी हुने संघका अध्यक्ष अशोककुमार श्रेष्ठले बताए । प्रतियोगितामा महिला र पुरुषका ७-७ स्पर्धामासमावेश गरिएको छ ।

पीपीएल एक महिनापछि धकेलियो

काठमाडौं (कास)- पोखरा प्रिमियर लिग (पीपीएल) को दोस्रो संस्करणको आयोजना एक महिनापछि धकेलिएको छ । क्विन्स इभेन्ट म्यानेजमेन्ट प्रालिको आयोजनामा हुने फ्रेन्चाइज लिग प्रतियोगिता कात्तिक २६ देखि मंसिर ७ सम्म पोखरामा हुने कार्यक्रम थियो । क्विन्सका प्रवन्ध निर्देशक छुम्वी लामाले सोमबार विज्ञप्तिमार्फत जनाएअनुसार पीपीएल अब मंसिर २८ देखि पुस १२ सम्म हुनेछ । इंग्ल्यान्डको मेरिलेबोन क्रिकेट क्लबले नोभेम्बर १ देखि १२ मा नेपाल भ्रमण गर्न लागेको र नेपाली यू-१९ टोली भारत भ्रमणमा रहने भएकाले प्रतियोगिता पछाडि सार्नुपरेको आयोजकले जनाएको छ । पीपीएलले यसअघि सागअन्तर्गत महिला क्रिकेट टोलीको पनि तयारी रहेकाले तोकिएको समयमा आयोजना गर्न कठिनाई भएको आयोजकले जनाएको थियो ।

धिमाल कप अन्तिम साता

बिर्तामोड (कास)- प्रथम धिमाल राष्ट्रिय फुटबल प्रतियोगिता कात्तिक ३० देखि मंसिर ५ सम्म हुने भएको छ । धिमाल सेवा समाजको आयोजनामा हुने प्रतियोगिता डोमालाल राजवंशी रंगशालामा हुनेछ । समाजका अध्यक्ष मानबहादुर धिमालले झापा, मोरङ र भारतमा बसोबास गर्ने धिमाल जातिका युवासम्मिलित ९ टिमले भाग लिने बताए । मोरङको बेलबारी, पथरी, उर्लाबारी र कानेपोखरी तथा झापाको दमक, बिर्तामोड, मेचीनगर र आयोजक तथा दार्जिलिङ जिल्लाको नक्सालबारी टिम सहभागी हुनेछ ।

प्रतियोगिताका लागि २१ लाखभन्दा बढी खर्च हुने अनुमान गरिएको अध्यक्ष धिमालले बताए । उनका अनुसार विजेता र उपविजेताको नगद पुरस्कार तय भइसकेको छैन । धिमाल जातिका युवालाई खेलकुदको माध्यमबाट अगाडि बढाउन प्रतियोगिता गर्न लागेको धिमाल जाति विकास केन्द्रका अध्यक्ष तेजबहादुर धिमालले बताए ।

धिमाल जातिबाट विजय धिमाल, रजिन धिमाललगायत युवा नेपाली राष्ट्रिय टोलीबाट खेल्दै आएकाले फुटबलमा पनि भविष्य बनाउन यस प्रतियोगिताले ठूलो सहयोग पुऱ्याउने केन्द्रका महासचिव केदार धिमालले विश्वास व्यक्त गरे ।

कालीगण्डकीलाई उपाधि

पाल्पा (कास)- तेस्रो मण्डली कप अन्तरपालिकास्तरीय खुला भलिबलको उपाधि स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले जितेको छ । पूर्वखोला गाउँपालिका-१, सिलुवामा सम्पन्न फाइनलमा कालीगण्डकीले पाल्पाको निस्दी गाउँपालिकालाई २५-१७, २७-२५, २९-२७ ले सोझो सेटमा हरायो ।

तेस्रो स्थानमा तनहुँको घिरिङ गाउँपालिकाले पाल्पाको पूर्वखोला गाउँपालिकालाई २५-२०, २५-१८, १६-२५, २२-१५, १५-१३ को सेटमा हराएको हो । पहिलो चार स्थानका विजेताले क्रमशः ६०, ४०, २० र १० हजार रुपैयाँ पुरस्कार पाए । पाल्पा, स्याङ्जा र तनहुँका १२ स्थानीय तहका टिमले भाग लिएका थिए । मण्डली स्पोर्ट्स क्लबद्वारा आयोजित प्रतियोगितामा उत्कृष्ट सेटरमा शरण राना, ब्लकरमा दिल थापा र उत्कृष्ट खेलाडीमा सोम पाण्डे पुरस्कृत भए । सबै कालीगण्डकीका हुन् । स्याइकरमा निस्दीका विजय परियार उत्कृष्ट भए ।

एपीएफविरुद्ध आर्मीको जित

कान्तिपुर संवाददाता (चितवन)

जेसिज विकास रनिङ सिल्ड फुटबलमा सोमबार एपीएफ (सेतो) र आर्मीका खेलाडी भिड्दै । तस्बिर : रमेशकुमार पौडेल/कान्तिपुर

साविक विजेता एपीएफ क्लबलाई पराजित गर्दै त्रिभुवन आर्मी क्लब सोमबार टुबोर्ग जेसिज विकास रनिङ सिल्ड राष्ट्रिय फुटबलको सेमिफाइनलमा पुगेको छ ।

झापा-११ सँग कठिन जित पाएको एपीएफले आमीसँगको खेल १-० ले गुमाएको थियो । दुवै विभागीय टिमको प्रतिस्पर्धा मध्यान्तरसम्म गोलरहित बन्यो । मध्यान्तरलगत्तै आर्मीका लागि सन्तोष तामाङले गोल गरे । कप्तान भरत खवासलाई एपीएफका खेलाडीले लडाएपछि प्राप्त फ्रिकिक अवसरमा दर्शनीय गोल गरेका थिए । पेनाल्टी । नजिकैबाट सन्तोषले हानेको बल सिधै एपीएफको पोष्टमा छिरेको थियो । जुन गोल खेलको निर्णायक बन्यो ।

एपीएफले पनि मौका नपाएको हैन । गोल खाएपछि तत्कालै एपीएफले फ्रिकिक पाएको थियो । बक्स नजिकै एपीएफका सन्तोष श्रेष्ठले प्रहार आर्मीका गोलरक्षक विकेश कुथुको हातमा पुगेको थियो । मध्यान्तरअघि पनि एउटा राम्रो अवसर गुमायो ।

नारायणगढस्थित क्याम्पाचौरमा जारी प्रतियोगितामा मंगलबार जावलाखेल युथ र संकटा क्लब अन्तिम क्वाटरफाइनलमा भिड् दैछन् । संकटा १२ औं विकास रनिङ सिल्डको विजेता पनि हो ।

मणिग्राम समूह विजेता

रूपन्देही (कास)- बुटवल युनाइटेड सोमबार रूपन्देही पल्टनलाई १० विकेटले पराजित गर्दै तिलोत्तमा प्रिमियर लिग क्रिकेटको सेमिफाइनल पुगेको छ ।

टस जितेर ब्याटिङ गरेको रूपन्देहीले १२.३ ओभरमा १९ रनमै समेटिएको थियो । २० रनको लक्ष्य बुटवलले २ ओभरमै पूरा गरेको थियो । बुटवलका कुशल मल्लले १० र मिनाल गुरुङले ११ रन जोडे । रूपन्देही पल्टनलाई सस्तैमा समेट्न बुटवलका अमित तामाङ एक्लैले ५ विकेट लिए । उनले ४ ओभरमा एक मेडन राख्दै १० रन खर्चिए । राहुल प्रजापतीले २, भीम सार्की, सागर ढकाल र सुसन भारीले १-१ विकेट लिए ।

रूपन्देहीका विराट भण्डारी, दिनेश मगर, दिलीप कुर्मी, रोबिन क्षेत्री, सौरभ खनालले खाता खोल्न सकेनन् । अमित तामाङ म्यान अफ द म्याच बने भने राहुल प्रजापती मोट भ्यालुएबल खेलाडी भए ।

सियारी राइनोजलाई २० रनले पराजित गर्दै मणिग्राम किंग्स समूह विजेता बनेको छ । टोलीले लिगका चारै खेलमा जित निकाल्दै समूह विजेता बनेको हो । पाल्पाली लिजेन्ड्स उपविजेता भयो । पहिले ब्याटिङ गरेको मणिग्रामले ७ विकेट गुमाई १ सय ३६ रन बनायो । प्रज्वल थापाले ४४ रन बनाए । जवाफी ब्याटिङमा सियारी राइनोज १९.२ ओभरमा १ सय रनमै समेटियो । सियारीका मनीष थापाले ६१ रन बटुले । मणिग्रामका अजय साहनीले ३ विकेट, दुर्गेश ढुंगानाले २, कृष्ण कार्की, अनिल खरेल र सुनील भण्डारीले १-१ विकेट लिए ।

मणिग्रामका दुर्गेश गुप्ता मोस्ट भ्यालुएबल प्लेयर र प्रज्वल थापा म्यान अफ द म्याच भए । मंगलबार रेन्बो ज्ञानोदय गोल्डेन्स र लुम्बिनी शाक्यन ग्ल्याडिएटर्सबीच प्रतिस्पर्धा हुनेछ ।

गल्फर सम्मानित

भुटान ओपन गल्फ विजेता शुक्रबहादुर राईसहित अन्य खेलाडी सोमबार गल्फ संघबाट सम्मानित भएपछि । तस्बिर : हेमन्त/कान्तिपुर

काठमाडौं (कास)- नेपाल गल्फ संघले २८ औं भुटान ओपन एमेच्योर गल्फ च्याम्पियनसिपको उपाधि जितेका शुक्रबहादुर राईसहित चार खेलाडीलाई सोमबार सम्मान गरेको छ ।

शुक्रलाई ५० हजार रुपैयाँ बराबरको गल्फ सामग्री उपलब्ध गराइएको छ भने उक्त प्रतियोगितामा तेस्रो भएका सुवास तामाङलाई १० हजारबराबरको खेल सामग्री प्रदान गरिएको छ । रोयल थिम्पु गल्फ क्लबमा गत साता सम्पन्न प्रतियोगितामा चार नेपाली गल्फर सहभागी थिए । त्यसमा चार अन्डर २७६ स्कोर गर्दै २१ वर्षीय शुक्रले पहिलो अन्तर्राष्ट्रिय उपाधि हात पारेका थिए । उनले दोस्रो दिन ९ अन्डर ६१ को प्रदर्शन गरेका थिए ।

शुक्रले भुटानी गल्फर जिवाङ गुरुङलाई एक स्ट्रोकले पछाडि पारेका थिए । सुवास दुई ओभर २८२ स्कोरसहित तेस्रोमा रहेका थिए । टंकबहादुर कार्की (५ ओभर २८५) र नीरज तामाङ (८ ओभर २८८) शीर्ष पाँचमा रहे । संघले टंक र नीरजलाई पनि ५-५ हजार बराबरको खेल सामग्री उपलब्ध गराएको छ ।





मुख्य चिन्ता ‘भीआईपी प्यारापिट’

दुई सातामा प्यारापिटमाथि फलामका फ्रेम जोड्ने, फ्याब्रिक आएपछि कुवेतविरुद्ध खेल्नुअगावै सम्पन्न गर्नेगरी काम भइरहेको दाबी

राखेपको मुख्य चिन्ता पनि यही प्यारापिटको मात्र हो। चेन्जिङ कक्ष, मिडिया बक्स र सेन्टर, मेडिकल र डोपिङ कक्ष तथा रेफ्री कक्ष करिब करिब तयार भइसकेका छन्।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको भीआईपी प्यारापिटको हालको अवस्था। मंसिर ३ मा हुने विश्वकप छनोटमा कुवेतविरुद्ध हुने खेलका लागि द्रुत गतिमा काममा भइरहेको छ।

तस्विर : हेमन्त श्रेष्ठ/कान्तिपुर

■ **कुशल तिमल्सिना** (काठमाडौं)

आसन्न १३ औं दक्षिण एसियाली खेलकुद (साग) को मुख्य खेलस्थल (उद्घाटन/समापन) को रूपमा त्रिपुरेश्वरस्थित दशरथ रंगशालालाई प्रयोग गर्ने तयारी छ। साग तयारीका लागि अब थोरै दिनमात्र छ। मंसिर १५ देखि २४ सम्म सागको मिति तय छ।

त्यसअघि मंसिर ३ गते विश्वकप तथा एएफसी एसियन कप छनोटअन्तर्गत कुवेतसँगको खेल सोही रंगशालामा खेलाउनुपर्नेछ। भूकम्पपछि पुनर्निर्माण चरणमा रहेको दशरथ रंगशाला निर्धारित समयसम्म तयार हुनेमा अझै विश्वस्त हुन सकिएको छैन। अन्य कामहरू लगभग अन्तिम चरणमा पुगिसकेको छ। अबको मुख्य चिन्ता निर्माणाधीन भीआईपी प्यारापिटतर्फको छ।

पश्चिमतर्फ अवस्थित करिब ३ हजार दर्शक क्षमताको भीआईपी प्यारापिटको ‘सिमेन्टेड’ छानो २०७२ वैशाख १२ को विनाशकारी भूकम्पले जीर्ण बनाएपछि दशरथ रंगशाला बन्द छ। राष्ट्रिय खेलकुद परिषद्ले भीआईपी प्यारापिटका लागि अत्याधुनिक फ्याब्रिक प्रणाली प्रयोग गर्दैछ। यही फ्याब्रिक छानो मंसिर ३ गतेअगाडि नै दशरथ रंगशालामा फिट गर्न सकिनेमा शंका छ। किनभने चीनबाट आउनुपर्ने यो छानो अहिलेसम्म नेपाल आइपुगेको छैन।

परिषद् सदस्य-सचिव रमेशकुमार सिलवालले असोज १४ मा विश्वकप छनोटअन्तर्गत अस्ट्रेलिया जान लागेको राष्ट्रिय फुटबल टोलीको बिदाइका बेला भनेका थिए, ‘रंगशालाकै समस्याले तपाईंहरूले सुरुका चारै खेल अवे खेल्नुपऱ्यो। मंसिर ३ मा कुवेतसँग हुने खेल त्रिपाल टाँगेरै भए पनि दशरथ रंगशालामा खेलाउँछु।’

राखेपका प्रमुख इन्जिनियर अरुण उपाध्यायका अनुसार फ्याब्रिकबाहेक चीनबाट आउनुपर्ने कुर्सी नेपाली भन्सारमा आइसकेको छ। भारतबाट फलामे पोलहरू आइसकेको छ, त्यसलाई ‘फ्रेम’ बनाउने काम भइरहेको छ। ‘अबको दुई सातामा हामीले प्यारापिटमाथि फलामका फ्रेम जोडिसक्नेछौं, फ्याब्रिक आएपछि सागअगावै सम्पन्न गर्नेगरी काम भइरहेको छ,’ उनले थपे, ‘हामीले मंसिर ३ को मितिका लागि रंगशाला तयार गर्नुपर्छ भनेर ठेकेदारलाई दबाब दिएका छैनौं।’

राखेपको मुख्य चिन्ता पनि यही प्यारापिटको मात्र हो। चेन्जिङ कक्ष, मिडिया बक्स र सेन्टर, मेडिकल र डोपिङ कक्ष तथा रेफ्री कक्ष करिब करिब तयार भइसकेका छन्। पूर्व फिफा रेफ्री तथा मैदान विशेषज्ञ दिलीप रजकको नेतृत्वमा मैदान तयार पार्ने काम अन्तिम चरणमा पुगेको छ। चीनको सहयोगमा बनेको स्कोर बोर्ड र साउन्ड सिस्टमको काम पनि सम्पन्न हुने चरणमा छन्। चीनको सहयोगमा एथलेटिक्स ट्रयाक निर्माण समपन्न भइसकेको छ।

‘रंगशालाका लागि अहिले ५ सयको हाराहारीमा कामदार परिचालन गरिएको छ। रंग लगाउने र फलामको फ्रेम तयार पार्ने काम एक सातामा सकिन्छ, इन्टेरियरको काम र मैदान तयार गर्ने काम भइरहेको छ,’ सदस्य-सचिव सिलवालले भने, ‘यही मसान्तसम्ममा रंगशाला तयार हुन्छ, शंका गर्नुपर्दैन।’ सदस्य-सचिवको टाइमलाइनअनुसार अहिलेसम्म एउटा काम पनि समयमा सम्पन्न भएको छैन। चीनबाट अक्टोबर १० मा कुर्सी र १७ मा फ्याब्रिक आउने भनिए पनि अहिलेसम्म दुवै सामान आइपुगेको छैन।

‘साधारण प्यारापिटतर्फ ११ हजार ४ सय र भीआईपीका लागि ४ हजार कुर्सी वीरगन्ज भन्सारमा आइसकेको छ। भोलि या पर्सीसम्म काठमाडौं ल्याइनेछ र साधारण प्यारापिटतर्फ १० दिनभित्र फिट सकिनेछ,’ उनले थपे, ‘फ्याब्रिक सुरुमा पानीजहाजबाट ल्याउने तयारी थियो, कम समयलाई मध्यनजर गरी हामीले हवाईजहाजबाट ल्याउने भएका छौं, १० दिनजतिमा सबै सामान काठमाडौं आइसक्छ।’ भीआईपी प्यारापिटमा कुर्सी जडान गर्ने काम भने छानो राखेपछि मात्रै हुनेछ।

सदस्य-सचिवले रंगशाला मौलिक शैली देखाउन उत्तर-पश्चिम कुनामा हिमाल, पहाड र तराई झल्कने सांकेतिक संरचना बनाउने बताएका छन्। ‘यो संरचनाको निर्माण कार्य सुरु भइसकेको छ। त्यहाँ ढुंगेधारा निर्माण हुनेछ, रंगशालाको त्यही कुनामा झण्डोत्तोलन गर्ने भाग राखिनेछ,’ सिलवालले भने।

‘मैदानको चिन्ता नगर्नुस्’

मैदान विशेषज्ञ रजकले आफ्नो नेतृत्वमा रहेको मैदान निर्माण समयअगावै सम्पन्न गरी हस्तान्तरण गरिने बताएका छन्। उनले भदौ १६ देखि मैदानको काम सुरु गरेका हुन्। डेढ महिनाको अवधिमा दशरथ रंगशालाको मैदान खेल्नयोग्य बनिसकेको छ। यसलाई स्तरीय बनाएर कात्तिक २० सम्म हस्तान्तरण गर्ने गरी तयारी भइरहेको उनले बताए।

‘दुई महिना अगाडिदेखि जिम्मेवारी पाएको भए म यस मैदानलाई अन्तर्राष्ट्रिय रूपमै सर्वोत्कृष्ट बनाउन सक्थें। ५ वर्षदेखि जंगलको रूपमा रहेको घाँस काट्नै झन्डै एक महिना लाग्यो,’ उनले भने, ‘दसैंअघि रोलर गरेर छाडेको थिएँ अहिले दूबो राम्रोसँग पलाएको छ, दूबो नभएको ठाउँमा नयाँ दूबो रोपिएको छ, तिहारपछि अर्को एकपल्ट रोलर लगाएपछि मैदान तयार हुन्छ।’

रंगशालामा १५ जना कामदारले डेढ महिनादेखि काम गरिरहेका छन्, उनीहरूको संयोजन रजकको जिम्मामा छ। उनले भने, ‘चिसो बढ्न थालेपछि दूबो हुर्काउन कठिन हुन्छ। अहिले दूबो रोप्ने काम भइरहेको छ र हामीलाई अहिले हुर्काउने चुनौती छ, दूबोलाई शीतबाट जोगाएर ३ साताभित्र मैदान तयार बनाउने छौं।’

रंगशाला पुनर्निर्माणका क्रममा मैदानमै निर्माण सामग्री थुपार्ने, टिपर तथा स्काभेटर मैदानमै गुडाउने र सिन्थेटिक ट्रयाक बनाउँदा केमिकल भण्डारण गर्नेजस्ता लापरबाहीले मैदानको सतह बिग्रिएकोमा रजकको गुनासो छ। उनले सतह समान बनाउन समय नभएको प्रस्ट पारे। ‘प्राविधिक रूपमा सतह केही खराब हुन्छ तर प्रस्ट देखिने र खेल्नै नमिल्ने चाहिँ होइन,’ रजकले भने।

युनाइटेड विजेता

पवन यादव

■ **पवन यादव** (सिमरा)

वीरगन्जको युनाइटेड क्रिकेट क्लब सोमबार महागढीमाई कप २०७६ ट्वान्टी-२० लिग क्रिकेटको उपाधि जितेको छ। उसले नगद २ लाखसहित कप हात पाऱ्यो।

महागढीमाई नगरपालिका-१ वरियारपुरस्थित गढीमाई स्टेडियममा भइरहेको भएको प्रतियोगिता फाइनलमा महावीर क्रिकेट क्लब हेटौंडालाई ९३ रन हरायो। निर्धारित २० ओभरमा टस जितेर ब्याटिङ गरेको वीरगन्जले ७ विकेट गुमाई २ सय ८ रन बनाएको थियो। हासिम अन्सारीले ३८ बलमा ६० रन, सन्तोष कार्कीले ३५ बलमा ५७ र युवराज पटेलले १४ बलमा २९ रन बनाए। महावीरका निखिल श्रेष्ठले ३, रामनरेश गिरी र तक्सक सिम्खडाले २-२ विकेट लिए।

२ सय ९ रनको विजय लक्ष्य पाएको महावीरले पूरै ओभर खेलेर ८ विकेट गुमाई १ सय १५ रनमात्र बनाउन सक्यो। रामनरेश गिरीले २९ बलमा २८ रन, सन्तोष उपाध्यायले ३३ बलमा २४ र विशाल फुयालले १३ बलमा १८ रन बनाए। वीरगन्जका अविनाश कर्णले ३ विकेट, बाबुजान अन्सारीले २ र नसरुद्दिन अन्सारीले १ विकेट लिए। वीरगन्जका हासिम अन्सारी म्यान अफ द म्याच घोषित भए। प्रतियोगितामा ९६ रन बनाएका एनएसए क्लब काठमाडौंका हिमांशु शाही वेस्ट ब्याट्सम्यान, कुल ९ विकेट लिएका वीरगन्जका रशिद खान वेस्ट बलर र म्यान अफ द सिरिज भए।

महावीरका प्रशिक्षक सञ्जय महर्जनले टस हार्नु नै हाम्रो हारको प्रमुख कारण बनेको बताए। टिमका लागि राम्रो खेल्ने सुवर्ण भट्ट पहिलो बलमै घाइते भए। मुख्य खेलाडी घाइते भएपछि अरुले धैर्य गुमाउँदा लक्ष्यअनुसार स्कोर तान्न नसकिएको उनले बताए। युनाइटेडका प्रशिक्षक मोहम्मद अन्सारीले आफ्ना खेलाडीले सोचेभन्दा राम्रो प्रदर्शन गरेको बताए। खेलको सुरुआतीमै सन्तोष कार्की र हासिम अन्सारीको जोडीले राम्रो प्रर्दशन गर्दै रनको स्कोर बढाए।

६ टोली सहभागी प्रतियोगिता विजेताले २ लाख र उपविजेताले १ लाख रुपैयाँ पुरस्कार पाउने छन्।

भारत जित नजिक

राँची (एएफपी)- तीव्र गतिका बलरद्वय मोहम्मद सामी र उमेश यादवले एकापसमा ५ विकेट लिएपछि भारत सोमबार दक्षिण अफ्रिकाविरुद्धको तेस्रो टेस्टमा जित नजिक पुगेको छ। दक्षिण अफ्रिकालाई फलोअनका लागि बाध्य पारेको भारतले यो टेस्ट जिते तीन खेलको शृंखलामा ह्वाइटवास गर्नेछ। तेस्रो दिनको खेल सकिँदा दक्षिण अफ्रिका आफ्नो दोस्रो इनिङ्समा ८ विकेट गुमाई १ सय ३२ रनमा खेलिरहेको छ। पाहुना टिम अझै २ सय ३ रनले पछाडि छ।

दक्षिण अफ्रिकाका लागि थउनिस डी ब्रुएन ३० र एनरिच नोर्टजे ५ रनमा खेलिरहेका छन्। यादवको बल डिन एल्गरको हेलमेटमा लागेपछि उनी घाइते हुँदै मैदान छाड्न बाध्य रहे। उनी १६ रनमा रिटायर्ड हर्ट भए। उनको स्थानमा डी ब्रुएन सब्स्टिच्युट खेलाडीको नियमअन्तर्गत क्रिजमा उत्रेका हुन्। बाउन्सर लागेपछि एल्गरलाई मैदानमै उपचार आवश्यक परेको थियो। त्यतिबेला दक्षिण अफ्रिका ४ विकेट गुमाई २६ रनको खराब स्थितिमा थियो। विहानी सेसनपछाडि पनि दक्षिण अफ्रिकाको स्थितिमा सुधार आएन र उसले तीन विकेट गुमायो। कप्तान फाफ डु प्लेसिस ४ रन बनाएर आउट भए। भारतले पहिले ब्याटिङ गर्दै ९ विकेटमा ४ सय ९७ रनमा इनिङ्स समाप्तिको घोषणा गरेयता जवाफमा दक्षिण अफ्रिका १ सय ६२ रनमात्र बनाएर फलोअन गर्न बाध्य रह्यो। यादवले प्रारम्भिक ब्याट्सम्यानको भूमिकामा आएका बायाँहाते ब्याट्सम्यान क्विन्टन डी ककलाई ५ रनमा बोल्ड गरे।

सामीले जुबैर हम्जालाई पनि शून्यमा आउट पारे। भारतका स्पिनर रवीन्द्र जडेजा र रविचन्द्रन अश्विनले पनि १-१ विकेट लिए। दिनको अन्त्यतिर डी ब्रुएन र नोर्टजेले बहादुरीपूर्वक भारतीय आक्रमण सामना गरे। अन्तिम सेसनमा विकेटकिपर रिद्धिमान साहले औंलाको चोटका कारण मैदान छाडे।

जग्गा बिक्रीमा

अन्तर्राष्ट्रिय विमान स्थलबाट ० कि.मि. एयरपोर्ट होटेल अथवा अफिस विल्डिङ्ग को निम्ति अति नै उपयुक्त ठाउँ सिनामंगल रिङ्गरोडसँगै रहेको ३३ आना जग्गा तुरुन्त विक्रिमा।

सम्पर्क नं.: ९८५१०३४५५४/९८०१०२७६९७

BALTRA®
Home appliances
Live your home

Life Style Living Range | flameless COOKING RANGE | Royal Cooking Range | Slimline Range

www.baltra.in

Making Life Better Everyday.

▸ 5 years warranty on selective items

Product Range

Available at all Bhatbhateni Supermarket, Salesberry, Goshali and Gorkha Departmental Store.
Also Available Online at Daraz, Mero Shopping, Okdam, Sastodeal, Hamrobazaar, Fewabazaar.

BRO

FOR RETAIL INQUIRY CALL & VISIT
BALTRA RETAIL OUTLET
Kantipath, Kathmandu
+977-01-4258071, 9801904609
Nayabazar, Pokhara
+977-061-524994, 9802832897

For Sales Inquiry: 9801200501
For Dealership Inquiry: 9801010132
For Corporate Inquiry: 9801904610
Email:info.sbtipl@gmail.com
/BaltraHomeAppliancesNepal/

TOLL FREE SERVICE CENTRE 16600122220

BALTRA® Home appliances

AN ISO 9001 : 2008 CERTIFIED CO.

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kantip@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा



सन्दीप हन्ड्रेड बलमा
१ करोड ४७ लाखमा अनुबन्ध । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

महिला क्रिकेट लिग
शतकीय साझेदारी । १५

वर्ष २७ अंक २४२ विराटनगर | ५ कात्तिक २०७६ मंगलबार कार्तिक कृष्णपक्ष नवमी | नेपाल संवत् ११३९ | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, October 22, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

चर्चित चिनियाँ अभिनेत्री एवं नेपाल भ्रमण वर्ष २०२० का लागि सद्भावनादूत स्वी छिङ सोमबार अन्नपूर्ण आधार शिविरमा । नेपाल भ्रमण क्रममा पोखरामा रहँदा स्वीले प्याराग्लाइडिङ र फेवातालमा नौकाविहार गरिन् । उनले अन्य चिनियाँ कलाकारसहित फेरि नेपाल भ्रमण गर्ने बताएकी छन् । समाचार पृष्ठ ९ ।

तस्विर सौजन्य : हिमालय फ्रन्टियर्स प्याराग्लाइडिङ

कुमार पौडेलबारे आयोगको निष्कर्ष

पक्रेर गोली प्रहार

- हत्यामा संलग्न प्रहरीलाई कारबाही र आदेश दिने अधिकारीमाथि छानबिनको निर्देशन
- चन्द समूहलाई वार्तामा ल्याई उसका गैरकानुनी गतिविधि नियन्त्रण गर्न सुझाव

■ **बलराम बानियाँ** (काठमाडौं)

मानव अधिकार आयोगले नेत्रविक्रम चन्द समूहका सर्लाही इन्चार्ज कुमार पौडेललाई प्रहरीले नियन्त्रणमा लिएर गोली हानी हत्या गरेको निष्कर्ष निकाल्दै संलग्नलाई कारबाही सिफारिस गरेको छ । आयोगले आदेश दिने उच्च प्रहरी अधिकारीमाथि पनि छानबिन गरी कारबाही गर्न सरकारलाई निर्देशन दिएको छ ।

प्रहरीको दाबीजस्तो दोहोरो भिडन्त वा आत्मरक्षाको स्थिति पुष्टि नभएको र घटनाको प्रकृति तथा संकलित प्रमाणसमेतबाट नियन्त्रणमा लिएर मारेको देखिएको आयोगले जनाएको छ । प्रहरीले पौडेललाई नियन्त्रणमा लिएपछि ९ राउन्ड गोली हानेको आयोगले उल्लेख गरेको छ । आयोग पदाधिकारीको सोमबार बसेको बैठकले आफ्नो छानबिन प्रतिवेदन आधारमा प्रत्यक्ष संलग्न तथा कमान्डरसमेत रहेका प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साह, प्रहरी हवल्दारद्वय श्रीविनोद साह र सत्यनारायण मिश्रलाई तत्काल निलम्बन गरी फौजदारी अभियोगमा मुद्दा चलाउन सरकारलाई सिफारिस गरेको छ ।

कुमार पौडेल

आयोगका सचिव वेद भट्टराईद्वारा सोमबार जारी विज्ञप्तिअनुसार प्रहरी निरीक्षक किरणप्रसाद न्यौपाने र प्रहरी नायब निरीक्षक सूर्यकुमार कार्कीलाई मुचुल्का गर्दा त्रुटि गरेकाले सचेत गराउन सरकार र नेपाल प्रहरीलाई सिफारिस गरिएको छ । आयोगले प्रहरीलाई निर्देशन दिने तालुक निकायका पदाधिकारी तथा कर्मचारी, आदेश दिने अधिकारी तथा दुरुत्साहन गर्ने व्यक्तिमाथि समेत अनुसन्धान गरी कानुनी दायरामा ल्याई कानुनबमोजिम कारबाही गर्न सिफारिस गरेको छ ।

बाँकी पृष्ठ १४ ▸▸

चन्द समूहका दुई सर्त

काठमाडौं (कास)- नेत्रविक्रम चन्द नेतृत्वको समूहले सरकारसँग वार्ताका लागि आफूमाथिको प्रतिबन्ध हटाउनुपर्ने र नेता-कार्यकर्तालाई निःसर्त रिहा गर्नुपर्ने सर्त अघि सारेको छ ।

चन्द समूहको गत असोजमा सम्पन्न आठौं पूर्ण बैठकले यस्तो निर्णय लिएको हो । तर बैठकले सरकारले अघि सारेको वार्ताको कुरा पत्यार गर्न लायक नभएको निष्कर्ष निकालेको छ ।

'सरकारले आफ्नो फाँसीवादी दमनलाई ढाकछोप गर्न 'वार्ता' को हतियार प्रयोग गरिरहेका सन्दर्भमा पार्टीले षड्यन्त्रपूर्ण वार्ता प्रचारलाई भन्डाफोर गर्ने तर इमानदारीसाथ प्रतिबन्ध हटाएर गिरफ्तार कमरेडहरूलाई छोडेर निःसर्त आएमा सकारात्मक रूपले सोच्ने निर्णय लिएको छ,' चन्दले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

बाँकी पृष्ठ १४ ▸▸

उतिबेलै गरिएको थियो सर्वस्वसहित जन्मकैद मागदाबी

■ **मातृका दाहाल** (काठमाडौं)

तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौला, गृहसचिव उमेश मैनाली र प्रहरी महानिरीक्षक ओमविक्रम राणाले रौतहट बम विस्फोट घटना र घाइतेका विषयमा आफूहरू जानकार नै नरहेको बताए पनि कांग्रेस सांसद मोहम्मद अफताब आलममाथि १२ वर्षअघि प्रहरीले नै सर्वस्वसहित जन्मकैद सजाय हुनुपर्ने मागदाबी गरेको खुलासा भएको छ ।

२०६४ चैत २७ गते राति विस्फोटमा घाइते भएकालाई इँटाभट्टामा लगेर मारिएको कसुरसम्बन्धी प्रहरीको अनुसन्धान प्रतिवेदनमा आलमसहितका आरोपितमाथि सर्वस्वसहित जन्मकैदको सजाय मागदाबी लिएर प्रहरी जिल्ला सरकारी वकिलको कार्यालय पुगेको पाइएको हो । 'बम विस्फोटमा घाइते भएकालाई इँटाभट्टामा लगेर मारेको अभियोगमा मुलुकी ऐन २०२० को महल-१० ज्यानसम्बन्धी कसुरको दफा १३क अनुसार आलममाथि सर्वस्वसहित जन्मकैद सजाय मागदाबी गरिएको थियो,' त्यसबेला प्रहरीले तयार पारेको प्रतिवेदन उल्लेख गर्दै स्रोतले भन्यो, 'तर प्रतिवेदन तथ्य र प्रमाणभन्दा बाहिर गएर बनाइएको तर्क गर्दै सरकारी वकिल कार्यालयले अदालतसम्म नपुऱ्याई अभियुक्तहरूलाई उन्मुक्ति दियो ।'

फाइल तस्बिर

तत्कालीन प्रहरी निरीक्षक (हाल नायब उपरीक्षक) रहेका राजीव बस्नेतको नेतृत्वमा घटनाको अनुसन्धान भएको थियो । अनुसन्धानका क्रममा प्रमाण संकलनमा थुप्रै कमीकमजोरी भए पनि अपराधमा संलग्नले उन्मुक्ति पाउनु हुँदैन भन्ने गरी त्यसबेला नै प्रतिवेदन तयार भएको हाल अनुसन्धानमै खटिएका एक प्रहरीले बताए । त्यसबेलाको प्रहरी प्रतिवेदनअनुसार मुद्दा नचलाई सरकारले आरोपितलाई उन्मुक्ति दिएको थियो । घटनाको १२ वर्षपछि गत असोज २६ गते मुख्य आरोपित आलम रौतहटबाटै पक्राउ परेका हुन् । उनलाई सुरुमा ७ दिन र आइतबार पुनः ५ दिन म्याद थप गरेर हिरासतमै राखिएको छ । प्रहरीसँगको बयानमा आलमले कसुर अस्वीकार गरिरहेका छन् । विस्फोट घटनामा भागेर बाँचेका एक पीडितको चोट तथा घाउ जाँच भइसकेको छ । उनको स्वास्थ्य परीक्षण प्रतिवेदन आएपछि अनुसन्धानलाई पूर्णता दिने प्रहरीको भनाइ छ । आलम जोडिएको घटनामा कसुर पुष्टि हुने आधार तयार भइसकेको उल्लेख गर्दै आलममाथि पोलिग्राफ बयान लिने तयारी भइरहेको स्रोतले जनायो ।

बाँकी पृष्ठ ३ ▸▸

२०६४ चैत २७ : विस्फोट
२०६५ वैशाख १४ : मुचुल्का
२०६५ वैशाख १४ : प्रहरी निरीक्षक राजीव बस्नेतको नेतृत्वमा अनुसन्धान सुरु
२०६५ वैशाख १८ : किटानी जाहेरी
२०६५ असार ९ : प्रहरी अनुसन्धान प्रतिवेदन रौतहट सरकारी वकिलको कार्यालयमा पेस (जुन प्रतिवेदनमा आलमसहितका आरोपितमाथि सर्वस्वसहित जन्मकैदको सजाय मागदाबी)
२०६५ असार ३० : महान्यायाधिवक्ता कार्यालयद्वारा आरोपितविरुद्ध मुद्दा नचल्ने निर्णय
२०६९ जेठ १६ : महान्यायाधिवक्ताको निर्णय सर्वोच्च अदालतद्वारा बदर, सुरुबाटै अनुसन्धान गर्न आदेश
२०७६ असोज २६ : विस्फोटका आरोपित आलम पक्राउ

नागढुंगा-सिस्नेखोला सुरुङमार्ग ४२ महिनामा बन्ने
पृष्ठ २

उकालो लाग्दै रूखबिरुवा

हिमाली क्षेत्रका वनस्पति तापक्रम वृद्धिका कारण ५६.१ मिटरमाथिसम्म फैलिएको पछिल्लो अनुसन्धानले देखाएको छ

■ **अब्दुल्लाह मिर्याँ** (काठमाडौं)

हिमाली क्षेत्रमा पाइने वनस्पतिका केही प्रजाति बर्सेनि माथिल्लो भूभागतर्फ उक्लिरहेको अध्ययनले देखाएको छ । चिसोले वनस्पति नै नहुने क्षेत्रमा पनि क्रमिक यसरी उक्लनेमा भोजपत्र र गोब्रेसल्लालगायतका वनस्पति छन् ।

विश्वमा हालसम्म भएका १ सय ६६ वटा अध्ययनले पनि वृक्षरेखा माथि सर्दै गएका वनस्पतिको प्रतिशत ५२ देखाएको छ । ४७ प्रतिशतको वृक्षरेखा फेरबदल भएको छैन, कतिपय वनस्पतिको वृक्षरेखा उस्तै नै छ । हिमाली क्षेत्रका केही वनस्पतिको हरेक वर्ष २.६ मिटरका दरले वृक्षरेखा माथि सर्दै गएको अनुसन्धानको निष्कर्ष छ । वनस्पति विज्ञहरूले नेपालको पूर्वदेखि पश्चिमसम्मका उच्च हिमाली क्षेत्रमा विभिन्न समयमा गरेको अध्ययनबाट भोजपत्र र गोब्रेसल्लाजस्ता वनस्पति माथितिर उकालो लागिरहेको तथ्य पत्ता लागेको हो । तापक्रम बढेर हिमाल, हिमताल र हिमनदी पग्लिने क्रम बढिरहेका बेला वनस्पतिका केही प्रजाति उपयुक्त चिसो खोज्दै मास्तिर उक्लिरहेका हुन् । यसको असर त्यहाँका वन्यजन्तु र जनजीवनमा समेत पर्ने विश्लेषकहरूको भनाइ छ । भोजपत्र र गोब्रेसल्लाबारे इन्स्टिच्युट अफ टिबेटेन प्लेटो रिसर्च, चाइनिज एकेडेमी अफ साइन्सेस, बेइजिङबाट विद्यावारिधि गरेर त्यहीं कार्यरत वनस्पति विज्ञ शालिकराम सिग्देलले वनस्पतिहरूको वृक्षरेखा (ट्री-लाइन) माथितिर स्थानान्तरण हुने क्रम बढिरहेको पाइएको बताए । 'मेरो अध्ययनले पश्चिमको तुलनामा पूर्वी हिमाली भागका वनस्पतिहरू माथितिर उकालो लागिरहेको देखाएको छ,' पर्वतीय क्षेत्रको परिवर्तनसम्बन्धी चौथो सम्मेलनमा भाग लिन काठमाडौं आएका उनले कान्तिपुरसित भने, 'विगतमा रूख नहुने स्थानमा अहिले दुई मिटरभन्दा बढी उचाइका रूख भेटिएका छन्, त्यसले माथिल्लो क्षेत्रमा वृक्षरेखा स्थापित भएको छ ।'

बाँकी पृष्ठ १४ ▸▸

न्यायिक समितिमा दम्पती झगडा बढी

'महिला पीडित पुरुषको कमी छैन'

■ **जितेन्द्र साह** (कानेपोखरी, मोरङ)

'उपाध्यक्षको पदभार सम्हाल्नु अघिसम्म मलाई पनि पुरुष प्रधान समाजमा महिला मात्र पीडित हुन्छन् जस्तो लाग्थ्यो तर परेको उजुरीमाथि आफैंले फैसला गर्नुपर्दा मेरो सोचमा परिवर्तन भएको छ।'

कानेपोखरी गाउँपालिकाकी उपाध्यक्ष राजमती इङ्नामको अनुभव हो यो। 'न्यायिक समितिमा श्रीमान्श्रीमतीकै झगडा बढी आउँछन्, त्यसमध्ये पीडितमा झन्डै ३५ प्रतिशत पुरुष समेत हुन्छन्।' संविधानले विभिन्न प्रकृतिको उजुरी हेर्न पाउने अधिकार स्थानीय निकायको न्यायिक समितिलाई दिएको छ।

कानेपोखरी गाउँपालिका कार्यालयको न्यायिक समितिमा ०७४/७५ को वैशाखसम्म पति-पत्नी विवाद र सम्बन्ध विच्छेदका १३ उजुरीमध्ये १० वटामा मेलमिलाप गरिएको देखिन्छ। श्रीमान् वैदेशिक रोजगारमा रहेका परिवार सम्बद्ध मुद्दा बढी परेका छन्। 'विदेशबाट फर्केका पुरुषले पठाए जतिको पैसा श्रीमतीले सकाएको, भएको सम्पत्ति पनि सखाप पारेको र श्रीमती नै घरमा नभेटिएको उजुरी दिन्छन्,' इङ्नामले भनिन्।

गाउँपालिकाको ४८ हजार जनसंख्यामा करिब ४ हजार वैदेशिक रोजगारमा छन्। परम्परागत सोचले गर्दा समाजले महिलालाई बढी विश्वास गर्ने हुनाले न्यायका लागि गुहार्न पुरुषलाई कठिन हुने गरेको कानेपोखरी-३ का ४० वर्षीय योगेन्द्रप्रसाद ढकालले बताए।

'पतिले घरखर्च नदिएको, अतिरिक्त वैवाहिक सम्बन्ध बनाएको, छोराछोरीलाई माया नगरेको, कुटपिट र गालीगलौज गरेको सम्बन्धी उजुरी पत्नीले हाल्छन्,' इङ्नामले भनिन्, 'पुरुषको तुलनामा अझै पनि महिला बढी पीडित छन् तर महिलाले पुरुषमाथि लगाएको सबै आरोप सही हुन्नन्।'

वैदेशिक रोजगारमा रहेका श्रीमान् वा श्रीमतीले पठाएको रकमको लगानी वा हिसाबकिताब नराखिँदा भएको किचलोसम्बन्धी निवेदन समितिमा निरन्तर आइरहेका छन्। उपाध्यक्ष इङ्नामका अनुसार अरूहरूले उक्साएको, गलत सूचना दिएको र अनुमानका भरमा अरूसँग सम्बन्ध भएको भन्दै पति वा पत्नीले एक अर्काविरुद्ध उजुरी हालेको समेत पाइएको छ।

०७४/७५ को वैशाखसम्म परेको ६ अंश विवाद, क्षतिपूर्तिको १, जग्गा विवादको ९, छिमेकीबीच गालीगलौजका ५, विकास निर्माण अवरोधका २, सामान्य कुटपिटका ६, ताला खोल्नु पर्ने बारेको १, लेनदेनका २, बाटो निर्माण अवरोधका ४, पैनीकुलो अवरोधका ३ लगायत कुल ६० उजुरीमा ४३ मा समितिले मिलापत्र गराएको छ।

श्रीमान्-श्रीमती विवादसम्बन्धी मुद्दाको चाप भने न्यायिक समितिमा बर्सेनि बढ्दो छ। २०७६ को वैशाखदेखि १ कात्तिकसम्म परेको १ सय ३९ मुद्दामा सम्बन्ध विच्छेदका १५, पती-पत्नीको विवादका ३१ र पारिवारिक विवादका १७ गरी ६३ उजुरीमा ५४ वटामा समितिले मिलापत्र गराएको छ।

'विदेशमा भएका श्रीमान्को फोन श्रीमतीले र श्रीमतीको श्रीमान्ले नउठाएकोसम्मका हास्यास्पद झगडाबारेको उजुरी समेत परेको छ,' उपाध्यक्ष इङ्नामले भनिन्, 'यो भनेको समझदारीकै अभाव हो।'

२०७६ को वैशाखदेखि १ कात्तिकसम्म अंश विवादका ६, क्षतिपूर्तिका ४, गाली बेइज्जतिका ११, विकास निर्माण अवरोधका ३, सामान्य कुटपिटका ८, ताल्चा खोल्ने २, लेनदेन ३, बाटो अवरोधका ४, पशुपंक्षी छाडा छाड्दाको २, हानीनोक्सानी हुने गरी पशुपन्छी पालेका सम्बन्धी ३ र कुलोपैनी विवादका ३१ उजुरी पऱ्यो। '१९ वटा मात्र निर्क्योल हुन बाँकी छ, सम्बन्ध विच्छेदका ३ उजुरी अदालतमा पठायौं, छाडा पशुपन्छी सम्बन्धमा नीति नै बनाउन लागेका छौं,' उनले भनिन्।

स्थानीय निकायको न्यायिक समितिलाई ऐनले आलीधुर, बाँधपैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग, अर्काको बाली नोक्सानी गरेको, चरन, घाँस, दाउरा, ज्याला मजदुरी नदिएको, घरपालुवा पशुपन्छी हराएको वा पाएको, ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको, नाबालक छोराछोरी वा पतिपत्नीलाई इज्जत आमदअनुसार खान लाउन वा शिक्षा नदिएको मुद्दा हेर्ने अधिकार दिएको छ।

ओखलढुंगा सदरमुकाममा देवी देवताको तस्बिर बेच्दै व्यापारी। तिहारमा विशेष गरी धनकी देवीका रूपमा लक्ष्मीलाई पूजिने भएकाले लक्ष्मीको तस्बिर बढी बिक्री हुने गर्छ। *तस्बिर : कान्तिपुर*

बक्राहामा तटबन्ध

योजना ४९ करोड, बजेट ५ करोड

बक्राहा नदीमा बर्सेनि आउने बाढीले गाउँबस्ती डुबाउनुका साथै बालीनालीमा ठूलो क्षति पुऱ्याउँदै आएको छ

■ **देवनारायण साह** (मोरङ)

बक्राहा नदीमा आउने बाढी नियन्त्रणका लागि चालु वर्षमा ४९ करोडको लागतमा ६ वटा प्याकेजको काम गर्नुपर्ने छ। सरकारले भने ५ करोड ३५ लाख मात्रै बजेट उपलब्ध गराइदिएको आयोजनाले जनाएको छ। बाढीले बर्सेनि क्षति पुऱ्याउँदै आएको छ। बाढीले चुरेदेखि दक्षिणी सीमासम्मका गाउँबस्ती डुबान, कटानकासाथै खेतीबालीमा समेत ठूलो क्षति गर्दै आएको हो।

उक्त नदीमा आउने बाढीबाट क्षति न्यूनीकरणका लागि सरकारले तटबन्ध निर्माण गर्न गत वर्षबाट कोसी तथा बक्राहा नदी व्यवस्थापन आयोजना कार्यालय विराटनगरमा स्थापना गरेर काम अघि बढाएको छ। उक्त नदीमा ३ अर्ब ९४ करोड ४७ लाखको लागतमा दायाँबायाँ गरी ६८ दशमलव ३५ किमि तटबन्ध, ८८ वटा स्पर, २६ वटा कल्भर्ट लगायतका निर्माण काम गर्न १० वर्षे गुरु योजना ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले स्वीकृत गरेको छ।

स्वीकृत गुरु योजनामा कुन आर्थिक वर्षमा के के र कति काम, कति लागतमा गर्ने बारेसमेत तोकिएको छ। गुरु योजनामा यसअघि निर्माण भएको ५३ दशमलव २७ किमि तटबन्धको मर्मतसमेत गर्नुपर्ने उल्लेख छ। आयोजना प्रमुख भिलानन्द यादवले बक्राहा नदीमा आउने बाढीले बर्सेनि क्षति पुऱ्याउँदै आएकाले तटबन्ध निर्माणको काम समयमा गर्नु आवश्यक रहेको बताए।

'बक्राहा नदीको क्याचमेन्ट एरिया ४ सय ३० वर्ग मिटर भएकाले बर्सेनि अत्यधिक बाढी आउने गरेको छ,' उनले भने, 'वर्षा भएपछि एकैचोटि बाढीको भेल आउँदा बालुवा माटोको तटबन्ध कटान गरेर गाउँ पस्दा क्षति हुने गरेको छ।'

गत वर्षदेखि आव ०८४/८५ सम्ममा तटबन्ध निर्माण गर्नुपर्ने विस्तृत अध्ययन प्रतिवेदन तत्कालीन जल उत्पन्न प्रकोप व्यवस्थापन विभागले ०७४ कात्तिक १५ गते स्वीकृत गरेको यादवले बताए।

'मन्त्रालयका सचिव डा. संजय शर्माले ४ वर्षको १ अर्ब ४७ करोड २ लाख १५ हजारको खरिद गुरु योजना ०७६ असार १ गते स्वीकृत गरेर काम अघि बढाएको छ,' उनले भने, 'स्वीकृत गुरु योजना अनुसार चालु वर्षमा ४९ करोड बजेटमा ५ वटा ठेक्का र एउटा प्याकेजको काम उपभोक्ता समितिबाट गराउनु पर्ने हो तर सरकारले ५ करोड ३५ लाख मात्रै बजेट विनियोजन गरिदिएर समस्या भएको हो।'

असार २२ गते आएको बाढीबाट तटबन्ध र गाउँ जोगाउन तटबन्ध, स्पर निर्माण र बाँसको परकुपाइन राख्न ३ करोड २१ लाख भएको खर्च पनि यही बजेटबाट भुक्तानी गर्दा चालु वर्षमा काम गर्न २ करोड १४ लाख बजेट मात्रै बाँकी रहेको उनले सुनाए। उक्त बजेट एउटा पनि प्याकेजको काम सम्पन्न गर्न नसकिने र नदीमा अधुरो काम गरेर बाढीले बगाउने भएकाले चालु वर्षमा काम अगाडि बढाउन नसकिने यादवको भनाइ छ।

आयोजनामा तीन नदी थप

सरकारले यस वर्ष तटबन्द निर्माणका लागि मोरङस्थित लोहन्द्रा, चिसाङ र डाँस खोलासमेत कोसी तथा बक्राहा नदी व्यवस्थापन आयोजना कार्यालयको कार्य क्षेत्रभित्र राखेर बजेट विनियोजन गरेको छ। चालु वर्षमा तीन वटै खोलाको तटबन्ध निर्माणका लागि ३०/३० लाख र सर्वेक्षण, अध्ययन र गुरुयोजना निर्माणका लागि ५/५ लाख बजेट आएको आयोजना प्रमुख यादवले बताए।

बसाइँ सरेकालाई पनि भत्ता

सुरक्षा भत्तामा अनियमितिताबारे उजुरी

खोटाङ (कास)- बराहपोखरी गाउँपालिका वडा नम्बर-१ बराहपोखरीमा सामाजिक सुरक्षाभत्तामा अनियमिता भएको भन्दै गाउँपालिकामा उजुरी परको छ। मृत्यु भइसकेका र बसाइँ सरेकाहरूको नाममा रकम निकालेर अनियमित गरिएको भन्दै उजुरी परेको हो।

बराहपोखरी गाउँपालिका वडा १ का खड्गमाया थापा मगर, गर्भीमाया तामाङ, दान्जीमाया तामाङ, निरमायाँ मगर, बलमाया मगर, विष्णुलक्ष्मी श्रेष्ठ, डम्बरकुमारी श्रेष्ठ, ज्ञानलक्ष्मी श्रेष्ठ, चन्द्रमायाँ खड्का, कौशिलादेवी आचार्य र मदनकुमारी राईको नाममा रकम निकालेको खुलेको छ।

त्यस्तै हर्कबहादुर मगर, सनमान थापा मगर, लालबहादुर राई, मनमायाँ राई, बुद्धिमान आले मगर, भक्तबहादुर कार्की, बमबहादुर खत्री, देवीप्रसाद श्रेष्ठ, तीलकबहादुर राई र कपिलबहादुर थापाको नाममा भर्पाईमा रकम निकासा भएको देखिन्छ।

त्यस्तै बसाईं गएका व्यक्तिको नाममा पनि भर्पाइ पेस गरेर रकम निकासा भएको देखिन्छ। बसाईंसराइँ गरेर विराटनगर गएको भए पनि उनको नाममा रकम निकासा भएको छ। मङ्गली घिमिरेको नाम नहघाएपछि बराहपोखरी र विराटनगर दुवै ठाउँबाट दोहोरो सुविधा लिएको पाइएको उजुरीमा उल्लेख छ।

त्यसैगरी उदयपुर बसाइसराइ गएकी गङ् गामाया पौडेलले पनि दोहोरो सुविधा लिएको भन्दै स्थानीयले उजुरी दिएको गाउँपालिका उपाध्यक्ष गोमा मगरले बताइन्। यसबारेमा उजुरी दर्ता गरेर छानबिन प्रक्रिया बढाइने उपाध्यक्ष मगरले सुनाइन्। 'सामाजिक सुरक्षाभत्तामा अनियमितता भएको भन्ने उजुरी आएको छ।' मगरले भनिन्, 'अध्यक्षज्यू कार्यालयमा आउनुभएपछि दर्ता गरेर छानविन सुरु हुन्छ।'

धरानमा समाजवादीको उम्मेदवारी

सुनसरी (कास)- समाजवादी पार्टीले धरान उपमहानगरको प्रमुख पदको उम्मेदवारका लागि सर्वसम्मतले गजेन्द्र इस्वोलाई उम्मेदवार बनाउने निर्णय गरेको छ। पार्टीको जिल्ला, प्रदेश तथा केन्द्रका नेता र सल्लाहकारसमेतको बैठकले मंसिर १४ गते हुने उपनिर्वाचनका लागि यो निर्णय गरेको हो।

धरानमा समाजवादी नेकपा र कांग्रेसपछि तेस्रो शक्तिका रूपमा छ। समाजवादीले इस्वोको नाम सिफारिस गरेपछि कांग्रेसले समाजवादीसँग गठबन्धन गर्ने रणनीतिको 'च्याप्टर क्लोज' भएको समाजवादीका नगर अध्यक्ष ताजुब लिम्बूले बताए। उनले धरानको उपचुनावमा कांग्रेससँग समाजवादीको गठबन्धनको सम्भावना समाप्त भएको बताए। पार्टीको बैठकले कांग्रेससँग गठबन्धन नगरी एक्लै चुनावमा जानुपर्ने सुझाव र दबाव दिएपछि इस्वोको नाम सर्वसम्मत गरिएको थियो।

पार्टीको उक्त निर्णयसँगै जनअभिमत थाहा पाउनका लागि पनि एक्लै चुनाव लड्ने र सकेसम्म जित हासिल गर्न कोसिस गर्ने भन्ने राय, सुझाव आएको आधारमा पार्टीको वडा अध्यक्षहरूको संयुक्त बैठकले पनि गठबन्धन गर्न नहुने भन्दै पार्टीलाई दबाव दिएको थियो। इस्वो पूर्व एमालेका इमान्दार कार्यकर्ता मात्र नभएर ब्रिटिस गोर्खा सैनिक संघका गेसोका केन्द्रीय सदस्य, धरानका दर्जनभन्दा बढी सामाजिक संघसंस्थामा आबद्ध सक्रिय समाज सेवीका रूपमा चिनिन्छन्।

Civil / Computer Engineering र X-Ray Technician सहित ANM / CMA / Lab Assistant कार्यक्रमहरूमा पूनः भर्ना खुल्यो !

CTEVT बाट सम्बन्धन प्राप्त यस सुनसरी टेक्निकल कलेजमा शैक्षिक शत्र २०७६/०७७ को लागी केहि रिक्त सिटहरूकालागी निम्न Diploma तथा TSLC कार्यक्रमहरूमा पूनः भर्ना खुल्यो !

Diploma तर्फ (3 Years)
Diploma in Civil Engineering
Diploma in Computer Engineering
Diploma in Radiography (X-RAY Technician)

TSLC तर्फ (18 Months)
ANM , CMA
Lab Assistant
SEE तर्फ D तथा E Grade प्राप्त गर्नेले समेत फारम भर्न पाईने छ।

फारम भर्ने अन्तिम मिति : २०७६ कार्तिक १७ गते सम्म
प्रवेश परिक्षा : २०७६ कार्तिक २३ गते शनिवार

सुनसरी टेक्निकल कलेज
लक्ष्मी सडक, धरान-१
मोबाइल : ९८५२०२०६१५, ९८४१४२९७१३, ९८०४३३६६८९

फक्तालुङ दर्शन आजदेखि

ताप्लेजुङको फक्ताङलुङ गाउँपालिकामा रहेको किराँतहरूको पवित्र धार्मिकस्थल फक्ताङलुङ दर्शनका लागि जाँदै यात्रु। *तस्बिर : आनन्द गौतम/कान्तिपुर*

ताप्लेजुङ (कास)- किराँत धर्मावलम्बीहरूको पवित्र धार्मिकस्थल मानिएको फक्ताङलुङ दर्शन मेला सुरु भएको छ। कात्तिक ५ गतेबाट सुरु भएको फक्तालुङ दर्शन सेवा ११ गतेसम्म चल्ने छ। यो वर्ष देश-विदेशका गरी ८ सय यात्रु जाने आयोजकले बताएका छन्। यो वर्ष इलामको लारुम्बाबाट धर्मगुरु आत्मनन्द लिदेन र उहाँकी धर्मपत्नी समेत सेवामा जाने भएकाले यसलाई विशेष उत्सवका रूपमा मनाईदैछ।

राष्ट्रिय विभूति महागुरु फाल्गुनन्दले तपस्या गरेको स्थलमा बर्सेनि पूजाआजा तथा तपस्याका लागि तीर्थयात्री जान्छन्। देशविदेशबाट आएर यहाँ जानेका लागि समन्वय गरिरहेको फक्तालुङ टेकिङ एजेन्सी प्रालिका ताप्लेजुङ संयोजक गंगाबहादुर कडलिवाका अनुसार तराईबाट ताप्लेजुङ सदरमुकाम फुङलिङसम्म आउने र फुङलिङबाट फक्ताङलुङ गाउँपालिकाको रानीपुलसम्म जानेका लागि गाडी व्यवस्था गरिएको छ। त्यहाँबाट भने पैदल यात्रा गर्नुपर्छ। कात्तिक ७ र ८ गते दुईदिन हेलिकप्टर सेवा पनि सञ्चालन गरिने भएको छ। सुकेटारबाट चल्ने हेलिकप्टरका लागि प्याकेजको ९० हजार रुपैयाँ भाडा निर्धारण गरिएको उनले बताए। 'कुन एयरलाइन्सको हेलिकप्टर चल्ने भन्ने विषयमा मंगलबार बिहानसम्ममा टुंगो लाग्छ,' कडलिवाले भने।

ट्राभलका अनुसार सोमबार ६५ जनाको टोली सदरमुकाम फुङलिङबाट गएको र मंगलबार १ सय ६५ जनाको टोली पैदलयात्रा गरेर जाने तयारीमा रहेको छ। धार्मिकस्थल ४२ सय मिटर उचाइमा रहेको र चिसो भएकाले तीर्थयात्रीलाई ओढ्ने आफैंले बोकेर आउन सूचना गरिएको आयोजक सदस्य चरपे लिम्बूले बताए।

यसको नजिकै खम्बाछेन बस्ती भए पनि कञ्चनजंघा हिमालको बेसक्याम्प जानेले भरिएकाले ओढ्ने ओछ्याउनेको समस्या रहेको चरपे बताउँछन्। बस्नेहरूका लागि सामान्य व्यवस्थाका लागि भने १५ दिन अघिदेखि एउटा समूह क्रियाशील छ। तपस्या गर्नेहरूका लागि पाल ओडाएर व्यवस्थापन गरिएको हो।

विदेशमा बस्नेहरूले यो समयमा बिदा मिलाएर आउने र हेलिकप्टरमार्फत् गएर पनि दर्शन गरेर फर्कने गरेका छन्। यो सिजनमा दर्शन गर्न जानेले २४ दिने यात्रा पनि गरेको पाइन्छ। लारुम्बामा गुरुको आशीर्वाद लिएपछि सुरु हुने यात्रा पोखरी, ताल हुँदै फक्ताङलुङमा गएर दर्शन गरेर फर्किएपछि टुंगिने गरेको छ। कतिपयले हिमाली क्षेत्रमा पालिएका चौरीलाई नुन, पिठो पनि खुवाउने गरेको चरपे बताउँछन्।

ENJOY DOLBY ATMOS SOUND | BIG Movies
NOW SHOWING
WAR : 11:30 AM, 5:15 PM, 8:15 PM
JOKER : 9:00 AM, 2:15 PM, 7:30 PM
KABADDI KABADDI KABADDI : 2:30 PM
ZOMBIELAND : DOUBLE TAP (A) : 12:00 PM
CHA MAYA CHAPAKKAI : 8:45 AM, 11:45 AM, 2:45 PM, 5:45 PM, 8:45 PM
3D MALEFICENT : MISTRESS OF EVIL : 9:30 AM, 5:00 PM
NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233 | www.bigmovies.com.np | facebook/bigmoviesnepal
Wednesday & Thursdays At Rs. 185 * Conditions apply

QFX cinemas NEXT CHANGE
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
qfxcinemas.com

BG Mall BSR MOVIES
FIRST TIME IN NEPAL DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com
NOW SHOWING
CURRENT SHOWTIME

MOVIES	ATMOS 1	ATMOS 2
CHA MAYA CHHAPAKKI	2:00 PM | 5:00 PM | 8:15 PM	11:30 AM
3D: MALEFICENT	11:00 AM	
ZOMBIELAND: DOUBLE TAP		8:00 PM
JOKER		5:30 PM
WAR		2:30 PM

XTREMO SUPER 7 DAYS TUESDAY Et WEDNESDAY -190 ALL DAY LONG
BSR owns the rights to change the show time

Showing Time 8:20, 11:20, 2:20, 5:20
GUNA GROUP गुण सिनेमा हल प्रा. लि. Guna Cinema P. Ltd.
जुनेली MOVIE SONG
Lyrics
दीपक-दीपाको
• War • छ माया छ पक्कै • काले दाई • रातो टिका • कबड्डि कबड्डि • हिरो नम्बर १ • लक्ष्मी रानी
• छ माया छ पक्कै • लक्ष्मी रानी • रातो टिका निदारमा • साहो • War • कबड्डी कबड्डी ३ • मारुनी

तपाईको आज

मेष	भाग्य वृद्धि	तुला	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पुण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रशन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानि	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पूर्ण

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक ६ गते बुधबार तदनुरुप २३ अक्टोबर २०१९ कार्तिक कृष्णपक्ष दशमी तिथि रात्रिको ९:१४ बजेसम्म उप्रान्त एकादशी तिथी, अश्लेषा नक्षत्र दिनको १२:२३ बजेसम्म उप्रान्त मघा नक्षत्र, शुभ योग दिनको ०३:१३ बजेसम्म उप्रान्त शुक्ल योग, वणिज करण प्रातः १०:२० बजेसम्म उप्रान्त भद्रा करण, कर्कट राशिमा चन्द्रमा दिनको १२:२३ बजेसम्म उप्रान्त सिंह राशिमा । ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्यूज
९:००	फाचरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमनसँग (रिपिट)
११:००	कान्तिपुर न्यूज
११:३०	लाइभेन्स टु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	नेपाल स्पेल बी (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	यू थ्रण्ड आई (रिपिट)
३:००	फाचरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइभेन्स टु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	प्रदेश विशेष (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्यूज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्यूज रिपीटेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट १)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कामुनी बहस र परामर्श (कमला)
०८:००	डेलामलमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (धनिसा)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	मनका कुरा
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज गिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:५५	नेपालय (रश्मिला)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रिंयका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	ओल्डी गोल्डी (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्ट्रेनी
२२:००	कालजयी गीत संगीत (भूपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

रक्तसञ्चार केन्द्र	४२०५३८८
वीर अस्पताल	४२०२९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१५५५०
प्रसूति गृह	४२५३७६६
ठेकु अस्पताल	४२५३७६६
पाटन अस्पताल	५५२२७७८
शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३०५३२२/४३०५३७७
मानसिक अस्पताल	५५२५३३३
नेपाल आँखा बैंक	४४२३८८८
नेपाल आँखा अस्पताल	४२५०६२५
तिलगंगा आँखा अस्पताल	४४२३८८८
नेपाल अर्थोपेडिक अस्पताल	४२५१०८२
मरक्युर अस्पताल	६६५०८७६
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल	४२५१००८
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल	४४०६५५२
काठमाडौं मेडिल अस्पताल	४२८०८७४/६
नेपाल मेडिसिटी अस्पताल	९७३८/४२५०७६६/४२५०७५५
बी एण्ड बी अस्पताल	५५३३०७६
मेडीकेयर मेगानल अस्पताल	४४६०८६०
मेडीकेयर मेगानल अस्पताल (ढवबुलेन्स)	४४६०८६०
कान्तिपुर हस्पिटल	४५५५०५७/८५८
ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर	४४०६२०५
नर्भिक, थापाथली	४२५८५४६
क्युोध अस्पताल (प्रा.) लि.	४२८६४२८/४२८५६६६
लाइफ केयर अस्पताल	४२२७०३५
मितेरी अस्पताल	६६३५०३६/६६३४०५६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२६४०२०
मरक्युर रेडक्रस	६६५२२६६
नेशनल किड्नी सेन्टर	४३६३४५२/४३६०८८९
नेपाल मेडिसिटी	४२५७०५५/४२५७०६६
मानसिक अस्पताल	४४८०५७०
हुयाक्स अस्पताल	४३७०४०४/४३७०७०४
ईशान बाल नर्सिङ होम तथा प्रसूति गृह	४३५४५३०/४३८५९६२
ओर्थो अस्पताल र रिसर्च इन्टिच्युट	४२५८५२०/४२५८५४१
मनमोहन मेमोरियल अस्पताल	४४५९६०५/४४२०८२३
मरोसा अस्पताल प्रा.लि.	४४०४४६८/४४८९८९१
सामुदायिक मानसिक स्वा. जे. केन्द्र	०१ ६०१२१४४
जनमैत्री हस्पिटल	४३६६३०१-०५
मध्यपुर अस्पताल	०१-५०२३३८८/५०२३३५१/५०२३३७२
विनायक अस्पताल तथा प्रसूति गृह	४३८३५५२/४३८०८४८
केन्द्रीय पशु चिकित्सालय	४२६५३८२/४२२९०६४/४२६२१०३
मेडिप्लस हेल्थ सामुदायिक अस्पताल	४४०३५१८/४४०८६५५
शहीद मेमोरियल अस्पताल	४४०२९३८/०१६२०८६०२
स्पार्क हेल्थ सेवा अस्पताल	४२७३०२४/४२७०२२३
ओम समाज अस्पताल	४३५३५२२
स्टार अस्पताल	५५५०९७०/५५५०९८८/५५५२२७०
अल्का अस्पताल	५५५५५५५
नागरिक सामुदायिक अस्पताल	६६३७६००/५६३२९८६
मिलाल अस्पताल/ढवबुलेन्स	४४५५०८६/४४९६६०२
स्पाइनल इन्जरी पुनस्थापना केन्द्र	०७१-६६०८४७/६६०८४८
काठमाडौं अस्पताल	४२२२२२२
अन्तराष्ट्रिय मेत्री बाल अस्पताल	४४१९५३८/४४५५४९१
बी.पी. स्मृति अस्पताल	४३८७०२४/४३८०७६
सुमेरु अस्पताल	५२७५३७०/५२७५०८८/९९
वेलकेयर हस्पिटल	४४२६२३५/४४२६९८४
ग्लरेष्ट हस्पिटल	४७८९२७४/४७८३०२४
काठमाडौं नाक कान घाँटी अस्पताल	४२४५५४४/४२२६७३०
ग्राण्डी इन्टरनेशनल हस्पिटल	५५५२०६६/५५५२०६०
ग्रिन सिटी हस्पिटल	४३५२२४८/४३५०४५२
शुभेक्षा इन्टरनेशनल हस्पिटल	४२८५४३/४२८५५३५
कान्तिपुर जनरल हस्पिटल	४३८५९०/४३८५०९९
निःशुल्क होमियो दातव्य	४२५५५४०/४२५५५१९
दीर्घायु गुरु हस्पिटल	४४६०५०३/९८४४४८५५५०
गणेशमान सिंह मेमोरियल अस्पताल	०१-५५३०८८५/५५२३४२०, ५५४४२४४/५५५५८७४
ॐ समाज डेण्टल हस्पिटल	०१-४४०३४४४/४४८०८८०

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२४९०४५/४२४९०२०
जिल्ला प्रहरी (ललितपुर)	५५२५२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६५४८२९
आकस्मिक प्रहरी सेवा	४२२६९९९
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४२२९
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर आफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९९
टेवा कर्नर लि:शुल्क सववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२६०८६
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

नेपाल-भारतका कोच युवा सम्मेलन

'समुदायको विकासमा रणनीतिक योजना आवश्यक'

कान्तिपुर संवाददाता (बिर्तामोड)

नेपाल र भारतमा बसोबास गर्ने कोच समुदायको विकासका लागि रणनीतिक योजना आवश्यक रहेको दुवै देशका युवाहरूले निष्कर्ष निकालेका छन्। झापाको बिर्तामोडमा कार्तिक २-३ गते भएको 'अन्तर्राष्ट्रिय कोच सांस्कृतिक युवा सम्मेलन' का सहभागीले कुनै एउटा विषयको विकासले मात्र समग्र समुदायको उत्थान नहुने ठहर गरेका छन्।

उनीहरूले दुवै देशमा कोच समुदायको समस्या समान भएकाले समुदायको विकास र उत्थानका लागि मिलेर अघि बढ्नुको विकल्प नरहेको समेत निष्कर्ष निकालेका छन्। आआफ्नो राज्य प्रशासनमा कोच समुदायको सांस्कृतिक, आर्थिक, सामाजिक, शैक्षिकलगायत समस्याबारे अवगत गराउनु अहिलेको आवश्यकता भएको सम्मेलनको ठहर छ।

पूर्वी नेपालमा बसोबास गर्ने राजवंशी, ताजपुरिया, गनगाई, माझी, सन्थाललगायत जातजाति कोच समुदायअन्तर्गत पर्दछन्। यो समुदायको बसोबास झापा, मोरङ र सुनसरीमा ठूलो संख्यामा छ। भारतको पश्चिम बंगाल, बिहार, असामलगायतका राज्यमा कोच समुदायको बसोबास रहेको पाइन्छ। सम्मेलनमा मेची क्याम्पस भद्रपुरकी प्राध्यापक निता राजवंशीले कोच समुदायको अवस्थाबारे धारणा राखेकी थिइन्। कोच नायिका विनोता बर्मनले युवा एकता नै विकासको पहिलो खुट्किलो भएको बताइन्।

कोच राजवंशी गाभुर संघ उत्तर दिनाजपुर पश्चिम बंगालका महासचिव मोहनलाल सिंहले कोच समुदाय राज्यको बेवास्तामा परेको गुनासो गरे। 'एउटा इतिहास बोकेको समुदायको संरक्षण गर्ने जिम्मेवारी राज्यको हो। तर, दुवै देशले त्यसो गरेनन' उनले भने, 'यहाँबाट पाठ सिकेर हामीले आफ्नो समुदायका लागि केही गर्नुको विकल्प छैन।'

'कोच समुदाय सबै हिसाबले राज्य संयन्त्रबाट टाढिएको अवस्थामा छ। आफ्नै भाषा, कला, साहित्य, संस्कृतिले पूर्ण यो समुदायको विकास र जगेर्ना गर्नु राज्यको पनि दायित्व हो। त्यसैले राज्यको ध्यानाकर्षणका लागि नेपाल-भारतका कोच युवाहरू एकठ्ठा भएका हौं,' कोचिला गाभुर फ्रन्ट नेपालका अध्यक्ष अभय राजवंशीले भने। राष्ट्र अलग भए पनि रहनसहन, संस्कार संस्कृति र सामाजिक समस्याहरू दुवै देशका कोच समुदायको एकै भएको उनले बताए। उनले विगतमा समुदायका अगुवाहरूले गर्न छुटाएको पहल र नेतृत्व भावी दिनमा संयुक्त रूपमा गर्नका लागि कोच युवा सम्मेलन लाभदायी भएको दाबी गरे।

सम्मेलन कोचिला गाभुर फ्रन्ट नेपालले आयोजना गरेको थियो। सम्मेलनमा नर्थ बंगाल इण्डिक कल्चरल वेलफेयर, कोच राजवंशी गाभुर संघ उत्तर दिनाजपुर पश्चिम बंगाल, इबोङ आमार एन्जेओ भारत, राजवंशी विकास समिति बिहार, सिलिउड सिने क्रिएसन भारत, अनुरोध फाउन्डेसन मोरङ र कोचिला गाभुर फ्रन्टका झापा र मोरङका विभिन्न गाउँ/नगर समितिका गरी १५ वटा संस्थाका २ सय ५० बढी युवाको सहभागिता थियो।

प्राथमिक तहमा विद्यार्थी घट्दै

विद्यार्थी नभएपै अधिकांश प्रावि बन्द हुने अवस्थामा छन् । कति त मर्ज भइसके । सामुदायिकमा प्रविधिमैत्री पठनपाठन, बहुभाषा शिक्षण र शिक्षक नहुँदा अभिभावक आफ्ना बालबच्चालाई संस्थागत विद्यालयमा भर्ना गरिरहेका छन् ।

विप्लव महर्जन (सल्यान)

सल्यानको कालीमाटी-१ स्थित कालिका प्राथमिक विद्यालयको कक्षाकोठामा विद्यार्थी । विद्यालयमा ५ जना विद्यार्थी मात्र छन् ।

तस्बिर : विप्लव/कान्तिपुर

शारदा नगरपालिका-५, तल्लोमार्केस्थित जनकल्याण प्राविमा तीन शिक्षक र एक बालविकास सहयोगी छन्। विद्यार्थी संख्या भने ११ मात्र छ। कालीमाटी गाउँपालिका-१, हिङबेरेस्थित प्राविको हालत पनि उस्तै छ। ३ कक्षासम्म सञ्चालित विद्यालयमा जम्मा पाँच विद्यार्थी छन्।

सरकारले सामुदायिक विद्यालयको गुणस्तर वृद्धिमा ध्यान नदिँदा विद्यार्थी संख्या बर्सेनि घटिरहेको छ। प्रायजसो अभिभावकले बालबालिकालाई आधारभूत तह निजी विद्यालयमै पढाउँछन्। माध्यमिक तहमा पुगेपछि भने केहीले सामुदायिकमै ल्याउँछन्। प्रविधिमैत्री पठनपाठन, बहुभाषा शिक्षण र शिक्षक नहुनु, परम्परागत शैलीको पढाइजस्ता कारणले प्राथमिक तहमा विद्यार्थी घटिरहेको शिक्षासेवी डिल्लीबहादुर भण्डारी बताउँछन्। उनका अनुसार विद्यार्थी नभएपै अधिकांश विद्यालय बन्द हुने अवस्थामा छन्।

बागचौर नगरपालिका-२, चिल्ढालेको भानुभक्त आधारभूत विद्यालयमा बालशिक्षाका सहित १८ विद्यार्थी छन्। एक शिक्षक र बालविकास सहयोगीको दरबन्दी रहेको विद्यालयमा विद्यार्थी घटेको भन्दै नगरपालिकाले शिक्षक सरुवा गरेको छ। विद्यालयलाई शिशु कक्षामा सीमित गर्ने नगरपालिकाको योजना छ।

स्थानीय सरकारले सामुदायिक विद्यालयको विकास र निगरानी गर्न नसकेको शिक्षासेवी भण्डारीको आरोप छ। जिल्लाका ५ सय ४ सामुदायिक विद्यालयमध्ये ७१ माध्यमिक, ८७ आधारभूत र २ सय ८७ प्राथमिक तहका छन्। जिल्लाभर संस्थागत विद्यालयको संख्या ४९ छ। सामुदायिकमा विद्यार्थी संख्या घट्दै गए पनि संस्थागत विद्यालय मौलाउँदै गएको उनले बताए।

जिल्लामा सामुदायिकका प्राथमिक तहमा ०७४ मा ३९ हजार ७ सय ८७ विद्यार्थी थिए। ०७५ मा घटेर ३२ हजार ९ सय १२ र चालु शैक्षिक सत्रमा ३० हजार ५ सय ९३ पुगेको छ। विद्यार्थी घटेका कारण यहाँका एक दर्जन विद्यालय मर्ज गरिएका छन्। तीन दर्जन विद्यालयको तह घटाइएको छ। करिब दर्जन विद्यालय बन्द गरिएको शिक्षा विकास तथा समन्वय एकाइले जनाएको छ।

सदरमुकामस्थित शारदा नगरपालिकामा ०७४ मा ३ हजार ९ सय ५ र २०७५ मा ३ हजार ७ सय १५ विद्यार्थी प्राविमा अध्ययनरत थिए। यस वर्ष ३ हजार ५ सय ४१ विद्यार्थी रहेको नगरले जनाएको छ। जिल्लाका १० स्थानीय तहमध्ये सबैभन्दा बढी शारदा नगरपालिकामा ५ हजार २ सय ५ र सबैभन्दा कम त्रिवेणी गाउँपालिकामा १ हजार ५ सय ५२ विद्यार्थी प्रावि तहमा छन्। सामुदायिकमा राजनीतिक चलखेल बढी हुँदा अहिलेसम्म दरबन्दी वितरण र समायोजन हुन सकेको छैन। शिक्षक राजनीति र अन्य काममा व्यस्त हुँदा पनि सामुदायिक विद्यालयको स्तर उक्सिन नसकेको स्थानीय अगुवा पूर्ण केसीको बुझाइ छ।

शारदा नगरपालिका-१०, मधनास्थित कालिका प्राविका प्रधानाध्यापक दीपक थापा विद्यार्थी नहुँदा बन्द भएको विद्यालय नगरपालिकाको सहयोगपछि पुनः सञ्चालनमा ल्याइएको बताउँछन्। कक्षा १ देखि ३ सम्म सञ्चालित विद्यालयमा २८ जना मात्र विद्यार्थी छन्।

स्थानीय तहले अस्थायी शिक्षक भर्ना गरे पनि अन्य व्यवस्थापनमा ध्यान नदिँदा आधारभूत तहको पढाइ कमजोर बन्दै गएको कालीमाटी गाउँपालिकाको काल्वेडाँडास्थित नेपाल राष्ट्रिय प्राविकी प्रधानाध्यापक लीला थापाले बताइन्। उनले शैक्षिक सामग्री र शिक्षक अभावमा प्राथमिक तहको पठनपाठन गुणस्तरीय बन्न नसकेको जनाइन्। ७ वर्षअघि करिब एक सय विद्यार्थी रहेको उनको विद्यालयमा यस वर्ष ४५ जना मात्र छन्। 'शिक्षक म एक्लै छु, बालबालिकालाई खेलाउने र पढाउने शैक्षिक सामग्री छैनन्,' उनले भनिन्, 'सबै कक्षामा नेपाली माध्यमबाट पठनपाठन भइरहेको छ।'

त्रिवेणी गाउँपालिकाका शिक्षा शाखा प्रमुख दलबहादुर रानाले आर्थिक अवस्था राम्रो भएका अभिभावकले बालबालिकालाई निजीमा पढाउने गरेका कारण सामुदायिक विद्यालय सुधार्न मुस्किल परिरहेको बताए। 'अधिकांश विद्यालयमा विद्यार्थी संख्या कम छ, जसकारण सरकारी अनुदान घट्दा शैक्षिक विकासमा पनि असर परिरहेको हो,' उनले भने, 'विद्यार्थी संख्याका आधारमा अनुदान वितरण गरिरहेका छौं, केही विद्यालयमा गुणस्तर बढिरहेको छ।'

शिक्षामा गरिएको लगानीका आधारमा तीन-चार वर्षपछि मात्र प्रभाव देखिने दार्मा गाउँपालिकाका शिक्षा शाखाप्रमुख रोम पाण्डे बताउँछन्। उनका अनुसार गाउँपालिकाले शिक्षा क्षेत्रमा योजना बनाई लगानी गरिरहेको छ। कालीमाटी गाउँपालिका अध्यक्ष दानबहादुर खत्रीले गुणस्तर बढाउन पूर्वाधार निर्माण, स्थानीय पाठ्यक्रम, डिजिटल हाजिरी, शैक्षिक सामग्रीमा लगानी बढाइएको बताए। शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख लालबहादुर घर्तीले संघीयतालले शिक्षामा ठूलो असर पारिरहेको बताए। 'यसअघि एकीकृत रूपमा जिल्लाभरि शैक्षिक विकासमा रकम विनियोजन हुन्थ्यो,' उनले भने, 'तर स्थानीय सरकारमार्फत आवश्यकताभन्दा पहुँचका आधारमा बजेट विनियोजन हुँदा दुरुपयोग बढिरहेको छ।'

एकाइका अनुसार जिल्लामा दरबन्दी अभावको समस्या कायमै छ। प्राथमिक तहमा १ हजार २ सय २० शिक्षक कार्यरत रहेको एकाइले जनाएको छ। त्यसमध्ये ५ सय ६२ स्थायी, ३ सय ५६ राहत र ३ सय २ अस्थायी शिक्षक छन्।

मूल्य सूची राख्न अटेरी

कान्तिपुर संवाददाता (विराटनगर)

वाणिज्य कार्यालयले विराटनगरका थानका कपडा पसलमा मूल्य सूची राख्न दिएको निर्देशन व्यवसायीले अटेर गरेका छन्। कार्यालयले विभिन्न नौ वटा कपडाका ठूला पसल सञ्चालकलाई मूल्य सूची राख्न तीन साताअघि निर्देशन दिएको थियो।

अनुगमनका क्रममा यहाँको रोनक इम्पोरियम पसलमा कपडाको मूल्य तलमाथि गरी उपभोक्ता ठगेको पाइएपछि वाणिज्य कार्यालयले अनिवार्य रूपमा मूल्य सूची राख्न निर्देशन दिएको थियो।

कार्यालयले रोनक इम्पोरियमसहित अम्बिका वस्त्रालय, दिनेश इम्पोरियम, जगदम्बा वस्त्रालय, वंशल इम्पोरियम, अम्बिका इम्पोरियम, नरायण स्टोर, कोसी वस्त्रालय र कावरा इम्पोरियमलाई तीन दिनभित्र मूल्य सूची राख्न निर्देशन दिएको वाणिज्य कार्यालयका निमित्त प्रमुख हिमाल बरालले बताए।

रेडिमेड कपडा र अन्य उपभोग्य वस्तुको मूल्य देखिन्छ। तर थानको कपडाको मूल्य देखिँदैन। यस्तोमा उपभोक्ता सक्कली र नक्कली सामानमा र मूल्यमा ठगिने गरेका छन्। बरालले भने, 'उपभोक्ता संरक्षण ऐनले हरेक वस्तुको मूल्य सूची राख्ने व्यवस्था गरेको छ। त्यसैका आधारमा कपडाका थानको कारोबार गर्ने पसललाई पनि मूल्य सूची राख्न निर्देशन गरिएको हो।' निर्देशनमा कपडाको खरिद र बिक्री मूल्य पनि राख्न भनिएको छ।

ऐनले व्यवस्था गरेकाले कपडा व्यवसायीले मूल्य सूची राख्ने पर्ने बरालको भनाइ छ। मोरङ व्यापार संघ र विराट व्यापार संघलाई पनि आफ्ना सदस्य व्यवसायीहरूलाई मूल्य सूची राख्न दबाब दिन आग्रह गरिएको उल्लेख गर्दै बरालले भने, 'अटेर गरे उपभोक्ता संरक्षण ऐनअन्तर्गत कारबाही हुन्छ।'

वाणिज्य कार्यालयले थान कपडाको मूल्य सूची राख्न दिएको निर्देशन पहिलो हो। विराटनगरबाहेक अन्य कुनै पनि सहरमा यस्तो निर्देशन नभएको बरालको भनाइ छ।

पोखराका 'वैज्ञानिक बा'

पोखराको पर्स्याङमा रहेको विज्ञान प्रयोगशालामा ८५ वर्षीय दीनबन्धु कोइराला ।

तस्बिर : दीपक/कान्तिपुर

दीपक परियार (पोखरा)

फराकिलो बाटोको छेवैमा पर्खालले घेरिएको सानो घरलाई बगैंचाले चिटिक्क पारिएको छ। दुईकोठे घरमा एक्लै बस्छन् ८५ वर्षीय वृद्ध दीनबन्धु कोइराला। गेटबाट छिर्नेबित्तिकै दाहिनेपट्टि टिनको टहरो छ। टहरोमा सिंगो सौर्य प्रणाली अटाइएको छ। ३० वर्षे सरकारी जागिर टुंग्याएका कोइराला अचेल समाजोपयोगी नौला कुरा खोजी गर्छन्।

पोखरा-५ पर्स्याङका स्थानीयले उनलाई बोलाउने नाम हो, 'वैज्ञानिक बा'। खेर गएका सामग्रीको प्रयोगबाट विभिन्न सामान बनाउँदा उनको घर एउटा प्रयोगशालाजस्तै छ। त्यहाँ छन् दृष्टिविहीनलाई उपयोगी सामग्री। दृष्टिविहीनले छामेर बुझ्न सक्ने सौर्य प्रणाली, तारामण्डल, विश्वको नक्सा र लेख्न मिल्ने सजिलो बोर्डलगायत गणितीय सामग्री उनका प्रयोगशालामा छन्। यी सबै उनी आफैंले बनाएका हुन्।

प्लाइउड, काठको धूलो, धागो, काठका टुक्रा, काँटी, कागज, फलाम र टिनलगायत सामान प्रयोग गरेर उनी दृष्टिविहीनका लागि शिक्षण सामग्री तयार पार्छन्। बनाएका सामान विभिन्न विद्यालयलाई दिन्छन्। विद्यार्थी ती सामान अवलोकन गर्न उनको घरैमा आइपुग्छन्।

सूर्यबाट विभिन्न ग्रह कति टाढा छन् भन्ने थाहा पाउन दृष्टिविहीनलाई सहयोगी हाते उपकरण पनि उनी आफैंले बनाए। ग्रहहरू सूर्यका वरिपरि अनुपातिक रूपमा घुमेको प्रक्रिया छामेर बुझ्ने गरी तयार पारिएको सामग्रीमा उनी घोत्लिन्छन् र भन्छन्, 'दृष्टिविहीनले यसलाई उपयोग गर्न सके शिक्षण प्रक्रिया सजिलो हुन्छ।' पृथ्वी आफ्नो कक्षमा घुम्दा कसरी उत्तरायण र दक्षिणायणको स्थिति पर्न आउँछ भन्ने बुझाउन तयार पारिएको बोर्ड, काठ र बाँसको टुक्राबाट बनाइएको अंग्रेजी लिपिका अंक, अक्षर टाँसिएको बोर्ड, छामेर हरफ सिधा लेख्न सकिने गरी बनाइएको बोर्डलगायत सामग्री उनले पोखराकै अमरसिंह नमुना माविलाई हस्तान्तरण गरेका छन्। अमरसिंहमा दृष्टिविहीन विद्यार्थीलाई उनले दुई वर्ष पढाए पनि।

पोखराका रैथाने उनले ०१७ मै एसएलसी उत्तीर्ण गरेका हुन्। तत्कालीन सोल्जर्स बोर्ड भोकेसनल हाइस्कुल (हालको अमरसिंह) बाट एसएलसी उत्तीर्ण गर्दा उनी २४ वर्षका थिए। घरैमा बुबासँग पढेकाले विद्यालय भर्ना हुन ढिला भएको उनी सुनाउँछन्। मेथ्लाङको भीरमा बाबियो काट्न जाँदा नाम्लो बिर्सिए बाबियोकै नाम्लो बनाएर घाँसको भारी बोकेर उनी फर्कन्थे। डोको, स्याँखु, घुम आफैं बनाउँथे।

एसएलसीपछि भूमि सुधारमा १० वर्ष जागिर खाए। लोक सेवा उत्तीर्ण गरी खाद्य संस्थानमा १८ वर्ष काम गरे। नायब सुब्बामा अवकाश लिए। ०४४/४५ सालतिर उनी स्याङ्जाबाट पोखरा फर्किँदै थिए। बसमा दृष्टिविहीन युवा उनीसँगैको सिटमा बसे। ती युवा बाटोमा गुड्ने बसको आवाज सुनेपछि कसैले एकपटक भनिदिएको नम्बर ठ्याक्कै मिलाउँथे। एकपल्ट चढेको बसको आवाज र सुनेको नम्बर उनलाई सम्झना हुन्थ्यो। अचम्मको खुबी देखेर चकित दीनबन्धुले उनलाई देख्ने भएको भए झनै तेजिलो हुन सक्ने प्रतिक्रिया दिए। ती युवकले भने, 'म मेरो अवस्थामा ठीक छु। आँखा देख्ने भएको भए झन् चोर, गुन्डा पो हुन्थें कि !'

दृष्टिविहीन युवकको वाक्यले दीनबन्धुको मन छोयो। उनी जस्तैका लागि केही गर्ने अठोट मनमनै लिए। पोखरा फर्किएर उनले उपयोगी सामग्री बनाउन लागे। उपकरण लगेर अमरसिंहमा दृष्टिविहीन विद्यार्थीलाई पढाउन उपयोग गरिहेरे। जागिरबाट ०५२ मा विश्राम लिएपछि उनको सक्रियता यसैमा झन बढ्यो। दृष्टिविहीनलाई मात्र नभई अरूलाई पनि उपयोगी हुने सामग्री बनाउन थाले। सामान उठाउने क्रेनको नमुना बनाए। इनारमा खसेको सामान निकाल्ने प्रविधि बनाए। काँक्रो चोरी हुनबाट बचाउने उपकरण बनाए। एक ठाउँमा अचेट्दा ५ वटा ढिकी र ४ वटै जाँतो चल्ने प्रविधि बनाए। 'म विज्ञान प्रदर्शनीहरूमा गएर हेर्थें,' उनले भने, 'त्योभन्दा राम्रो बनाउँछु भन्ने अठोट लिन्थें।'

उनले बनाएका उपकरण कामसँग पनि जोडिन्छन्। दृष्टिविहीनले काम गर्न मिल्ने साधन भए सडकमा बस्नुपर्ने अवस्था नआउने उनी बताउँछन्। सडकमा गीत गाइरहेका दृष्टिविहीन देखेपछि उनले किला ठोक्दा हातमा नलाग्ने प्रविधिको हयाम्मर बनाए। दृष्टिविहीनले सियोमा धागो उन्न मिल्ने मेसिन बनाए।





सन्दीप हन्ड्रेड बलमा
१ करोड ४७ लाखमा अनुबन्ध । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

महिला क्रिकेट लिग
शतकीय साझेदारी । १५

वर्ष २७ अंक २४२ जनकपुर | ५ कात्तिक २०७६ मंगलबार कार्तिक कृष्णपक्ष नवमी | नेपाल संवत् ११३९ | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, October 22, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

चर्चित चिनियाँ अभिनेत्री एवं नेपाल भ्रमण वर्ष २०२० का लागि सद्भावनादूत स्वी छिङ सोमबार अन्नपूर्ण आधार शिविरमा । नेपाल भ्रमण क्रममा पोखरामा रहँदा स्वीले प्याराग्लाइडिङ र फेवातालमा नौकाविहार गरिन् । उनले अन्य चिनियाँ कलाकारसहित फेरि नेपाल भ्रमण गर्ने बताएकी छन् । समाचार पृष्ठ ९ ।

तस्विर सौजन्य : हिमालय फ्रन्टियर्स प्याराग्लाइडिङ

कुमार पौडेलबारे आयोगको निष्कर्ष

पक्रेर गोली प्रहार

- हत्यामा संलग्न प्रहरीलाई कारबाही र आदेश दिने अधिकारीमाथि छानबिनको निर्देशन
- चन्द समूहलाई वार्तामा ल्याई उसका गैरकानुनी गतिविधि नियन्त्रण गर्न सुझाव

■ **बलराम बानियाँ** (काठमाडौं)

मानव अधिकार आयोगले नेत्रविक्रम चन्द समूहका सर्लाही इन्चार्ज कुमार पौडेललाई प्रहरीले नियन्त्रणमा लिएर गोली हानी हत्या गरेको निष्कर्ष निकाल्दै संलग्नलाई कारबाही सिफारिस गरेको छ । आयोगले आदेश दिने उच्च प्रहरी अधिकारीमाथि पनि छानबिन गरी कारबाही गर्न सरकारलाई निर्देशन दिएको छ ।

प्रहरीको दाबीजस्तो दोहोरो भिडन्त वा आत्मरक्षाको स्थिति पुष्टि नभएको र घटनाको प्रकृति तथा संकलित प्रमाणसमेतबाट नियन्त्रणमा लिएर मारेको देखिएको आयोगले जनाएको छ । प्रहरीले पौडेललाई नियन्त्रणमा लिएपछि ९ राउन्ड गोली हानेको आयोगले उल्लेख गरेको छ । आयोग पदाधिकारीको सोमबार बसेको बैठकले आफ्नो छानबिन प्रतिवेदन आधारमा प्रत्यक्ष संलग्न तथा कमान्डरसमेत रहेका प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साह, प्रहरी हवल्दारद्वय श्रीविनोद साह र सत्यनारायण मिश्रलाई तत्काल निलम्बन गरी फौजदारी अभियोगमा मुद्दा चलाउन सरकारलाई सिफारिस गरेको छ ।

कुमार पौडेल

आयोगका सचिव वेद भट्टराईद्वारा सोमबार जारी विज्ञप्तिअनुसार प्रहरी निरीक्षक किरणप्रसाद न्यौपाने र प्रहरी नायब निरीक्षक सूर्यकुमार कार्कीलाई मुचुल्का गर्दा त्रुटि गरेकाले सचेत गराउन सरकार र नेपाल प्रहरीलाई सिफारिस गरिएको छ । आयोगले प्रहरीलाई निर्देशन दिने तालुक निकायका पदाधिकारी तथा कर्मचारी, आदेश दिने अधिकारी तथा दुरुत्साहन गर्ने व्यक्तिमाथि समेत अनुसन्धान गरी कानुनी दायरामा ल्याई कानुनबमोजिम कारबाही गर्न सिफारिस गरेको छ ।

बाँकी पृष्ठ १४ ▸▸

चन्द समूहका दुई सर्त

काठमाडौं (कास)- नेत्रविक्रम चन्द नेतृत्वको समूहले सरकारसँग वार्ताका लागि आफूमाथिको प्रतिबन्ध हटाउनुपर्ने र नेता-कार्यकर्तालाई निःसर्त रिहा गर्नुपर्ने सर्त अघि सारेको छ ।

चन्द समूहको गत असोजमा सम्पन्न आठौं पूर्ण बैठकले यस्तो निर्णय लिएको हो । तर बैठकले सरकारले अघि सारेको वार्ताको कुरा पत्यार गर्न लायक नभएको निष्कर्ष निकालेको छ ।

'सरकारले आफ्नो फाँसीवादी दमनलाई ढाकछोप गर्न 'वार्ता' को हतियार प्रयोग गरिरहेका सन्दर्भमा पार्टीले षड्यन्त्रपूर्ण वार्ता प्रचारलाई भन्डाफोर गर्ने तर इमानदारीसाथ प्रतिबन्ध हटाएर गिरफ्तार कमरेडहरूलाई छोडेर निःसर्त आएमा सकारात्मक रूपले सोच्ने निर्णय लिएको छ,' चन्दले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

बाँकी पृष्ठ १४ ▸▸

उतिबेलै गरिएको थियो सर्वस्वसहित जन्मकैद मागदाबी

नागढुंगा-सिस्नेखोला सुरुङमार्ग ४२ महिनामा बन्ने
पृष्ठ २

■ **मातृका दाहाल** (काठमाडौं)

तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौला, गृहसचिव उमेश मैनाली र प्रहरी महानिरीक्षक ओमविक्रम राणाले रौतहट बम विस्फोट घटना र घाइतेका विषयमा आफूहरू जानकार नै नरहेको बताए पनि कांग्रेस सांसद मोहम्मद अफताब आलममाथि १२ वर्षअघि प्रहरीले नै सर्वस्वसहित जन्मकैद सजाय हुनुपर्ने मागदाबी गरेको खुलासा भएको छ ।

२०६४ चैत २७ गते राति विस्फोटमा घाइते भएकालाई इँटाभट्टामा लगेर मारिएको कसुरसम्बन्धी प्रहरीको अनुसन्धान प्रतिवेदनमा आलमसहितका आरोपितमाथि सर्वस्वसहित जन्मकैदको सजाय मागदाबी लिएर प्रहरी जिल्ला सरकारी वकिलको कार्यालय पुगेको पाइएको हो । 'बम विस्फोटमा घाइते भएकालाई इँटाभट्टामा लगेर मारेको अभियोगमा मुलुकी ऐन २०२० को महल-१० ज्यानसम्बन्धी कसुरको दफा १३क अनुसार आलममाथि सर्वस्वसहित जन्मकैद सजाय मागदाबी गरिएको थियो,' त्यसबेला प्रहरीले तयार पारेको प्रतिवेदन उल्लेख गर्दै स्रोतले भन्यो, 'तर प्रतिवेदन तथ्य र प्रमाणभन्दा बाहिर गएर बनाइएको तर्क गर्दै सरकारी वकिल कार्यालयले अदालतसम्म नपुऱ्याई अभियुक्तहरूलाई उन्मुक्ति दियो ।'

फाइल तस्बिर

तत्कालीन प्रहरी निरीक्षक (हाल नायब उपरीक्षक) रहेका राजीव बस्नेतको नेतृत्वमा घटनाको अनुसन्धान भएको थियो । अनुसन्धानका क्रममा प्रमाण संकलनमा थुप्रै कमीकमजोरी भए पनि अपराधमा संलग्नले उन्मुक्ति पाउनु हुँदैन भन्ने गरी त्यसबेला नै प्रतिवेदन तयार भएको हाल अनुसन्धानमै खटिएका एक प्रहरीले बताए । त्यसबेलाको प्रहरी प्रतिवेदनअनुसार मुद्दा नचलाई सरकारले आरोपितलाई उन्मुक्ति दिएको थियो । घटनाको १२ वर्षपछि गत असोज २६ गते मुख्य आरोपित आलम रौतहटबाटै पक्राउ परेका हुन् । उनलाई सुरुमा ७ दिन र आइतबार पुनः ५ दिन म्याद थप गरेर हिरासतमै राखिएको छ । प्रहरीसँगको बयानमा आलमले कसुर अस्वीकार गरिरहेका छन् । विस्फोट घटनामा भागेर बाँचेका एक पीडितको चोट तथा घाउ जाँच भइसकेको छ । उनको स्वास्थ्य परीक्षण प्रतिवेदन आएपछि अनुसन्धानलाई पूर्णता दिने प्रहरीको भनाइ छ । आलम जोडिएको घटनामा कसुर पुष्टि हुने आधार तयार भइसकेको उल्लेख गर्दै आलममाथि पोलिग्राफ बयान लिने तयारी भइरहेको स्रोतले जनायो ।

बाँकी पृष्ठ ३ ▸▸

२०६४ चैत २७ : विस्फोट
२०६५ वैशाख १४ : मुचुल्का
२०६५ वैशाख १४ : प्रहरी निरीक्षक राजीव बस्नेतको नेतृत्वमा अनुसन्धान सुरु
२०६५ वैशाख १८ : किटानी जाहेरी
२०६५ असार ९ : प्रहरी अनुसन्धान प्रतिवेदन रौतहट सरकारी वकिलको कार्यालयमा पेस (जुन प्रतिवेदनमा आलमसहितका आरोपितमाथि सर्वस्वसहित जन्मकैदको सजाय मागदाबी)
२०६५ असार ३० : महान्यायाधिवक्ता कार्यालयद्वारा आरोपितविरुद्ध मुद्दा नचल्ने निर्णय
२०६९ जेठ १६ : महान्यायाधिवक्ताको निर्णय सर्वोच्च अदालतद्वारा बदर, सुरुबाटै अनुसन्धान गर्न आदेश
२०७६ असोज २६ : विस्फोटका आरोपित आलम पक्राउ

उकालो लाग्दै रूखबिरुवा

हिमाली क्षेत्रका वनस्पति तापक्रम वृद्धिका कारण ५६.१ मिटरमाथिसम्म फैलिएको पछिल्लो अनुसन्धानले देखाएको छ

■ **अब्दुल्लाह मिर्याँ** (काठमाडौं)

हिमाली क्षेत्रमा पाइने वनस्पतिका केही प्रजाति बर्सेनि माथिल्लो भूभागतर्फ उक्लिरहेको अध्ययनले देखाएको छ । चिसोले वनस्पति नै नहुने क्षेत्रमा पनि क्रमिक यसरी उक्लनेमा भोजपत्र र गोब्रेसल्लालगायतका वनस्पति छन् ।

विश्वमा हालसम्म भएका १ सय ६६ वटा अध्ययनले पनि वृक्षरेखा माथि सर्दै गएका वनस्पतिको प्रतिशत ५२ देखाएको छ । ४७ प्रतिशतको वृक्षरेखा फेरबदल भएको छैन, कतिपय वनस्पतिको वृक्षरेखा उस्तै नै छ । हिमाली क्षेत्रका केही वनस्पतिको हरेक वर्ष २.६ मिटरका दरले वृक्षरेखा माथि सर्दै गएको अनुसन्धानको निष्कर्ष छ । वनस्पति विज्ञहरूले नेपालको पूर्वदेखि पश्चिमसम्मका उच्च हिमाली क्षेत्रमा विभिन्न समयमा गरेको अध्ययनबाट भोजपत्र र गोब्रेसल्लाजस्ता वनस्पति माथितिर उकालो लागिरहेको तथ्य पत्ता लागेको हो । तापक्रम बढेर हिमाल, हिमताल र हिमनदी पग्लिने क्रम बढिरहेका बेला वनस्पतिका केही प्रजाति उपयुक्त चिसो खोज्दै मास्तिर उक्लिरहेका हुन् । यसको असर त्यहाँका वन्यजन्तु र जनजीवनमा समेत पर्ने विश्लेषकहरूको भनाइ छ । भोजपत्र र गोब्रेसल्लाबारे इन्स्टिच्युट अफ टिबेटेन प्लेटो रिसर्च, चाइनिज एकेडेमी अफ साइन्सेस, बेइजिङबाट विद्यावारिधि गरेर त्यहीं कार्यरत वनस्पति विज्ञ शालिकराम सिग्देलले वनस्पतिहरूको वृक्षरेखा (ट्री-लाइन) माथितिर स्थानान्तरण हुने क्रम बढिरहेको पाइएको बताए । 'मेरो अध्ययनले पश्चिमको तुलनामा पूर्वी हिमाली भागका वनस्पतिहरू माथितिर उकालो लागिरहेको देखाएको छ,' पर्वतीय क्षेत्रको परिवर्तनसम्बन्धी चौथो सम्मेलनमा भाग लिन काठमाडौं आएका उनले कान्तिपुरसित भने, 'विगतमा रूख नहुने स्थानमा अहिले दुई मिटरभन्दा बढी उचाइका रूख भेटिएका छन्, त्यसले माथिल्लो क्षेत्रमा वृक्षरेखा स्थापित भएको छ ।'

बाँकी पृष्ठ १४ ▸▸

२ बिघाको गाँजा फडानी

सिरहा (कास)- सिरहाको गोलबजार नगरपालिका १० धरमपुर टोलमा २ बिघा जग्गामा तयारी गरिएको ३ हजार थान नाभी र ५ हजार गाँजा बिरुवा प्रहरीले नष्ट गऱ्यो। सोही नगरपालिकाको वडानम्बर ७ कदिमा टोलमा व्यावसायिक उत्पादन गर्न अवैद्यरूपमा तयारी गरिएको ३ हजार गाँजाको नाभी (बिरुवा) प्रहरीले नष्ट गऱ्यो।

रोप्न तयारी भएको गाँजा नष्टसँगै प्रहरीले त्यही टोलबाट बारीमा रोपिएको ५ सय गाँजाका बोट समेत असोज ११ गते फडानी गरे को थियो।

धनगढीमाई नगरपालिका १२ सिमलटोकीमा करेसाबारी र खेतमा व्यावसायिकरूपमा अवैद्य खेती गरिएको १७ सय बोट गाँजा फडानी गऱ्यो। यसअघि सिरहा प्रहरीले गाँजा बिक्री गर्न तयारी हुने पुस मसान्तमा मात्र गाँजा फडानी अभियान सुरु गर्थ्यो। तर, यसपटक प्रहरीले भदौ महिनामा व्याड तयार गरी असोजमा रोपिने 'गाँजा' रोप्ने समयमैं फडानी अभियान सुरु गरेको छ।

गाँजा कारोबारलाई रोक्न प्रहरीले गाँजा खेती हुन सक्ने सम्भावित स्थानको पहिचान र खोजी गरी नष्ट अभियान थालेको हो। गाँजाको कारोबार गर्न पल्किएका कारोबारीले सर्वसाधारण किसानलाई बहकाई हत्तपत्त नदेखिने स्थानमा यसको खेती गर्न उक्साउने गरेका छन्। प्रहरीले बर्सेनि गाँजा फडानी गरी नष्ट गरे पनि कृषकले भने यो खेती गर्न नछाड्दैपछि यो अभियान चालिएको हो। कतिपयले सिरहामा व्यावसायिक रूपमै यसको खेती गर्दै आएका छन् भने कतिपयले करेसाबारीमा मौसमी रूपमा घरखर्च जोहोका लागि यसको खेती गर्छन्।

भारतीय बजारमा महँगो मूल्यमा बिक्री हुने, आम्दानी पनि मनग्गे हुने र खेती गर्न पनि कम झन्झटिलो हुने भएकाले लुकिछिपी भए पनि प्रतिबन्धित नशालु पदार्थ 'गाँजा' खेती गर्न बाध्य भएको यस खेतीमा संलग्न कृषकको भनाइ छ।

भदौ महिनामा व्याड तयार गरी असोजमा रोपिने 'गाँजा' पुसको अन्तिम साता सम्म बिक्री गर्न तयारी हुन्छ। तयारी भएपछि व्यापारीहरू गाँउमै किन्न पुग्छन्। कृषकले उत्पादन गरेको गाँजा भारतीय बजारमा प्रतिकेजी ९ हजार रुपैयाँमा बिक्री हुने गरेको छ। उत्पादित गाँजा अरू कृषि उपज जस्तो बिक्रीका लागि समस्या हुँदैन, झन्झटिलो पनि हुँदैन।

यहाँ उत्पादित गाँजा नेपाली बजारमा नभई भारतीय बजारमा बिक्री हुने भएकाले प्रशासनले यस खेतीलाई मान्यता दिनुपर्ने कृषकको भनाइ छ। सुख्खा र कम सिंचाइ सुविधा भएको जग्गामा समेत गाँजा फस्टाउने भएकाले प्रहरीले बर्सेनि फडानी गरे पनि खेती गर्न नछाड्नेको उनीहरूको भनाइ छ।

'प्रहरीको आँखा छल्न सकियो भने एक फसलमैं वर्ष दिनको गुजारा चल्ने आम्दानी भित्रिन्छ' गाँजा खेतीमा संलग्न एक कृषकले भने 'त्यति जग्गामा धान २ हजार रुपैयाँको हुन्छ तर गाँजा फस्टायो भने ८० हजार रुपैयाँसम्म आम्दानी हुन्छ।'

यसपालि लुकिछिपी लगाउने सम्पूर्ण गाँजा खेती नष्ट गर्न अभियान थालिएको सिरहाका प्रहरी प्रमुख एसपी उमाप्रसाद चतुर्वेदीले जानकारी दिए। सिरहामा खासगरी खोलानदी किनार, चारैतिर रूखहरूले घेरिएको खेत तथा चुरेको फेदीतिर ठूलो संख्यामा गाँजाको खेती गरिन्छ।

किसानद्वारा लुकिछिपी लगाएर उत्पादन गरिएको तयारी गाँजा कारोबारीले सिरहाका विभिन्न नाका हुँदै भारततर्फ तस्करी गर्दै आएका थिए। गाँजा तस्करले उदयपुर र सिरहाको उत्तरवर्ती क्षेत्रबाट बिक्रीका लागि सिरहाका विभिन्न नाका प्रयोग गर्छन्। भारत भित्र्याउन सिरहा नाका उनीहरूका लागि सहज मानिन्छ।

तस्करहरूले सिरहाको उतरवर्ती उदयपुरको चुरे क्षेत्रमा जोडिएको विष्णुपुरकट्टी, मुक्सार हुँदै गागन र बाबुराम खोला, बलान खोला किनारलाई गाँजा तस्करीको उतम 'रुट' मा प्रयोग गर्छन्। त्यही रुटलाई प्रहरीले विशेष नागरानीमा राखेको छ। तस्करहरूले भरिया मार्फत भारत निकासीका लागि खोलाको सहज बाटो अवलम्बन गरेको र त्यही स्थानलाई प्रहरीले पनि 'अपरेसन' को निसाना बनाएका छन्।

जनकपुरको जानकी मन्दिर परिसरमा सिंहमर्मर ओछ्याईँदै। प्रदेश २ को मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत ७ करोड रुपैयाँमा आकर्षक बनाईँदै छ। *तस्बिर : अजित तिवारी/कान्तिपुर*

हुलाकी सडक

ठेकेदारको टालटुले काम

निर्माणमा कमसल सामग्री प्रयोग गर्दा निर्माणको काम अगाडि बढ्दै जाँदा पछाडि भत्किँदै गएको छ

■ **लक्ष्मी साह** (बारा)

मधेसको 'लाइफलाइन' मानिएको हुलाकी राजमार्ग अगाडि कालोपत्रे बन्दै पछाडि भत्किँदै गएको छ। जिल्लाको बरियारदेखिको पटेर्वासम्मको निर्माणाधीन १७ किमि कालोपत्रे सडक नबन्दै जीर्ण हुन थालेको हो।

निर्माणमा कमसल सामग्री प्रयोग र कमजोर 'डिजाइन तथा इस्टिमेट' ले कालोपत्रे फुट्ने र चर्किने समस्या हुन थालेको आदर्शकोतवाल गाउँपालिकाका एक प्राविधिकले बताए।

जीर्ण अवस्था देखिएपछि हुलाकी मार्ग आयोजनाको कार्यालय वीरगन्जले निर्माण कम्पनीलाई तत्काल मर्मत गर्न निर्देशन दिएको छ। स्थानीयहरूको गुनासो बढेपछि कार्यालयले मर्मत गर्न लगाएका हुन्। कार्यालयको निर्देशनमा निर्माण कम्पनीले अगाडी बनाउँदै र पछाडिबाट कालोपत्रे टालटुल गर्न थालेको पाइएको छ। रमण र लोकवीर निर्माण कम्पनीले तीन वर्षभित्र कालोपत्रे सक्ने गरी २०७२ माघमा ठेक्का सम्झौता गरेका थिए। सम्झौताभन्दा आठ महिना बढी भइसक्दा समेत निर्माण कम्पनीले काम सकेका छैनन्। भुक्तानी भने कुल ठेक्काको ८० प्रतिशतभन्दा बढी रकम लिइसकेको हुलाकी मार्ग ओजना कार्यालयका अधिकारीले बताए।

कालोपत्रे भए पनि थुप्रै ठाउँमा निर्माणको क्रममा त्रुटि देखिएकाले निर्माण कम्पनीले मर्मत गर्न थालेको हुलाकी मार्ग आयोजना कार्यालय वीरगन्जका साइड इन्जिनियर सुनिलकुमार गुप्ताले बताए।

निर्माणमा भएको त्रुटिले नै निर्माण कम्पनीले सडक हस्तान्तरण गर्न खोज्दा हुलाकी मार्ग आयोजनाले लिन मानेको छैन। झन्डै १८ करोडको लागतमा उक्त कम्पनीले सडक निर्माण गर्न ठेक्का साकार गरेको थियो। राणाकालीन पूर्व-पश्चिम यस हुलाकी मार्गमा कालोपत्रे भए पनि वर्षामा पानी जम्ने गरेको पाइएको छ।

थुप्रै ठाउँमा निर्माण नसक्दै भत्किरहेकाले स्थानीयले सम्बन्धित कार्यालयमा गुनासो गर्दै आएका छन्। थलही पुल नजिक पुलको वारि र पारि गरी पुलको 'एपरोच' सम्म कालोपत्रे चर्किनुका साथै भासिएको छ। निर्माण कम्पनीले कतिपय ठाउँमा ३ सयदेखि ४ सय मिटरससम्म कालोपत्रे गरेकै छैन। 'सब बेस' ओछ्याएर त्यतिकै छाडेको पाइएको छ। बरियार र हरनहिया चोकमा कालोपत्रे नगरेको हो। त्यस ठाउँमा वर्षायाममा सडक हिलाम्मे हुने गरेको छ।

कालोपत्रे गर्दा प्रयोग भएको मसिनो गिट्टी सडकको पेटीमा जतातै छाडेको देखिन्छ। त्यसलाई सफाइ नगर्दा दुर्घटनाको जोखिम त्यतिकै बढेको छ। 'बाटो काट्दा दुर्घटना हुने गरेको छ,' आदर्शकोतवाल गाउँपालिका-६ पटेर्वाका मनोज जयसवालले भने, 'बहुउपयोगी र बहुप्रतिक्षित यो मार्ग कालापत्रे बने पनि व्यवस्थापन अभावमा अहिले आहोरदोहोर कठिन छ।'

कालोपत्रे बनाइएको सडकको कतिपय ठाउँमा सडकको दुवै छेउमा अझै पनि मर्मतको नाममा माटो थुपारेर छाडेकाले आहोर-दाहोर गर्न र बाटो काट्न झन् कठिनाइ भएको उनको भनाइ छ। 'माटो थुपारेकाले सडकभरि पानी जमेर यात्रुलाई सास्ती हुने गरेको छ,' उनले भने। ठेकेदारको हेलचक्रयाईलाई सम्बन्धित हुलाकी मार्ग आयोजनाले अनुगमन नगरेकाले समस्या भएको उनले आरोप लगाए। सम्झौताअनुसार दुई लेनका लागि सात मिटर चौडाइ कालोपत्रे गर्नुपर्नेछ।

सडकको बीच भागबाट १५/१५ मिटर दायाँबायाँ विस्तार गर्नुपर्नेछ। तर, थुप्रै ठाउँमा त्यति क्षेत्र नलिइएको पाइएको छ। कार्यालयका साइड इन्जिनियर गुप्ताले स्थानीय बासिन्दाले जग्गाको मुआब्जामा चित्त नबुझाएपछि कतिपय ठाउँमा कालापत्रे गर्न समस्या आएको छ। नापीअनसार सडक विस्तार गर्न नसकिएको उनी बताउँछन्।

बन्दुकको नवीकरण गरिँदैन

■ **कान्तिपुर संवाददाता** (पर्सा)

व्यक्तिगत तथा व्यावसायिक सुरक्षाका लागि जिल्ला प्रशासन कार्यालयबाट इजाजत लिएर राखिएका बन्दुक नवीकरण नगर्ने क्रम बढ्दो छ।

नियमतः निजी सुरक्षा प्रयोजनका लागि घर तथा बैंक लगायतका व्यावसायिक प्रतिष्ठानमा प्रयोग गरिने बन्दुकको इजजात र त्यसको नवीकरण बर्सेनि जिल्ला प्रशासन कार्यालयबाट गर्नुपर्छ।

तर, बन्दुक धनीमा भने इजाजत लिएर राखेको बन्दुक नवीकरण गर्ने तदारुकता नदेखिँदा ठूलो संख्यामा बन्दुक नवीकरण हुन सकेको छैन। जिल्ला प्रशासन कार्यालयका सूचना एवम् सहायक प्रमुख जिल्ला अधिकारी ललितकुमार बस्नेतका अनुसार कार्यालयको रेकर्डमा हालसम्म कुल ६ सय ५७ बन्दुकको इजाजत दिइएको छ। तर, तीमध्ये केवल ८४ मात्र नवीकरण गरिएका छन्। अन्यको हकमा किन नवीकरण नगरिएको र तीनको अवस्था बताउन सकिँदैन। जिल्ला प्रशासनको तथ्यांकमा २०१० साल देखि कार्यालयबाट जारी गरिएको बन्दुकको जानकारी रहेको छ।

अन्य जिल्लाबाट पनि इजाजत प्राप्त बन्दुकको नवीकरण गर्न मिल्ने भएकाले कतिपय बन्दुक धनी बसाई सरेर गएको जिल्लाबाट नवीकरण गराएको पनि हुन सक्ने उनले बताए। त्यसका लागि बन्दुक दर्ता भएको जिल्लाको जिल्ला प्रशासन कार्यालयका सिफारिस आवश्यक हुन्छ।

तर, ५ वर्षसम्म लगातार नवीकरण नगरिने बन्दुक अवैध हुने प्रावधान रहेको उनले बताए। सामान्यतया जसको नाममा बन्दुक दर्ता हुन्छ त्यस्ता व्यक्तिको मृत्यु भएका निजका सन्तानले ६ महिनाभित्र आफ्नो नाममा उक्त बन्दुक नामसारी गराउन पाउने सुविधा छ। तर, जिल्लामा यसरी नामसारी गराउन आउने प्रवृत्ति कम छ। इजाजत लिने व्यक्तिले स्वेच्छाले परिवारका सदस्यबाहेक अन्यको नाममा नामसारी पनि गरिदिन पाउने सुविधा रहेको छ।

सहरीभन्दा ग्रामीण भेगमा सुरक्षाका लागि यसरी बन्दुक राख्ने चलन छ। यसबाहेक सहरी क्षेत्रमा हुने बैंकहरूले सुरक्षा प्रयोजनका लागि यसरी इजाजत लिएर बन्दुक राख्छन्। वीरगन्जका कतिपय बैंकले यसरी ६/७ वटा सम्म बन्दुक समेत राख्ने गरेका छन्।

यसरी इजाजत लिएर राखिने बन्दुक नवीकरण नहुँदा तिनको दुरुपयोग हुने सम्भावना बढी रहन्छ। स्थानीय प्रशासनले निर्वाचनको समयमा यस्ता इजाजत लिएर राखिएका बन्दुक त्यस अवधिका लागि आफूसँग राख्ने गर्छ।

लोकसेवामा सदस्य थपिए

जनकपुर (कास)- प्रदेश २ लोकसेवा आयोगका सदस्यमा नियुक्त भएका डा.सुजाता देव र महारुद्र झालाई सोमबार प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले सपथ गराएका छन्। दुई सदस्यको नियुक्तसँगै प्रदेशको लोमसेवा आयोगले पूर्णता पाएको छ। देव नेकपा र झा राजपाको कोटामा सदस्य चुनिएका हुन्। झा जनकपुरस्थित रामस्वरुप रामसागर बहुमुखी क्याम्पस (रारावा) र देव महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजमा अध्यापक थिए।

युरिया वितरण

पर्सा (कास)- एक महिना यता कृषि सामग्री कम्पनी वीरगन्ज कार्यालयले १० हजार टन युरिया मल वितरण गरेको छ। कार्यालयका सूचना अधिकृत गोरखनाथ केसीका अनुसार भदौ ३० यता क्षेत्रीय कार्यालय वीरगन्जले १० हजार २ सय ६३ मेटन युरिया मल प्राप्त गरेकोमा त्यसमध्ये माग भएका कार्यालय मातहतका जिल्लामा युरिया मल परिचालन गरिएको हो।

कार्यालयलाई प्राप्त मल ग्लोबल टेन्डरमार्फत संयुक्त अरब इमिरेट्सको मल्टी कमोडिटिज ट्रेडिङले आपूर्ति गरेको हो। उसले ३० हजार मेट्रिक टनको यो कन्साइन्मेन्टमध्ये वीरगन्जलाई १२ हजार ५ सय, भैरहवालाई १० हजार र विराटनगरलाई ७ हजार मेटन युरिया मल उपलब्ध गराउँदै छ। हाललाई धानबालीका लागि युरिया मलको माग भए पनि त्यो कम रहेकाले कार्यालयको वीरगन्ज गोदाममा रहेको करिब २ सय ५० मेटन मौज्दात र बाँकी आउने युरिया मलले यस वर्षको धानबालीको माग धान्ने केसी बताउँछन्। धान बालीपछि गहुँ बालीका लागि डीएपी मलको माग हुनेछ।

पहिला मार्ने, अहिले जोगाउने

■ **शंकर आचार्य** (पर्सा)

अति संकटापन्न वन्यजन्तु सालक जोगाउन जुओलोजिकल सोसाइटी अफ लन्डनले स्थानीयसँग हातेमालो गरी सञ्चालन गरेको कार्यक्रम प्रभावकारी बनेको छ।

सरकारले संरक्षित वन्यजन्तुको सूचीमा राखेको यो वन्यजन्तु जोगाउन पर्सा राष्ट्रिय निकुञ्जस्थित सोसाइटीको फिल्ड कार्यालयले मकवानपुरको २ वटा मध्यवर्ती सामुदायिक वनसँग ३ वर्षयता सालक संरक्षण कार्यक्रम सञ्चालन गरी सहकार्य गरिरहेको छ।

सोसाइटीका प्रशासकीय अधिकृत प्रचण्ड महर्जनका अनुसार मकवानपुरको मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह पदमपोखरी र चुच्चे खोला सामुदायिक वन उपभोक्ता समूहसँग सन् २०१६ देखि सहकार्य गरी सोसाइटीले सालक संरक्षणको क्षेत्रमा काम गर्दै आएको छ। सालक संरक्षणमा गरिएको यो प्रयास स्वरूप सन् २०१७ मा दुवै मध्यवर्ती क्षेत्र संसारकै पहिलो सालक संरक्षण क्षेत्र घोषित समेत भइसकेका छन्।

सोसाइटीले दुवै समूहमा सालकको चोरी सिकारी नियन्त्रणका लागि समुदायमा आधारित 'एन्टी पोचिङ' एकाई खडा गरेको छ। यी एकाईको बैठक तथा फिल्ड खर्चमा समेत सोसाइटीको सहयोग रहेको छ।

यसका साथै दुवै समूहमा सालकसम्बन्धी विभिन्न सचेतना कार्यक्रम सञ्चालन गरिएको छ। 'यस क्रममा सालक हिंसक वन्यजन्तु नभई किसान मैत्री वन्यजन्तु रहेको कुरो स्थानीयलाई बुझाउने काम गरिएको छ,' उनले भने, 'इकोसिस्टममा सकारात्मक प्रभाव पार्ने यो वन्यजन्तुले किसानको खेत खोस्रेर त्यहाँबाट आफ्नो आहारा खोज्ने भएकाले यसले जमिनलाई उर्वर बनाउने काम पनि गर्छ भनी किसानलाई बताइन्छ।'

दुवै समूहका ७०/७० महिला प्रतिनिधित्व हुने गरी समूहहरूमा सामुदायिक बैंक सञ्चालन गरिनुका साथै जीविकोपार्जनका लागि खेती तथा बाख्रापालन तालिम समेत महिलाहरूलाई दिइएको छ। सामुदायिक बैंक सञ्चालन गर्न चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूहलाई १२ लाख र पदमपोखरी सामुदायिक वन उपभोक्ता समूहलाई ८ लाख रुपैयाँ 'सिड मनी' समेत उपलब्ध गराइएको छ। महिलाहरूले मासिक सय रुपैयाँ बचत समेत गरिरहेका छन्।

हाल सालक संरक्षण कार्यक्रम सञ्चालित क्षेत्रमा एक दशक यता सालक फेला पर्ने क्रम जारी रहेको

सालक संरक्षण कार्यक्रम

र अति संकटापन्न यो वन्यजन्तुलाई स्थानीयले संरक्षण गर्नु साटो विभिन्न भ्रमका कारण मार्ने पनि गर्ने गरेकाले यसको संरक्षणका लागि कार्यक्रम नै सञ्चालन गर्नुपरेको महर्जन बताउँछन्। कार्यक्रम सञ्चालन भए यता मात्र चुच्चेखोला सामुदायिक वन क्षेत्रमा स्थानीयले फेला पारेर समितिलाई जिम्मा लगाएका ९ वटा सालकको उद्धार गरिसकिएको उनले बताए। 'स्थानीयको सालकसम्बन्धी चेतना बढेको छ, अब उनीहरू सालक देखेर डराउने र त्यसलाई मार्ने नभई समातेर समितिको जिम्मा लगाउँछन्,' उनले भने, 'समिति कार्यक्षेत्र बाहिरका स्थानीयले पनि यसो गर्न थालेका छन्।'

महर्जनका अनुसार विश्वमा कुल ८ र एसियामा ४ जातका सालक पाइन्छन्। नेपालमा दामे (इन्डियन) र कालो (चाइनिज) गरी दुई जातका सालक पाइन्छन्। पर्सा, बारा, रौतहट, मकवानपुर गरी नेपालका ४३ जिल्लामा सालक पाइन्छन्। नेपालमा यो वन्यजन्तु के कति संख्यामा छन् भनी हालसम्म गणना वा अनुमान गरिएको छैन।

दामे सालकको तौल २ देखि ७ किलो र यसको आयु १५ वर्ष ३ महिना सम्मको हुन्छ। काले सालकको तौल १० देखि १३ किलो र यसको आयु १३ वर्षसम्म हुन्छ। शरीरमा खपटा भएको विश्वको एक मात्र स्तनधारी यो वन्यजन्तु राति सक्रिय हुने गर्छ। आफ्नो लामो जिब्रोले कमिला र धमिरालाई आहारा बनाउँछ। एक वर्षमा यसले करिब ७ करोड धमिरा र कमिला खान्छ।

भिरालो/पानी भएको ठाउँमा बढी बस्न रुचाउने सालक लजालु स्वभावको हुन्छ। एक्लै बस्न रुचाउने र राति मात्र सक्रिय हुने यसले बच्चा जन्माएपछि बच्चालाई आफूसँग केही समय मात्र राख्छ। बच्चालाई पुच्छरमा राखेर घुमाउँछ। यसले जंगलमा रूख बिरुवाका बिउ एक ठाउँबाट अर्को ठाउँमा ओसार्ने सहयोगीको काम पनि गर्छ।

सरकारले यसलाई संरक्षित वन्यजन्तुको सूचीमा राखी यसको सिकार गर्ने वा मार्नेलाई १ देखि १० वर्षसम्म कैद सजाय तथा १ लाखदेखि ५ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजायको व्यवस्था गरेको छ। दामे सालकलाई इन्टरनेसनल युनियन फोर कन्जरभेसन अफ नेचर (आईसीएन) ले अति संकटापन्न र साइटिसले पनि अति संकटापन्न वन्यजन्तुको सूचीमा राखेको छ।



तपाईंको आज

मेष	भाग्य वृद्धि	तुला	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पुण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रशन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानि	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पूर्ण

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक ६ गते बुधबार तदनुरुप २३ अक्टोबर २०१९ कार्तिक कृष्णपक्ष दशमी तिथि रात्रिको ९:१४ बजेसम्म उप्रान्त एकादशी तिथी, अश्लेषा नक्षत्र दिनको १२:२३ बजेसम्म उप्रान्त मघा नक्षत्र, शुभ योग दिनको ०३:१३ बजेसम्म उप्रान्त शुक्ल योग, वणिज करण प्रात: १०:२० बजेसम्म उप्रान्त भद्रा करण, कर्कट राशिमा चन्द्रमा दिनको १२:२३ बजेसम्म उप्रान्त सिंह राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	फायरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमनसँग (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	नेपाल स्पेल बी (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	यू एण्ड आई (रिपिट)
३:००	फायरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोटेड
१:००	कान्तिपुर न्युज रिपोटेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपिट १)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, घनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कानुनी बहस र परामर्श (कमला)
०८:००	डेलामलमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (धलिसा)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	मनका कुरा
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज गिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:५५	नेपालय (रश्मिला)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रिंयका)
२०:००	सेक्सुएलिटी एन्ड क्राइम डायरी
२०:०५	ओल्डी गोल्डी (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (भुपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

रक्तसञ्चार केन्द्र	४२०५३८८
वीर अस्पताल	४२०२९८८
त्रिवि शिक्षण अस्पताल	४४१२०८७
कान्ति बाल अस्पताल	४४११५५०
प्रसूति गृह	४२५३७६६
टेकु अस्पताल	४२५३३८६
पाटन अस्पताल	५५२२७९८
शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३०९३२२/४३०९३७१
मानसिक अस्पताल	५५२९३३३
नेपाल आँखा बैंक	४४२३६८४
नेपाल आँखा अस्पताल	४२५०६२९
तिलगंगा आँखा अस्पताल	४४२३६८४
नेपाल अर्थोपेडिक अस्पताल	४२९१०२५
मरक्युर अस्पताल	६६१०६०६
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल	४२९१००८
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल	४४०६९५२
काठमाडौं मेडिकल अस्पताल	४२८०८७४/६
नेपाल मेडिसिटी अस्पताल	९९३४/४२९०७६६/४२९०७५५
बी एण्ड बी अस्पताल	५५३३०७६
मेडीकेयर मेगानल अस्पताल	४४६०८६०
मेडीकेयर मेगानल अस्पताल (ढबुलेन्स)	४४६०८६०
कान्तिपुर हस्पिटल	४९९९०५७/८५८
ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर	४४०६२०५
नर्भिक, थापाथली	४२५८५४७
क्यान्सर अस्पताल (प्रा.) लि.	४२८६४२८/४२८९६६६
लाइफ केयर अस्पताल	४२२७०३५
मितेरी अस्पताल	६६३९०३६/६६३८०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२६४०२०
मरक्युर रेडक्रस	६६५२२६६
नेशनल किड्नी सेन्टर	४३६३४५२/४३६०८८९
नेपाल मेडिसिटी	४२५७०५५/४२५०७६६
मानसिक अस्पताल	४४८०५७०
हुयाङ्स अस्पताल	४३०७४०८/४३०७७०८
ईशान बाल नर्सिङ होम तथा प्रसूति गृह	४३५४३७०/४३८५९६२
ओर्का अस्पताल र रिसर्च इन्टिच्युट	४२५८५२०/४२५८५४१
मनमोहन मेमोरियल अस्पताल	४४२९६०५/४४२०८२३
मरोरा अस्पताल प्रा.लि.	४४०४४६८/४४८९८९१
सामुदायिक मानसिक स्वा. जे. केन्द्र	०१ ६२१२१४४
जनमैत्री हस्पिटल	४३६३३०९-०५
मध्यपुर अस्पताल	०१-५०२३३८८/५०२३३०१/५०२३३०२
विनायक अस्पताल तथा प्रसूति गृह	४३८३५१०/४३८०८४८
केन्द्रीय पशु चिकित्सालय	४०६५३८२/४२२९०६४/४२६२९०३
मेडिपल हेल्थ सामुदायिक अस्पताल	४४०३५१८/४४०८६५५
शहीद मेमोरियल अस्पताल	४४०२९३८/०१६२०८६०२
स्पार्क हेल्थ सेवा अस्पताल	४२७३०९४/४२७०२२३
ओम समाज अस्पताल	४३९३५२०
स्टार अस्पताल	५५५०९७०/५५५०९८/५५५२२७०
अल्का अस्पताल	५५५५५५५
नागरिक सामुदायिक अस्पताल	६६३७६००/५६३२९८६
मिलाल अस्पताल/ढबुलेन्स	४४५५०८६/४४९२६०२
स्पाइनल इन्जरी पुनस्थापना केन्द्र	०७१-६६०८४७/६६०८४८
काठमाडौं अस्पताल	४२२२२२०
अन्तराष्ट्रिय मैत्री बाल अस्पताल	४४१९५३८/४४५४६९१
बी.पी. स्मृति अस्पताल	४३८७०३४/४३८००१६
सुमेरु अस्पताल	५२७५३७०/५२७५४०८/९९
वेलकेयर हस्पिटल	४४२६२३५/४४२६९८४
ग्लरेष्ट हस्पिटल	४७८९२७४/४७८३०२४
काठमाडौं नाक कान घाँटी अस्पताल	४२४५५४४/४२२६७३०
ग्रान्डी इन्टरनेशनल हस्पिटल	५

नेपाल-भारतका कोच युवा सम्मेलन

'समुदायको विकासमा रणनीतिक योजना आवश्यक'

कान्तिपुर संवाददाता (बिर्तामोड)

नेपाल र भारतमा बसोबास गर्ने कोच समुदायको विकासका लागि रणनीतिक योजना आवश्यक रहेको दुवै देशका युवाहरूले निष्कर्ष निकालेका छन्। झापाको बिर्तामोडमा कार्तिक २-३ गते भएको 'अन्तर्राष्ट्रिय कोच सांस्कृतिक युवा सम्मेलन' का सहभागीले कुनै एउटा विषयको विकासले मात्र समग्र समुदायको उत्थान नहुने ठहर गरेका छन्।

उनीहरूले दुवै देशमा कोच समुदायको समस्या समान भएकाले समुदायको विकास र उत्थानका लागि मिलेर अघि बढ्नुको विकल्प नरहेको समेत निष्कर्ष निकालेका छन्। आआफ्नो राज्य प्रशासनमा कोच समुदायको सांस्कृतिक, आर्थिक, सामाजिक, शैक्षिकलगायत समस्याबारे अवगत गराउनु अहिलेको आवश्यकता भएको सम्मेलनको ठहर छ।

पूर्वी नेपालमा बसोबास गर्ने राजवंशी, ताजपुरिया, गनगाई, माझी, सन्थाललगायत जातजाति कोच समुदायअन्तर्गत पर्दछन्। यो समुदायको बसोबास झापा, मोरङ र सुनसरीमा ठूलो संख्यामा छ। भारतको पश्चिम बंगाल, बिहार, असामलगायतका राज्यमा कोच समुदायको बसोबास रहेको पाइन्छ। सम्मेलनमा मेची क्याम्पस भद्रपुरकी प्राध्यापक निता राजवंशीले कोच समुदायको अवस्थाबारे धारणा राखेकी थिइन्। कोच नायिका विनोता बर्मनले युवा एकता नै विकासको पहिलो खुट्किलो भएको बताइन्।

कोच राजवंशी गाभुर संघ उत्तर दिनाजपुर पश्चिम बंगालका महासचिव मोहनलाल सिंहले कोच समुदाय राज्यको बेवास्तामा परेको गुनासो गरे। 'एउटा इतिहास बोकेको समुदायको संरक्षण गर्ने जिम्मेवारी राज्यको हो। तर, दुवै देशले त्यसो गरेनन' उनले भने, 'यहाँबाट पाठ सिकेर हामीले आफ्नो समुदायका लागि केही गर्नुको विकल्प छैन।'

'कोच समुदाय सबै हिसाबले राज्य संयन्त्रबाट टाढिएको अवस्थामा छ। आफ्नै भाषा, कला, साहित्य, संस्कृतिले पूर्ण यो समुदायको विकास र जगेर्ना गर्नु राज्यको पनि दायित्व हो। त्यसैले राज्यको ध्यानाकर्षणका लागि नेपाल-भारतका कोच युवाहरू एकठ्ठा भएका हौं,' कोचिला गाभुर फ्रन्ट नेपालका अध्यक्ष अभय राजवंशीले भने। राष्ट्र अलग भए पनि रहनसहन, संस्कार संस्कृति र सामाजिक समस्याहरू दुवै देशका कोच समुदायको एकै भएको उनले बताए। उनले विगतमा समुदायका अगुवाहरूले गर्न छुटाएको पहल र नेतृत्व भावी दिनमा संयुक्त रूपमा गर्नका लागि कोच युवा सम्मेलन लाभदायी भएको दाबी गरे।

सम्मेलन कोचिला गाभुर फ्रन्ट नेपालले आयोजना गरेको थियो। सम्मेलनमा नर्थ बंगाल इण्डिक कल्चरल वेलफेयर, कोच राजवंशी गाभुर संघ उत्तर दिनाजपुर पश्चिम बंगाल, इबोङ आमार एन्जेओ भारत, राजवंशी विकास समिति बिहार, सिलिउड सिने क्रिएसन भारत, अनुरोध फाउन्डेसन मोरङ र कोचिला गाभुर फ्रन्टका झापा र मोरङका विभिन्न गाउँ/नगर समितिका गरी १५ वटा संस्थाका २ सय ५० बढी युवाको सहभागिता थियो।

प्राथमिक तहमा विद्यार्थी घट्दै

विद्यार्थी नभएपै अधिकांश प्रावि बन्द हुने अवस्थामा छन् । कति त मर्ज भइसके । सामुदायिकमा प्रविधिमैत्री पठनपाठन, बहुभाषा शिक्षण र शिक्षक नहुँदा अभिभावक आफ्ना बालबच्चालाई संस्थागत विद्यालयमा भर्ना गरिरहेका छन् ।

विप्लव महर्जन (सल्यान)

सल्यानको कालीमाटी-१ स्थित कालिका प्राथमिक विद्यालयको कक्षाकोठामा विद्यार्थी । विद्यालयमा ५ जना विद्यार्थी मात्र छन् ।

तस्बिर : विप्लव/कान्तिपुर

शारदा नगरपालिका-५, तल्लोमार्केस्थित जनकल्याण प्राविमा तीन शिक्षक र एक बालविकास सहयोगी छन्। विद्यार्थी संख्या भने ११ मात्र छ। कालीमाटी गाउँपालिका-१, हिङबेरेस्थित प्राविको हालत पनि उस्तै छ। ३ कक्षासम्म सञ्चालित विद्यालयमा जम्मा पाँच विद्यार्थी छन्।

सरकारले सामुदायिक विद्यालयको गुणस्तर वृद्धिमा ध्यान नदिँदा विद्यार्थी संख्या बर्सेनि घटिरहेको छ। प्रायजसो अभिभावकले बालबालिकालाई आधारभूत तह निजी विद्यालयमै पढाउँछन्। माध्यमिक तहमा पुगेपछि भने केहीले सामुदायिकमै ल्याउँछन्। प्रविधिमैत्री पठनपाठन, बहुभाषा शिक्षण र शिक्षक नहुनु, परम्परागत शैलीको पढाइजस्ता कारणले प्राथमिक तहमा विद्यार्थी घटिरहेको शिक्षासेवी डिल्लीबहादुर भण्डारी बताउँछन्। उनका अनुसार विद्यार्थी नभएपै अधिकांश विद्यालय बन्द हुने अवस्थामा छन्।

बागचौर नगरपालिका-२, चिल्ढालेको भानुभक्त आधारभूत विद्यालयमा बालशिक्षाका सहित १८ विद्यार्थी छन्। एक शिक्षक र बालविकास सहयोगीको दरबन्दी रहेको विद्यालयमा विद्यार्थी घटेको भन्दै नगरपालिकाले शिक्षक सरुवा गरेको छ। विद्यालयलाई शिशु कक्षामा सीमित गर्ने नगरपालिकाको योजना छ।

स्थानीय सरकारले सामुदायिक विद्यालयको विकास र निगरानी गर्न नसकेको शिक्षासेवी भण्डारीको आरोप छ। जिल्लाका ५ सय ४ सामुदायिक विद्यालयमध्ये ७१ माध्यमिक, ८७ आधारभूत र २ सय ८७ प्राथमिक तहका छन्। जिल्लाभर संस्थागत विद्यालयको संख्या ४९ छ। सामुदायिकमा विद्यार्थी संख्या घट्दै गए पनि संस्थागत विद्यालय मौलाउँदै गएको उनले बताए।

जिल्लामा सामुदायिकका प्राथमिक तहमा ०७४ मा ३९ हजार ७ सय ८७ विद्यार्थी थिए। ०७५ मा घटेर ३२ हजार ९ सय १२ र चालु शैक्षिक सत्रमा ३० हजार ५ सय ९३ पुगेको छ। विद्यार्थी घटेका कारण यहाँका एक दर्जन विद्यालय मर्ज गरिएका छन्। तीन दर्जन विद्यालयको तह घटाइएको छ। करिब दर्जन विद्यालय बन्द गरिएको शिक्षा विकास तथा समन्वय एकाइले जनाएको छ।

सदरमुकामस्थित शारदा नगरपालिकामा ०७४ मा ३ हजार ९ सय ५ र २०७५ मा ३ हजार ७ सय १५ विद्यार्थी प्राविमा अध्ययनरत थिए। यस वर्ष ३ हजार ५ सय ४१ विद्यार्थी रहेको नगरले जनाएको छ। जिल्लाका १० स्थानीय तहमध्ये सबैभन्दा बढी शारदा नगरपालिकामा ५ हजार २ सय ५ र सबैभन्दा कम त्रिवेणी गाउँपालिकामा १ हजार ५ सय ५२ विद्यार्थी प्रावि तहमा छन्। सामुदायिकमा राजनीतिक चलखेल बढी हुँदा अहिलेसम्म दरबन्दी वितरण र समायोजन हुन सकेको छैन। शिक्षक राजनीति र अन्य काममा व्यस्त हुँदा पनि सामुदायिक विद्यालयको स्तर उक्सिन नसकेको स्थानीय अगुवा पूर्ण केसीको बुझाइ छ।

शारदा नगरपालिका-१०, मधनास्थित कालिका प्राविका प्रधानाध्यापक दीपक थापा विद्यार्थी नहुँदा बन्द भएको विद्यालय नगरपालिकाको सहयोगपछि पुनः सञ्चालनमा ल्याइएको बताउँछन्। कक्षा १ देखि ३ सम्म सञ्चालित विद्यालयमा २८ जना मात्र विद्यार्थी छन्।

स्थानीय तहले अस्थायी शिक्षक भर्ना गरे पनि अन्य व्यवस्थापनमा ध्यान नदिँदा आधारभूत तहको पढाइ कमजोर बन्दै गएको कालीमाटी गाउँपालिकाको काल्वेडाँडास्थित नेपाल राष्ट्रिय प्राविकी प्रधानाध्यापक लीला थापाले बताइन्। उनले शैक्षिक सामग्री र शिक्षक अभावमा प्राथमिक तहको पठनपाठन गुणस्तरीय बन्न नसकेको जनाइन्। ७ वर्षअघि करिब एक सय विद्यार्थी रहेको उनको विद्यालयमा यस वर्ष ४५ जना मात्र छन्। 'शिक्षक म एक्लै छु, बालबालिकालाई खेलाउने र पढाउने शैक्षिक सामग्री छैनन्,' उनले भनिन्, 'सबै कक्षामा नेपाली माध्यमबाट पठनपाठन भइरहेको छ।'

त्रिवेणी गाउँपालिकाका शिक्षा शाखा प्रमुख दलबहादुर रानाले आर्थिक अवस्था राम्रो भएका अभिभावकले बालबालिकालाई निजीमा पढाउने गरेका कारण सामुदायिक विद्यालय सुधार्न मुस्किल परिरहेको बताए। 'अधिकांश विद्यालयमा विद्यार्थी संख्या कम छ, जसकारण सरकारी अनुदान घट्दा शैक्षिक विकासमा पनि असर परिरहेको हो,' उनले भने, 'विद्यार्थी संख्याका आधारमा अनुदान वितरण गरिरहेका छौं, केही विद्यालयमा गुणस्तर बढिरहेको छ।'

शिक्षामा गरिएको लगानीका आधारमा तीन-चार वर्षपछि मात्र प्रभाव देखिने दार्मा गाउँपालिकाका शिक्षा शाखाप्रमुख रोम पाण्डे बताउँछन्। उनका अनुसार गाउँपालिकाले शिक्षा क्षेत्रमा योजना बनाई लगानी गरिरहेको छ। कालीमाटी गाउँपालिका अध्यक्ष दानबहादुर खत्रीले गुणस्तर बढाउन पूर्वाधार निर्माण, स्थानीय पाठ्यक्रम, डिजिटल हाजिरी, शैक्षिक सामग्रीमा लगानी बढाइएको बताए। शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख लालबहादुर घर्तीले संघीयतालले शिक्षामा ठूलो असर पारिरहेको बताए। 'यसअघि एकीकृत रूपमा जिल्लाभरि शैक्षिक विकासमा रकम विनियोजन हुन्थ्यो,' उनले भने, 'तर स्थानीय सरकारमार्फत आवश्यकताभन्दा पहुँचका आधारमा बजेट विनियोजन हुँदा दुरुपयोग बढिरहेको छ।'

एकाइका अनुसार जिल्लामा दरबन्दी अभावको समस्या कायमै छ। प्राथमिक तहमा १ हजार २ सय २० शिक्षक कार्यरत रहेको एकाइले जनाएको छ। त्यसमध्ये ५ सय ६२ स्थायी, ३ सय ५६ राहत र ३ सय २ अस्थायी शिक्षक छन्।

मूल्य सूची राख्न अटेरी

कान्तिपुर संवाददाता (विराटनगर)

वाणिज्य कार्यालयले विराटनगरका थानका कपडा पसलमा मूल्य सूची राख्न दिएको निर्देशन व्यवसायीले अटेर गरेका छन्। कार्यालयले विभिन्न नौ वटा कपडाका ठूला पसल सञ्चालकलाई मूल्य सूची राख्न तीन साताअघि निर्देशन दिएको थियो।

अनुगमनका क्रममा यहाँको रोनक इम्पोरियम पसलमा कपडाको मूल्य तलमाथि गरी उपभोक्ता ठगेको पाइएपछि वाणिज्य कार्यालयले अनिवार्य रूपमा मूल्य सूची राख्न निर्देशन दिएको थियो।

कार्यालयले रोनक इम्पोरियमसहित अम्बिका वस्त्रालय, दिनेश इम्पोरियम, जगदम्बा वस्त्रालय, वंशल इम्पोरियम, अम्बिका इम्पोरियम, नरायण स्टोर, कोसी वस्त्रालय र कावरा इम्पोरियमलाई तीन दिनभित्र मूल्य सूची राख्न निर्देशन दिएको वाणिज्य कार्यालयका निमित्त प्रमुख हिमाल बरालले बताए।

रेडिमेड कपडा र अन्य उपभोग्य वस्तुको मूल्य देखिन्छ। तर थानको कपडाको मूल्य देखिँदैन। यस्तोमा उपभोक्ता सक्कली र नक्कली सामानमा र मूल्यमा ठगिने गरेका छन्। बरालले भने, 'उपभोक्ता संरक्षण ऐनले हरेक वस्तुको मूल्य सूची राख्ने व्यवस्था गरेको छ। त्यसैका आधारमा कपडाका थानको कारोबार गर्ने पसललाई पनि मूल्य सूची राख्न निर्देशन गरिएको हो।' निर्देशनमा कपडाको खरिद र बिक्री मूल्य पनि राख्न भनिएको छ।

ऐनले व्यवस्था गरेकाले कपडा व्यवसायीले मूल्य सूची राख्ने पर्ने बरालको भनाइ छ। मोरङ व्यापार संघ र विराट व्यापार संघलाई पनि आफ्ना सदस्य व्यवसायीहरूलाई मूल्य सूची राख्न दबाब दिन आग्रह गरिएको उल्लेख गर्दै बरालले भने, 'अटेर गरे उपभोक्ता संरक्षण ऐनअन्तर्गत कारबाही हुन्छ।'

वाणिज्य कार्यालयले थान कपडाको मूल्य सूची राख्न दिएको निर्देशन पहिलो हो। विराटनगरबाहेक अन्य कुनै पनि सहरमा यस्तो निर्देशन नभएको बरालको भनाइ छ।

पोखराका 'वैज्ञानिक बा'

पोखराको पर्स्याङमा रहेको विज्ञान प्रयोगशालामा ८५ वर्षीय दीनबन्धु कोइराला ।

तस्बिर : दीपक/कान्तिपुर

दीपक परियार (पोखरा)

फराकिलो बाटोको छेवैमा पर्खालले घेरिएको सानो घरलाई बगैंचाले चिटिक्क पारिएको छ। दुईकोठे घरमा एक्लै बस्छन् ८५ वर्षीय वृद्ध दीनबन्धु कोइराला। गेटबाट छिर्नेबित्तिकै दाहिनेपट्टि टिनको टहरो छ। टहरोमा सिंगो सौर्य प्रणाली अटाइएको छ। ३० वर्षे सरकारी जागिर टुंग्याएका कोइराला अचेल समाजोपयोगी नौला कुरा खोजी गर्छन्।

पोखरा-५ पर्स्याङका स्थानीयले उनलाई बोलाउने नाम हो, 'वैज्ञानिक बा'। खेर गएका सामग्रीको प्रयोगबाट विभिन्न सामान बनाउँदा उनको घर एउटा प्रयोगशालाजस्तै छ। त्यहाँ छन् दृष्टिविहीनलाई उपयोगी सामग्री। दृष्टिविहीनले छामेर बुझ्न सक्ने सौर्य प्रणाली, तारामण्डल, विश्वको नक्सा र लेख्न मिल्ने सजिलो बोर्डलगायत गणितीय सामग्री उनका प्रयोगशालामा छन्। यी सबै उनी आफैंले बनाएका हुन्।

प्लाइउड, काठको धूलो, धागो, काठका टुक्रा, काँटी, कागज, फलाम र टिनलगायत सामान प्रयोग गरेर उनी दृष्टिविहीनका लागि शिक्षण सामग्री तयार पार्छन्। बनाएका सामान विभिन्न विद्यालयलाई दिन्छन्। विद्यार्थी ती सामान अवलोकन गर्न उनको घरैमा आइपुग्छन्।

सूर्यबाट विभिन्न ग्रह कति टाढा छन् भन्ने थाहा पाउन दृष्टिविहीनलाई सहयोगी हाते उपकरण पनि उनी आफैंले बनाए। ग्रहहरू सूर्यका वरिपरि अनुपातिक रूपमा घुमेको प्रक्रिया छामेर बुझ्ने गरी तयार पारिएको सामग्रीमा उनी घोत्लिन्छन् र भन्छन्, 'दृष्टिविहीनले यसलाई उपयोग गर्न सके शिक्षण प्रक्रिया सजिलो हुन्छ।' पृथ्वी आफ्नो कक्षमा घुम्दा कसरी उत्तरायण र दक्षिणायणको स्थिति पर्न आउँछ भन्ने बुझाउन तयार पारिएको बोर्ड, काठ र बाँसको टुक्राबाट बनाइएको अंग्रेजी लिपिका अंक, अक्षर टाँसिएको बोर्ड, छामेर हरफ सिधा लेख्न सकिने गरी बनाइएको बोर्डलगायत सामग्री उनले पोखराकै अमरसिंह नमुना माविलाई हस्तान्तरण गरेका छन्। अमरसिंहमा दृष्टिविहीन विद्यार्थीलाई उनले दुई वर्ष पढाए पनि।

पोखराका रैथाने उनले ०१७ मै एसएलसी उत्तीर्ण गरेका हुन्। तत्कालीन सोल्जर्स बोर्ड भोकेसनल हाइस्कुल (हालको अमरसिंह) बाट एसएलसी उत्तीर्ण गर्दा उनी २४ वर्षका थिए। घरैमा बुबासँग पढेकाले विद्यालय भर्ना हुन ढिला भएको उनी सुनाउँछन्। मेथ्लाङको भीरमा बाबियो काट्न जाँदा नाम्लो बिर्सिए बाबियोकै नाम्लो बनाएर घाँसको भारी बोकेर उनी फर्कन्थे। डोको, स्याँखु, घुम आफैं बनाउँथे।

एसएलसीपछि भूमि सुधारमा १० वर्ष जागिर खाए। लोक सेवा उत्तीर्ण गरी खाद्य संस्थानमा १८ वर्ष काम गरे। नायब सुब्बामा अवकाश लिए। ०४४/४५ सालतिर उनी स्याङ्जाबाट पोखरा फर्किँदै थिए। बसमा दृष्टिविहीन युवा उनीसँगैको सिटमा बसे। ती युवा बाटोमा गुड्ने बसको आवाज सुनेपछि कसैले एकपटक भनिदिएको नम्बर ठ्याक्कै मिलाउँथे। एकपल्ट चढेको बसको आवाज र सुनेको नम्बर उनलाई सम्झना हुन्थ्यो। अचम्मको खुबी देखेर चकित दीनबन्धुले उनलाई देख्ने भएको भए झनै तेजिलो हुन सक्ने प्रतिक्रिया दिए। ती युवकले भने, 'म मेरो अवस्थामा ठीक छु। आँखा देख्ने भएको भए झन् चोर, गुन्डा पो हुन्थें कि !'

दृष्टिविहीन युवकको वाक्यले दीनबन्धुको मन छोयो। उनी जस्तैका लागि केही गर्ने अठोट मनमनै लिए। पोखरा फर्किएर उनले उपयोगी सामग्री बनाउन लागे। उपकरण लगेर अमरसिंहमा दृष्टिविहीन विद्यार्थीलाई पढाउन उपयोग गरिहेरे। जागिरबाट ०५२ मा विश्राम लिएपछि उनको सक्रियता यसैमा झन बढ्यो। दृष्टिविहीनलाई मात्र नभई अरूलाई पनि उपयोगी हुने सामग्री बनाउन थाले। सामान उठाउने क्रेनको नमुना बनाए। इनारमा खसेको सामान निकाल्ने प्रविधि बनाए। काँक्रो चोरी हुनबाट बचाउने उपकरण बनाए। एक ठाउँमा अचेट्दा ५ वटा ढिकी र ४ वटै जाँतो चल्ने प्रविधि बनाए। 'म विज्ञान प्रदर्शनीहरूमा गएर हेर्थें,' उनले भने, 'त्योभन्दा राम्रो बनाउँछु भन्ने अठोट लिन्थें।'

उनले बनाएका उपकरण कामसँग पनि जोडिन्छन्। दृष्टिविहीनले काम गर्न मिल्ने साधन भए सडकमा बस्नुपर्ने अवस्था नआउने उनी बताउँछन्। सडकमा गीत गाइरहेका दृष्टिविहीन देखेपछि उनले किला ठोक्दा हातमा नलाग्ने प्रविधिको हयाम्मर बनाए। दृष्टिविहीनले सियोमा धागो उन्न मिल्ने मेसिन बनाए।





सन्दीप हन्ड्रेड बलमा
१ करोड ४७ लाखमा अनुबन्ध । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

महिला क्रिकेट लिग
शतकीय साझेदारी । १५

वर्ष २७ अंक २४२ पोखरा | ५ कात्तिक २०७६ मंगलबार कार्तिक कृष्णपक्ष नवमी | नेपाल संवत् ११३९ | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, October 22, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

चर्चित चिनियाँ अभिनेत्री एवं नेपाल भ्रमण वर्ष २०२० का लागि सद्भावनादूत स्वी छिङ सोमबार अन्नपूर्ण आधार शिविरमा । नेपाल भ्रमण क्रममा पोखरामा रहँदा स्वीले प्याराग्लाइडिङ र फेवातालमा नौकाविहार गरिन् । उनले अन्य चिनियाँ कलाकारसहित फेरि नेपाल भ्रमण गर्ने बताएकी छन् । समाचार पृष्ठ ९ ।

तस्विर सौजन्य : हिमालय फ्रन्टियर्स प्याराग्लाइडिङ

कुमार पौडेलबारे आयोगको निष्कर्ष

पक्रेर गोली प्रहार

- हत्यामा संलग्न प्रहरीलाई कारबाही र आदेश दिने अधिकारीमाथि छानबिनको निर्देशन
- चन्द समूहलाई वार्तामा ल्याई उसका गैरकानुनी गतिविधि नियन्त्रण गर्न सुझाव

■ **बलराम बानियाँ** (काठमाडौं)

मानव अधिकार आयोगले नेत्रविक्रम चन्द समूहका सर्लाही इन्चार्ज कुमार पौडेललाई प्रहरीले नियन्त्रणमा लिएर गोली हानी हत्या गरेको निष्कर्ष निकाल्दै संलग्नलाई कारबाही सिफारिस गरेको छ । आयोगले आदेश दिने उच्च प्रहरी अधिकारीमाथि पनि छानबिन गरी कारबाही गर्न सरकारलाई निर्देशन दिएको छ ।

प्रहरीको दाबीजस्तो दोहोरो भिडन्त वा आत्मरक्षाको स्थिति पुष्टि नभएको र घटनाको प्रकृति तथा संकलित प्रमाणसमेतबाट नियन्त्रणमा लिएर मारेको देखिएको आयोगले जनाएको छ । प्रहरीले पौडेललाई नियन्त्रणमा लिएपछि ९ राउन्ड गोली हानेको आयोगले उल्लेख गरेको छ । आयोग पदाधिकारीको सोमबार बसेको बैठकले आफ्नो छानबिन प्रतिवेदन आधारमा प्रत्यक्ष संलग्न तथा कमान्डरसमेत रहेका प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साह, प्रहरी हवल्दारद्वय श्रीविनोद साह र सत्यनारायण मिश्रलाई तत्काल निलम्बन गरी फौजदारी अभियोगमा मुद्दा चलाउन सरकारलाई सिफारिस गरेको छ ।

कुमार पौडेल

आयोगका सचिव वेद भट्टराईद्वारा सोमबार जारी विज्ञप्तिअनुसार प्रहरी निरीक्षक किरणप्रसाद न्यौपाने र प्रहरी नायब निरीक्षक सूर्यकुमार कार्कीलाई मुचुल्का गर्दा त्रुटि गरेकाले सचेत गराउन सरकार र नेपाल प्रहरीलाई सिफारिस गरिएको छ । आयोगले प्रहरीलाई निर्देशन दिने तालुक निकायका पदाधिकारी तथा कर्मचारी, आदेश दिने अधिकारी तथा दुरुत्साहन गर्ने व्यक्तिमाथि समेत अनुसन्धान गरी कानुनी दायरामा ल्याई कानुनबमोजिम कारबाही गर्न सिफारिस गरेको छ ।

बाँकी पृष्ठ १४ ▸▸

चन्द समूहका दुई सर्त

काठमाडौं (कास)- नेत्रविक्रम चन्द नेतृत्वको समूहले सरकारसँग वार्ताका लागि आफूमाथिको प्रतिबन्ध हटाउनुपर्ने र नेता-कार्यकर्तालाई निःसर्त रिहा गर्नुपर्ने सर्त अघि सारेको छ ।

चन्द समूहको गत असोजमा सम्पन्न आठौं पूर्ण बैठकले यस्तो निर्णय लिएको हो । तर बैठकले सरकारले अघि सारेको वार्ताको कुरा पत्यार गर्न लायक नभएको निष्कर्ष निकालेको छ ।

'सरकारले आफ्नो फाँसीवादी दमनलाई ढाकछोप गर्न 'वार्ता' को हतियार प्रयोग गरिरहेका सन्दर्भमा पार्टीले षड्यन्त्रपूर्ण वार्ता प्रचारलाई भन्डाफोर गर्ने तर इमानदारीसाथ प्रतिबन्ध हटाएर गिरफ्तार कमरेडहरूलाई छोडेर निःसर्त आएमा सकारात्मक रूपले सोच्ने निर्णय लिएको छ,' चन्दले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

बाँकी पृष्ठ १४ ▸▸

उतिबेलै गरिएको थियो सर्वस्वसहित जन्मकैद मागदाबी

■ **मातृका दाहाल** (काठमाडौं)

तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौला, गृहसचिव उमेश मैनाली र प्रहरी महानिरीक्षक ओमविक्रम राणाले रौतहट बम विस्फोट घटना र घाइतेका विषयमा आफूहरू जानकार नै नरहेको बताए पनि कांग्रेस सांसद मोहम्मद अफताब आलममाथि १२ वर्षअघि प्रहरीले नै सर्वस्वसहित जन्मकैद सजाय हुनुपर्ने मागदाबी गरेको खुलासा भएको छ ।

२०६४ चैत २७ गते राति विस्फोटमा घाइते भएकालाई इँटाभट्टामा लगेर मारिएको कसुरसम्बन्धी प्रहरीको अनुसन्धान प्रतिवेदनमा आलमसहितका आरोपितमाथि सर्वस्वसहित जन्मकैदको सजाय मागदाबी लिएर प्रहरी जिल्ला सरकारी वकिलको कार्यालय पुगेको पाइएको हो । 'बम विस्फोटमा घाइते भएकालाई इँटाभट्टामा लगेर मारेको अभियोगमा मुलुकी ऐन २०२० को महल-१० ज्यानसम्बन्धी कसुरको दफा १३क अनुसार आलममाथि सर्वस्वसहित जन्मकैद सजाय मागदाबी गरिएको थियो,' त्यसबेला प्रहरीले तयार पारेको प्रतिवेदन उल्लेख गर्दै स्रोतले भन्यो, 'तर प्रतिवेदन तथ्य र प्रमाणभन्दा बाहिर गएर बनाइएको तर्क गर्दै सरकारी वकिल कार्यालयले अदालतसम्म नपुऱ्याई अभियुक्तहरूलाई उन्मुक्ति दियो ।'

फाइल तस्बिर

तत्कालीन प्रहरी निरीक्षक (हाल नायब उपरीक्षक) रहेका राजीव बस्नेतको नेतृत्वमा घटनाको अनुसन्धान भएको थियो । अनुसन्धानका क्रममा प्रमाण संकलनमा थुप्रै कमीकमजोरी भए पनि अपराधमा संलग्नले उन्मुक्ति पाउनु हुँदैन भन्ने गरी त्यसबेला नै प्रतिवेदन तयार भएको हाल अनुसन्धानमै खटिएका एक प्रहरीले बताए । त्यसबेलाको प्रहरी प्रतिवेदनअनुसार मुद्दा नचलाई सरकारले आरोपितलाई उन्मुक्ति दिएको थियो । घटनाको १२ वर्षपछि गत असोज २६ गते मुख्य आरोपित आलम रौतहटबाटै पक्राउ परेका हुन् । उनलाई सुरुमा ७ दिन र आइतबार पुनः ५ दिन म्याद थप गरेर हिरासतमै राखिएको छ । प्रहरीसँगको बयानमा आलमले कसुर अस्वीकार गरिरहेका छन् । विस्फोट घटनामा भागेर बाँचेका एक पीडितको चोट तथा घाउ जाँच भइसकेको छ । उनको स्वास्थ्य परीक्षण प्रतिवेदन आएपछि अनुसन्धानलाई पूर्णता दिने प्रहरीको भनाइ छ । आलम जोडिएको घटनामा कसुर पुष्टि हुने आधार तयार भइसकेको उल्लेख गर्दै आलममाथि पोलिग्राफ बयान लिने तयारी भइरहेको स्रोतले जनायो ।

बाँकी पृष्ठ ३ ▸▸

२०६४ चैत २७ : विस्फोट
२०६५ वैशाख १४ : मुचुल्का
२०६५ वैशाख १४ : प्रहरी निरीक्षक राजीव बस्नेतको नेतृत्वमा अनुसन्धान सुरु
२०६५ वैशाख १८ : किटानी जाहेरी
२०६५ असार ९ : प्रहरी अनुसन्धान प्रतिवेदन रौतहट सरकारी वकिलको कार्यालयमा पेस (जुन प्रतिवेदनमा आलमसहितका आरोपितमाथि सर्वस्वसहित जन्मकैदको सजाय मागदाबी)
२०६५ असार ३० : महान्यायाधिवक्ता कार्यालयद्वारा आरोपितविरुद्ध मुद्दा नचल्ने निर्णय
२०६९ जेठ १६ : महान्यायाधिवक्ताको निर्णय सर्वोच्च अदालतद्वारा बदर, सुरुबाटै अनुसन्धान गर्न आदेश
२०७६ असोज २६ : विस्फोटका आरोपित आलम पक्राउ

नागढुंगा-सिस्नेखोला सुरुङमार्ग ४२ महिनामा बन्ने
पृष्ठ २

उकालो लाग्दै रूखबिरुवा

हिमाली क्षेत्रका वनस्पति तापक्रम वृद्धिका कारण ५६.१ मिटरमाथिसम्म फैलिएको पछिल्लो अनुसन्धानले देखाएको छ

■ **अब्दुल्लाह मिर्याँ** (काठमाडौं)

हिमाली क्षेत्रमा पाइने वनस्पतिका केही प्रजाति बर्सेनि माथिल्लो भूभागतर्फ उक्लिरहेको अध्ययनले देखाएको छ । चिसोले वनस्पति नै नहुने क्षेत्रमा पनि क्रमिक यसरी उक्लनेमा भोजपत्र र गोब्रेसल्लालगायतका वनस्पति छन् ।

विश्वमा हालसम्म भएका १ सय ६६ वटा अध्ययनले पनि वृक्षरेखा माथि सर्दै गएका वनस्पतिको प्रतिशत ५२ देखाएको छ । ४७ प्रतिशतको वृक्षरेखा फेरबदल भएको छैन, कतिपय वनस्पतिको वृक्षरेखा उस्तै नै छ । हिमाली क्षेत्रका केही वनस्पतिको हरेक वर्ष २.६ मिटरका दरले वृक्षरेखा माथि सर्दै गएको अनुसन्धानको निष्कर्ष छ । वनस्पति विज्ञहरूले नेपालको पूर्वदेखि पश्चिमसम्मका उच्च हिमाली क्षेत्रमा विभिन्न समयमा गरेको अध्ययनबाट भोजपत्र र गोब्रेसल्लाजस्ता वनस्पति माथितिर उकालो लागिरहेको तथ्य पत्ता लागेको हो । तापक्रम बढेर हिमाल, हिमताल र हिमनदी पग्लिने क्रम बढिरहेका बेला वनस्पतिका केही प्रजाति उपयुक्त चिसो खोज्दै मास्तिर उक्लिरहेका हुन् । यसको असर त्यहाँका वन्यजन्तु र जनजीवनमा समेत पर्ने विश्लेषकहरूको भनाइ छ । भोजपत्र र गोब्रेसल्लाबारे इन्स्टिच्युट अफ टिबेटेन प्लेटो रिसर्च, चाइनिज एकेडेमी अफ साइन्सेस, बेइजिङबाट विद्यावारिधि गरेर त्यहीं कार्यरत वनस्पति विज्ञ शालिकराम सिग्देलले वनस्पतिहरूको वृक्षरेखा (ट्री-लाइन) माथितिर स्थानान्तरण हुने क्रम बढिरहेको पाइएको बताए । 'मेरो अध्ययनले पश्चिमको तुलनामा पूर्वी हिमाली भागका वनस्पतिहरू माथितिर उकालो लागिरहेको देखाएको छ,' पर्वतीय क्षेत्रको परिवर्तनसम्बन्धी चौथो सम्मेलनमा भाग लिन काठमाडौं आएका उनले कान्तिपुरसित भने, 'विगतमा रूख नहुने स्थानमा अहिले दुई मिटरभन्दा बढी उचाइका रूख भेटिएका छन्, त्यसले माथिल्लो क्षेत्रमा वृक्षरेखा स्थापित भएको छ ।'

बाँकी पृष्ठ १४ ▸▸

स्थानीय तह

गाउँ फर्काउने योजना

■ **प्रताप रानागमर** (दमौली)

खानेपानी, सडक र बिजुली बत्ती नहुनु बसाइसराइको मुख्य कारक बन्यो । रमाइलो गाउँ भए पनि सुविधा खोज्दै स्थानीयवासी बजार झर्न थाले । सुविधा खोज्दै बसाइ जानेमा तनहुँको म्याग्दे गाउँपालिका-५ मूलाबारी गाउँ पनि अछुतो रहेन । झुरुप्प ३५ घर रहेकोमा अहिले आधा मात्रै बाँकी छन् । अरू भने पोखरा, खैरेनीटार र दमौली बसाइ सरिसकेका छन् ।

सुविधा खोज्दै बजार झरेको तुलबहादुर थापाले बताए । 'गाउँमा विकास थिएन,' उनले भने, 'पैसा कमाउनासाथ बजारमा घर बनाउन थाले ।' १८ वर्षको उमेरमा बेलायती सेनामा भर्ती भएका थापाले छुट्टीमा आउँदा खैरेनीटारमा जग्गा लिएर घर बनाई बजारमै बस्न थालेको उनले सुनाए । उनी भन्छन्, 'बजार झरेको २० वर्ष भएछ ।' यतिबेला उनको मन जन्मभूमि मूलाबारीमा फर्केर बस्ने योजनामा छ । 'बेलायत र खैरेनीबजार बस्ने सोच छैन,' उनले भने, 'जन्मभूमि गाउँमा बस्ने मन छ ।' शान्त वातावरण, स्वच्छ हावापानी र गाउँले दाजुभाइको अत्मीयताले गाउँमा फर्किन लागेको उनले बताए । गाउँमा मोटरबाटो, बिजुलीबत्ती, खानेपानीको सुविधाका कारण गाउँ फर्कने उनको योजना हो ।

गाउँबाट बसाइ झरेकालाई गाउँ फर्काउन स्थानीय युवा पनि लागिपरेका छन् । गाउँलाई कृषि र पर्यटकीय क्षेत्र बनाउने अभियानमा लागेको स्थानीय युवा बसन्त आलेले बताए । उनले भने, 'बसाइ जानेलाई गाउँ फर्काउने मुख्य माध्यम पर्यटन हो ।' प्राकृतिक सुन्दरता रहेको गाउँमा अब पूर्वाधार बनाउने योजना उनले सुनाए । पर्यटकीय पूर्वाधारका लागि मूलाबारी घर भएर बिदेसिएका युवाले चन्दा संकलन गर्न थालेका छन् । कालाभैरव मन्दिरसहित २ रोपनी क्षेत्रफलको पर्यटकीय पूर्वाधार तयार गरेको उनले बताए । गाउँको विकासका लागि ५ हजारदेखि डेढ लाख रुपैयाँसम्म चन्दा दिएका छन् । कालाभैरव मन्दिर निर्माण समिति अध्यक्षसमेत रहेका आलेले चन्दाबाट ४० लाख संकलन भएको र सबै रकम पूर्वाधारमा खर्च भइसकेको बताए । उक्त रकमले कालाभैरव मन्दिर, पिकनिङ स्पोटमा ट्रस, शौचालयलगायतका संरचना बनिसकेको छ । ०७३ सालमा गुरुयोजना बनाएर काम गरिएको थियो । 'सरकारको मुख नताकी पूर्वाधार काम गरेका छौं,' उनले भने । आफूहरूले पूर्वाधार निर्माणमा बाटो देखाएकाले अब स्थानीय, प्रदेश र संघीय सरकारले काम गर्नुपर्ने उनले बताए । डेढ करोड रुपैयाँ भए पर्यटकीय पूर्वाधार हुने उनको अनुमान छ । पूर्वधार बनेपछि बजारमा बसाइ गएका दाजुभाइ गाउँ फर्कने तयारी गरेको उनले बताए ।

मोटरबाटो, बिजुलीबत्ती, खानेपानीको सुविधाले बूढापाका गाउँ फर्कने सोचनमा । स्थानीय युवा गाउँलाई कृषि र पर्यटकीय क्षेत्र बनाउने अभियानमा ।

आफ्नो गाउँ आफैं बनाउने अभियान लिएर पैसा संकलन गरेर अभियान सम्भव भएको हङकङ बस्दै आएका युवा विपिन थापाले बताए । पूर्वाधार बन्नासाथ कालाभैरव मन्दिरमा क्षेत्रमा आन्तरिक पर्यटक आउने गरेका छन् । यसले स्थानीयको हौसला बढेको छ । गाउँमा होटल र होमस्टे सञ्चालन गर्ने उनले बताए । मूलाबारी सुन्तला बगानले पनि परिचित छ । बसाइ जाने दाजुभाइलाई गाउँमा फर्काउन मूलाबारीलाई कृषि र धार्मिक पर्यटकीय स्थलको रूपमा विकास गर्न लागिपरेको स्थानीयले बताए ।

पृथ्वी राजमार्गको धाँयरे, किलचोक डढुवा, नेवार हटिया, ध्यानथोक हुँदै १२ किमि मोटर यात्रा र अर्को भिमादबाट छाङपाटन, काफलस्वाँरा हुँदै ७ किमिको मोटर यात्रा गरेपछि मूलाबारी पुग्न सकिन्छ । कालाभैरवको प्रचार गर्नका लाग विगतका वर्षदेखि कालाभैरव महिला र पुरुष रेस प्रतियोगिता आयोजना हुने गरेको छ ।

गाउँको पूर्वधार विकासमा म्याग्दे गाउँपालिका लागिपरेको गाउँपालिका अध्यक्ष मायादेवी रानाले बताइन् । अघिल्लो वर्षमा मूलाबारी पुग्ने सडक चौडा बनाइएको र अब स्तरोन्नति गर्ने उनको भनाइ छ ।

बारपाक-लाप्राक सीमा विवाद

'विज्ञको राय मान्छौं'

रालाङ र सासिङको भूभाग आ-आफ्नो क्षेत्रमा पर्ने सुलिकोट र धार्चे गाउँपालिकाको दाबी

गोरखाको बारपाक-लाप्राक सीमा विवाद समाधानको बैठकका सहभागी । *तस्बिर : कान्तिपुर*

■ **हरिराम उप्रेती** (गोरखा)

बारपाक-लाप्राक सीमा विवाद समाधानतर्फ अघि बढेको छ । सीमा विज्ञ ल्याएर स्थलगत अध्ययन गरी विवाद समाधान गरिने सहमति भएको हो । बारपाक सुलिकोट गाउँपालिकाको बारपाक र धार्चे गाउँपालिकाको लाप्राक सीमा क्षेत्रअन्तर्गत रालाङ र सासिङको भूभाग आ-आफ्नो क्षेत्रमा पर्ने दाबीले विवाद बढेको हो ।

जिल्ला समन्वय समितिको अगुवाइमा आइतबार र सोमबार भएको छलफलबाट ७ बुँदे सहमति भएको छ । दुवै पक्ष हाल सतहमा देखिएको छिटपुट विवाद हल गर्दै सीमा विवाद टुंगाउन विज्ञ ल्याउन सहमत भएका हुन् । सिमानालाई वैज्ञानिक ढंगले सीमांकन गर्न दुवैतर्फका बस्तीको परमर्शमा संघ तथा प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय भएको जिल्ला समन्वय समितिका प्रमुख अशोक गुरुङले बताए । हाललाई परापूर्वकालदेखि प्रयोग हुँदै आएका सिमानामा रहेका खर्क प्रयोग गर्दै जाने र एकअर्काले हस्तक्षेप नगर्ने सहमति भएको छ । 'परापूर्वकालदेखि जे जसरी भोगचलन गर्दै आएका छन् त्यसलाई निरन्तरता दिने दुवै पक्षको सहमति बनेको छ,' गुरुङले भने । पछिल्लो समय सीमा विवाद सतहमा आएपछि दुवै गाउँपालिकाका जनप्रतिनिधि र स्थानीयको सहभागितामा बैठक बसेको हो । हाल विवादित क्षेत्रमा जडीबुटी प्रशस्त पाइने तथा खर्क रहेकाले पनि दुवै पक्षले दाबी गर्दै आएका हुन् ।

सीमा विवादकै कारण धार्चे गाउँपालिका प्रवेश गर्ने मुख्य सडक मर्मतमा गत साता वारपाकवासीले अवरोध गरेका थिए । लाप्राक सडकले बारपाकअन्तर्गतको स्यामेर, तसरा र तुम्सी बस्ती जोखिममा परेको दाबी गर्दै वारपाकका स्थानीयले सडक मर्मत रोकेका हुन् । दुई दिनसम्म चलेको बैठकले बारपाक-लाप्राक सडक मर्मत तत्काल अघि बढाई सवारी आउजाउको अवस्था बनाउने सहमति जुटाएको छ । जोखिममा परेका बस्तीको पुनःस्थापना तथा संरक्षणका लागि संघ तथा प्रदेश सरकारमा अनुरोध गर्ने पनि बैठकबाट निर्णय भएको छ । यसका लागि जिल्ला प्रशासन कार्यालयबाट समन्वय हुनेछ ।

लाप्राक नयाँ बस्तीमा लगेको पानीको मुहान पनि आफ्नो भूगोलमा पर्ने बारपाकवासीले बताउँदै आएका छन् । खानेपानीको सवालमा प्राविधिक परामर्शको आधारमा आवश्यकतालाई मध्यनजर गरी बाँडफाँड गर्ने सहमति बनेको छ । सीमा विवादकै कारण बारपाकवासीले भदौ ३ मा ३ बाखा नियन्त्रणमा लिएका थिए । बारपाक सामुदायिक वन समितिबाट नियन्त्रण लिएका लाप्राकका बाखा सम्बन्धित किसानलाई तत्काल फिर्ता गर्ने भएका छन् । दुवै पक्षले शान्ति सुरक्षामा खलल पुग्ने गतिविधि नगर्ने पनि सहमति गरेका छन् । अन्य विषयमा सम्बन्धित वडाको परामर्शमा आपसी छलफलको आधारमा टुंगो लगाउने सहमति बनेको समन्वय प्रमुख गुरुङले बताए ।

झन्डै ४ सय ६६ वर्ष अघिबाट विवादित रालाङ र सासिङ क्षेत्रका खर्क स्थानीयले आपसी समझदारीमा उपभोग गर्दै आएका थिए । दुई गाउँबीच २०६५ यता भने सीमा विवाद सतहमा आयो । यसबीचमा ८/१० पटक अगुवाबीच विवाद समाधानका लागि प्रयास भएको थियो । बैठकमा दुवै गाउँका अगुवा, जनप्रतिनिधि, सुरक्षा निकायका प्रमुखलगायतका सहभागिता रहेको थियो ।

घरघरै धारा

पोखरा- १८ सराङकोटमा लिफ्टिङ खानेपानी आयोजनाअन्तर्गत पानी वितरण गरिदै

पोखरा- १८ सराङकोटमा एक घर एक धाराबारे छलफलका सहभागी । *तस्बिर : विना थापा/कान्तिपुर*

कान्तिपुर संवाददाता (कास्की)

पानीका कारण दैनिक समस्या भोगिरहेका बेला लिफ्टिङ खानेपानी आयोजनाअन्तर्गत घरघरै धारा बनेपछि पोखरा-१८ सराङकोट पदेलीकी ७० वर्षीया रमा थापा दंग छिन् । 'घरमा धारा बनिसकेको छ, अब पानी झर्न मात्र बाँकी छ,' उनले भनिन्, 'टोलवासी पानीको पर्खाइमा छौं ।' बूढीमूल खानेपानी लिफ्टिङ आयोजनाअन्तर्गत धारा बनेपछि अब पानीका लागि खर्च हुने समयको बचत भएर अन्य काममा लगाउन पाइने भन्दै उनी खुसी भएकी हुन् । तरकारी खेती गर्न पनि सहज हुने उनको भनाइ छ ।

महानगर भएर पनि पानीको समस्या भएको अवस्थामा घरमा धारा बनाउँदा निकै खुसी र नौलो लागेको स्थानीय विनोद पँगेनीले बताए । सिमताल मुलाबारी सराङकोटका दिलबहादुर जीसीले पानीका कारण रोजगारीसमेत सिर्जना हुने विश्वास लिए । 'धारामा अब मिटर मात्रै जोड्न बाँकी छ,' उनले भने, 'पानी आएपछि तरकारी व्यवसाय गर्न सकिन्छ ।' वडाध्यक्ष रणबहादुर थापाले ३ महिनाभित्र ४ सयभन्दा बढी घरका धारामा पानी आउने बताए । पहिला बजेट अभावले योजना अघि बढ्न नसके पनि प्रदेश सरकार गठनपछि तीनवटा खानेपानीको योजना परेको उनले बताए । थापाका अनुसार स्याउदे खानेपानी योजना सकिएर ९० घर धुरीमा धारा पुगिसेकको छ । तोरीपानी बोरिङ खानेपानी योजना र बूढीमूलसमेत ३ महिनाभित्र सम्पन्न गरी एक घर एक धारा हुने बताए । स्यादे योजनाका लागि गण्डकी प्रदेश सरकारको १ करोडको लागत, तोरीपानीलाई २ करोड परेको छ । त्यसैगरी बूढीमूल खानेपानीका लागि प्रदेशबाट १ करोड ८० लाख रुपैयाँ र पोखरा महानगरको २० लाख विनियोजन गरेको छ । सराङकोटका २५ सय घरलाई दुई वर्षभित्र एक घर एक धारा बनाउने लक्ष्य रहेको थापा बताउँछन् । सराङकोटका पदेली, खड्कथर, सुन्दरपोखरी, सिमताललगायतका स्थानीयको घरका लागि तीन योजना परेको हो ।

छलफलमा सहभागीलाई विकासका लागि स्थानीयको एकता हुनुपर्नेमा प्रदेश सांसद रामजी बरालले आग्रह गरे । बजेटका कारण भइरहेको काम नरोकिनेसमेत बरालले विश्वास व्यक्त गरे । 'दीर्घकालीन रूपमा स्थानीयलाई पानीको व्यवस्थापन गर्न अघि बढेका छौं,' उनले भने, जसका लागि स्थानीय नै एकआपसमा मिलेर जानुपर्छ ।'

अनलाइनमा विवरण राख्दैनन् स्थानीय तह

■ **अगन्धर तिवारी** (पर्वत)

सर्वसाधारणलाई युग सुहाउँदो सेवा दिन र प्रविधिमैत्री सरकार सञ्चालन गर्न स्थानीय तहले अनलाइन वेबपेज (वेबसाइट) बनाएका छन् । स्थानीय तहको गतिविधि, सेवा, जानकारीमूलक सामग्रीलगायतको विवरण वेबसाइटमा राख्ना सूचना प्रविधि अधिकृतको समेत व्यवस्था गरिएको छ । जिल्लाका ७ स्थानीय तहले भने सबै विवरण वेबसाइटमा राखेका छैनन् ।

स्थानीय तहले वेबसाइटको माथिल्लो ब्यानरमा समावेश गरेका मुख्य मेनुमा राख्नुपर्ने विवरण नै राखेका छैनन् । विभिन्न प्रतिवेदन, वित्तीय सुशासन र सूचना तथा जानकारीमूलक विवरण उल्लेख गर्न हिच्किच्याएका छन् । अधिकांश स्थानीय तहले राख्नुपर्ने विवरण समावेश नगरी अनावश्यक विवरण वेबपेजमा राखिएका छन् । कतिपयले स्थानीय तहको निर्वाचनमा भएका गतिविधिलाई हालसम्म मुख्य विषयवस्तु वेबसाइटमा राखेर जनप्रतिनिधिको व्यक्तिगत प्रचार गरेको देखिन्छ । निरन्तर नयाँनयाँ विषय समावेश हुनुपर्ने स्थानीय तहका वेबसाइटमा महिनौं पुराना तस्बिर र जानकारीलाई मुख्य समाचार तथा व्यानरमा राखिएका छन् ।

सूचना प्रविधिमा जानकार र युवावर्गले आफ्नो स्थानीय तहबाट हुने गतिविधि तथा विभिन्न सेवा अनलाइनबाटै हुनुपर्ने बताउँछन् । गाउँगाउँमा इन्टरनेटको पहुँच सहज भएका बेला व्यक्तिगत घटना दर्ता, स्थानीय तहका मासिक, चौमासिक तथा वार्षिक प्रगति विवरण, खर्च तथा आम्दानीका विवरण अनलाइनमा नियमित अद्यावधिक हुनुपर्ने बताउँछन् । तर, स्थानीय तहले मुख्य विवरण नै लुकाउने वा अस्पस्ट रूपमा समावेश गर्दै आएका छन् । 'गाउँका नागरिकले सूचनाको हक पाउने वेबसाइट मार्फत नै हो,' फलेबास-१ का याम परियार भन्छन्, 'वेबसाइटमा विवरण नराख्नु सीधै जनतालाई ठगेको हो । पालिकाको केन्द्रमा सबैको पहुँच हुँदैन । स्थानीय सरकार कसरी चलिरहेको छ भन्ने कुरा नागरिकले थाहा पाउनुपर्छ ।'

स्थानीय तहका वेबपेजका मुख्य मेनुअन्तर्गत गृहपृष्ठ, परिचय, कर्मचारी, कार्यक्रम तथा परियोजना, प्रतिवेदन, विद्युतीय शुसासन सेवा, सूचना तथा जानकारी, विषयगत शाखा, ऐन, नियम, स्थानीय राजपत्रलगायत समावेश छन् । मुख्य मेनुअन्तर्गत विभिन्न सहायक मेनु समावेश गरिएका छन् । तर, कुनै पनि स्थानीय तहले मुख्य र सहायक मेनुमा समावेश शीर्षकबमोजिमका सबै जानकारी समावेश गरेका छैनन् । स्थानीय तहले गरेका कार्यसम्पादन र नियमित गतिविधि वेबसाइटमा नियमित अपडेट हुनुपर्नेमा कतिपय स्थानीय तहको वेबसाइटमा अढाई वर्षअघि निर्वाचित जनप्रतिनिधिको विवरण र सम्बन्धित स्थानीय तहको सामान्य विवरणसमेत समावेश छैन ।

फलेबास नगरपालिकाको वेबसाइटमा गत असार ९ गतेको नगरसभा कार्यक्रमको फोटोलाई अझै ब्यानर बनाइएको छ । मंगलबार दिउसोसम्म फलेबासको वेबसाइटमा अढाई वर्षअघि भएको निर्वाचनबाट निर्वाचित वडाध्यक्ष, तथा वडासदस्यहरूको विवरण समावेश गरिएको छैन । फलेबासले वडागत प्रोफाइल विवरण, सामाजिक सुरक्षा, मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदनलगायतका विवरण समावेश गरेको छैन भने आर्थिक वर्ष ०७४/०७५ कै बजेट तथा कार्यक्रम राखिरहेको छ । ३२ ऐन कानुन बनाएको नगरपालिकाले वेबसाइटमा सबै कानुन समावेश गरेको छैन ।

विहादी गाउँपालिकाले पनि गत असार १० गतेको गाउँसभाको ब्यानर फोटो बनाएर राखेको छ । वडा कार्यालयबारे विवरण नै समावेश छैन । स्थानीय सरकार सञ्चालन निर्देशिकाबमोजिम ऐन कानुन साइटमा समावेश गरेको छैन । मेनुमा भएका मासिक, चौमासिक, तथा वार्षिक प्रतिवेदन, सामाजिक सुरक्षालगायतका विषयलाई विहादीले ओझेल पारेको छ । जलजला गाउँपालिकामा जनप्रतिनिधिकै विवरण उल्लेख छैन । विद्युतीय सुशासन सेवा, नियमित प्रगति प्रतिवेदन पनि समावेश गरेको छैन । वेबसाइटमा हुनुपर्ने न्यूनतम जानकारी समेत जलजलाको वेबसाइटमा समावेश छैन ।

पैयुँ गाउँपालिकाले मासिक घटना दर्ताको विवरण नियमित अद्यावधिक गरेको छैन । गाउँपालिकाको बजेट तथा कार्यक्रम अघिल्लो वर्षकै समावेश छ । पैयुँले पनि सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षणबारे उल्लेख गरेको छैन । हरेक वर्ष नमुना काम गर्दै चर्चामा आउने महाशिला गाउँपालिका प्रविधिमार्फत हुने सूचना प्रवाहमा भने निकै पछाडि छ । गाउँपालिकाले न्यूनतम रूपमा सार्वजनिक गर्नैपर्ने विवरणहरूसमेत समावेश नगरेको गुनासो स्थानीयको छ । 'सामान्य विवरण पनि वेबसाइटमा भेटिदैन,' स्थानीय बलबहादुर ठकुरीले भने, 'गाउँमा बस्नेले पालिकामै पुगेर जानकारी लेलान् । बाहिर हुनेले बुझ्ने वेबसाइटबाटै हो । विवरण लुकाएपछि कसरी जान्नु ।' महाशिलाले नागरिक बडापत्र र प्रगति विवरण दुरुस्त राखेको छैन । मासिक, चौमासिक, वार्षिक, लेखापरीक्षण, अनुगमनलगायतका प्रतिवेदनसमेत समावेश छैनन् ।

सबै स्थानीय तहमा गत २ वर्षदेखि सूचना तथा सञ्चार प्रविधि अधिकृत नियुक्त गरिएको छ । प्राविधिकस्तरको अधिकृत दर्जाका कर्मचारीको मुख्य काम स्थानीय तहका विवरणलाई अनलाइनमा अद्यावधिक गर्नु हो । तर, सुचना प्रविधि अधिकृत नै आफ्नो जिम्मेवारीको कामप्रति बेवास्ता गरेको पाइएको छ । 'सबै विषय समावेश गर्न समस्या छ,' फलेबासका सूचना तथा सञ्चार प्रविधि अधिकृत कमल गौतम भन्छन्, 'कतिपय सफ्टवयर बन्ने क्रममा छन् । कतिपय नभ्याएर अपडेट गरिएको छैन ।'

कुश्मा नगरपालिकाका सूचना तथा सञ्चार प्रविधि अधिकृत राजीव रिमालले सबै नागरिकसम्म वेबसाइटको पहुँच नपुग्ने भएकाले अपडेट गरिहाल्न आवश्यक नभएको ठान्छन् ।

मुख्य विवरण लुकाउने वा अस्पष्ट रूपमा समावेश गरिएका हुन्छन्

'सबै पब्लिकले अनलाइनको एक्सेस पाउदैनन्,' उनले भने, 'आम नागरिकले सहज पहुँच नहुने भएकाले नियमित अपडेट नगरिएको हो ।'

सार्वजनिक सुनुवाइमा आनाकानी

विगत केही वर्षयता आम नागरिकको सबैभन्दा बढी चासोको विषय सार्वजनिक सुनुवाइ बन्ने गरेको छ । सर्वसाधारणले आफ्नो टोल र समग्र स्थानीय तहमा भएको बजेट विनियोजन, कार्यक्रम, प्रगति, विकासको गुणस्तरलगायतबारे खुलेर प्रश्न राख्ने मञ्च हो सार्वजनिक सुनुवाइ । त्यहाँ उठेको विषयवस्तुलाई लिपिबद्ध गरी वेबसाइटमा समावेश गर्न स्थानीय तहले छुट्टै मेनु बनाएका छन् । तर, कुनै स्थानीय तहले पनि सार्वजनिक सुनुवाइमा उठेका विषय समावेश गर्दैनन् । 'हरेक चार महिनामा प्रगति विवरणसहित सार्वजनिक सुनुवाइ गर्नुपर्छ,' फलेबासका नन्दलाल शर्माले भने, 'नगरपालिकाले कहिल्यै सार्वजनिक सुनुवाइ गरेको जानकारी छैन । वेबसाइटमा सार्वजनिक सुनुवाइको विवरण उल्लेख गर्दा जनता आउँछन् भनेर लुकाइएको छ ।'

केहीमा सकारात्मक सुरुआत

कुश्मा नगरपालिका र मोदी गाउँपालिकाले वेबसाइटमा सकारात्मक सुरुआत पनि गरेका छन् । व्यक्तिगत घटना दर्ता, मोबाइल एप, व्यक्तिगत विवरण, गाउँ/नगरको चिनारी, जनप्रतिनिधिलगायतका विवरण वेबसाइटमा सहज छ । मोदीले विद्युतीय सुशासन, नागरिक बडापत्र, सामाजिक सुरक्षा, नमुना फारामबारे जानकारीमा कञ्जुस्याइँ गरेको भए पनि अत्यावश्यक विवरण समावेश गरेको छ । दैनिकजसो हुने कार्यक्रमबारे जानकारी, सूचना, विवरणलगायतका विषय मोदीको वेबपेजमा नियमित अपडेट भइरहेको छ । मोदीका सूचना तथा सञ्चार प्रविधि अधिकृत दीपक शर्माले जानकारीमा आएसम्मका सबै सूचना वेबपेजमार्फत सार्वजनिक गरिएको बताए ।



तपाईको आज

मेष	भाग्य वृद्धि	तुला	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पुण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रशन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानि	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पूर्ण

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक ६ गते बुधबार तदनुरुप २३ अक्टोबर २०१९ कार्तिक कृष्णपक्ष दशमी तिथि रात्रिको ९:१४ बजेसम्म उप्रान्त एकादशी तिथी, अश्लेषा नक्षत्र दिनको १२:२३ बजेसम्म उप्रान्त मघा नक्षत्र, शुभ योग दिनको ०३:१३ बजेसम्म उप्रान्त शुक्ल योग, वणिज करण प्रातः १०:२० बजेसम्म उप्रान्त भद्रा करण, कर्कट राशिमा चन्द्रमा दिनको १२:२३ बजेसम्म उप्रान्त सिंह राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्यूज
९:००	फायरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमनसँग (रिपिट)
११:००	कान्तिपुर न्यूज
११:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	नेपाल स्पेल बी (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	चू ण्ड आई (रिपिट)
३:००	फायरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	मनी टक्स (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	सरोकार
९:००	मनी टक्स (रिपिट)
९:३०	कान्तिपुर न्यूज
१०:००	कल कान्तिपुर रिपिटेड
१:००	कान्तिपुर न्युज रिपिटेड
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कानुनी बत्स र परामर्श (कमला)
०८:००	हेल्थलमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडनार्मिङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (धलिसा)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	मनका कुरा
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज गिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:५५	नेपालय (रश्मिला)
१६:००	हेल्थ एन्ड इगुकेसन डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	ओल्डी गोल्डी (रुमीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (अुपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरु (दृष्टि अर्चाल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०४:००	भजनहरु लगातार

अस्पताल र विविध

पोखराका महत्वपूर्ण नम्बरहरु

रक्त सञ्चार सेवा केन्द्र/धवुलेन्स रेडक्रस	०६१-५२१०२१
कास्की रेडक्रस	०६१-५२०३६०
दमकल सेवा	०६१-५२०२२०
शव बाहन सेवा (सिद्धार्थ क्लब)	०६१-५३०२००
परिचमाञ्चल क्षेत्रीय अस्पताल	०६१-५२०८६६/६०
मनिपाल शिक्षण अस्पताल	०६१-५२६१९६/१०/१८
गण्डकी मेडिकल कलेज	०६१-५४०२५३
हिमालय औंसी अस्पताल	०६१-६६१५६८
पोखरा विश्वविद्यालय, लेखनाथ	०६१-५६१०८६/५६१५१६
क्षेत्रीय प्रशासन कार्यालय	टोल फ्रि १११११/०६१-६६१८१९
क्षेत्रीय प्रहरी कार्यालय	०६१-६२५००/९८५६०२८३३३
जिल्ला प्रहरी कार्यालय	०६१-५२००३३/९८५६०३५५२२
जिल्ला ट्राफिक प्रहरी	१०३/०६१-५२०४१२
सशस्त्र प्रहरी बल (कालिका गण)	०६१-५४१०८८/९८५५२७२०४७

बागलुङ

धौलागिरि अञ्चल अस्पताल	०६८ ५२०१८८/५२०२८८
रक्तसञ्चार केन्द्र	०६८ ५२०२७३
कालिका भगवती गुठी धवुलेन्स	९८४६२५७६५००
गोरखा अस्पताल	०६४ ४२०२०८
स्याङ्जा जिल्ला अस्पताल	०६३ ४२०२३९
स्याङ्जा रेडक्रस धवुलेन्स	०६३ ४२०११४
पर्वत जिल्ला अस्पताल	०६७ ४२०११२/४२०१४६
पर्वत रेडक्रस धवुलेन्स	०६७ ४२०१६२
पर्वत प्रहरी/वारुणयन्त्र	०६७ ४२०१००/४२०१९२
लमजुङ जिल्ला अस्पताल	०६६ ५२०१२५/५२०५५७
लमजुङ सामुदायिक अस्पताल	०६६ ५२०१८३
म्याग्दी जिल्ला अस्पताल	०६२ ५२०१०८
दमौली अस्पताल	०६५ ५६०२०३
नवलपरासी जिल्ला अस्पताल	०७८ ५२०५०३
स्याङ्जा बारुणयन्त्र	०६३ ४२०८०२
जिल्ला प्रहरी बागलुङ	०६८ ५२०१९२ र ५२०२९२
जिल्ला प्रहरी गोरखा	०६४ ४२०२३७
जिल्ला प्रहरी लमजुङ	०६६ ५२०१९८ र ५२०१९२
जिल्ला प्रहरी मनाङ	०६६ ४४०१९२
जिल्ला प्रहरी मुस्ताङ	०६२ ४४०१९६ र ४४०२०८
जिल्ला प्रहरी म्याग्दी	०६२ ५२०१९२ र ५२०२९२
जिल्ला प्रहरी पर्वत	०६७ ४२०१९२
जिल्ला प्रहरी स्याङ्जा	०६३ ४२०१००/४२०१९२/४२०२८
जिल्ला प्रहरी तनहुँ	०६५ ५६०१९२
इपका आँबुखैरेनी	०६५ ५४०२९२
जिल्ला प्रहरी नवलपरासी	०७८ ५४०१००
लुम्बिनी अञ

नेपाल-भारतका कोच युवा सम्मेलन

'समुदायको विकासमा रणनीतिक योजना आवश्यक'

कान्तिपुर संवाददाता (बिर्तामोड)

नेपाल र भारतमा बसोबास गर्ने कोच समुदायको विकासका लागि रणनीतिक योजना आवश्यक रहेको दुवै देशका युवाहरूले निष्कर्ष निकालेका छन्। झापाको बिर्तामोडमा कार्तिक २-३ गते भएको 'अन्तर्राष्ट्रिय कोच सांस्कृतिक युवा सम्मेलन' का सहभागीले कुनै एउटा विषयको विकासले मात्र समग्र समुदायको उत्थान नहुने ठहर गरेका छन्।

उनीहरूले दुवै देशमा कोच समुदायको समस्या समान भएकाले समुदायको विकास र उत्थानका लागि मिलेर अघि बढ्नुको विकल्प नरहेको समेत निष्कर्ष निकालेका छन्। आआफ्नो राज्य प्रशासनमा कोच समुदायको सांस्कृतिक, आर्थिक, सामाजिक, शैक्षिकलगायत समस्याबारे अवगत गराउनु अहिलेको आवश्यकता भएको सम्मेलनको ठहर छ।

पूर्वी नेपालमा बसोबास गर्ने राजवंशी, ताजपुरिया, गनगाई, माझी, सन्थाललगायत जातजाति कोच समुदायअन्तर्गत पर्दछन्। यो समुदायको बसोबास झापा, मोरङ र सुनसरीमा ठूलो संख्यामा छ। भारतको पश्चिम बंगाल, बिहार, असामलगायतका राज्यमा कोच समुदायको बसोबास रहेको पाइन्छ। सम्मेलनमा मेची क्याम्पस भद्रपुरकी प्राध्यापक निता राजवंशीले कोच समुदायको अवस्थाबारे धारणा राखेकी थिइन्। कोच नायिका विनोता बर्मनले युवा एकता नै विकासको पहिलो खुट्किलो भएको बताइन्।

कोच राजवंशी गाभुर संघ उत्तर दिनाजपुर पश्चिम बंगालका महासचिव मोहनलाल सिंहले कोच समुदाय राज्यको बेवास्तामा परेको गुनासो गरे। 'एउटा इतिहास बोकेको समुदायको संरक्षण गर्ने जिम्मेवारी राज्यको हो। तर, दुवै देशले त्यसो गरेनन' उनले भने, 'यहाँबाट पाठ सिकेर हामीले आफ्नो समुदायका लागि केही गर्नुको विकल्प छैन।'

'कोच समुदाय सबै हिसाबले राज्य संयन्त्रबाट टाढिएको अवस्थामा छ। आफ्नै भाषा, कला, साहित्य, संस्कृतिले पूर्ण यो समुदायको विकास र जगेर्ना गर्नु राज्यको पनि दायित्व हो। त्यसैले राज्यको ध्यानाकर्षणका लागि नेपाल-भारतका कोच युवाहरू एकठ्ठा भएका हौं,' कोचिला गाभुर फ्रन्ट नेपालका अध्यक्ष अभय राजवंशीले भने। राष्ट्र अलग भए पनि रहनसहन, संस्कार संस्कृति र सामाजिक समस्याहरू दुवै देशका कोच समुदायको एकै भएको उनले बताए। उनले विगतमा समुदायका अगुवाहरूले गर्न छुटाएको पहल र नेतृत्व भावी दिनमा संयुक्त रूपमा गर्नका लागि कोच युवा सम्मेलन लाभदायी भएको दाबी गरे।

सम्मेलन कोचिला गाभुर फ्रन्ट नेपालले आयोजना गरेको थियो। सम्मेलनमा नर्थ बंगाल इण्डिक कल्चरल वेलफेयर, कोच राजवंशी गाभुर संघ उत्तर दिनाजपुर पश्चिम बंगाल, इबोङ आमार एन्जेओ भारत, राजवंशी विकास समिति बिहार, सिलिउड सिने क्रिएसन भारत, अनुरोध फाउन्डेसन मोरङ र कोचिला गाभुर फ्रन्टका झापा र मोरङका विभिन्न गाउँ/नगर समितिका गरी १५ वटा संस्थाका २ सय ५० बढी युवाको सहभागिता थियो।

प्राथमिक तहमा विद्यार्थी घट्दै

विद्यार्थी नभएपै अधिकांश प्रावि बन्द हुने अवस्थामा छन् । कति त मर्ज भइसके । सामुदायिकमा प्रविधिमैत्री पठनपाठन, बहुभाषा शिक्षण र शिक्षक नहुँदा अभिभावक आफ्ना बालबच्चालाई संस्थागत विद्यालयमा भर्ना गरिरहेका छन् ।

विप्लव महर्जन (सल्यान)

सल्यानको कालीमाटी-१ स्थित कालिका प्राथमिक विद्यालयको कक्षाकोठामा विद्यार्थी । विद्यालयमा ५ जना विद्यार्थी मात्र छन् ।

तस्बिर : विप्लव/कान्तिपुर

शारदा नगरपालिका-५, तल्लोमार्केस्थित जनकल्याण प्राविमा तीन शिक्षक र एक बालविकास सहयोगी छन्। विद्यार्थी संख्या भने ११ मात्र छ। कालीमाटी गाउँपालिका-१, हिङबेरेस्थित प्राविको हालत पनि उस्तै छ। ३ कक्षासम्म सञ्चालित विद्यालयमा जम्मा पाँच विद्यार्थी छन्।

सरकारले सामुदायिक विद्यालयको गुणस्तर वृद्धिमा ध्यान नदिँदा विद्यार्थी संख्या बर्सेनि घटिरहेको छ। प्रायजसो अभिभावकले बालबालिकालाई आधारभूत तह निजी विद्यालयमै पढाउँछन्। माध्यमिक तहमा पुगेपछि भने केहीले सामुदायिकमै ल्याउँछन्। प्रविधिमैत्री पठनपाठन, बहुभाषा शिक्षण र शिक्षक नहुनु, परम्परागत शैलीको पढाइजस्ता कारणले प्राथमिक तहमा विद्यार्थी घटिरहेको शिक्षासेवी डिल्लीबहादुर भण्डारी बताउँछन्। उनका अनुसार विद्यार्थी नभएपै अधिकांश विद्यालय बन्द हुने अवस्थामा छन्।

बागचौर नगरपालिका-२, चिल्ढालेको भानुभक्त आधारभूत विद्यालयमा बालशिक्षाका सहित १८ विद्यार्थी छन्। एक शिक्षक र बालविकास सहयोगीको दरबन्दी रहेको विद्यालयमा विद्यार्थी घटेको भन्दै नगरपालिकाले शिक्षक सरुवा गरेको छ। विद्यालयलाई शिशु कक्षामा सीमित गर्ने नगरपालिकाको योजना छ।

स्थानीय सरकारले सामुदायिक विद्यालयको विकास र निगरानी गर्न नसकेको शिक्षासेवी भण्डारीको आरोप छ। जिल्लाका ५ सय ४ सामुदायिक विद्यालयमध्ये ७१ माध्यमिक, ८७ आधारभूत र २ सय ८७ प्राथमिक तहका छन्। जिल्लाभर संस्थागत विद्यालयको संख्या ४९ छ। सामुदायिकमा विद्यार्थी संख्या घट्दै गए पनि संस्थागत विद्यालय मौलाउँदै गएको उनले बताए।

जिल्लामा सामुदायिकका प्राथमिक तहमा ०७४ मा ३९ हजार ७ सय ८७ विद्यार्थी थिए। ०७५ मा घटेर ३२ हजार ९ सय १२ र चालु शैक्षिक सत्रमा ३० हजार ५ सय ९३ पुगेको छ। विद्यार्थी घटेका कारण यहाँका एक दर्जन विद्यालय मर्ज गरिएका छन्। तीन दर्जन विद्यालयको तह घटाइएको छ। करिब दर्जन विद्यालय बन्द गरिएको शिक्षा विकास तथा समन्वय एकाइले जनाएको छ।

सदरमुकामस्थित शारदा नगरपालिकामा ०७४ मा ३ हजार ९ सय ५ र २०७५ मा ३ हजार ७ सय १५ विद्यार्थी प्राविमा अध्ययनरत थिए। यस वर्ष ३ हजार ५ सय ४१ विद्यार्थी रहेको नगरले जनाएको छ। जिल्लाका १० स्थानीय तहमध्ये सबैभन्दा बढी शारदा नगरपालिकामा ५ हजार २ सय ५ र सबैभन्दा कम त्रिवेणी गाउँपालिकामा १ हजार ५ सय ५२ विद्यार्थी प्रावि तहमा छन्। सामुदायिकमा राजनीतिक चलखेल बढी हुँदा अहिलेसम्म दरबन्दी वितरण र समायोजन हुन सकेको छैन। शिक्षक राजनीति र अन्य काममा व्यस्त हुँदा पनि सामुदायिक विद्यालयको स्तर उक्सिन नसकेको स्थानीय अगुवा पूर्ण केसीको बुझाइ छ।

शारदा नगरपालिका-१०, मधनास्थित कालिका प्राविका प्रधानाध्यापक दीपक थापा विद्यार्थी नहुँदा बन्द भएको विद्यालय नगरपालिकाको सहयोगपछि पुनः सञ्चालनमा ल्याइएको बताउँछन्। कक्षा १ देखि ३ सम्म सञ्चालित विद्यालयमा २८ जना मात्र विद्यार्थी छन्।

स्थानीय तहले अस्थायी शिक्षक भर्ना गरे पनि अन्य व्यवस्थापनमा ध्यान नदिँदा आधारभूत तहको पढाइ कमजोर बन्दै गएको कालीमाटी गाउँपालिकाको काल्वेडाँडास्थित नेपाल राष्ट्रिय प्राविकी प्रधानाध्यापक लीला थापाले बताइन्। उनले शैक्षिक सामग्री र शिक्षक अभावमा प्राथमिक तहको पठनपाठन गुणस्तरीय बन्न नसकेको जनाइन्। ७ वर्षअघि करिब एक सय विद्यार्थी रहेको उनको विद्यालयमा यस वर्ष ४५ जना मात्र छन्। 'शिक्षक म एक्लै छु, बालबालिकालाई खेलाउने र पढाउने शैक्षिक सामग्री छैनन्,' उनले भनिन्, 'सबै कक्षामा नेपाली माध्यमबाट पठनपाठन भइरहेको छ।'

त्रिवेणी गाउँपालिकाका शिक्षा शाखा प्रमुख दलबहादुर रानाले आर्थिक अवस्था राम्रो भएका अभिभावकले बालबालिकालाई निजीमा पढाउने गरेका कारण सामुदायिक विद्यालय सुधार्न मुस्किल परिरहेको बताए। 'अधिकांश विद्यालयमा विद्यार्थी संख्या कम छ, जसकारण सरकारी अनुदान घट्दा शैक्षिक विकासमा पनि असर परिरहेको हो,' उनले भने, 'विद्यार्थी संख्याका आधारमा अनुदान वितरण गरिरहेका छौं, केही विद्यालयमा गुणस्तर बढिरहेको छ।'

शिक्षामा गरिएको लगानीका आधारमा तीन-चार वर्षपछि मात्र प्रभाव देखिने दार्मा गाउँपालिकाका शिक्षा शाखाप्रमुख रोम पाण्डे बताउँछन्। उनका अनुसार गाउँपालिकाले शिक्षा क्षेत्रमा योजना बनाई लगानी गरिरहेको छ। कालीमाटी गाउँपालिका अध्यक्ष दानबहादुर खत्रीले गुणस्तर बढाउन पूर्वाधार निर्माण, स्थानीय पाठ्यक्रम, डिजिटल हाजिरी, शैक्षिक सामग्रीमा लगानी बढाइएको बताए। शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख लालबहादुर घर्तीले संघीयतालले शिक्षामा ठूलो असर पारिरहेको बताए। 'यसअघि एकीकृत रूपमा जिल्लाभरि शैक्षिक विकासमा रकम विनियोजन हुन्थ्यो,' उनले भने, 'तर स्थानीय सरकारमार्फत आवश्यकताभन्दा पहुँचका आधारमा बजेट विनियोजन हुँदा दुरुपयोग बढिरहेको छ।'

एकाइका अनुसार जिल्लामा दरबन्दी अभावको समस्या कायमै छ। प्राथमिक तहमा १ हजार २ सय २० शिक्षक कार्यरत रहेको एकाइले जनाएको छ। त्यसमध्ये ५ सय ६२ स्थायी, ३ सय ५६ राहत र ३ सय २ अस्थायी शिक्षक छन्।

मूल्य सूची राख्न अटेरी

कान्तिपुर संवाददाता (विराटनगर)

वाणिज्य कार्यालयले विराटनगरका थानका कपडा पसलमा मूल्य सूची राख्न दिएको निर्देशन व्यवसायीले अटेर गरेका छन्। कार्यालयले विभिन्न नौ वटा कपडाका ठूला पसल सञ्चालकलाई मूल्य सूची राख्न तीन साताअघि निर्देशन दिएको थियो।

अनुगमनका क्रममा यहाँको रोनक इम्पोरियम पसलमा कपडाको मूल्य तलमाथि गरी उपभोक्ता ठगेको पाइएपछि वाणिज्य कार्यालयले अनिवार्य रूपमा मूल्य सूची राख्न निर्देशन दिएको थियो।

कार्यालयले रोनक इम्पोरियमसहित अम्बिका वस्त्रालय, दिनेश इम्पोरियम, जगदम्बा वस्त्रालय, वंशल इम्पोरियम, अम्बिका इम्पोरियम, नरायण स्टोर, कोसी वस्त्रालय र कावरा इम्पोरियमलाई तीन दिनभित्र मूल्य सूची राख्न निर्देशन दिएको वाणिज्य कार्यालयका निमित्त प्रमुख हिमाल बरालले बताए।

रेडिमेड कपडा र अन्य उपभोग्य वस्तुको मूल्य देखिन्छ। तर थानको कपडाको मूल्य देखिँदैन। यस्तोमा उपभोक्ता सक्कली र नक्कली सामानमा र मूल्यमा ठगिने गरेका छन्। बरालले भने, 'उपभोक्ता संरक्षण ऐनले हरेक वस्तुको मूल्य सूची राख्ने व्यवस्था गरेको छ। त्यसैका आधारमा कपडाका थानको कारोबार गर्ने पसललाई पनि मूल्य सूची राख्न निर्देशन गरिएको हो।' निर्देशनमा कपडाको खरिद र बिक्री मूल्य पनि राख्न भनिएको छ।

ऐनले व्यवस्था गरेकाले कपडा व्यवसायीले मूल्य सूची राख्ने पर्ने बरालको भनाइ छ। मोरङ व्यापार संघ र विराट व्यापार संघलाई पनि आफ्ना सदस्य व्यवसायीहरूलाई मूल्य सूची राख्न दबाब दिन आग्रह गरिएको उल्लेख गर्दै बरालले भने, 'अटेर गरे उपभोक्ता संरक्षण ऐनअन्तर्गत कारबाही हुन्छ।'

वाणिज्य कार्यालयले थान कपडाको मूल्य सूची राख्न दिएको निर्देशन पहिलो हो। विराटनगरबाहेक अन्य कुनै पनि सहरमा यस्तो निर्देशन नभएको बरालको भनाइ छ।

पोखराका 'वैज्ञानिक बा'

पोखराको पर्स्याङमा रहेको विज्ञान प्रयोगशालामा ८५ वर्षीय दीनबन्धु कोइराला ।

तस्बिर : दीपक/कान्तिपुर

दीपक परियार (पोखरा)

फराकिलो बाटोको छेवैमा पर्खालले घेरिएको सानो घरलाई बगैंचाले चिटिक्क पारिएको छ। दुईकोठे घरमा एक्लै बस्छन् ८५ वर्षीय वृद्ध दीनबन्धु कोइराला। गेटबाट छिर्नेबित्तिकै दाहिनेपट्टि टिनको टहरो छ। टहरोमा सिंगो सौर्य प्रणाली अटाइएको छ। ३० वर्षे सरकारी जागिर टुंग्याएका कोइराला अचेल समाजोपयोगी नौला कुरा खोजी गर्छन्।

पोखरा-५ पर्स्याङका स्थानीयले उनलाई बोलाउने नाम हो, 'वैज्ञानिक बा'। खेर गएका सामग्रीको प्रयोगबाट विभिन्न सामान बनाउँदा उनको घर एउटा प्रयोगशालाजस्तै छ। त्यहाँ छन् दृष्टिविहीनलाई उपयोगी सामग्री। दृष्टिविहीनले छामेर बुझ्न सक्ने सौर्य प्रणाली, तारामण्डल, विश्वको नक्सा र लेख्न मिल्ने सजिलो बोर्डलगायत गणितीय सामग्री उनका प्रयोगशालामा छन्। यी सबै उनी आफैंले बनाएका हुन्।

प्लाइउड, काठको धूलो, धागो, काठका टुक्रा, काँटी, कागज, फलाम र टिनलगायत सामान प्रयोग गरेर उनी दृष्टिविहीनका लागि शिक्षण सामग्री तयार पार्छन्। बनाएका सामान विभिन्न विद्यालयलाई दिन्छन्। विद्यार्थी ती सामान अवलोकन गर्न उनको घरैमा आइपुग्छन्।

सूर्यबाट विभिन्न ग्रह कति टाढा छन् भन्ने थाहा पाउन दृष्टिविहीनलाई सहयोगी हाते उपकरण पनि उनी आफैंले बनाए। ग्रहहरू सूर्यका वरिपरि अनुपातिक रूपमा घुमेको प्रक्रिया छामेर बुझ्ने गरी तयार पारिएको सामग्रीमा उनी घोत्लिन्छन् र भन्छन्, 'दृष्टिविहीनले यसलाई उपयोग गर्न सके शिक्षण प्रक्रिया सजिलो हुन्छ।' पृथ्वी आफ्नो कक्षमा घुम्दा कसरी उत्तरायण र दक्षिणायणको स्थिति पर्न आउँछ भन्ने बुझाउन तयार पारिएको बोर्ड, काठ र बाँसको टुक्राबाट बनाइएको अंग्रेजी लिपिका अंक, अक्षर टाँसिएको बोर्ड, छामेर हरफ सिधा लेख्न सकिने गरी बनाइएको बोर्डलगायत सामग्री उनले पोखराकै अमरसिंह नमुना माविलाई हस्तान्तरण गरेका छन्। अमरसिंहमा दृष्टिविहीन विद्यार्थीलाई उनले दुई वर्ष पढाए पनि।

पोखराका रैथाने उनले ०१७ मै एसएलसी उत्तीर्ण गरेका हुन्। तत्कालीन सोल्जर्स बोर्ड भोकेसनल हाइस्कुल (हालको अमरसिंह) बाट एसएलसी उत्तीर्ण गर्दा उनी २४ वर्षका थिए। घरैमा बुबासँग पढेकाले विद्यालय भर्ना हुन ढिला भएको उनी सुनाउँछन्। मेथ्लाङको भीरमा बाबियो काट्न जाँदा नाम्लो बिर्सिए बाबियोकै नाम्लो बनाएर घाँसको भारी बोकेर उनी फर्कन्थे। डोको, स्याँखु, घुम आफैं बनाउँथे।

एसएलसीपछि भूमि सुधारमा १० वर्ष जागिर खाए। लोक सेवा उत्तीर्ण गरी खाद्य संस्थानमा १८ वर्ष काम गरे। नायब सुब्बामा अवकाश लिए। ०४४/४५ सालतिर उनी स्याङ्जाबाट पोखरा फर्किँदै थिए। बसमा दृष्टिविहीन युवा उनीसँगैको सिटमा बसे। ती युवा बाटोमा गुड्ने बसको आवाज सुनेपछि कसैले एकपटक भनिदिएको नम्बर ठ्याक्कै मिलाउँथे। एकपल्ट चढेको बसको आवाज र सुनेको नम्बर उनलाई सम्झना हुन्थ्यो। अचम्मको खुबी देखेर चकित दीनबन्धुले उनलाई देख्ने भएको भए झनै तेजिलो हुन सक्ने प्रतिक्रिया दिए। ती युवकले भने, 'म मेरो अवस्थामा ठीक छु। आँखा देख्ने भएको भए झन् चोर, गुन्डा पो हुन्थें कि !'

दृष्टिविहीन युवकको वाक्यले दीनबन्धुको मन छोयो। उनी जस्तैका लागि केही गर्ने अठोट मनमनै लिए। पोखरा फर्किएर उनले उपयोगी सामग्री बनाउन लागे। उपकरण लगेर अमरसिंहमा दृष्टिविहीन विद्यार्थीलाई पढाउन उपयोग गरिहेरे। जागिरबाट ०५२ मा विश्राम लिएपछि उनको सक्रियता यसैमा झन बढ्यो। दृष्टिविहीनलाई मात्र नभई अरूलाई पनि उपयोगी हुने सामग्री बनाउन थाले। सामान उठाउने क्रेनको नमुना बनाए। इनारमा खसेको सामान निकाल्ने प्रविधि बनाए। काँक्रो चोरी हुनबाट बचाउने उपकरण बनाए। एक ठाउँमा अचेट्दा ५ वटा ढिकी र ४ वटै जाँतो चल्ने प्रविधि बनाए। 'म विज्ञान प्रदर्शनीहरूमा गएर हेर्थें,' उनले भने, 'त्योभन्दा राम्रो बनाउँछु भन्ने अठोट लिन्थें।'

उनले बनाएका उपकरण कामसँग पनि जोडिन्छन्। दृष्टिविहीनले काम गर्न मिल्ने साधन भए सडकमा बस्नुपर्ने अवस्था नआउने उनी बताउँछन्। सडकमा गीत गाइरहेका दृष्टिविहीन देखेपछि उनले किला ठोक्दा हातमा नलाग्ने प्रविधिको हयाम्मर बनाए। दृष्टिविहीनले सियोमा धागो उन्न मिल्ने मेसिन बनाए।





सन्दीप हन्ड्रेड बलमा
१ करोड ४७ लाखमा अनुबन्ध । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

महिला क्रिकेट लिग
शतकीय साझेदारी । १५

वर्ष २७ अंक २४२ बुटवल | ५ कात्तिक २०७६ मंगलबार कार्तिक कृष्णपक्ष नवमी | नेपाल संवत् ११३९ | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, October 22, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

चर्चित चिनियाँ अभिनेत्री एवं नेपाल भ्रमण वर्ष २०२० का लागि सद्भावनादूत स्वी छिङ सोमबार अन्नपूर्ण आधार शिविरमा । नेपाल भ्रमण क्रममा पोखरामा रहँदा स्वीले प्याराग्लाइडिङ र फेवातालमा नौकाविहार गरिन् । उनले अन्य चिनियाँ कलाकारसहित फेरि नेपाल भ्रमण गर्ने बताएकी छन् । समाचार पृष्ठ ९ ।

तस्विर सौजन्य : हिमालय फ्रन्टियर्स प्यारागलाइडिङ

कुमार पौडेलबारे आयोगको निष्कर्ष

पक्रेर गोली प्रहार

- हत्यामा संलग्न प्रहरीलाई कारबाही र आदेश दिने अधिकारीमाथि छानबिनको निर्देशन
- चन्द समूहलाई वार्तामा ल्याई उसका गैरकानुनी गतिविधि नियन्त्रण गर्न सुझाव

■ **बलराम बानियाँ** (काठमाडौं)

मानव अधिकार आयोगले नेत्रविक्रम चन्द समूहका सर्लाही इन्चार्ज कुमार पौडेललाई प्रहरीले नियन्त्रणमा लिएर गोली हानी हत्या गरेको निष्कर्ष निकाल्दै संलग्नलाई कारबाही सिफारिस गरेको छ । आयोगले आदेश दिने उच्च प्रहरी अधिकारीमाथि पनि छानबिन गरी कारबाही गर्न सरकारलाई निर्देशन दिएको छ ।

प्रहरीको दाबीजस्तो दोहोरो भिडन्त वा आत्मरक्षाको स्थिति पुष्टि नभएको र घटनाको प्रकृति तथा संकलित प्रमाणसमेतबाट नियन्त्रणमा लिएर मारेको देखिएको आयोगले जनाएको छ । प्रहरीले पौडेललाई नियन्त्रणमा लिएपछि ९ राउन्ड गोली हानेको आयोगले उल्लेख गरेको छ । आयोग पदाधिकारीको सोमबार बसेको बैठकले आफ्नो छानबिन प्रतिवेदन आधारमा प्रत्यक्ष संलग्न तथा कमान्डरसमेत रहेका प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साह, प्रहरी हवल्दारद्वय श्रीविनोद साह र सत्यनारायण मिश्रलाई तत्काल निलम्बन गरी फौजदारी अभियोगमा मुद्दा चलाउन सरकारलाई सिफारिस गरेको छ ।

कुमार पौडेल

आयोगका सचिव वेद भट्टराईद्वारा सोमबार जारी विज्ञप्तिअनुसार प्रहरी निरीक्षक किरणप्रसाद न्यौपाने र प्रहरी नायब निरीक्षक सूर्यकुमार कार्कीलाई मुचुल्का गर्दा त्रुटि गरेकाले सचेत गराउन सरकार र नेपाल प्रहरीलाई सिफारिस गरिएको छ । आयोगले प्रहरीलाई निर्देशन दिने तालुक निकायका पदाधिकारी तथा कर्मचारी, आदेश दिने अधिकारी तथा दुरुत्साहन गर्ने व्यक्तिमाथि समेत अनुसन्धान गरी कानुनी दायरामा ल्याई कानुनबमोजिम कारबाही गर्न सिफारिस गरेको छ ।

बाँकी पृष्ठ १४ ▸▸

चन्द समूहका दुई सर्त

काठमाडौं (कास)- नेत्रविक्रम चन्द नेतृत्वको समूहले सरकारसँग वार्ताका लागि आफूमाथिको प्रतिबन्ध हटाउनुपर्ने र नेता-कार्यकर्तालाई निःसर्त रिहा गर्नुपर्ने सर्त अघि सारेको छ ।

चन्द समूहको गत असोजमा सम्पन्न आठौं पूर्ण बैठकले यस्तो निर्णय लिएको हो । तर बैठकले सरकारले अघि सारेको वार्ताको कुरा पत्यार गर्न लायक नभएको निष्कर्ष निकालेको छ ।

'सरकारले आफ्नो फाँसीवादी दमनलाई ढाकछोप गर्न 'वार्ता' को हतियार प्रयोग गरिरहेका सन्दर्भमा पार्टीले षड्यन्त्रपूर्ण वार्ता प्रचारलाई भन्डाफोर गर्ने तर इमानदारीसाथ प्रतिबन्ध हटाएर गिरफ्तार कमरेडहरूलाई छोडेर निःसर्त आएमा सकारात्मक रूपले सोच्ने निर्णय लिएको छ,' चन्दले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

बाँकी पृष्ठ १४ ▸▸

उतिबेलै गरिएको थियो सर्वस्वसहित जन्मकैद मागदाबी

■ **मातृका दाहाल** (काठमाडौं)

तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौला, गृहसचिव उमेश मैनाली र प्रहरी महानिरीक्षक ओमविक्रम राणाले रौतहट बम विस्फोट घटना र घाइतेका विषयमा आफूहरू जानकार नै नरहेको बताए पनि कांग्रेस सांसद मोहम्मद अफताब आलममाथि १२ वर्षअघि प्रहरीले नै सर्वस्वसहित जन्मकैद सजाय हुनुपर्ने मागदाबी गरेको खुलासा भएको छ ।

२०६४ चैत २७ गते राति विस्फोटमा घाइते भएकालाई इँटाभट्टामा लगेर मारिएको कसुरसम्बन्धी प्रहरीको अनुसन्धान प्रतिवेदनमा आलमसहितका आरोपितमाथि सर्वस्वसहित जन्मकैदको सजाय मागदाबी लिएर प्रहरी जिल्ला सरकारी वकिलको कार्यालय पुगेको पाइएको हो । 'बम विस्फोटमा घाइते भएकालाई इँटाभट्टामा लगेर मारेको अभियोगमा मुलुकी ऐन २०२० को महल-१० ज्यानसम्बन्धी कसुरको दफा १३क अनुसार आलममाथि सर्वस्वसहित जन्मकैद सजाय मागदाबी गरिएको थियो,' त्यसबेला प्रहरीले तयार पारेको प्रतिवेदन उल्लेख गर्दै स्रोतले भन्यो, 'तर प्रतिवेदन तथ्य र प्रमाणभन्दा बाहिर गएर बनाइएको तर्क गर्दै सरकारी वकिल कार्यालयले अदालतसम्म नपुऱ्याई अभियुक्तहरूलाई उन्मुक्ति दियो ।'

फाइल तस्बिर

तत्कालीन प्रहरी निरीक्षक (हाल नायब उपरीक्षक) रहेका राजीव बस्नेतको नेतृत्वमा घटनाको अनुसन्धान भएको थियो । अनुसन्धानका क्रममा प्रमाण संकलनमा थुप्रै कमीकमजोरी भए पनि अपराधमा संलग्नले उन्मुक्ति पाउनु हुँदैन भन्ने गरी त्यसबेला नै प्रतिवेदन तयार भएको हाल अनुसन्धानमै खटिएका एक प्रहरीले बताए । त्यसबेलाको प्रहरी प्रतिवेदनअनुसार मुद्दा नचलाई सरकारले आरोपितलाई उन्मुक्ति दिएको थियो । घटनाको १२ वर्षपछि गत असोज २६ गते मुख्य आरोपित आलम रौतहटबाटै पक्राउ परेका हुन् । उनलाई सुरुमा ७ दिन र आइतबार पुनः ५ दिन म्याद थप गरेर हिरासतमै राखिएको छ । प्रहरीसँगको बयानमा आलमले कसुर अस्वीकार गरिरहेका छन् । विस्फोट घटनामा भागेर बाँचेका एक पीडितको चोट तथा घाउ जाँच भइसकेको छ । उनको स्वास्थ्य परीक्षण प्रतिवेदन आएपछि अनुसन्धानलाई पूर्णता दिने प्रहरीको भनाइ छ । आलम जोडिएको घटनामा कसुर पुष्टि हुने आधार तयार भइसकेको उल्लेख गर्दै आलममाथि पोलिग्राफ बयान लिने तयारी भइरहेको स्रोतले जनायो ।

बाँकी पृष्ठ ३ ▸▸

२०६४ चैत २७ : विस्फोट
२०६५ वैशाख १४ : मुचुल्का
२०६५ वैशाख १४ : प्रहरी निरीक्षक राजीव बस्नेतको नेतृत्वमा अनुसन्धान सुरु
२०६५ वैशाख १८ : किटानी जाहेरी
२०६५ असार ९ : प्रहरी अनुसन्धान प्रतिवेदन रौतहट सरकारी वकिलको कार्यालयमा पेस (जुन प्रतिवेदनमा आलमसहितका आरोपितमाथि सर्वस्वसहित जन्मकैदको सजाय मागदाबी)
२०६५ असार ३० : महान्यायाधिवक्ता कार्यालयद्वारा आरोपितविरुद्ध मुद्दा नचल्ने निर्णय
२०६९ जेठ १६ : महान्यायाधिवक्ताको निर्णय सर्वोच्च अदालतद्वारा बदर, सुरुबाटै अनुसन्धान गर्न आदेश
२०७६ असोज २६ : विस्फोटका आरोपित आलम पक्राउ

नागढुंगा-सिस्नेखोला सुरुङमार्ग ४२ महिनामा बन्ने
पृष्ठ २

उकालो लाग्दै रूखबिरुवा

हिमाली क्षेत्रका वनस्पति तापक्रम वृद्धिका कारण ५६.१ मिटरमाथिसम्म फैलिएको पछिल्लो अनुसन्धानले देखाएको छ

■ **अब्दुल्लाह मिर्याँ** (काठमाडौं)

हिमाली क्षेत्रमा पाइने वनस्पतिका केही प्रजाति बर्सेनि माथिल्लो भूभागतर्फ उक्लिरहेको अध्ययनले देखाएको छ । चिसोले वनस्पति नै नहुने क्षेत्रमा पनि क्रमिक यसरी उक्लनेमा भोजपत्र र गोब्रेसल्लालगायतका वनस्पति छन् ।

विश्वमा हालसम्म भएका १ सय ६६ वटा अध्ययनले पनि वृक्षरेखा माथि सर्दै गएका वनस्पतिको प्रतिशत ५२ देखाएको छ । ४७ प्रतिशतको वृक्षरेखा फेरबदल भएको छैन, कतिपय वनस्पतिको वृक्षरेखा उस्तै नै छ । हिमाली क्षेत्रका केही वनस्पतिको हरेक वर्ष २.६ मिटरका दरले वृक्षरेखा माथि सर्दै गएको अनुसन्धानको निष्कर्ष छ । वनस्पति विज्ञहरूले नेपालको पूर्वदेखि पश्चिमसम्मका उच्च हिमाली क्षेत्रमा विभिन्न समयमा गरेको अध्ययनबाट भोजपत्र र गोब्रेसल्लाजस्ता वनस्पति माथितिर उकालो लागिरहेको तथ्य पत्ता लागेको हो । तापक्रम बढेर हिमाल, हिमताल र हिमनदी पग्लिने क्रम बढिरहेका बेला वनस्पतिका केही प्रजाति उपयुक्त चिसो खोज्दै मास्तिर उक्लिरहेका हुन् । यसको असर त्यहाँका वन्यजन्तु र जनजीवनमा समेत पर्ने विश्लेषकहरूको भनाइ छ । भोजपत्र र गोब्रेसल्लाबारे इन्स्टिच्युट अफ टिबेटेन प्लेटो रिसर्च, चाइनिज एकेडेमी अफ साइन्सेस, बेइजिङबाट विद्यावारिधि गरेर त्यहीं कार्यरत वनस्पति विज्ञ शालिकराम सिग्देलले वनस्पतिहरूको वृक्षरेखा (ट्री-लाइन) माथितिर स्थानान्तरण हुने क्रम बढिरहेको पाइएको बताए । 'मेरो अध्ययनले पश्चिमको तुलनामा पूर्वी हिमाली भागका वनस्पतिहरू माथितिर उकालो लागिरहेको देखाएको छ,' पर्वतीय क्षेत्रको परिवर्तनसम्बन्धी चौथो सम्मेलनमा भाग लिन काठमाडौं आएका उनले कान्तिपुरसित भने, 'विगतमा रूख नहुने स्थानमा अहिले दुई मिटरभन्दा बढी उचाइका रूख भेटिएका छन्, त्यसले माथिल्लो क्षेत्रमा वृक्षरेखा स्थापित भएको छ ।'

बाँकी पृष्ठ १४ ▸▸

कजवेले जोडिए गाउँ

कान्तिपुर संवाददाता (रुकुम पूर्व)

यहाँका दुई स्थानीय तहका सबै गाउँ सदरमुकामसँग जोडिएका छन्। चार महिनाअघि स्थानीय खोलाका कारण सदरमुकाम रुकुमकोट र अन्य गाउँका बासिन्दालाई आउजाउमा अवरोध भएको थियो। सिस्ने गाउँपालिका र भूमे गाउँपालिका जोड्ने रुकुमगाड खोलामा पानीको बहाव बढेपछि छुट्टिएका गाउँ कजवे निर्माण गरिएसँगै जोडिएका हुन्।

मध्यपहाडी लोकमार्गमा पर्ने उक्त खोलामा मोटरेबल पुल अभावले हरेक वर्षका चार महिना गाउँ सदरमुकामसँग छुट्टिन्छन्। गत असारको पहिलो सातादेखि नै रुकुमगाडले सोझै रुकुमकोट पुग्ने र रुकुमकोटभन्दा माथिका भूमे र पुथाउत्तरगंगा गाउँपालिकाका सबै गाउँमा आउजाउ रोकेको थियो। रुकुमकोटबाट माथितिर जाने र माथिबाट रुकुमकोट चल्ने गाडी रुकुमगाडकै कारण वारिपारि रोकिनुपर्ने बाध्यता थियो। रुकुमगाड बढेसँगै मध्यपहाडी लोकमार्गको नियमित यात्रासमेत रोकिन्छ।

जिल्ला प्रशासन कार्यालय, सिस्ने, भूमे गाउँपालिका तथा मध्यपहाडी लोकमार्ग स्तरोन्नतिको काम गरिरहेका निर्माण कम्पनीको प्रयास र लगानीमा सडक सूचारु गरिएको हो। रुकुमगाड घटेको छैन। तर, खोलामा कजवे निर्माण गरेर गाडी वारपार गर्न सजिलो पारिएको छ। निरन्तर चार दिन लगाएर खोलामा कजवे बनाएपछि गाडी वारपार गरेको प्रमुख जिल्ला अधिकारी मोहनप्रसाद अर्यालले बताए। खोलामा १२ वटा हयुम पाइप राखेर कजवे निर्माण गरिएको छ।

सिद्धीसाई कन्स्ट्रक्सन, चन्द्र एन्ड वसन्त कन्स्ट्रक्सन, कालिका कन्स्ट्रक्सन तथा राप्ती हाइड्रो पावर कम्पनीले कजवे निर्माण गर्न सहयोग गरेपछि गाडी हिंडाउन सम्भव भएको जनाइएको छ। रुकुमगाडमा गाडी हिंड्न थालेपछि अस्थायी सदरमुकाम रुकुमकोट तथा दाङ, नेपालगन्ज, बुटवल, काठमाडौं आउजाउमा सहज भएको भूमे गाउँपालिका अध्यक्ष रामसुर बुढामगरले बताए। 'पहिल्यै सडक खुलाउने प्रयास नभएको होइन,' उनले भने, 'वर्षा सकिने समयसम्म पनि निरन्तर वर्षा भएपछि सडक सुचारु गराउन ढिला भएको हो।' खोलामा कजवे बनेपछि पुथाउत्तरगंगाका १४ र भूमे गाउँपालिकाका नौवटा वडाका सर्वसाधारणका साथै मध्यपहाडी भएर हिंड्नेलाई समेत सहज भएको छ। यसअघि खोला बढेका कारण सर्वसाधारण गाडी परिवर्तन गरेर यात्रा गर्न बाध्य थिए भने भाडा पनि महँगो पर्ने गरेको थियो।

रुकुमगाडमै मोटरेबल पुल निर्माण सकिएको छैन। मध्यपहाडी लोकमार्ग सडक आयोजनामार्फत पुल बनाउने ठेक्का लागेको ६ वर्षसम्म उक्त पुल निर्माण सकिएको छैन। रुकुमगाडमाथि बन्नुपर्ने मोटरेबल पुल दुई वर्षअघि नै सम्पन्न हुनुपर्ने सम्झौता छ। ३ करोड ७९ लाख २१ हजार रुपैयाँमा ठेक्का सम्झौताअनुसार ०७४ असोज २० भित्रै यो पुल बनिसक्नुपर्ने थियो। सम्झौता अनुसार दुई वर्षअघि नै पुल बन्नुपर्ने भए पनि यसको जिम्मा लिएको ठेकेदार कम्पनी याकथुम्हाङ/बीवी जेभी निर्माण सेवाले अझै पुल निर्माण सकेको छैन। ६ वर्षअघि उक्त पुल निर्माणका लागि सहित मार्ग आयोजनासँग सम्झौता भएको थियो।

गरिमा धान

बीउ विक्रेतालाई कारबाही गरिने

बर्दियाको राजापुर-३ मा धान काटेर दाउन खरियानमा लैजाँदै किसान। *तस्बिर : कमल पन्थी/कान्तिपुर*

बर्दिया (कास)- राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाको १ सय ५० हेक्टरभन्दा बढी खेतमा रोपेको गरिमा धानमा बाला नलागेपछि सोमबारदेखि तथ्यांक लिने काम सुरु भएको छ। बीउ विक्रेताबाट क्षतिपूर्ति लिन तथ्यांक संकलन गर्न लागिएको हो।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम (धान सुपर जोन) ले तथ्यांक लिएर किसानलाई क्षतिपूर्ति र बीउ विक्रेताविरुद्ध कारबाही गरिने परियोजना प्रमुख तपेन्द्र शाहले बताए। अहिलेसम्म झन्डै २० जनाले मौखिक रूपमा परियोजनालाई धान नपसाएको जानकारी गराएको उनले सुनाए। प्रदेश ५ की भूमिसुधार, कृषि तथा सहकारी मन्त्री आरती पौडेलले आइतबार यस क्षेत्रको गरिमा धानको बीउबाट भएको क्षतिको अवलोकन गरेकी छन्। उनले छानबिन गरी दोषीमाथि कारबाहीको निर्देशन पनि दिइन्। जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत अर्जुन सुवेदीले गरिमा बीउ आयातकर्ता सनराइज एग्रिकल्चर दाङ भएकाले लिखित उजुरी आएपछि त्यसविरुद्ध कारबाही प्रक्रिया अघि बढाइने बताए। बढी फल्ने, खानामा मीठो हुने र १ सय २० दिनमा उत्पादन हुने भन्दै किसान गरिमा धानप्रति आकर्षित भएका थिए। गरिमा जातको धान रोपेका गेरुवा-३ का किसान चल्टु थारुले लगानी नै स्वाहा भएको बताए। 'एक बिघा क्षेत्रफलमा लगाएको धानमा बाला नै लागेन,' उनले भने, 'अब वर्षभरि के खाने भन्ने चिन्ता भएको छ।' गरिमा भारतमा उत्पादन गरेको हाइब्रेड जातको धान हो। पाँच वर्षअघि यो धान पश्चिम नेपालको तराईमा भित्रिएको हो। अहिले गरिमा धान राजापुर क्षेत्रलगायत जिल्लाको ठाकुरद्वारा, बढैयाताल, गुलरियामा समेत बाला नलागेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

ज्ञान केन्द्र प्रमुख सागर ढकालले गरिमा जातको धानमा बाला नलागेकाले अनुसन्धान सुरु गरेको बताए। 'गरिमा जातको हो होइन, छानबिन भइरहेको छ,' उनले भने, 'कृषि अनुसन्धान परिषद्ले सक्कली हो वा नक्कली परीक्षण गरेपछि थाहा हुन्छ।'

लामी रहमा उच्च बाँध

अमृता अनमोल (बुटवल)

लामी रहमा बहुउद्देश्यीय उच्च बाँध निर्माण गरिने भएको छ। चुरे संरक्षण, जमिनमुनिको पानी रिचार्ज, सिँचाइ र जलपर्यटन प्रवर्द्धन गर्ने लक्ष्यसहित बाँध निर्माण योजना अगाडि बढाइएको हो। सैनामैना नगरपालिकाको अगुवाइमा राष्ट्रपति चुरे संरक्षण विकास समितिले काम थालेको छ।

रूपन्देहीको सैनामैना नगरपालिका-३, गंगानगरनजिकै लामी रह छ। जुन पूर्वपश्चिम राजमार्गको मुर्गियादेखि करिब तीन किलोमिटर उत्तरमा पर्छ। चुरेबाट कलकल बग्ने खप्परखोला त्यहाँ आएपछि ताल परेको छ। रह हाल करिब ४० मिटर क्षेत्रफलमा फैलिएको छ। नगर प्रमुख चित्रबहादुर कार्कीले जलपर्यटन प्रवर्द्धन र सिँचाइ सुविधा बढाउने मुख्य उद्देश्यसहित बाँधसहितको बहुउद्देश्यीय जलाशय पार्क निर्माण थालिएको बताए। 'वर्षातको भेलसहितको पानीलाई बाँधमा संकलन गरेर राखी माग र आवश्यकताअनुसार बाह्रै महिना उपयोग गरिनेछ,' उनले भने, 'आसपासको सुन्दरता बढाएर पर्यटकको आगमन बढाइनेछ।' जलाशयको पानीमा बोटिङ गर्ने, माछा पालन गर्ने, होटल, रिसोर्ट र वाटर फन पार्क सञ्चालन गर्ने सहायक योजना बनाएको उनले बताए।

रहमा अहिले पनि स्थानीय पौडी खेल्न, माछा मार्न र पानीको मजा लिन जाने गरेका छन्। साइकिलिङ गर्ने र पिकनिक खान जाने पनि रह आसपासमा भेटिन्छन्। गंगानगर क्षेत्रमा सिँचाइ गर्न यही खोलाबाट पानी लगिएको छ। तर, बाढी र कटानले कुलो भत्किइरहन्छ। यसले बाह्रैमास सिँचाइमा उपयोग गर्न नसकिएको स्थानीय रामबहादुर थापाले बताए। 'सैनामैनामा चुरे पहाडबाट बगाएर ल्याएको पाँगो मिसिएको मलिलो माटो छ,' उनले भने, 'बाँधबाट सिँचाइ पुऱ्याउने हो भने कृषि उत्पादन दोब्बर बढाउन सकिनेछ।' पानीको बहुउपयोग गर्न भन्दै राष्ट्रपति चुरे संरक्षण विकास समितिले गत वर्ष लामी रह बाँधको सम्भाव्यता अध्ययन गरेको थियो। खप्परखोला हिउँदमा समेत नसुक्ने भएकाले ४० मिटर अग्लो बाँधसहितको जलाशय निर्माण गर्न सकिने अध्ययनमा उल्लेख छ। त्यसकै आधारमा चालु आर्थिक वर्षमा बाँधको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्दै छ। समितिको बुटवल कार्यालय प्रमुख तथा उपसचिव अजय कार्कीले बाँध निर्माणका लागि पहिलो चरणमा ३० लाख बजेट विनियोजन भएको बताए। 'विस्तृत प्रतिवेदनको काम सकेलगत्तै चालु आर्थिक वर्षबाटै निर्माणको काम सुरु हुनेछ,' उनले भने, 'त्यसमा बाँध निर्माण र पर्यापर्यटनको काम समितिले र सिँचाइको काम सिँचाइ विभागले अगाडि बढाउने तयारी छ।'

लामी रहसम्म अहिले मोटर बाटो पुगेको छ। यहाँबाट पाल्पाको कचल, उदाइलगायत बस्ती नजिक छन्। उनीहरू आफ्ना कृषि उपज बेच्न तथा अन्य सामग्री किन्न यही बाटो भएर पैदल आउजाउ गर्छन्। रह नजिकमा पार्क छ। स्थानीयले रमाइलो गर्ने र वनभोज खाने स्थल बनेको छ, यो पार्क। पर्यटन प्रवर्द्धनका लागि नगरपालिकाले रहसँगै त्यस पार्कको संरक्षण र सुन्दरता बढाउने काम थालेको छ। चुरे क्षेत्रको जंगल सफारी गराउन सम्भाव्यता अध्ययन गरेको छ। त्यसका लागि पर्यटन प्रवर्द्धन र पूर्वाधार विकासमा बजेट विनियोजन गरेको प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद भण्डारीले बताए।

जलाशयको एक किलोमिटर दूरीभित्र सैनामैना पुरातात्त्विक क्षेत्र छन्। बुद्ध पार्क र थारू होमस्टे निर्माणाधीन अवस्थामा छन्। बुद्ध जन्मस्थल लुम्बिनी आउने पर्यटकलाई ती क्षेत्र हुँदै लामी रहमा पुऱ्याउने दीर्घकालीन लक्ष्य छ। 'त्यसका लागि बुद्ध सर्किटमा लामी रहलाई जोडिनेछ,' राष्ट्रपति चुरे संरक्षण विकास समितिसँगै अनुगमनमा आएका पूर्वअर्थमन्त्री विष्णु पौडेलले भने, 'लुम्बिनी आउने पर्यटकको बसाइ अवधि बढाउन र पानीमा रमाउन यो नयाँ गन्तव्य बन्ने निश्चित छ।'

भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७६/०७७ को लागी निम्न नेपालगञ्जका कलेजहरुमा तल उल्लेखित कार्यक्रमहरुमा भर्ना खुल्यो।

सि.नं.	संस्थाको नाम र ठेगाना	कार्यक्रम	वर्ष	सम्पर्क फोन नं.
१.	कैलपाल हस्पिटल एण्ड कलेज, नेपालगञ्ज–१०, बाँके	PCL in Radiography	३ वर्षे	०८१-५२१०१७ ०८१-५२६२७५ ९८५८०२४६४८
		PLC in Lab Technician	३ वर्षे	
		TSLC Computer Engineers	१८ महिने	
२.	कलेज अफ अलाईड टेक्निकल साईन्स, नेपालगञ्ज, बाँके	Civil Engineers	३ वर्षे	०८१-५२७५४६ ०८१-५२८२६० ९८४८०३३०६६ ९८४८०९१०३७
		PCL in lab Technician	३ वर्षे	
		Amin	१८ महिने	
		Civil-Sub Oversees	१८ महिने	
		Lab Assistant	१८ महिने	

फारम बुझाउने अन्तिम मिति : २०७६ कात्तिक १७ गते सम्म।

प्रवेश परीक्षा मिति (प्रमाणपत्र तह): २०७६ कात्तिक २३ गते बिहान ८:०० बजे

TSLC तह : २०७६ कात्तिक २३ गते दिउँसो २:०० बजे

शैक्षिक योग्यता:

प्रमाणपत्र तह : SEE परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा C ग्रेड प्राप्त गरी GPA न्यूनतम २ प्राप्त गरेको।

TSLC तह : SEE परीक्षामा न्यूनतम E ग्रेड प्राप्त गरेको।

नोट : शनिवार पनि कार्यालय खुला रहने छ।

'नो पार्किङ' मा लहरै सवारी

मधु शाही (बाँके)

ट्राफिक साइनबोर्डमा लेखिएको छ, 'नो पार्किङ'। त्यहीबरिपरि भने सडक नै अवरुद्ध हुने गरी मोटरसाइकल, साइकल र गाडीको पार्किङ खचाखच छ। ट्राफिक प्रहरीको दिन त्यही 'नो पार्किङ' मा राखिएका सवारीसाधन कहिले यता हटाउने त कहिले उता हटाउनेमै बित्छ। स्मार्ट सिटी बनाउने नेपालगन्ज उपमहानगरपालिकाको सोचलाई अव्यवस्थित पार्किङ प्रवृत्तिले चिन्तित बनाएको छ।

नेपालगन्जका सबैभन्दा पुराना बजार सदरलाइन, त्रिभुवन चोक, न्युरोड, बीपीचोक, रानी तलाउ हुन्। त्यहाँ किनमेल गर्न आउनेको जहिल्यै घुइँचो लाग्छ। उनीहरू पार्किङ गर्ने सुरक्षित र व्यवस्थित स्थान नहुँदा सकडमै जथाभावी सवारी राख्न बाध्य छन्। यसै बेला ट्राफिकले साधन उठाएर लैजाने गर्दा सास्ती भएको सर्वसाधारणको गुनासो छ।

सदरलाइनमा आइतबार किनमेल गर्न आएका मोहन ठकुरीले नो पार्किङ लेखिएकै ठाउँमा मोटरसाइकल पार्किङ गरे। ट्राफिक नियम उल्लंघन गर्नु हुँदैन भन्ने थाहा हुँदाहुँदै पनि उनले पार्किङ गरे। 'पैसा तिर्छु भन्दा पनि पार्किङ गर्ने स्थान छैन,' उनले भने, 'यस्तो व्यस्त बजारमा दुई/चारवटा

नेपालगन्जमा नो पार्किङस्थलमा लहरै राखिएका सवारीसाधन। *तस्बिर : मधु/कान्तिपुर*

मोटरसाइकल अटाउने मात्रै पार्किङ छ। जुन साह्रै अपुग छ।' बागेश्वरी टोलकी गीता भुजेलले सुरक्षित पार्किङ स्थलको अभावमा सर्वसाधारणले निकै कष्ट झेल्नु परेको बताइन्। 'नजिकै व्यापार भएको ठाउँमा पार्किङ गर्दा ट्राफिकले थुप्रैपटक सवारीसाधन नियन्त्रणमा लिएका छन्,' उनले आफ्नै अनुभव सुनाउँदै भनिन्, 'यहाँ राख्न पाइँदैन भन्छन्, कहाँ राख्ने भनेर स्थान भने तोक्दैनन्।'

त्रिभुवन चोकमा खटिएका प्रहरी जवान पाण्डव केसीका अनुसार सुरक्षित पार्किङस्थल नहुँदा भीडभाडमा दुर्घटनासमेत हुने गरेको छ। सवारीसाधन सडकमै राख्दा हिंडडुल गर्ने पैदल यात्रु मर्कामा परेको उनले बताए। टाँगा, रिक्सा चल्न थाले भने सडक जाम भएर नियन्त्रणमा ल्याउनै गाह्रो पर्ने उनको अनुभव छ। व्यवस्थित सडक बनाउन बाटो बढाए पनि पार्किङमा ध्यान नदिंदा समस्या भएको फैन्सी ज्वैलर्सका व्यापारी मोहमद हजुवले बताए। 'जहाँ पार्किङ स्थल हुँदैन, त्यो सहर व्यवस्थित र स्मार्ट सिटी बन्ने सक्दैन,' न्युरोडकै अर्का व्यापारी जगतनारायण चौधरीले भने, 'सडक ठूलो बनाउँदादेखि नै दयामाया नगरी अलि धेरै क्षेत्र ओगटेको भए अहिले पार्किङको समस्या नै हुने थिएन।'

यहाँको सुर्खेत रोडमा व्यवस्थित ढंगले सवारी साधन राख्ने प्रयास थालिएको छ। तर, त्यहाँ पनि पर्याप्त स्थानको अभाव छ। एकातिर सर्वसाधारणलाई ट्राफिक नियमबारे कम चेतना भएकाले अटेरी गर्नु र पार्किङको सुरक्षित स्थान नतोकिनुले समस्या भएको बाँके जिल्ला ट्राफिक कार्यालय प्रमुख पविन्द्रबहादुर बलले बताए। उनका अनुसार ५ सयदेखि हजार रुपैयाँ जरिवाना लिंदा पनि मान्छेहरू अटेरी गर्छन्।

नेपालगन्ज उपमहानगरपालिका प्रमुख ध्रुवलशमशेर राणाले भने पार्किङ क्षेत्र प्रशस्त भएको दावी गरे। शुल्कसहित पार्किङस्थल बनाउने योजना सुनाउँदा व्यापारीले सहमति नजनाएको उनको दावी छ। 'जहाँ बजार छ, त्यहीं पार्किङस्थल बनाउनुपर्छ भन्दै व्यापारी जबरजस्ती गर्छन्,' उनले भने।

ENJOY DOLBY ATMOS SOUND BIG Movies NOW SHOWING

WAR : 11:30 AM, 5:15 PM, 8:15 PM
JOKER : 9:00 AM, 2:15 PM, 7:30 PM
KABADDI KABADDI KABADDI : 2:30 PM
ZOMBIELAND : DOUBLE TAP (A) : 12:00 PM
CHA MAYA CHAPAKKAI : 8:45 AM, 11:45 AM, 2:45 PM, 5:45 PM, 8:45 PM
3D MALEFICENT : MISTRESS OF EVIL : 9:30 AM, 5:00 PM

NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233 www.bigmovies.com.np facebook/bigmoviesnepal
Wednesday & Thursdays At Rs. 185 * Conditions apply

QFX cinemas NEXT CHANGE
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
qfxcinemas.com



BG Mall BSR MOVIES FIRST TIME IN NEPAL DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsmoviesnepal
www.bsrmovies.com

NOW SHOWING

CURRENT SHOWTIME

MOVIES	ATMOS 1	ATMOS 2
CHA MAYA CHHAPAKKI	2:00 PM | 5:00 PM | 8:15 PM	11:30 AM
3D: MALEFICENT	11:00 AM	
ZOMBIELAND: DOUBLE TAP		8:00 PM
JOKER		5:30 PM
WAR		2:30 PM

XTENDED SUPER 2 DAYS TUESDAY Et WEDNESDAY -190 ALL DAY LONG
BSR owns the rights to change the show time

Showing Time 8:20, 11:20, 2:20, 5:20
GUNA GROUP गुण सिनेमा हल प्रा. लि. Guna Cinema P. Ltd.

• War • छ माया छ पक्कै • काले दाई • रातो टिका • कबड्डि कबड्डि • हिरो नम्बर १ • लक्ष्मी रानी
• छ माया छ पक्कै • लक्ष्मी रानी • रातो टिका निदारमा • साहो • War • कबड्डी कबड्डी ३ • मारुनी

तपाईको आज

मेष	भाग्य वृद्धि	तुला	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पुण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रशन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानि	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पूर्ण

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कात्तिक ६ गते बुधबार तदनुरुप २३ अक्टोबर २०१९ कार्तिक कृष्णपक्ष दशमी तिथि रात्रिको ९:१४ बजेसम्म उप्रान्त एकादशी तिथी, अश्लेषा नक्षत्र दिनको १२:२३ बजेसम्म उप्रान्त मघा नक्षत्र, शुभ योग दिनको ०३:१३ बजेसम्म उप्रान्त शुक्ल योग, वणिज करण प्रात: १०:२० बजेसम्म उप्रान्त भद्रा करण, कर्कट राशिमा चन्द्रमा दिनको १२:२३ बजेसम्म उप्रान्त सिंह राशिमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
७:३०	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	फायरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमननँउ (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	नेपाल स्पेल बी (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	चु एण्ड आई (रिपिट)
३:००	फायरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	मनी टक्स (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कामुनी बहस र परामर्श (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (धलिसा)
१०:००	स्पोर्ट्स् डायरी
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	मनका कुरा
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज गिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:१५	नेपालय (रश्मिला)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रिया)
२०:००	सेक्सुएरिटी एन्ड क्राइम डायरी
२०:०५	ओल्डी ओल्डी (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (अुपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरू (दृष्टि अर्याल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१-५४०२००
बुद्ध आमुदायिक मृदु अस्पताल	०७१-५४४९९०
महिला तथा बाल अस्पताल-आमदा	०७१-५४४४५०
चुनिमर्सल कलेज अफ मेडिकल साचन्सेस भैरहवा	०७१-५८७३०
मीम अस्पताल भैरहवा	०७१-५२०१९३
पृथ्वी चन्द्र अस्पताल परासी	०७८-५२०१९८
अर्याखाँची जिल्ला अस्पताल	०७७-५२०२५०
गुल्मी जिल्ला अस्पताल	०७१-५२०१९८
कपिलवस्तु जिल्ला अस्पताल	०७६-५६०२००
रेडक्रस ब्लड्बैंक भैरहवा	०७१-५२०२६३, ९७४७०२१५०८
रेडक्रस, रक्त संचार भैरहवा	०७१-५२०२६३, ९८६७२३६४५०
रेडक्रस, रक्त संचार, बुटवल	०७१-५४१०८७
संयुक्त एम्बुलेन्स चालक संघ बुटवल	९८५७०२३०९२
मीम अस्पताल भैरहवा	०७१-५२०१९३
चुनिमर्सल शिक्षण अस्पताल भैरहवा	०७१-५०६०२२, ५०६०५२
जिल्ला ट्राफिक प्रहरी कार्यालय	०७१-५२२८५४, ९८५७०२७२०
इलाका प्रहरी कार्यालय बेलहिया	०७१-४९८००८
अस्थायाम कार्यालय बेलहिया	०७१-४९८०२०
गौतम बुद्ध विमानस्थल कार्यालय	०७१-५०७०८६
दमकल सिद्धार्थनगर नगरपालिका	०७१-५२०२५४
दमकल बुटवल उपमहानगरपालिका	०७१-५४०१११
माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा	०७१-५२३५३८
जिल्ला प्रशासन कार्यालय	५६०१३३
जिल्ला प्रहरी कार्यालय	५६०१९२
राप्ती उपक्षेत्रीय अस्पताल घोराही	५६२३६५
राप्ती अञ्चल अस्पताल तुलसीपुर	५२००११
लमही अस्पताल	५४००११
राप्ती आँसा अस्पताल तुलसीपुर	५२०१६५
आँसा अस्पताल लमही	४१७००८
घोराही उपमहानगरपालिका	५४०७००
तुलसीपुर उपमहानगरपालिका	५२०२३३
लमही नगरपालिका	५४०७४०
उच्च अदालत तुलसीपुर	५२००२४
जिल्ला अदालत	५६०२४५
राप्ती ग्राबिधिक शिक्षालय लालमाटिया	४१३००१
एम्बुलेन्स साजिवनी विकास केन्द्र तुलसीपुर	९८५७८२३१२३
एम्बुलेन्स परिवार निर्योजन संघ घोराही	५६००२३/९८५७८६२३५८
दमकल घोराही	५६०४९२
दमकल तुलसीपुर	५२०३०५
रेडक्रस सोसाइटी घोराही ब्लड बैंक	५६१६६०
रेडक्रस सोसाइटी तुलसीपुर ब्लड बैंक	५२३१४०
घोराही बसपार्क	५६०४१५
तुलसीपुर बसपार्क	५२०५०४
लमही बसपार्क	५४००४०
जिल्ला प्रहरी कार्यालय बाँके	५२०२११/५२२०४८/१००
ईलाका प्रहरी कार्यालय कोहलपुर	५४०४२०/५४०१९३
वडा प्रहरी कार्यालय नेपालगञ्ज	५२०२२९
क्षेत्रीय ट्राफिक कार्यालय नेपालगञ्ज	५४०००३/ १०३
जिल्ला ट्राफिक कार्यालय नेपालगञ्ज	५२०८५३
नेपाल रेडक्रस सोसाइटी	५२०१०४
एम्बुलेन्स/ब्लड बैंक नेपालगञ्ज	५२०५०४
दमकल नेपालगञ्ज	५२०१९९
दमकल कोहलपुर	९८४८५१४९८०
मेरी अन्चल अस्पताल नेपालगञ्ज	५२०१२०
नेपालगञ्ज मेडिकल कलेज	५२२४५८
कोहलपुर मेडिकल	५४०४०८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६२९४५/४२६२७००
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शवबाहन	४४२८०३५
सुनेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४१२२९
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५६५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्नर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२४८०८६
नेपाल मिटर दवाबसी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६४०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

नेपाल-भारतका कोच युवा सम्मेलन

'समुदायको विकासमा रणनीतिक योजना आवश्यक'

कान्तिपुर संवाददाता (बिर्तामोड)

नेपाल र भारतमा बसोबास गर्ने कोच समुदायको विकासका लागि रणनीतिक योजना आवश्यक रहेको दुवै देशका युवाहरूले निष्कर्ष निकालेका छन्। झापाको बिर्तामोडमा कार्तिक २-३ गते भएको 'अन्तर्राष्ट्रिय कोच सांस्कृतिक युवा सम्मेलन' का सहभागीले कुनै एउटा विषयको विकासले मात्र समग्र समुदायको उत्थान नहुने ठहर गरेका छन्।

उनीहरूले दुवै देशमा कोच समुदायको समस्या समान भएकाले समुदायको विकास र उत्थानका लागि मिलेर अघि बढ्नुको विकल्प नरहेको समेत निष्कर्ष निकालेका छन्। आआफ्नो राज्य प्रशासनमा कोच समुदायको सांस्कृतिक, आर्थिक, सामाजिक, शैक्षिकलगायत समस्याबारे अवगत गराउनु अहिलेको आवश्यकता भएको सम्मेलनको ठहर छ।

पूर्वी नेपालमा बसोबास गर्ने राजवंशी, ताजपुरिया, गनगाई, माझी, सन्थाललगायत जातजाति कोच समुदायअन्तर्गत पर्दछन्। यो समुदायको बसोबास झापा, मोरङ र सुनसरीमा ठूलो संख्यामा छ। भारतको पश्चिम बंगाल, बिहार, असामलगायतका राज्यमा कोच समुदायको बसोबास रहेको पाइन्छ। सम्मेलनमा मेची क्याम्पस भद्रपुरकी प्राध्यापक निता राजवंशीले कोच समुदायको अवस्थाबारे धारणा राखेकी थिइन्। कोच नायिका विनोता बर्मनले युवा एकता नै विकासको पहिलो खुट्किलो भएको बताइन्।

कोच राजवंशी गाभुर संघ उत्तर दिनाजपुर पश्चिम बंगालका महासचिव मोहनलाल सिंहले कोच समुदाय राज्यको बेवास्तामा परेको गुनासो गरे। 'एउटा इतिहास बोकेको समुदायको संरक्षण गर्ने जिम्मेवारी राज्यको हो। तर, दुवै देशले त्यसो गरेनन' उनले भने, 'यहाँबाट पाठ सिकेर हामीले आफ्नो समुदायका लागि केही गर्नुको विकल्प छैन।'

'कोच समुदाय सबै हिसाबले राज्य संयन्त्रबाट टाढिएको अवस्थामा छ। आफ्नै भाषा, कला, साहित्य, संस्कृतिले पूर्ण यो समुदायको विकास र जगेर्ना गर्नु राज्यको पनि दायित्व हो। त्यसैले राज्यको ध्यानाकर्षणका लागि नेपाल-भारतका कोच युवाहरू एकठ्ठा भएका हौं,' कोचिला गाभुर फ्रन्ट नेपालका अध्यक्ष अभय राजवंशीले भने। राष्ट्र अलग भए पनि रहनसहन, संस्कार संस्कृति र सामाजिक समस्याहरू दुवै देशका कोच समुदायको एकै भएको उनले बताए। उनले विगतमा समुदायका अगुवाहरूले गर्न छुटाएको पहल र नेतृत्व भावी दिनमा संयुक्त रूपमा गर्नका लागि कोच युवा सम्मेलन लाभदायी भएको दाबी गरे।

सम्मेलन कोचिला गाभुर फ्रन्ट नेपालले आयोजना गरेको थियो। सम्मेलनमा नर्थ बंगाल इण्डिक कल्चरल वेलफेयर, कोच राजवंशी गाभुर संघ उत्तर दिनाजपुर पश्चिम बंगाल, इबोङ आमार एन्जेओ भारत, राजवंशी विकास समिति बिहार, सिलिउड सिने क्रिएसन भारत, अनुरोध फाउन्डेसन मोरङ र कोचिला गाभुर फ्रन्टका झापा र मोरङका विभिन्न गाउँ/नगर समितिका गरी १५ वटा संस्थाका २ सय ५० बढी युवाको सहभागिता थियो।

प्राथमिक तहमा विद्यार्थी घट्दै

विद्यार्थी नभएपै अधिकांश प्रावि बन्द हुने अवस्थामा छन् । कति त मर्ज भइसके । सामुदायिकमा प्रविधिमैत्री पठनपाठन, बहुभाषा शिक्षण र शिक्षक नहुँदा अभिभावक आफ्ना बालबच्चालाई संस्थागत विद्यालयमा भर्ना गरिरहेका छन् ।

विप्लव महर्जन (सल्यान)

सल्यानको कालीमाटी-१ स्थित कालिका प्राथमिक विद्यालयको कक्षाकोठामा विद्यार्थी । विद्यालयमा ५ जना विद्यार्थी मात्र छन् ।

तस्बिर : विप्लव/कान्तिपुर

शारदा नगरपालिका-५, तल्लोमार्केस्थित जनकल्याण प्राविमा तीन शिक्षक र एक बालविकास सहयोगी छन्। विद्यार्थी संख्या भने ११ मात्र छ। कालीमाटी गाउँपालिका-१, हिङबेरेस्थित प्राविको हालत पनि उस्तै छ। ३ कक्षासम्म सञ्चालित विद्यालयमा जम्मा पाँच विद्यार्थी छन्।

सरकारले सामुदायिक विद्यालयको गुणस्तर वृद्धिमा ध्यान नदिँदा विद्यार्थी संख्या बर्सेनि घटिरहेको छ। प्रायजसो अभिभावकले बालबालिकालाई आधारभूत तह निजी विद्यालयमै पढाउँछन्। माध्यमिक तहमा पुगेपछि भने केहीले सामुदायिकमै ल्याउँछन्। प्रविधिमैत्री पठनपाठन, बहुभाषा शिक्षण र शिक्षक नहुनु, परम्परागत शैलीको पढाइजस्ता कारणले प्राथमिक तहमा विद्यार्थी घटिरहेको शिक्षासेवी डिल्लीबहादुर भण्डारी बताउँछन्। उनका अनुसार विद्यार्थी नभएपै अधिकांश विद्यालय बन्द हुने अवस्थामा छन्।

बागचौर नगरपालिका-२, चिल्ढालेको भानुभक्त आधारभूत विद्यालयमा बालशिक्षाका सहित १८ विद्यार्थी छन्। एक शिक्षक र बालविकास सहयोगीको दरबन्दी रहेको विद्यालयमा विद्यार्थी घटेको भन्दै नगरपालिकाले शिक्षक सरुवा गरेको छ। विद्यालयलाई शिशु कक्षामा सीमित गर्ने नगरपालिकाको योजना छ।

स्थानीय सरकारले सामुदायिक विद्यालयको विकास र निगरानी गर्न नसकेको शिक्षासेवी भण्डारीको आरोप छ। जिल्लाका ५ सय ४ सामुदायिक विद्यालयमध्ये ७१ माध्यमिक, ८७ आधारभूत र २ सय ८७ प्राथमिक तहका छन्। जिल्लाभर संस्थागत विद्यालयको संख्या ४९ छ। सामुदायिकमा विद्यार्थी संख्या घट्दै गए पनि संस्थागत विद्यालय मौलाउँदै गएको उनले बताए।

जिल्लामा सामुदायिकका प्राथमिक तहमा ०७४ मा ३९ हजार ७ सय ८७ विद्यार्थी थिए। ०७५ मा घटेर ३२ हजार ९ सय १२ र चालु शैक्षिक सत्रमा ३० हजार ५ सय ९३ पुगेको छ। विद्यार्थी घटेका कारण यहाँका एक दर्जन विद्यालय मर्ज गरिएका छन्। तीन दर्जन विद्यालयको तह घटाइएको छ। करिब दर्जन विद्यालय बन्द गरिएको शिक्षा विकास तथा समन्वय एकाइले जनाएको छ।

सदरमुकामस्थित शारदा नगरपालिकामा ०७४ मा ३ हजार ९ सय ५ र २०७५ मा ३ हजार ७ सय १५ विद्यार्थी प्राविमा अध्ययनरत थिए। यस वर्ष ३ हजार ५ सय ४१ विद्यार्थी रहेको नगरले जनाएको छ। जिल्लाका १० स्थानीय तहमध्ये सबैभन्दा बढी शारदा नगरपालिकामा ५ हजार २ सय ५ र सबैभन्दा कम त्रिवेणी गाउँपालिकामा १ हजार ५ सय ५२ विद्यार्थी प्रावि तहमा छन्। सामुदायिकमा राजनीतिक चलखेल बढी हुँदा अहिलेसम्म दरबन्दी वितरण र समायोजन हुन सकेको छैन। शिक्षक राजनीति र अन्य काममा व्यस्त हुँदा पनि सामुदायिक विद्यालयको स्तर उक्सिन नसकेको स्थानीय अगुवा पूर्ण केसीको बुझाइ छ।

शारदा नगरपालिका-१०, मधनास्थित कालिका प्राविका प्रधानाध्यापक दीपक थापा विद्यार्थी नहुँदा बन्द भएको विद्यालय नगरपालिकाको सहयोगपछि पुनः सञ्चालनमा ल्याइएको बताउँछन्। कक्षा १ देखि ३ सम्म सञ्चालित विद्यालयमा २८ जना मात्र विद्यार्थी छन्।

स्थानीय तहले अस्थायी शिक्षक भर्ना गरे पनि अन्य व्यवस्थापनमा ध्यान नदिँदा आधारभूत तहको पढाइ कमजोर बन्दै गएको कालीमाटी गाउँपालिकाको काल्वेडाँडास्थित नेपाल राष्ट्रिय प्राविकी प्रधानाध्यापक लीला थापाले बताइन्। उनले शैक्षिक सामग्री र शिक्षक अभावमा प्राथमिक तहको पठनपाठन गुणस्तरीय बन्न नसकेको जनाइन्। ७ वर्षअघि करिब एक सय विद्यार्थी रहेको उनको विद्यालयमा यस वर्ष ४५ जना मात्र छन्। 'शिक्षक म एक्लै छु, बालबालिकालाई खेलाउने र पढाउने शैक्षिक सामग्री छैनन्,' उनले भनिन्, 'सबै कक्षामा नेपाली माध्यमबाट पठनपाठन भइरहेको छ।'

त्रिवेणी गाउँपालिकाका शिक्षा शाखा प्रमुख दलबहादुर रानाले आर्थिक अवस्था राम्रो भएका अभिभावकले बालबालिकालाई निजीमा पढाउने गरेका कारण सामुदायिक विद्यालय सुधार्न मुस्किल परिरहेको बताए। 'अधिकांश विद्यालयमा विद्यार्थी संख्या कम छ, जसकारण सरकारी अनुदान घट्दा शैक्षिक विकासमा पनि असर परिरहेको हो,' उनले भने, 'विद्यार्थी संख्याका आधारमा अनुदान वितरण गरिरहेका छौं, केही विद्यालयमा गुणस्तर बढिरहेको छ।'

शिक्षामा गरिएको लगानीका आधारमा तीन-चार वर्षपछि मात्र प्रभाव देखिने दार्मा गाउँपालिकाका शिक्षा शाखाप्रमुख रोम पाण्डे बताउँछन्। उनका अनुसार गाउँपालिकाले शिक्षा क्षेत्रमा योजना बनाई लगानी गरिरहेको छ। कालीमाटी गाउँपालिका अध्यक्ष दानबहादुर खत्रीले गुणस्तर बढाउन पूर्वाधार निर्माण, स्थानीय पाठ्यक्रम, डिजिटल हाजिरी, शैक्षिक सामग्रीमा लगानी बढाइएको बताए। शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख लालबहादुर घर्तीले संघीयतालले शिक्षामा ठूलो असर पारिरहेको बताए। 'यसअघि एकीकृत रूपमा जिल्लाभरि शैक्षिक विकासमा रकम विनियोजन हुन्थ्यो,' उनले भने, 'तर स्थानीय सरकारमार्फत आवश्यकताभन्दा पहुँचका आधारमा बजेट विनियोजन हुँदा दुरुपयोग बढिरहेको छ।'

एकाइका अनुसार जिल्लामा दरबन्दी अभावको समस्या कायमै छ। प्राथमिक तहमा १ हजार २ सय २० शिक्षक कार्यरत रहेको एकाइले जनाएको छ। त्यसमध्ये ५ सय ६२ स्थायी, ३ सय ५६ राहत र ३ सय २ अस्थायी शिक्षक छन्।

मूल्य सूची राख्न अटेरी

कान्तिपुर संवाददाता (विराटनगर)

वाणिज्य कार्यालयले विराटनगरका थानका कपडा पसलमा मूल्य सूची राख्न दिएको निर्देशन व्यवसायीले अटेर गरेका छन्। कार्यालयले विभिन्न नौ वटा कपडाका ठूला पसल सञ्चालकलाई मूल्य सूची राख्न तीन साताअघि निर्देशन दिएको थियो।

अनुगमनका क्रममा यहाँको रोनक इम्पोरियम पसलमा कपडाको मूल्य तलमाथि गरी उपभोक्ता ठगेको पाइएपछि वाणिज्य कार्यालयले अनिवार्य रूपमा मूल्य सूची राख्न निर्देशन दिएको थियो।

कार्यालयले रोनक इम्पोरियमसहित अम्बिका वस्त्रालय, दिनेश इम्पोरियम, जगदम्बा वस्त्रालय, वंशल इम्पोरियम, अम्बिका इम्पोरियम, नरायण स्टोर, कोसी वस्त्रालय र कावरा इम्पोरियमलाई तीन दिनभित्र मूल्य सूची राख्न निर्देशन दिएको वाणिज्य कार्यालयका निमित्त प्रमुख हिमाल बरालले बताए।

रेडिमेड कपडा र अन्य उपभोग्य वस्तुको मूल्य देखिन्छ। तर थानको कपडाको मूल्य देखिँदैन। यस्तोमा उपभोक्ता सक्कली र नक्कली सामानमा र मूल्यमा ठगिने गरेका छन्। बरालले भने, 'उपभोक्ता संरक्षण ऐनले हरेक वस्तुको मूल्य सूची राख्ने व्यवस्था गरेको छ। त्यसैका आधारमा कपडाका थानको कारोबार गर्ने पसललाई पनि मूल्य सूची राख्न निर्देशन गरिएको हो।' निर्देशनमा कपडाको खरिद र बिक्री मूल्य पनि राख्न भनिएको छ।

ऐनले व्यवस्था गरेकाले कपडा व्यवसायीले मूल्य सूची राख्ने पर्ने बरालको भनाइ छ। मोरङ व्यापार संघ र विराट व्यापार संघलाई पनि आफ्ना सदस्य व्यवसायीहरूलाई मूल्य सूची राख्न दबाब दिन आग्रह गरिएको उल्लेख गर्दै बरालले भने, 'अटेर गरे उपभोक्ता संरक्षण ऐनअन्तर्गत कारबाही हुन्छ।'

वाणिज्य कार्यालयले थान कपडाको मूल्य सूची राख्न दिएको निर्देशन पहिलो हो। विराटनगरबाहेक अन्य कुनै पनि सहरमा यस्तो निर्देशन नभएको बरालको भनाइ छ।

पोखराका 'वैज्ञानिक बा'

पोखराको पर्स्याङमा रहेको विज्ञान प्रयोगशालामा ८५ वर्षीय दीनबन्धु कोइराला ।

तस्बिर : दीपक/कान्तिपुर

दीपक परियार (पोखरा)

फराकिलो बाटोको छेवैमा पर्खालले घेरिएको सानो घरलाई बगैंचाले चिटिक्क पारिएको छ। दुईकोठे घरमा एक्लै बस्छन् ८५ वर्षीय वृद्ध दीनबन्धु कोइराला। गेटबाट छिर्नेबित्तिकै दाहिनेपट्टि टिनको टहरो छ। टहरोमा सिंगो सौर्य प्रणाली अटाइएको छ। ३० वर्षे सरकारी जागिर टुंग्याएका कोइराला अचेल समाजोपयोगी नौला कुरा खोजी गर्छन्।

पोखरा-५ पर्स्याङका स्थानीयले उनलाई बोलाउने नाम हो, 'वैज्ञानिक बा'। खेर गएका सामग्रीको प्रयोगबाट विभिन्न सामान बनाउँदा उनको घर एउटा प्रयोगशालाजस्तै छ। त्यहाँ छन् दृष्टिविहीनलाई उपयोगी सामग्री। दृष्टिविहीनले छामेर बुझ्न सक्ने सौर्य प्रणाली, तारामण्डल, विश्वको नक्सा र लेख्न मिल्ने सजिलो बोर्डलगायत गणितीय सामग्री उनका प्रयोगशालामा छन्। यी सबै उनी आफैंले बनाएका हुन्।

प्लाइउड, काठको धूलो, धागो, काठका टुक्रा, काँटी, कागज, फलाम र टिनलगायत सामान प्रयोग गरेर उनी दृष्टिविहीनका लागि शिक्षण सामग्री तयार पार्छन्। बनाएका सामान विभिन्न विद्यालयलाई दिन्छन्। विद्यार्थी ती सामान अवलोकन गर्न उनको घरैमा आइपुग्छन्।

सूर्यबाट विभिन्न ग्रह कति टाढा छन् भन्ने थाहा पाउन दृष्टिविहीनलाई सहयोगी हाते उपकरण पनि उनी आफैंले बनाए। ग्रहहरू सूर्यका वरिपरि अनुपातिक रूपमा घुमेको प्रक्रिया छामेर बुझ्ने गरी तयार पारिएको सामग्रीमा उनी घोत्लिन्छन् र भन्छन्, 'दृष्टिविहीनले यसलाई उपयोग गर्न सके शिक्षण प्रक्रिया सजिलो हुन्छ।' पृथ्वी आफ्नो कक्षमा घुम्दा कसरी उत्तरायण र दक्षिणायणको स्थिति पर्न आउँछ भन्ने बुझाउन तयार पारिएको बोर्ड, काठ र बाँसको टुक्राबाट बनाइएको अंग्रेजी लिपिका अंक, अक्षर टाँसिएको बोर्ड, छामेर हरफ सिधा लेख्न सकिने गरी बनाइएको बोर्डलगायत सामग्री उनले पोखराकै अमरसिंह नमुना माविलाई हस्तान्तरण गरेका छन्। अमरसिंहमा दृष्टिविहीन विद्यार्थीलाई उनले दुई वर्ष पढाए पनि।

पोखराका रैथाने उनले ०१७ मै एसएलसी उत्तीर्ण गरेका हुन्। तत्कालीन सोल्जर्स बोर्ड भोकेसनल हाइस्कुल (हालको अमरसिंह) बाट एसएलसी उत्तीर्ण गर्दा उनी २४ वर्षका थिए। घरैमा बुबासँग पढेकाले विद्यालय भर्ना हुन ढिला भएको उनी सुनाउँछन्। मेथ्लाङको भीरमा बाबियो काट्न जाँदा नाम्लो बिर्सिए बाबियोकै नाम्लो बनाएर घाँसको भारी बोकेर उनी फर्कन्थे। डोको, स्याँखु, घुम आफैं बनाउँथे।

एसएलसीपछि भूमि सुधारमा १० वर्ष जागिर खाए। लोक सेवा उत्तीर्ण गरी खाद्य संस्थानमा १८ वर्ष काम गरे। नायब सुब्बामा अवकाश लिए। ०४४/४५ सालतिर उनी स्याङ्जाबाट पोखरा फर्किँदै थिए। बसमा दृष्टिविहीन युवा उनीसँगैको सिटमा बसे। ती युवा बाटोमा गुड्ने बसको आवाज सुनेपछि कसैले एकपटक भनिदिएको नम्बर ठ्याक्कै मिलाउँथे। एकपल्ट चढेको बसको आवाज र सुनेको नम्बर उनलाई सम्झना हुन्थ्यो। अचम्मको खुबी देखेर चकित दीनबन्धुले उनलाई देख्ने भएको भए झनै तेजिलो हुन सक्ने प्रतिक्रिया दिए। ती युवकले भने, 'म मेरो अवस्थामा ठीक छु। आँखा देख्ने भएको भए झन् चोर, गुन्डा पो हुन्थें कि !'

दृष्टिविहीन युवकको वाक्यले दीनबन्धुको मन छोयो। उनी जस्तैका लागि केही गर्ने अठोट मनमनै लिए। पोखरा फर्किएर उनले उपयोगी सामग्री बनाउन लागे। उपकरण लगेर अमरसिंहमा दृष्टिविहीन विद्यार्थीलाई पढाउन उपयोग गरिहेरे। जागिरबाट ०५२ मा विश्राम लिएपछि उनको सक्रियता यसैमा झन बढ्यो। दृष्टिविहीनलाई मात्र नभई अरूलाई पनि उपयोगी हुने सामग्री बनाउन थाले। सामान उठाउने क्रेनको नमुना बनाए। इनारमा खसेको सामान निकाल्ने प्रविधि बनाए। काँक्रो चोरी हुनबाट बचाउने उपकरण बनाए। एक ठाउँमा अचेट्दा ५ वटा ढिकी र ४ वटै जाँतो चल्ने प्रविधि बनाए। 'म विज्ञान प्रदर्शनीहरूमा गएर हेर्थें,' उनले भने, 'त्योभन्दा राम्रो बनाउँछु भन्ने अठोट लिन्थें।'

उनले बनाएका उपकरण कामसँग पनि जोडिन्छन्। दृष्टिविहीनले काम गर्न मिल्ने साधन भए सडकमा बस्नुपर्ने अवस्था नआउने उनी बताउँछन्। सडकमा गीत गाइरहेका दृष्टिविहीन देखेपछि उनले किला ठोक्दा हातमा नलाग्ने प्रविधिको हयाम्मर बनाए। दृष्टिविहीनले सियोमा धागो उन्न मिल्ने मेसिन बनाए।





सन्दीप हन्ड्रेड बलमा
१ करोड ४७ लाखमा अनुबन्ध । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

महिला क्रिकेट लिग
शतकीय साझेदारी । १५

वर्ष २७ अंक २४२ सुर्खेत | ५ कात्तिक २०७६ मंगलबार कार्तिक कृष्णपक्ष नवमी | नेपाल संवत् ११३९ | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, October 22, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

चर्चित चिनियाँ अभिनेत्री एवं नेपाल भ्रमण वर्ष २०२० का लागि सद्भावनादूत स्वी छिङ सोमबार अन्नपूर्ण आधार शिविरमा । नेपाल भ्रमण क्रममा पोखरामा रहँदा स्वीले प्याराग्लाइडिङ र फेवातालमा नौकाविहार गरिन् । उनले अन्य चिनियाँ कलाकारसहित फेरि नेपाल भ्रमण गर्ने बताएकी छन् । समाचार पृष्ठ ९ ।

तस्विर सौजन्य : हिमालय फ्रन्टियर्स प्याराग्लाइडिङ

कुमार पौडेलबारे आयोगको निष्कर्ष

पक्रेर गोली प्रहार

- हत्यामा संलग्न प्रहरीलाई कारबाही र आदेश दिने अधिकारीमाथि छानबिनको निर्देशन
- चन्द समूहलाई वार्तामा ल्याई उसका गैरकानुनी गतिविधि नियन्त्रण गर्न सुझाव

■ **बलराम बानियाँ** (काठमाडौं)

मानव अधिकार आयोगले नेत्रविक्रम चन्द समूहका सर्लाही इन्चार्ज कुमार पौडेललाई प्रहरीले नियन्त्रणमा लिएर गोली हानी हत्या गरेको निष्कर्ष निकाल्दै संलग्नलाई कारबाही सिफारिस गरेको छ । आयोगले आदेश दिने उच्च प्रहरी अधिकारीमाथि पनि छानबिन गरी कारबाही गर्न सरकारलाई निर्देशन दिएको छ ।

प्रहरीको दाबीजस्तो दोहोरो भिडन्त वा आत्मरक्षाको स्थिति पुष्टि नभएको र घटनाको प्रकृति तथा संकलित प्रमाणसमेतबाट नियन्त्रणमा लिएर मारेको देखिएको आयोगले जनाएको छ । प्रहरीले पौडेललाई नियन्त्रणमा लिएपछि ९ राउन्ड गोली हानेको आयोगले उल्लेख गरेको छ । आयोग पदाधिकारीको सोमबार बसेको बैठकले आफ्नो छानबिन प्रतिवेदन आधारमा प्रत्यक्ष संलग्न तथा कमान्डरसमेत रहेका प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साह, प्रहरी हवल्दारद्वय श्रीविनोद साह र सत्यनारायण मिश्रलाई तत्काल निलम्बन गरी फौजदारी अभियोगमा मुद्दा चलाउन सरकारलाई सिफारिस गरेको छ ।

कुमार पौडेल

आयोगका सचिव वेद भट्टराईद्वारा सोमबार जारी विज्ञप्तिअनुसार प्रहरी निरीक्षक किरणप्रसाद न्यौपाने र प्रहरी नायब निरीक्षक सूर्यकुमार कार्कीलाई मुचुल्का गर्दा त्रुटि गरेकाले सचेत गराउन सरकार र नेपाल प्रहरीलाई सिफारिस गरिएको छ । आयोगले प्रहरीलाई निर्देशन दिने तालुक निकायका पदाधिकारी तथा कर्मचारी, आदेश दिने अधिकारी तथा दुरुत्साहन गर्ने व्यक्तिमाथि समेत अनुसन्धान गरी कानुनी दायरामा ल्याई कानुनबमोजिम कारबाही गर्न सिफारिस गरेको छ ।

बाँकी पृष्ठ १४ ▸▸

चन्द समूहका दुई सर्त

काठमाडौं (कास)- नेत्रविक्रम चन्द नेतृत्वको समूहले सरकारसँग वार्ताका लागि आफूमाथिको प्रतिबन्ध हटाउनुपर्ने र नेता-कार्यकर्तालाई निःसर्त रिहा गर्नुपर्ने सर्त अघि सारेको छ ।

चन्द समूहको गत असोजमा सम्पन्न आठौं पूर्ण बैठकले यस्तो निर्णय लिएको हो । तर बैठकले सरकारले अघि सारेको वार्ताको कुरा पत्यार गर्न लायक नभएको निष्कर्ष निकालेको छ ।

'सरकारले आफ्नो फाँसीवादी दमनलाई ढाकछोप गर्न 'वार्ता' को हतियार प्रयोग गरिरहेका सन्दर्भमा पार्टीले षड्यन्त्रपूर्ण वार्ता प्रचारलाई भन्डाफोर गर्ने तर इमानदारीसाथ प्रतिबन्ध हटाएर गिरफ्तार कमरेडहरूलाई छोडेर निःसर्त आएमा सकारात्मक रूपले सोच्ने निर्णय लिएको छ,' चन्दले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

बाँकी पृष्ठ १४ ▸▸

उतिबेलै गरिएको थियो सर्वस्वसहित जन्मकैद मागदाबी

■ **मातृका दाहाल** (काठमाडौं)

तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौला, गृहसचिव उमेश मैनाली र प्रहरी महानिरीक्षक ओमविक्रम राणाले रौतहट बम विस्फोट घटना र घाइतेका विषयमा आफूहरू जानकार नै नरहेको बताए पनि कांग्रेस सांसद मोहम्मद अफताब आलममाथि १२ वर्षअघि प्रहरीले नै सर्वस्वसहित जन्मकैद सजाय हुनुपर्ने मागदाबी गरेको खुलासा भएको छ ।

२०६४ चैत २७ गते राति विस्फोटमा घाइते भएकालाई इँटाभट्टामा लगेर मारिएको कसुरसम्बन्धी प्रहरीको अनुसन्धान प्रतिवेदनमा आलमसहितका आरोपितमाथि सर्वस्वसहित जन्मकैदको सजाय मागदाबी लिएर प्रहरी जिल्ला सरकारी वकिलको कार्यालय पुगेको पाइएको हो । 'बम विस्फोटमा घाइते भएकालाई इँटाभट्टामा लगेर मारेको अभियोगमा मुलुकी ऐन २०२० को महल-१० ज्यानसम्बन्धी कसुरको दफा १३क अनुसार आलममाथि सर्वस्वसहित जन्मकैद सजाय मागदाबी गरिएको थियो,' त्यसबेला प्रहरीले तयार पारेको प्रतिवेदन उल्लेख गर्दै स्रोतले भन्यो, 'तर प्रतिवेदन तथ्य र प्रमाणभन्दा बाहिर गएर बनाइएको तर्क गर्दै सरकारी वकिल कार्यालयले अदालतसम्म नपुऱ्याई अभियुक्तहरूलाई उन्मुक्ति दियो ।'

फाइल तस्बिर

तत्कालीन प्रहरी निरीक्षक (हाल नायब उपरीक्षक) रहेका राजीव बस्नेतको नेतृत्वमा घटनाको अनुसन्धान भएको थियो । अनुसन्धानका क्रममा प्रमाण संकलनमा थुप्रै कमीकमजोरी भए पनि अपराधमा संलग्नले उन्मुक्ति पाउनु हुँदैन भन्ने गरी त्यसबेला नै प्रतिवेदन तयार भएको हाल अनुसन्धानमै खटिएका एक प्रहरीले बताए । त्यसबेलाको प्रहरी प्रतिवेदनअनुसार मुद्दा नचलाई सरकारले आरोपितलाई उन्मुक्ति दिएको थियो । घटनाको १२ वर्षपछि गत असोज २६ गते मुख्य आरोपित आलम रौतहटबाटै पक्राउ परेका हुन् । उनलाई सुरुमा ७ दिन र आइतबार पुनः ५ दिन म्याद थप गरेर हिरासतमै राखिएको छ । प्रहरीसँगको बयानमा आलमले कसुर अस्वीकार गरिरहेका छन् । विस्फोट घटनामा भागेर बाँचेका एक पीडितको चोट तथा घाउ जाँच भइसकेको छ । उनको स्वास्थ्य परीक्षण प्रतिवेदन आएपछि अनुसन्धानलाई पूर्णता दिने प्रहरीको भनाइ छ । आलम जोडिएको घटनामा कसुर पुष्टि हुने आधार तयार भइसकेको उल्लेख गर्दै आलममाथि पोलिग्राफ बयान लिने तयारी भइरहेको स्रोतले जनायो ।

बाँकी पृष्ठ ३ ▸▸

२०६४ चैत २७ : विस्फोट
२०६५ वैशाख १४ : मुचुल्का
२०६५ वैशाख १४ : प्रहरी निरीक्षक राजीव बस्नेतको नेतृत्वमा अनुसन्धान सुरु
२०६५ वैशाख १८ : किटानी जाहेरी
२०६५ असार ९ : प्रहरी अनुसन्धान प्रतिवेदन रौतहट सरकारी वकिलको कार्यालयमा पेस (जुन प्रतिवेदनमा आलमसहितका आरोपितमाथि सर्वस्वसहित जन्मकैदको सजाय मागदाबी)
२०६५ असार ३० : महान्यायाधिवक्ता कार्यालयद्वारा आरोपितविरुद्ध मुद्दा नचल्ने निर्णय
२०६९ जेठ १६ : महान्यायाधिवक्ताको निर्णय सर्वोच्च अदालतद्वारा बदर, सुरुबाटै अनुसन्धान गर्न आदेश
२०७६ असोज २६ : विस्फोटका आरोपित आलम पक्राउ

नागढुंगा-सिस्नेखोला सुरुङमार्ग ४२ महिनामा बन्ने
पृष्ठ २

उकालो लाग्दै रूखबिरुवा

हिमाली क्षेत्रका वनस्पति तापक्रम वृद्धिका कारण ५६.१ मिटरमाथिसम्म फैलिएको पछिल्लो अनुसन्धानले देखाएको छ

■ **अब्दुल्लाह मिर्याँ** (काठमाडौं)

हिमाली क्षेत्रमा पाइने वनस्पतिका केही प्रजाति बर्सेनि माथिल्लो भूभागतर्फ उक्लिरहेको अध्ययनले देखाएको छ । चिसोले वनस्पति नै नहुने क्षेत्रमा पनि क्रमिक यसरी उक्लनेमा भोजपत्र र गोब्रेसल्लालगायतका वनस्पति छन् ।

विश्वमा हालसम्म भएका १ सय ६६ वटा अध्ययनले पनि वृक्षरेखा माथि सर्दै गएका वनस्पतिको प्रतिशत ५२ देखाएको छ । ४७ प्रतिशतको वृक्षरेखा फेरबदल भएको छैन, कतिपय वनस्पतिको वृक्षरेखा उस्तै नै छ । हिमाली क्षेत्रका केही वनस्पतिको हरेक वर्ष २.६ मिटरका दरले वृक्षरेखा माथि सर्दै गएको अनुसन्धानको निष्कर्ष छ । वनस्पति विज्ञहरूले नेपालको पूर्वदेखि पश्चिमसम्मका उच्च हिमाली क्षेत्रमा विभिन्न समयमा गरेको अध्ययनबाट भोजपत्र र गोब्रेसल्लाजस्ता वनस्पति माथितिर उकालो लागिरहेको तथ्य पत्ता लागेको हो । तापक्रम बढेर हिमाल, हिमताल र हिमनदी पग्लिने क्रम बढिरहेका बेला वनस्पतिका केही प्रजाति उपयुक्त चिसो खोज्दै मास्तिर उक्लिरहेका हुन् । यसको असर त्यहाँका वन्यजन्तु र जनजीवनमा समेत पर्ने विश्लेषकहरूको भनाइ छ । भोजपत्र र गोब्रेसल्लाबारे इन्स्टिच्युट अफ टिबेटेन प्लेटो रिसर्च, चाइनिज एकेडेमी अफ साइन्सेस, बेइजिङबाट विद्यावारिधि गरेर त्यहीं कार्यरत वनस्पति विज्ञ शालिकराम सिग्देलले वनस्पतिहरूको वृक्षरेखा (ट्री-लाइन) माथितिर स्थानान्तरण हुने क्रम बढिरहेको पाइएको बताए । 'मेरो अध्ययनले पश्चिमको तुलनामा पूर्वी हिमाली भागका वनस्पतिहरू माथितिर उकालो लागिरहेको देखाएको छ,' पर्वतीय क्षेत्रको परिवर्तनसम्बन्धी चौथो सम्मेलनमा भाग लिन काठमाडौं आएका उनले कान्तिपुरसित भने, 'विगतमा रूख नहुने स्थानमा अहिले दुई मिटरभन्दा बढी उचाइका रूख भेटिएका छन्, त्यसले माथिल्लो क्षेत्रमा वृक्षरेखा स्थापित भएको छ ।'

बाँकी पृष्ठ १४ ▸▸

छोटकरी

वडाध्यक्ष निलम्बनमा

सल्यान (कास)- बाग्चौर नगरपालिका ५ का वडाध्यक्ष डिल्लीबहादुर ओली निलम्बित भएका छन् । अख्तियारले भ्रष्टाचार आरोपमा उनीमाथि मुद्दा दायर गरेपछि स्वत: निलम्बनमा परेका हुन् । अध्यक्ष निलम्बनमा परेपछि कार्यवाहक वडाध्यक्षको कामकाज वडा-सदस्य विक्रम रावतले सम्हालिरहेका छन् । बाग्चौर नगरपालिका ५, बांगेलाखुरी बजारमा विद्युतीकरण गर्ने क्रममा १५ लाख रुपैयाँ अनियमितता गरेको आरोप लगाउँदै उनीसहित १८ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो । प्रारम्भिक छानबीनपछि अख्तियारले उनीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । मुद्दा प्रक्रियामै रहेकाले उक्त वडामा तत्काल उपनिर्वाचन नहुने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

त्यस्तै कुमाख गाउँपालिका ५ मा पनि वडाध्यक्ष पद लामो समयदेखि रिक्त छ । वडाध्यक्ष हरिप्रकाश बुढाथोकी जिसस उपप्रमुखमा निर्वाचित भएपछि अध्यक्ष पद खाली भएको हो । जिल्ला निर्वाचन अधिकारी हरिबहादुर बुढाथोकीका अनुसार उक्त वडामा मंसिर १४ गते उपनिर्वाचन हुँदै छ ।

यस्तै शारदा नगरपालिका २ बाट वडा-सदस्यमा निर्वाचित अनिता राई नेकपामा प्रवेश गरेपछि उनको पद पनि रिक्त भएको छ । उनी स्थानीय तह चुनावमा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट महिला वडा-सदस्यमा निर्वाचित भएकी थिइन् ।

सबै स्थानीय तहमा नेकपा

जाजरकोट (कास)- सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को एकताले जिल्लाका सातवटै स्थानीय तहमा पूर्णता पाएको छ । नेकपाले गाउँ/नगर कमिटीको अध्यक्ष र सचिव चयन गर्दै एकीकरणको टुंगो लगाएको हो । पूर्व एमाले र माओवादी केन्द्रबीच पार्टी एकता भए पनि लामो समयसम्म स्थानीय तहमा पार्टी गठन हुन सकेको थिएन । नेकपाको सोमबार सम्पन्न जिल्ला कमिटी बैठकले सातवटै गाउँ/नगरपालिकास्तरीय कमिटीको एकता टुंगो लगाएको हो । बैठकले ४५ सदस्य सचिवालय र २२ विभागको समेत गठन गरेको छ । अध्यक्ष ढकबीर रानाले गाउँ/नगरको कमिटी टुंगोसँगै पालिकास्तरीय पार्टी इन्चार्जको लागि सैद्धान्तिक सहमति बनेको बताए । उनका अनुसार भेरी नगरपालिकाको अध्यक्षमा मुकुन्द शर्मा, सचिवमा ललित विक, नलगाड नगरपालिकाको अध्यक्षमा गणेशबहादुर सिंह, सचिवमा जनक शाही, छेडागाड नगरपालिकाको अध्यक्षमा जयराम शर्मा र सचिवमा प्रेमबहादुर खत्री चयन भएका छन् ।

त्यस्तै बारेकोटको अध्यक्षमा हरिबहादुर थापा, सचिवमा भक्तबहादुर बस्नेत, कुशेको अध्यक्षमा गुम्मबहादुर सिंह, सचिवमा नरबहादुर मल्ल, जुनीचाँदेको अध्यक्षमा जयबहादुर घर्ती, सचिवमा गणेश उपाध्याय, शिवालय गाउँपालिकाको अध्यक्षमा रंगनाथ योगी र सचिवमा गोविन्द घर्ती चयन भएका छन् । अध्यक्ष रानाका अनुसार नेकपाको जिल्ला कमिटी १ सय ३५ सदस्यीय बनेको छ ।

गाँजा नष्ट, संलग्नलाई उन्मुक्ति

जाजरकोट (कास)- जिल्ला प्रहरी कार्यालयले मातहतका प्रहरी एकाइ परिचालन गरी बर्सेनि गाँजा नष्ट गर्दै आएको छ । तर खेतीमा संलग्नलाई उन्मुक्ति दिँदा ग्रामीण क्षेत्रमा गाँजाखेती मौलाउँदै गएको छ । प्रहरीकै सक्रियतामा नलगाड नगरपालिका र बारेकोट गाउँपालिकामा लगाएको २ रोपनीको गाँजाखेती नष्ट गरियो । तर खेतीमा संलग्न पक्राउ परेनन् । गाँजाको बोटबाट चरेस बनाएर अवैध रुपमा बिक्री गर्ने क्रम बढ्दै गएको प्रहरी निरीक्षक केशर कार्की बताउँछन् । 'पहिलोपटक खेती गरिएको भेटिए सामान्य चेतावनीमा छाड्ने गरिएको छ,' उनले भने, 'दोस्रोपटक खेती गरेको भेटिए कानुनी कारबाहीको दायरामा ल्याउँछौं ।' प्रहरीले गत बारेकोटको बूढागाउँ, ध्यारगाउँ, रोकायगाउँ, नलगाडको चावलेचौर, टट्टा, करुवालगायत गाउँमा पुगेर झन्डै सय रोपनीमा लगाइएको गाँजा नष्ट गरेको थियो ।

मैत्रीपूर्ण ब्याडमिन्टन

रुकुम पश्चिम (कास)- मुसीकोटमा आयोजना गरिएको मैत्रीपूर्ण ब्याडमिन्टन प्रतियोगितामा सिनियरतर्फ सुनिल शाह र सुमन मल्ल तथा जुनियरतर्फ पशुपति केसी र भुवन सोनीको जोडी विजयी बनेको छ । जिल्ला ब्याडमिन्टन संघले आयोजना गरेको प्रतियोगितामा सिनियरतर्फ १० र जुनियरतर्फ १३ टिमले सहभागिता जनाएका थिए । सिनियरतर्फ धनसिंह केसी र खिम केसीको जोडीलाई हराएर शाह र मल्ल विजयी बनेका हुन् । फाइलनमा २-० को सोझो सेटमा हराएर उनीहरूले प्रथम भएको संघले जनाएको छ । जुनियरतर्फ मोहनसिङ बोहरा र सन्तोषकुमार थापाको जोडीलाई हराएर केसी र सोनी पहिलो बने । उनीहरूले पनि २-० कै सोझो सेटमा बोहरा र थापालाई हराएका थिए । दिपावलीको अवसरमा मैत्रीपूर्ण प्रतियोगिता आयोजना गरेको संघका अध्यक्ष अनिल बुढाले बताए । विजयी खेलाडीलाई खसी उपहार दिइएको उनले जानकारी दिए ।

ग्रामीण उद्यम

भैंसीपालनसँगै तरकारी र घाँस खेती

'आम्दानी बढ्दै गएपछि द्वन्द्वको दुःख बिर्सँदै गएका छौं, आफ्नै व्यवसायले आत्मसन्तुष्टि दिएको छ'

■ **विप्लव महर्जन** (सल्यान)
हरि गौतम (रुकुम पश्चिम)

सल्यानको बन्गाडकुपिण्डे नगरपालिका १, सल्लीबजारमा व्यावसायिक भैंसीपालन गरिरहेकी पूर्वलडाकु सुनीता बुढा घाँस हाल्दै (माथि) र रुकुम पश्चिमको मुसीकोट नगरपालिका ५, डाँडाखेतमा सञ्चालित हिमालयन सिस्ने पाउडर उद्योगमा प्याकेजिङ गर्दिँदै ।

तस्बिर : विप्लव, हरि/कान्तिपुर

कुमाख गाउँपालिका २, खारखोलाका यमबहादुर बुढा र पत्नी सुनीताको दैनिकी भैंसीको स्याहारमै बित्छ । बन्गाडकुपिण्डे नगरपालिका १, सल्लीबजारमा भैंसीपालन गर्दै आएका उनीहरू पूर्वलडाकु पनि हुन् । सेना समायोजनाका क्रममा अयोग्य घोषित भएका उनीहरू २ वर्षदेखि व्यावसायिक भैंसीपालनमा रमाइरहेका छन् ।

उनीहरू बिहान सबेरैदेखि राति अबेरसम्म गोठमा व्यस्त हुन्छन् । भैंसीलाई घाँस तथा दानापानी खुवाउने, गोठ सफा गर्ने, दूध दुहुनेलगायत कामले बुढा दम्पतीलाई एकछिन् पनि फुर्सद हुँदैन । उनीहरूको गोठमा साना ठूला ६ भैंसी छन् । यही व्यवसायबाटै उनीहरूको घर र छोराछोरीको पढाइ खर्च चलिरहेको छ । भैंसीपालनबाट मासिक ३५ हजार रुपैयाँसम्म आम्दानी गर्दै आएको बुढाले बताए ।

भैंसीपालनसँगै बुढा दम्पतीले ३ रोपनी भाडामा लिएर तरकारी तथा घाँसखेती गरिरहेका छन् । तरकारीबाट न्यूनतम मासिक ८ हजार रुपैयाँ कमाइ भइरहेको बुढाको भनाइ छ । बजारमा दूधको माग र भाउ बढ्दै गएपछि उनीहरू भैंसीपालन गर्ने निर्णयमा पुगेका हुन् । स्थानीय बजारमा ८० रुपैयाँ प्रतिलिटर दूध बिक्री भइरहेको छ । बुढाले दैनिक १२ लिटर दूध बिक्री गर्दै आइरहेको जानकारी दिए । 'बजारको माग पुऱ्याउनै गाह्रो छ,' उनले भने, 'क्रमश: व्यवयाय विस्तार गरिरहेका छौं, सबै भैंसीले दूध दिन थालेपछि आम्दानी दोब्बर हुने अपेक्षा छ ।'

बुढाले केही समय सार्वजनिक गाडीमा सह-चालकको कामसमेत गरे । दुर्घटनामा खुट्टा भाँचिएपछि भैंसीपालनमा लागेका बुढाको भनाइ छ । 'यही आम्दानीले ५ जनाको परिवार सहजै पाल्न सकिएको छ,' उनले भने, 'आम्दानी बढ्दै गएपछि द्वन्द्वको दुःख बिर्सँदै गएका छौं, आफ्नै व्यवसायले आत्मसन्तुष्टि दिएको छ ।' दूधको माग बढेपछि छिट्टै उन्नत जातका दुई भैंसी थप्ने निर्णयमा पुगेको बुढा बताउँछन् ।

२०५४ मा तत्कालीन माओवादीमा आबद्ध भएका बुढा ०५७ मा अखिल क्रान्तिकारीको जिल्ला सहसचिव बने । २०५७ मा माओवादी सैन्य विभागमा छिरेकी सुनीतासँग उनको पार्टी कामकाजकै सिलसिलामा चिनजान भयो । द्वन्द्वकै समयमा प्रेम बस्यो र उनीहरूले पार्टीकै स्वीकृतिमा विवाह गरे । खारा आक्रमणका क्रममा बुढा घाइते भइन् । उनको शरीरमा अहिले पनि गोलीको छर्रा बाँकी छ । 'छर्राकै कारण बेला-बेला विभिन्न स्वास्थ्य समस्या देखिने गरेका छन्,' बुढाले गुनासो गरिन्, 'आर्थिक समस्याका कारण अझै छर्रा फाल्न सकिएको छैन ।'

भैंसीपालन गरेको छोटो समयमै आर्थिक अवस्थामा सुधार आएको बुढाले बताइन् । 'ज्यानकै बाजी लगाएर युद्ध लडियो, पछि न सरकारले हेऱ्यो न पार्टीले,' उनले भनिन्, 'सानो भए पनि आफ्नै व्यवसाय गर्नुपर्छ भनेर भैंसीपालनमा लागेका हौं ।' उनले क्रमश: कृषि फार्मलाई वृद्धि गर्दै लैजाने योजना रहेको सुनाइन् । फेरिएको जीवनशैली देखेर आसपासका युवासमेत कृषि व्यवसायमा संलग्न हुन थालेको उनी बताउँछन् ।

गाउँका युवा रोजगारीका लागि विदेश जाँदा मन कुँडिने उनको भनाइ छ । 'गर्न सके आफ्नै गाउँमा व्यवसाय गरी राम्रो आम्दानी गर्न सकिन्छ,' उनले भनिन्, 'आफ्नै व्यवसायले छोराछोरीको पढाइ र घरखर्च मजाले टरेको छ, मासिक बचतसमेत बढिरहेको छ ।'

सिस्नो बेचेर आम्दानी

रुकुम पश्चिमको मुसीकोट नगरपालिका ७, खालबोटकी मीना बुढाले कहिलेकाहीं घर वरपरको सिस्ने टिपेर तरकारी पकाएर आफू खान्थिन्, परिवारका अरू सदस्यलाई खुवाउँथिन् । सिस्नो बढ्यो भने दुहुनो भैंसीलाई पनि खुवाउँथिन् । नत्र उनको घर वरपर, काल्ना र बारीको सिस्नो खेरै जान्थ्यो ।

अब उनको घर वरपरको सिस्ने खेर नजाने भएको छ । यसअघि हरियो सिस्नोको तरकारी र बढेको सिस्नो भैंसीलाई घाँसका रूपमा खुवाउँदै मुसीकोट नगरपालिका ६ का प्रकाश बुढाले पनि अब सिस्नो खेर जान नदिने भएका छन् । उनीहरू मात्र होइन, मुसीकोट नगरपालिका ६, ७ र ८ वडाका बासिन्दाले हरियो सिस्नो बिक्री गर्न थालेका छन् । यसअघि खेर गइरहेको सिस्नो धमाधम बिक्री हुन थालेपछि उनीहरूले घर वरपरको सिस्नोलाई आम्दानीको स्रोत बनाउन थालेका छन् । मीनाले ४५ र प्रकाशले २४ किलो बढी हरियो सिस्नो बिक्री गरिसकेका छन् । उनीहरू थप सिस्नो बिक्रीको तयारीमा छन् । सिस्नो पाउडर बनाउने उद्योग स्थापना भएपछि स्थानीयले आम्दानी गर्न थालेका हुन् । उनीहरूले प्रतिकिलो २० रुपैयाँमा हरियो सिस्नोका मुन्टा बिक्री गरिरहेका छन् । मुसीकोट नगरपालिका ५, डाँडाखेतमा हिमालयन सिस्नो पाउडर उद्योग सञ्चालनमा आएपछि स्थानीयको आम्दानी बढेको हो । उद्योगले सिस्नोको पाउडर (धूलो) बनाउन सुरु गरेको छ । हिमालय बहुसेवा प्रालिले २२ लाख रुपैयाँमा उद्योग सञ्चालनमा गरेको हो । उद्योगका लागि डिभिजन वन कार्यालयको १० लाख रुपैयाँ अनुदान दिएको छ ।

उद्योगका अध्यक्ष सुन्दर शर्माले पहाडमा प्रशस्त पाइने र खेर गइरहेको सिस्नोको पाउडर बनाएर जिल्लाबाहिर पठाउने तयारी भइरहेको बताए । 'सिस्नो भिटामिनयुक्त तरकारी हो, पहाडमा खेर गइरहे पनि तराईमा यसको माग बढिरहेको छ,' उनले भने, 'त्यसैले सिस्नो पाउडर उद्योग सञ्चालनमा ल्याएका हौं ।' उनले अहिलेसम्म ३ सय ५० किलो हरियो सिस्नोको पाउडर तयार पारिसकेको बताए ।

वार्षिक ५ हजार किलो पाउडर उत्पादन गर्ने लक्ष्यका साथ उद्योग सञ्चालन गरिएको छ । हरियो सिस्नो खरिदका लागि उद्योगले मुसीकोट नगरपालिकाका ६, ७ र ८ वडामा आठ समूह बनाएको छ । हरेक समूह र समूहका सदस्यले सिस्नो बिक्रीका लागि ल्याउने गरेका छन् । अहिले सिस्नोको धूलो प्रतिकिलो ५ सय रुपैयाँका दरले सिस्नोको पाउडर बिक्री गर्ने तयारी भइरहेको छ । परीक्षणपछि भखैरै पाउडर उत्पादन भएकाले प्याकेजिङ सकेपछि बिक्री गरिने शर्माले जानकारी दिए । उनका अनुसार दाङ, सुर्खेत, धनगढी, नेपालगन्ज र काठमाडौं पठाउने गरी योजना बनाइएको छ ।

भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७६/०७७ को लागी निम्न नेपालगञ्जका कलेजहरुमा तल उल्लेखित कार्यक्रमहरुमा भर्ना खुल्यो ।

सि.नं.	संस्थाको नाम र ठेगाना	कार्यक्रम	वर्ष	सम्पर्क फोन नं.
१.	कैलपाल हस्पिटल एण्ड कलेज, नेपालगञ्ज–१०, बाँके	PCL in Radiography	३ वर्षे	०८१-५२१०१७ ०८१-५२६२७५ ९८५८०२४६४८
		PLC in Lab Technician	३ वर्षे	
		TSLC Computer Engineers	१८ महिने	
२.	कलेज अफ अलाईड टेक्निकल साईन्स, नेपालगञ्ज, बाँके	Civil Engineers	३ वर्षे	०८१-५२७५४६ ०८१-५२८२६० ९८४८०३३०६६ ९८४८०९१०३७
		PCL in lab Technician	३ वर्षे	
		Amin	१८ महिने	
		Civil-Sub Oversees	१८ महिने	
		Lab Assistant	१८ महिने	

फारम बुझ्काउने अन्तिम मिति : २०७६ कात्तिक १७ गते सम्म ।

प्रवेश परीक्षा मिति (प्रमाणपत्र तह): २०७६ कात्तिक २३ गते बिहन ८:०० बजे

TSLC तह : २०७६ कात्तिक २३ गते दिउँसो २:०० बजे

शैक्षिक योग्यता:

प्रमाणपत्र तह : SEE परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा C ग्रेड प्राप्त गरी GPA न्यूनतम २ प्राप्त गरेको ।

TSLC तह : SEE परीक्षामा न्यूनतम E ग्रेड प्राप्त गरेको ।

नोट : शनिवार पनि कार्यालय खुला रहने छ ।

पुल निर्माण अलपत्र

कान्तिपुर संवाददाता (सल्यान)

सल्यानको शारदा नगरपालिकास्थित शान्तिनगर र रेशमज्युला जोड्नेगरी शारदा खोलामा निर्माणाधीन पक्की पुल । *तस्बिर : विप्लव/कान्तिपुर*

शारदा नगरपालिका १, शान्तिनगर र वडा १३ को स्यानीखाल जोड्न शारदा खोलामा निर्माणाधीन पक्की पुल अलपत्र परेको छ । खोलाको बीचमा रहेको बिजुलीको तार हटाउन नसक्दा पुल निर्माणको काम अलपत्र परेको हो ।

पुल निर्माणमा ढिलाइ हुँदा शान्तिनगरदेखि स्यानीखालसम्म यातायातका साधन सञ्चालनमा समस्या भएको छ । गत वर्षको माघबाट पुल निर्माणको काम सुरु गरिएको थियो । तीन पिलर राखेर ५० मिटर लम्बाइको पुल निर्माण गर्न थालिएको हो । अहिलेसम्म एउटा मात्र पिलरको काम सकिएको छ । वर्षा लागेको भन्दै ठेकेदारले पुल निर्माणको काम असारमा रोकेका थिए । स्थानीय सुन्दर नेपालीका अनुसार ठेकेदार कम्पनी काममा नफर्कंदा पुल निर्माणको काम अलपत्र परेको हो ।

स्टिमेटअनुसार समयमै काम भएको भए २ पिलर निर्माणको काम सकिनुपर्ने उनको भनाइ छ । 'पुलको काममा भएको ढिलाइका कारण बर्खाको भेलमा पनि रेशमज्युलाका स्थानीयलाई जोखिम उठाई खोला वारपार गर्नुपर्ने बाध्यता छ,' उनले भने, 'ठेकेदारले गरेको ढिलाइले समयमै काम सम्पन्न हुनेमा आशंका देखिएको छ ।' शान्तिनगर र रेशमज्युला जोड्ने पक्की पुल बनाउनसके बाह्रैमहिना यातायात सञ्चालन हुने र आसपासका दर्जन गाउँका स्थानीयलाई सुविधा पुग्ने उनको भनाइ छ । स्थानीय वीरबहादुर बुढाथोकीका अनुसार पुल निर्माण नहुँदा सर्वसाधारणलाई लान्ती हुँदै सदरमुकाम जानुपर्ने बाध्यता छ । 'पुल भए गाउँबाटै सदरमुकामसम्म गाडीमै पुग्न सकिन्थ्यो,' उनले भने । खोलामा पानीको बहाव बढेपछि यातायातका साधन श्रीनगर र शान्तिनगरमा रोकेर पैदल यात्रा गर्नुपर्ने बाध्यता रहेको उनले गुनासो गरे ।

करिब ९ मिटर चौडाइको ५० मिटर लामो पुल निर्माणाधीन अवस्थामा छ । कर्णाली प्रदेश सरकार र शारदा नगरपालिकाको ३ करोडमा पुल निर्माणको काम थालिएको हो । २०७५ माघ २० गते सम्झौता भएको पुल २०७८ जेठमा पूरा गर्नेगरी ठेकेदार कम्पनीलाई जिम्मा दिइएको छ । पुल निर्माणको जिम्मा लिएको गौरीपार्वती/जुद्ध एन्ड पूर्ण जेभीका ठेकेदार पूर्ण भण्डारीले शारदा खोलाको बिजुलीको लाइनका कारण समस्या भएको बताए । शारदा नगरपालिकाका इन्जिनियर भरत बुढाथोकीले वर्षाका कारण पुल निर्माणको काम रोकिएको बताए । 'वर्षा सुरु भएपछि काम रोकिएको हो, वर्षा सकिनबित्तिकै चाडपर्व सुरु भएकाले निर्माणको कामले गति लिन नसकेको हो,' उनले भने ।

सूचनाको हक कार्यान्वयनको प्रतिबद्धता

डोल्पा (कास)- स्थानीय तहका जनप्रतिनिधि, सरकारी कार्यालय र अन्य सरोकारवालाले सूचनाको हक कार्यान्वयनको प्रतिबद्धता गरेका छन् । जिल्ला प्रशासन कार्यालय डोल्पाको संयोजनमा राष्ट्रिय सूचना आयोगले दुनैमा आयोजना गरेको अन्तर्क्रियामा सूचनाको हक कार्यान्वयनको प्रतिबद्धता जनाइएको हो ।

जिल्लाका सार्वजनिक निकायले नियमित सार्वजनिक गर्नुपर्ने सूचना प्रकाशन गर्ने र सूचना माग भइ आए सूचना प्रवाह गर्ने प्रतिबद्धता जनाएका हुन् । नागरिक समाजका अगुवा शेरबहादुर बुढाले सूचना दिने र लिने पक्षबीच गरिएको अन्तर्क्रियाले सूचनाको हकबारेको कानुनी व्यवस्थाबारे सुसूचित बनाएको बताए । सूचनाको हकबारे समुदायस्तरमै अभियान सञ्चालन गर्न जरुरी रहेको मिसन नेपालका अध्यक्ष ओमेन्द्र केसीले बताए । 'अधिकांश नागरिक सूचनाको हकसम्बन्धी व्यवस्थाबारे बेखबर छन्,' उनले भने ।





तपाईको आज

मेष	भाग्य वृद्धि	तुला	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पुण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रशन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानि	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पूर्ण

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कात्तिक ६ गते बुधबार तदनुरुप २३ अक्टोबर २०१९ कार्तिक कृष्णपक्ष दशमी तिथि रात्रिको ९:१४ बजेसम्म उप्रान्त एकादशी तिथी, अश्लेषा नक्षत्र दिनको १२:२३ बजेसम्म उप्रान्त मघा नक्षत्र, शुभ योगा दिनको ०३:१३ बजेसम्म उप्रान्त शुक्ल योग, वणिज करण प्रात: १०:२० बजेसम्म उप्रान्त भद्रा करण, कर्कट राशिमा चन्द्रमा दिनको १२:२३ बजेसम्म उप्रान्त सिंह राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	फायरसाइड (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	सुमनसञ्जा (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	नेपाल स्पेल बी (रिपिट)
१:३०	रजतपट (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	चु एण्ड आई (रिपिट)
३:००	फायरसाइड (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	मनी टक्स (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	सरोकार
१०:००	मनी टक्स (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोटेड
१:००	कान्तिपुर न्युज रिपोटेड
१:३०	मनी टक्स (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर (रिपिट)
४:००	सरोकार (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
७:३०	कानुनी बहस र परामर्श (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	मेरो जब करिअर कनेक्ट (धलिसा)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	मनका कुरा
१२:००	कान्तिपुर डायरी
१२:१०	फिल्मी परेड (दीपकराज गिरी)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (दिपाञ्जली)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (दिपाञ्जली)
१५:००	कान्तिपुर डायरी
१५:१५	नेपालय (रश्मिला)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	कान्तिपुर मञ्च (महेश)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	हेल्थ हटलाइन (कमला)
१८:३०	कान्तिपुर डायरी
१९:००	कनेक्ट (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	ओल्डी ओल्डी (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	कालजयी गीत संगीत (अुपेन्द्र)
२३:००	पुराना हिन्दी गीतहरू (दृष्टि अर्याल)
००:००	फिल्मी परेड (रिपिट)
०१:००	कालजयी गीत संगीत (रिपिट)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३५०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२१९९९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१२४८
जिल्ला प्रशासन कार्यालय	५२१४२०

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१९५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१४८०
जिल्ला प्रशासन कार्यालय	५२१९०१
टीकापुर अस्पताल	५४०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१९९९
रेडक्रस एम्बुलेन्स	५२१२५८/५२३४८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२१९०१/५२२४०६
जिल्ला प्रहरी कार्यालय	१००/५२१२००

डोटी

सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८४८४४०१९१/४२०२०४
जिल्ला अस्पताल	४२००१९
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५५४०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१९९

जाजरकोट

जिल्ला प्रहरी कार्यालय-	०८९-४३०१३९, ९८५८०४५५५५
अस्पताल-	०८९४३०१८८
एम्बुलेन्स	९८१५५०४३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८४६००२८४९

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००१३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००८५
एम्बुलेन्स	९८४८९४९६६६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५,९८५८०५५५५५
अस्पताल	०८९-४१०१२७
एम्बुलेन्स	०८९-४१०४८५, ९८४८०१६५६८२

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०१८७
जिल्ला अस्पताल	०८८५३०२४७, ०८८५३०१५५
एम्बुलेन्स	९८०८५८५८५५

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००९९
अस्पताल	०८७-४८००२४
विमानस्थल	९८५१०७३०५९

डोल्पा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९९
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३०९६६६

सल्यान

प्रहरी

नेपाल-भारतका कोच युवा सम्मेलन

'समुदायको विकासमा रणनीतिक योजना आवश्यक'

कान्तिपुर संवाददाता (बिर्तामोड)

नेपाल र भारतमा बसोबास गर्ने कोच समुदायको विकासका लागि रणनीतिक योजना आवश्यक रहेको दुवै देशका युवाहरूले निष्कर्ष निकालेका छन्। झापाको बिर्तामोडमा कार्तिक २-३ गते भएको 'अन्तर्राष्ट्रिय कोच सांस्कृतिक युवा सम्मेलन' का सहभागीले कुनै एउटा विषयको विकासले मात्र समग्र समुदायको उत्थान नहुने ठहर गरेका छन्।

उनीहरूले दुवै देशमा कोच समुदायको समस्या समान भएकाले समुदायको विकास र उत्थानका लागि मिलेर अघि बढ्नुको विकल्प नरहेको समेत निष्कर्ष निकालेका छन्। आआफ्नो राज्य प्रशासनमा कोच समुदायको सांस्कृतिक, आर्थिक, सामाजिक, शैक्षिकलगायत समस्याबारे अवगत गराउनु अहिलेको आवश्यकता भएको सम्मेलनको ठहर छ।

पूर्वी नेपालमा बसोबास गर्ने राजवंशी, ताजपुरिया, गनगाई, माझी, सन्थाललगायत जातजाति कोच समुदायअन्तर्गत पर्दछन्। यो समुदायको बसोबास झापा, मोरङ र सुनसरीमा ठूलो संख्यामा छ। भारतको पश्चिम बंगाल, बिहार, असामलगायतका राज्यमा कोच समुदायको बसोबास रहेको पाइन्छ। सम्मेलनमा मेची क्याम्पस भद्रपुरकी प्राध्यापक निता राजवंशीले कोच समुदायको अवस्थाबारे धारणा राखेकी थिइन्। कोच नायिका विनोता बर्मनले युवा एकता नै विकासको पहिलो खुट्किलो भएको बताइन्।

कोच राजवंशी गाभुर संघ उत्तर दिनाजपुर पश्चिम बंगालका महासचिव मोहनलाल सिंहले कोच समुदाय राज्यको बेवास्तामा परेको गुनासो गरे। 'एउटा इतिहास बोकेको समुदायको संरक्षण गर्ने जिम्मेवारी राज्यको हो। तर, दुवै देशले त्यसो गरेनन' उनले भने, 'यहाँबाट पाठ सिकेर हामीले आफ्नो समुदायका लागि केही गर्नुको विकल्प छैन।'

'कोच समुदाय सबै हिसाबले राज्य संयन्त्रबाट टाढिएको अवस्थामा छ। आफ्नै भाषा, कला, साहित्य, संस्कृतिले पूर्ण यो समुदायको विकास र जगेर्ना गर्नु राज्यको पनि दायित्व हो। त्यसैले राज्यको ध्यानाकर्षणका लागि नेपाल-भारतका कोच युवाहरू एकठ्ठा भएका हौं,' कोचिला गाभुर फ्रन्ट नेपालका अध्यक्ष अभय राजवंशीले भने। राष्ट्र अलग भए पनि रहनसहन, संस्कार संस्कृति र सामाजिक समस्याहरू दुवै देशका कोच समुदायको एकै भएको उनले बताए। उनले विगतमा समुदायका अगुवाहरूले गर्न छुटाएको पहल र नेतृत्व भावी दिनमा संयुक्त रूपमा गर्नका लागि कोच युवा सम्मेलन लाभदायी भएको दाबी गरे।

सम्मेलन कोचिला गाभुर फ्रन्ट नेपालले आयोजना गरेको थियो। सम्मेलनमा नर्थ बंगाल इण्डिक कल्चरल वेलफेयर, कोच राजवंशी गाभुर संघ उत्तर दिनाजपुर पश्चिम बंगाल, इबोङ आमार एन्जेओ भारत, राजवंशी विकास समिति बिहार, सिलिउड सिने क्रिएसन भारत, अनुरोध फाउन्डेसन मोरङ र कोचिला गाभुर फ्रन्टका झापा र मोरङका विभिन्न गाउँ/नगर समितिका गरी १५ वटा संस्थाका २ सय ५० बढी युवाको सहभागिता थियो।

प्राथमिक तहमा विद्यार्थी घट्दै

विद्यार्थी नभएपै अधिकांश प्रावि बन्द हुने अवस्थामा छन् । कति त मर्ज भइसके । सामुदायिकमा प्रविधिमैत्री पठनपाठन, बहुभाषा शिक्षण र शिक्षक नहुँदा अभिभावक आफ्ना बालबच्चालाई संस्थागत विद्यालयमा भर्ना गरिरहेका छन् ।

विप्लव महर्जन (सल्यान)

सल्यानको कालीमाटी-१ स्थित कालिका प्राथमिक विद्यालयको कक्षाकोठामा विद्यार्थी । विद्यालयमा ५ जना विद्यार्थी मात्र छन् ।

तस्बिर : विप्लव/कान्तिपुर

शारदा नगरपालिका-५, तल्लोमार्केस्थित जनकल्याण प्राविमा तीन शिक्षक र एक बालविकास सहयोगी छन्। विद्यार्थी संख्या भने ११ मात्र छ। कालीमाटी गाउँपालिका-१, हिङबेरेस्थित प्राविको हालत पनि उस्तै छ। ३ कक्षासम्म सञ्चालित विद्यालयमा जम्मा पाँच विद्यार्थी छन्।

सरकारले सामुदायिक विद्यालयको गुणस्तर वृद्धिमा ध्यान नदिँदा विद्यार्थी संख्या बर्सेनि घटिरहेको छ। प्रायजसो अभिभावकले बालबालिकालाई आधारभूत तह निजी विद्यालयमै पढाउँछन्। माध्यमिक तहमा पुगेपछि भने केहीले सामुदायिकमै ल्याउँछन्। प्रविधिमैत्री पठनपाठन, बहुभाषा शिक्षण र शिक्षक नहुनु, परम्परागत शैलीको पढाइजस्ता कारणले प्राथमिक तहमा विद्यार्थी घटिरहेको शिक्षासेवी डिल्लीबहादुर भण्डारी बताउँछन्। उनका अनुसार विद्यार्थी नभएपै अधिकांश विद्यालय बन्द हुने अवस्थामा छन्।

बागचौर नगरपालिका-२, चिल्ढालेको भानुभक्त आधारभूत विद्यालयमा बालशिक्षाका सहित १८ विद्यार्थी छन्। एक शिक्षक र बालविकास सहयोगीको दरबन्दी रहेको विद्यालयमा विद्यार्थी घटेको भन्दै नगरपालिकाले शिक्षक सरुवा गरेको छ। विद्यालयलाई शिशु कक्षामा सीमित गर्ने नगरपालिकाको योजना छ।

स्थानीय सरकारले सामुदायिक विद्यालयको विकास र निगरानी गर्न नसकेको शिक्षासेवी भण्डारीको आरोप छ। जिल्लाका ५ सय ४ सामुदायिक विद्यालयमध्ये ७१ माध्यमिक, ८७ आधारभूत र २ सय ८७ प्राथमिक तहका छन्। जिल्लाभर संस्थागत विद्यालयको संख्या ४९ छ। सामुदायिकमा विद्यार्थी संख्या घट्दै गए पनि संस्थागत विद्यालय मौलाउँदै गएको उनले बताए।

जिल्लामा सामुदायिकका प्राथमिक तहमा ०७४ मा ३९ हजार ७ सय ८७ विद्यार्थी थिए। ०७५ मा घटेर ३२ हजार ९ सय १२ र चालु शैक्षिक सत्रमा ३० हजार ५ सय ९३ पुगेको छ। विद्यार्थी घटेका कारण यहाँका एक दर्जन विद्यालय मर्ज गरिएका छन्। तीन दर्जन विद्यालयको तह घटाइएको छ। करिब दर्जन विद्यालय बन्द गरिएको शिक्षा विकास तथा समन्वय एकाइले जनाएको छ।

सदरमुकामस्थित शारदा नगरपालिकामा ०७४ मा ३ हजार ९ सय ५ र २०७५ मा ३ हजार ७ सय १५ विद्यार्थी प्राविमा अध्ययनरत थिए। यस वर्ष ३ हजार ५ सय ४१ विद्यार्थी रहेको नगरले जनाएको छ। जिल्लाका १० स्थानीय तहमध्ये सबैभन्दा बढी शारदा नगरपालिकामा ५ हजार २ सय ५ र सबैभन्दा कम त्रिवेणी गाउँपालिकामा १ हजार ५ सय ५२ विद्यार्थी प्रावि तहमा छन्। सामुदायिकमा राजनीतिक चलखेल बढी हुँदा अहिलेसम्म दरबन्दी वितरण र समायोजन हुन सकेको छैन। शिक्षक राजनीति र अन्य काममा व्यस्त हुँदा पनि सामुदायिक विद्यालयको स्तर उक्सिन नसकेको स्थानीय अगुवा पूर्ण केसीको बुझाइ छ।

शारदा नगरपालिका-१०, मधनास्थित कालिका प्राविका प्रधानाध्यापक दीपक थापा विद्यार्थी नहुँदा बन्द भएको विद्यालय नगरपालिकाको सहयोगपछि पुनः सञ्चालनमा ल्याइएको बताउँछन्। कक्षा १ देखि ३ सम्म सञ्चालित विद्यालयमा २८ जना मात्र विद्यार्थी छन्।

स्थानीय तहले अस्थायी शिक्षक भर्ना गरे पनि अन्य व्यवस्थापनमा ध्यान नदिँदा आधारभूत तहको पढाइ कमजोर बन्दै गएको कालीमाटी गाउँपालिकाको काल्वेडाँडास्थित नेपाल राष्ट्रिय प्राविकी प्रधानाध्यापक लीला थापाले बताइन्। उनले शैक्षिक सामग्री र शिक्षक अभावमा प्राथमिक तहको पठनपाठन गुणस्तरीय बन्न नसकेको जनाइन्। ७ वर्षअघि करिब एक सय विद्यार्थी रहेको उनको विद्यालयमा यस वर्ष ४५ जना मात्र छन्। 'शिक्षक म एक्लै छु, बालबालिकालाई खेलाउने र पढाउने शैक्षिक सामग्री छैनन्,' उनले भनिन्, 'सबै कक्षामा नेपाली माध्यमबाट पठनपाठन भइरहेको छ।'

त्रिवेणी गाउँपालिकाका शिक्षा शाखा प्रमुख दलबहादुर रानाले आर्थिक अवस्था राम्रो भएका अभिभावकले बालबालिकालाई निजीमा पढाउने गरेका कारण सामुदायिक विद्यालय सुधार्न मुस्किल परिरहेको बताए। 'अधिकांश विद्यालयमा विद्यार्थी संख्या कम छ, जसकारण सरकारी अनुदान घट्दा शैक्षिक विकासमा पनि असर परिरहेको हो,' उनले भने, 'विद्यार्थी संख्याका आधारमा अनुदान वितरण गरिरहेका छौं, केही विद्यालयमा गुणस्तर बढिरहेको छ।'

शिक्षामा गरिएको लगानीका आधारमा तीन-चार वर्षपछि मात्र प्रभाव देखिने दार्मा गाउँपालिकाका शिक्षा शाखाप्रमुख रोम पाण्डे बताउँछन्। उनका अनुसार गाउँपालिकाले शिक्षा क्षेत्रमा योजना बनाई लगानी गरिरहेको छ। कालीमाटी गाउँपालिका अध्यक्ष दानबहादुर खत्रीले गुणस्तर बढाउन पूर्वाधार निर्माण, स्थानीय पाठ्यक्रम, डिजिटल हाजिरी, शैक्षिक सामग्रीमा लगानी बढाइएको बताए। शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख लालबहादुर घर्तीले संघीयतालले शिक्षामा ठूलो असर पारिरहेको बताए। 'यसअघि एकीकृत रूपमा जिल्लाभरि शैक्षिक विकासमा रकम विनियोजन हुन्थ्यो,' उनले भने, 'तर स्थानीय सरकारमार्फत आवश्यकताभन्दा पहुँचका आधारमा बजेट विनियोजन हुँदा दुरुपयोग बढिरहेको छ।'

एकाइका अनुसार जिल्लामा दरबन्दी अभावको समस्या कायमै छ। प्राथमिक तहमा १ हजार २ सय २० शिक्षक कार्यरत रहेको एकाइले जनाएको छ। त्यसमध्ये ५ सय ६२ स्थायी, ३ सय ५६ राहत र ३ सय २ अस्थायी शिक्षक छन्।

मूल्य सूची राख्न अटेरी

कान्तिपुर संवाददाता (विराटनगर)

वाणिज्य कार्यालयले विराटनगरका थानका कपडा पसलमा मूल्य सूची राख्न दिएको निर्देशन व्यवसायीले अटेर गरेका छन्। कार्यालयले विभिन्न नौ वटा कपडाका ठूला पसल सञ्चालकलाई मूल्य सूची राख्न तीन साताअघि निर्देशन दिएको थियो।

अनुगमनका क्रममा यहाँको रोनक इम्पोरियम पसलमा कपडाको मूल्य तलमाथि गरी उपभोक्ता ठगेको पाइएपछि वाणिज्य कार्यालयले अनिवार्य रूपमा मूल्य सूची राख्न निर्देशन दिएको थियो।

कार्यालयले रोनक इम्पोरियमसहित अम्बिका वस्त्रालय, दिनेश इम्पोरियम, जगदम्बा वस्त्रालय, वंशल इम्पोरियम, अम्बिका इम्पोरियम, नरायण स्टोर, कोसी वस्त्रालय र कावरा इम्पोरियमलाई तीन दिनभित्र मूल्य सूची राख्न निर्देशन दिएको वाणिज्य कार्यालयका निमित्त प्रमुख हिमाल बरालले बताए।

रेडिमेड कपडा र अन्य उपभोग्य वस्तुको मूल्य देखिन्छ। तर थानको कपडाको मूल्य देखिँदैन। यस्तोमा उपभोक्ता सक्कली र नक्कली सामानमा र मूल्यमा ठगिने गरेका छन्। बरालले भने, 'उपभोक्ता संरक्षण ऐनले हरेक वस्तुको मूल्य सूची राख्ने व्यवस्था गरेको छ। त्यसैका आधारमा कपडाका थानको कारोबार गर्ने पसललाई पनि मूल्य सूची राख्न निर्देशन गरिएको हो।' निर्देशनमा कपडाको खरिद र बिक्री मूल्य पनि राख्न भनिएको छ।

ऐनले व्यवस्था गरेकाले कपडा व्यवसायीले मूल्य सूची राख्ने पर्ने बरालको भनाइ छ। मोरङ व्यापार संघ र विराट व्यापार संघलाई पनि आफ्ना सदस्य व्यवसायीहरूलाई मूल्य सूची राख्न दबाब दिन आग्रह गरिएको उल्लेख गर्दै बरालले भने, 'अटेर गरे उपभोक्ता संरक्षण ऐनअन्तर्गत कारबाही हुन्छ।'

वाणिज्य कार्यालयले थान कपडाको मूल्य सूची राख्न दिएको निर्देशन पहिलो हो। विराटनगरबाहेक अन्य कुनै पनि सहरमा यस्तो निर्देशन नभएको बरालको भनाइ छ।

पोखराका 'वैज्ञानिक बा'

पोखराको पर्स्याङमा रहेको विज्ञान प्रयोगशालामा ८५ वर्षीय दीनबन्धु कोइराला ।

तस्बिर : दीपक/कान्तिपुर

दीपक परियार (पोखरा)

फराकिलो बाटोको छेवैमा पर्खालले घेरिएको सानो घरलाई बगैंचाले चिटिक्क पारिएको छ। दुईकोठे घरमा एक्लै बस्छन् ८५ वर्षीय वृद्ध दीनबन्धु कोइराला। गेटबाट छिर्नेबित्तिकै दाहिनेपट्टि टिनको टहरो छ। टहरोमा सिंगो सौर्य प्रणाली अटाइएको छ। ३० वर्षे सरकारी जागिर टुंग्याएका कोइराला अचेल समाजोपयोगी नौला कुरा खोजी गर्छन्।

पोखरा-५ पर्स्याङका स्थानीयले उनलाई बोलाउने नाम हो, 'वैज्ञानिक बा'। खेर गएका सामग्रीको प्रयोगबाट विभिन्न सामान बनाउँदा उनको घर एउटा प्रयोगशालाजस्तै छ। त्यहाँ छन् दृष्टिविहीनलाई उपयोगी सामग्री। दृष्टिविहीनले छामेर बुझ्न सक्ने सौर्य प्रणाली, तारामण्डल, विश्वको नक्सा र लेख्न मिल्ने सजिलो बोर्डलगायत गणितीय सामग्री उनका प्रयोगशालामा छन्। यी सबै उनी आफैंले बनाएका हुन्।

प्लाइउड, काठको धूलो, धागो, काठका टुक्रा, काँटी, कागज, फलाम र टिनलगायत सामान प्रयोग गरेर उनी दृष्टिविहीनका लागि शिक्षण सामग्री तयार पार्छन्। बनाएका सामान विभिन्न विद्यालयलाई दिन्छन्। विद्यार्थी ती सामान अवलोकन गर्न उनको घरैमा आइपुग्छन्।

सूर्यबाट विभिन्न ग्रह कति टाढा छन् भन्ने थाहा पाउन दृष्टिविहीनलाई सहयोगी हाते उपकरण पनि उनी आफैंले बनाए। ग्रहहरू सूर्यका वरिपरि अनुपातिक रूपमा घुमेको प्रक्रिया छामेर बुझ्ने गरी तयार पारिएको सामग्रीमा उनी घोत्लिन्छन् र भन्छन्, 'दृष्टिविहीनले यसलाई उपयोग गर्न सके शिक्षण प्रक्रिया सजिलो हुन्छ।' पृथ्वी आफ्नो कक्षमा घुम्दा कसरी उत्तरायण र दक्षिणायणको स्थिति पर्न आउँछ भन्ने बुझाउन तयार पारिएको बोर्ड, काठ र बाँसको टुक्राबाट बनाइएको अंग्रेजी लिपिका अंक, अक्षर टाँसिएको बोर्ड, छामेर हरफ सिधा लेख्न सकिने गरी बनाइएको बोर्डलगायत सामग्री उनले पोखराकै अमरसिंह नमुना माविलाई हस्तान्तरण गरेका छन्। अमरसिंहमा दृष्टिविहीन विद्यार्थीलाई उनले दुई वर्ष पढाए पनि।

पोखराका रैथाने उनले ०१७ मै एसएलसी उत्तीर्ण गरेका हुन्। तत्कालीन सोल्जर्स बोर्ड भोकेसनल हाइस्कुल (हालको अमरसिंह) बाट एसएलसी उत्तीर्ण गर्दा उनी २४ वर्षका थिए। घरैमा बुबासँग पढेकाले विद्यालय भर्ना हुन ढिला भएको उनी सुनाउँछन्। मेथ्लाङको भीरमा बाबियो काट्न जाँदा नाम्लो बिर्सिए बाबियोकै नाम्लो बनाएर घाँसको भारी बोकेर उनी फर्कन्थे। डोको, स्याँखु, घुम आफैं बनाउँथे।

एसएलसीपछि भूमि सुधारमा १० वर्ष जागिर खाए। लोक सेवा उत्तीर्ण गरी खाद्य संस्थानमा १८ वर्ष काम गरे। नायब सुब्बामा अवकाश लिए। ०४४/४५ सालतिर उनी स्याङ्जाबाट पोखरा फर्किँदै थिए। बसमा दृष्टिविहीन युवा उनीसँगैको सिटमा बसे। ती युवा बाटोमा गुड्ने बसको आवाज सुनेपछि कसैले एकपटक भनिदिएको नम्बर ठ्याक्कै मिलाउँथे। एकपल्ट चढेको बसको आवाज र सुनेको नम्बर उनलाई सम्झना हुन्थ्यो। अचम्मको खुबी देखेर चकित दीनबन्धुले उनलाई देख्ने भएको भए झनै तेजिलो हुन सक्ने प्रतिक्रिया दिए। ती युवकले भने, 'म मेरो अवस्थामा ठीक छु। आँखा देख्ने भएको भए झन् चोर, गुन्डा पो हुन्थें कि !'

दृष्टिविहीन युवकको वाक्यले दीनबन्धुको मन छोयो। उनी जस्तैका लागि केही गर्ने अठोट मनमनै लिए। पोखरा फर्किएर उनले उपयोगी सामग्री बनाउन लागे। उपकरण लगेर अमरसिंहमा दृष्टिविहीन विद्यार्थीलाई पढाउन उपयोग गरिहेरे। जागिरबाट ०५२ मा विश्राम लिएपछि उनको सक्रियता यसैमा झन बढ्यो। दृष्टिविहीनलाई मात्र नभई अरूलाई पनि उपयोगी हुने सामग्री बनाउन थाले। सामान उठाउने क्रेनको नमुना बनाए। इनारमा खसेको सामान निकाल्ने प्रविधि बनाए। काँक्रो चोरी हुनबाट बचाउने उपकरण बनाए। एक ठाउँमा अचेट्दा ५ वटा ढिकी र ४ वटै जाँतो चल्ने प्रविधि बनाए। 'म विज्ञान प्रदर्शनीहरूमा गएर हेर्थें,' उनले भने, 'त्योभन्दा राम्रो बनाउँछु भन्ने अठोट लिन्थें।'

उनले बनाएका उपकरण कामसँग पनि जोडिन्छन्। दृष्टिविहीनले काम गर्न मिल्ने साधन भए सडकमा बस्नुपर्ने अवस्था नआउने उनी बताउँछन्। सडकमा गीत गाइरहेका दृष्टिविहीन देखेपछि उनले किला ठोक्दा हातमा नलाग्ने प्रविधिको हयाम्मर बनाए। दृष्टिविहीनले सियोमा धागो उन्न मिल्ने मेसिन बनाए।





सन्दीप हन्ड्रेड बलमा
१ करोड ४७ लाखमा अनुबन्ध । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

महिला क्रिकेट लिग
शतकीय साझेदारी । १५

वर्ष २७ अंक २४२ गोदावरी | ५ कात्तिक २०७६ मंगलबार कार्तिक कृष्णपक्ष नवमी | नेपाल संवत् ११३९ | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, October 22, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

चर्चित चिनियाँ अभिनेत्री एवं नेपाल भ्रमण वर्ष २०२० का लागि सद्भावनादूत स्वी छिङ सोमबार अन्नपूर्ण आधार शिविरमा । नेपाल भ्रमण क्रममा पोखरामा रहँदा स्वीले प्याराग्लाइडिङ र फेवातालमा नौकाविहार गरिन् । उनले अन्य चिनियाँ कलाकारसहित फेरि नेपाल भ्रमण गर्ने बताएकी छन् । समाचार पृष्ठ ९ ।

तस्विर सौजन्य : हिमालय फ्रन्टियर्स प्यारागलाइडिङ

कुमार पौडेलबारे आयोगको निष्कर्ष

पक्रेर गोली प्रहार

- हत्यामा संलग्न प्रहरीलाई कारबाही र आदेश दिने अधिकारीमाथि छानबिनको निर्देशन
- चन्द समूहलाई वार्तामा ल्याई उसका गैरकानुनी गतिविधि नियन्त्रण गर्न सुझाव

■ **बलराम बानियाँ** (काठमाडौं)

मानव अधिकार आयोगले नेत्रविक्रम चन्द समूहका सर्लाही इन्चार्ज कुमार पौडेललाई प्रहरीले नियन्त्रणमा लिएर गोली हानी हत्या गरेको निष्कर्ष निकाल्दै संलग्नलाई कारबाही सिफारिस गरेको छ । आयोगले आदेश दिने उच्च प्रहरी अधिकारीमाथि पनि छानबिन गरी कारबाही गर्न सरकारलाई निर्देशन दिएको छ ।

प्रहरीको दाबीजस्तो दोहोरो भिडन्त वा आत्मरक्षाको स्थिति पुष्टि नभएको र घटनाको प्रकृति तथा संकलित प्रमाणसमेतबाट नियन्त्रणमा लिएर मारेको देखिएको आयोगले जनाएको छ । प्रहरीले पौडेललाई नियन्त्रणमा लिएपछि ९ राउन्ड गोली हानेको आयोगले उल्लेख गरेको छ । आयोग पदाधिकारीको सोमबार बसेको बैठकले आफ्नो छानबिन प्रतिवेदन आधारमा प्रत्यक्ष संलग्न तथा कमान्डरसमेत रहेका प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साह, प्रहरी हवल्दारद्वय श्रीविनोद साह र सत्यनारायण मिश्रलाई तत्काल निलम्बन गरी फौजदारी अभियोगमा मुद्दा चलाउन सरकारलाई सिफारिस गरेको छ ।

कुमार पौडेल

आयोगका सचिव वेद भट्टराईद्वारा सोमबार जारी विज्ञप्तिअनुसार प्रहरी निरीक्षक किरणप्रसाद न्यौपाने र प्रहरी नायब निरीक्षक सूर्यकुमार कार्कीलाई मुचुल्का गर्दा त्रुटि गरेकाले सचेत गराउन सरकार र नेपाल प्रहरीलाई सिफारिस गरिएको छ । आयोगले प्रहरीलाई निर्देशन दिने तालुक निकायका पदाधिकारी तथा कर्मचारी, आदेश दिने अधिकारी तथा दुरुत्साहन गर्ने व्यक्तिमाथि समेत अनुसन्धान गरी कानुनी दायरामा ल्याई कानुनबमोजिम कारबाही गर्न सिफारिस गरेको छ ।

बाँकी पृष्ठ १४ ▸▸

चन्द समूहका दुई सर्त

काठमाडौं (कास)- नेत्रविक्रम चन्द नेतृत्वको समूहले सरकारसँग वार्ताका लागि आफूमाथिको प्रतिबन्ध हटाउनुपर्ने र नेता-कार्यकर्तालाई निःसर्त रिहा गर्नुपर्ने सर्त अघि सारेको छ ।

चन्द समूहको गत असोजमा सम्पन्न आठौं पूर्ण बैठकले यस्तो निर्णय लिएको हो । तर बैठकले सरकारले अघि सारेको वार्ताको कुरा पत्यार गर्न लायक नभएको निष्कर्ष निकालेको छ ।

'सरकारले आफ्नो फाँसीवादी दमनलाई ढाकछोप गर्न 'वार्ता' को हतियार प्रयोग गरिरहेका सन्दर्भमा पार्टीले षड्यन्त्रपूर्ण वार्ता प्रचारलाई भन्डाफोर गर्ने तर इमानदारीसाथ प्रतिबन्ध हटाएर गिरफ्तार कमरेडहरूलाई छोडेर निःसर्त आएमा सकारात्मक रूपले सोच्ने निर्णय लिएको छ,' चन्दले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

बाँकी पृष्ठ १४ ▸▸

उतिबेलै गरिएको थियो सर्वस्वसहित जन्मकैद मागदाबी

■ **मातृका दाहाल** (काठमाडौं)

तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौला, गृहसचिव उमेश मैनाली र प्रहरी महानिरीक्षक ओमविक्रम राणाले रौतहट बम विस्फोट घटना र घाइतेका विषयमा आफूहरू जानकार नै नरहेको बताए पनि कांग्रेस सांसद मोहम्मद अफताब आलममाथि १२ वर्षअघि प्रहरीले नै सर्वस्वसहित जन्मकैद सजाय हुनुपर्ने मागदाबी गरेको खुलासा भएको छ ।

२०६४ चैत २७ गते राति विस्फोटमा घाइते भएकालाई इँटाभट्टामा लगेर मारिएको कसुरसम्बन्धी प्रहरीको अनुसन्धान प्रतिवेदनमा आलमसहितका आरोपितमाथि सर्वस्वसहित जन्मकैदको सजाय मागदाबी लिएर प्रहरी जिल्ला सरकारी वकिलको कार्यालय पुगेको पाइएको हो । 'बम विस्फोटमा घाइते भएकालाई इँटाभट्टामा लगेर मारेको अभियोगमा मुलुकी ऐन २०२० को महल-१० ज्यानसम्बन्धी कसुरको दफा १३क अनुसार आलममाथि सर्वस्वसहित जन्मकैद सजाय मागदाबी गरिएको थियो,' त्यसबेला प्रहरीले तयार पारेको प्रतिवेदन उल्लेख गर्दै स्रोतले भन्यो, 'तर प्रतिवेदन तथ्य र प्रमाणभन्दा बाहिर गएर बनाइएको तर्क गर्दै सरकारी वकिल कार्यालयले अदालतसम्म नपुऱ्याई अभियुक्तहरूलाई उन्मुक्ति दियो ।'

फाइल तस्बिर

तत्कालीन प्रहरी निरीक्षक (हाल नायब उपरीक्षक) रहेका राजीव बस्नेतको नेतृत्वमा घटनाको अनुसन्धान भएको थियो । अनुसन्धानका क्रममा प्रमाण संकलनमा थुप्रै कमीकमजोरी भए पनि अपराधमा संलग्नले उन्मुक्ति पाउनु हुँदैन भन्ने गरी त्यसबेला नै प्रतिवेदन तयार भएको हाल अनुसन्धानमै खटिएका एक प्रहरीले बताए । त्यसबेलाको प्रहरी प्रतिवेदनअनुसार मुद्दा नचलाई सरकारले आरोपितलाई उन्मुक्ति दिएको थियो । घटनाको १२ वर्षपछि गत असोज २६ गते मुख्य आरोपित आलम रौतहटबाटै पक्राउ परेका हुन् । उनलाई सुरुमा ७ दिन र आइतबार पुनः ५ दिन म्याद थप गरेर हिरासतमै राखिएको छ । प्रहरीसँगको बयानमा आलमले कसुर अस्वीकार गरिरहेका छन् । विस्फोट घटनामा भागेर बाँचेका एक पीडितको चोट तथा घाउ जाँच भइसकेको छ । उनको स्वास्थ्य परीक्षण प्रतिवेदन आएपछि अनुसन्धानलाई पूर्णता दिने प्रहरीको भनाइ छ । आलम जोडिएको घटनामा कसुर पुष्टि हुने आधार तयार भइसकेको उल्लेख गर्दै आलममाथि पोलिग्राफ बयान लिने तयारी भइरहेको स्रोतले जनायो ।

बाँकी पृष्ठ ३ ▸▸

२०६४ चैत २७ : विस्फोट
२०६५ वैशाख १४ : मुचुल्का
२०६५ वैशाख १४ : प्रहरी निरीक्षक राजीव बस्नेतको नेतृत्वमा अनुसन्धान सुरु
२०६५ वैशाख १८ : किटानी जाहेरी
२०६५ असार ९ : प्रहरी अनुसन्धान प्रतिवेदन रौतहट सरकारी वकिलको कार्यालयमा पेस (जुन प्रतिवेदनमा आलमसहितका आरोपितमाथि सर्वस्वसहित जन्मकैदको सजाय मागदाबी)
२०६५ असार ३० : महान्यायाधिवक्ता कार्यालयद्वारा आरोपितविरुद्ध मुद्दा नचल्ने निर्णय
२०६९ जेठ १६ : महान्यायाधिवक्ताको निर्णय सर्वोच्च अदालतद्वारा बदर, सुरुबाटै अनुसन्धान गर्न आदेश
२०७६ असोज २६ : विस्फोटका आरोपित आलम पक्राउ

नागढुंगा-सिस्नेखोला सुरुङमार्ग ४२ महिनामा बन्ने
पृष्ठ २

उकालो लाग्दै रूखबिरुवा

हिमाली क्षेत्रका वनस्पति तापक्रम वृद्धिका कारण ५६.१ मिटरमाथिसम्म फैलिएको पछिल्लो अनुसन्धानले देखाएको छ

■ **अब्दुल्लाह मिर्याँ** (काठमाडौं)

हिमाली क्षेत्रमा पाइने वनस्पतिका केही प्रजाति बर्सेनि माथिल्लो भूभागतर्फ उक्लिरहेको अध्ययनले देखाएको छ । चिसोले वनस्पति नै नहुने क्षेत्रमा पनि क्रमिक यसरी उक्लनेमा भोजपत्र र गोब्रेसल्लालगायतका वनस्पति छन् ।

विश्वमा हालसम्म भएका १ सय ६६ वटा अध्ययनले पनि वृक्षरेखा माथि सर्दै गएका वनस्पतिको प्रतिशत ५२ देखाएको छ । ४७ प्रतिशतको वृक्षरेखा फेरबदल भएको छैन, कतिपय वनस्पतिको वृक्षरेखा उस्तै नै छ । हिमाली क्षेत्रका केही वनस्पतिको हरेक वर्ष २.६ मिटरका दरले वृक्षरेखा माथि सर्दै गएको अनुसन्धानको निष्कर्ष छ । वनस्पति विज्ञहरूले नेपालको पूर्वदेखि पश्चिमसम्मका उच्च हिमाली क्षेत्रमा विभिन्न समयमा गरेको अध्ययनबाट भोजपत्र र गोब्रेसल्लाजस्ता वनस्पति माथितिर उकालो लागिरहेको तथ्य पत्ता लागेको हो । तापक्रम बढेर हिमाल, हिमताल र हिमनदी पग्लिने क्रम बढिरहेका बेला वनस्पतिका केही प्रजाति उपयुक्त चिसो खोज्दै मास्तिर उक्लिरहेका हुन् । यसको असर त्यहाँका वन्यजन्तु र जनजीवनमा समेत पर्ने विश्लेषकहरूको भनाइ छ । भोजपत्र र गोब्रेसल्लाबारे इन्स्टिच्युट अफ टिबेटेन प्लेटो रिसर्च, चाइनिज एकेडेमी अफ साइन्सेस, बेइजिङबाट विद्यावारिधि गरेर त्यहीं कार्यरत वनस्पति विज्ञ शालिकराम सिग्देलले वनस्पतिहरूको वृक्षरेखा (ट्री-लाइन) माथितिर स्थानान्तरण हुने क्रम बढिरहेको पाइएको बताए । 'मेरो अध्ययनले पश्चिमको तुलनामा पूर्वी हिमाली भागका वनस्पतिहरू माथितिर उकालो लागिरहेको देखाएको छ,' पर्वतीय क्षेत्रको परिवर्तनसम्बन्धी चौथो सम्मेलनमा भाग लिन काठमाडौं आएका उनले कान्तिपुरसित भने, 'विगतमा रूख नहुने स्थानमा अहिले दुई मिटरभन्दा बढी उचाइका रूख भेटिएका छन्, त्यसले माथिल्लो क्षेत्रमा वृक्षरेखा स्थापित भएको छ ।'

बाँकी पृष्ठ १४ ▸▸

स्थानीय तहका जनप्रतिनिधि रुष्ट

■ **अर्जुन शाह** (धनगढी)

सर्वोच्च अदालतले स्थानीय तहका जनप्रतिनिधिलाई पारिश्रमिक उपलब्ध गराउनु कानुनविपरीत भएको फैसला गरेपछि जनप्रतिनिधिहरू रुष्ट भएका छन् ।

'हामी स्थानीय तहका मात्रै किन ?, प्रदेश र संघका जनप्रतिनिधिहरूले पनि सुविधा नलिने भए ठीकै हो,' बाजुराको बडीमालिका नगरपालिकाका प्रमुख पदम बडुवालले भने, 'हामीलाई मात्र रोक लगाउनु न्यायोचित होइन ।' यसो गर्दा भ्रष्टाचार बढ्ने उनको अनुमान छ ।

प्रदेशसभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन २०७५' जारी गरेपछि स्थानीय तहका पदाधिकारीहरूले मासिक रूपमा पारिश्रमिक बुझ्दै आएका थिए । नगर तथा गाउँपालिकाका प्रमुख, अध्यक्ष, उपप्रमुख उपाध्यक्ष, वडाध्यक्ष र सदस्यहरूले मासिक पारिश्रमिक लिइरहेका थिए । जिल्ला समन्वय समितिका पदाधिकारीहरूले पनि सोही कानुनबमोजिम पारिश्रमिक सुविधा

'प्रदेशले कानुन निर्माण गर्ने बेलाको त्रुटिले अहिले अष्ठ्यारो पऱ्यो, भोकभोकै काम गर भन्नु न्यायोचित होइन'

लिइरहेका थिए । गाउँपालिका महासंघका सुदूरपश्चिम अध्यक्ष दुर्गादत्त ओझाले प्रदेशले कानुन बनाउने बेला नै त्रुटि गरेको औंल्याए । 'अर्कोतिर दैनिक काम गर्नुपर्ने सांसदहरूले मासिक पारिश्रमिक लिन हुने तर दैनिक कार्यालयमै उपस्थित भएर कार्यकारी रूपमा काम गर्नुपर्ने स्थानीय तहका पदाधिकारीले सेवा सुविधा लिन पाउँदैन भन्नु अव्यवहारिक हो,' डोटीको जोरायल गाउँपालिकाका अध्यक्षसमेत रहेका ओझाले भने, 'प्रदेश सरकारसमक्ष हामी कुरा गरिरहेका छौं । केही निकास आउला ।'

आन्तरिक मामिला तथा कानुन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई विपक्षी बनाइएको थियो । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासहित न्यायाधीशहरू दीपककुमार कार्की, केदारप्रसाद चालिसे, मीरा खड्का र हरिकृष्ण कार्कीको इजलासले गरेको फैसला गरेको हो । प्रदेश १ बाहेक अन्य सबै प्रदेशले यससम्बन्धी बनाएका कानुनहरू सर्वोच्चले खारेज गरेको छ । प्रदेश १ अरू प्रदेशले जारी गरेको कानुनमा सीधै पारिश्रमिक नभनी भ्रमण भत्ता, बैठक भत्ता, सञ्चार खर्चलगायत सुविधाका नाममा स्थानीय जनप्रतिनिधिलाई रकम सुविधा उपलब्ध हुने व्यवस्था गरिएको छ ।

डोटीकै आदर्श गाउँपालिकाका अध्यक्ष टेकबहादुर रोकायाले सर्वोच्च अदालतको फैसला सुनेर आफूहरू अचम्ममा परेको बताए । 'कि त सुरुदेखि नै नदिएको भए हुन्थ्यो,' उनले भने, 'बीचमा आएर एकाएक यस्तो निर्णयले राम्रो हुँदैन ।' सुदूरपश्चिमका सबै जनप्रतिनिधिबीच यस विषयमा आन्तरिक छलफल भइरहेको उनले बताए । 'केही समय पर्खौं भन्नेमै सबै साथीहरू छौं,' उनले भने ।

नगरपालिका महासंघ सुदूरपश्चिमका अध्यक्ष केशवबहादुर चन्द सर्वोच्चको फैसलाको सम्मान गर्नु कर्तव्य हुने भए पनि निर्णय भने अव्यवहारिक भएको बताउँछन् । 'प्रदेशले कानुन निर्माण गर्ने बेला गरेको त्रुटिले अहिले आएर अष्ठ्यारो परेको हो,' चन्दले भने, 'भोक भोकै काम गर भन्नु न्यायोचित होइन ।' ८८ स्थानीय तह रहेको सुदूरपश्चिममा एउटा उपमहानगरसहित ३५ नगर र ५३ गाउँपालिका छन् । प्रदेश कानुनअनुसार उपमहानगरका प्रमुखको पारिश्रमिक ४० हजार र उपप्रमुखको ३५ हजार छ । वडाध्यक्षलाई २४ हजार निर्धारण गरिएको छ । वडा-सदस्यहरूले मासिक ७ हजार पाइरहेका छन् । उनीहरूको बैठक, सञ्चार र दैनिक भ्रमण भत्ता भने बेग्लै छ ।

नगरपालिकाका प्रमुखलाई ३५ हजार र उपप्रमुखलाई मासिक ३० हजार तोकिएको छ । नगरका वडाध्यक्षको मासिक २२ हजार रुपैयाँ छ । वडा-सदस्यले मासिक ६ हजारसहित सबैले दैनिक भ्रमण भत्तालगायतका अन्य प्राप्त गरिरहेका छन् । प्रदेश कानुनअनुसार गाउँपालिकाका प्रमुखले मासिक ३० हजार र उपप्रमुखले २५ हजार रुपैयाँ पारिश्रमिक बुझ्छन् । वडाध्यक्षलाई २० हजार रुपैयाँ पारिश्रमिक निर्धारण गरिएको छ । गाउँपालिकाका वडा-सदस्यले मासिक ५ हजार रुपैयाँ तलब बुझ्ने गरेका छन् ।

सर्वोच्चको फैसलाले जिल्ला समन्वय समितिका पदाधिकारीले पाउँदै आएको पारिश्रमिकसमेत रोकिने भएको हो । प्रमुखले मासिक ४० हजार ५ सय, उपप्रमुखले ३५ हजार ५ सय तोकिएको थियो । समन्वय समिति सदस्यहरूको पारिश्रमिक मासिक ११ हजार रुपैयाँ छ । उनीहरूले त्यसबाहेक बैठक, सञ्चार र दैनिक भ्रमण भत्तासमेत पाउँदै आएका छन् ।

प्रयोग हुनै छाडे धर्मशाला

'ऐतिहासिक स्थल, कला र संस्कृति तथा सम्पदाको जगेर्ना गर्नुपर्ने दायित्व लिएका स्थानीय तहहरूले पनि वास्ता गरेनन्'

बैतडीको पाटन नगरपालिकामा जीर्ण अवस्थामा रहेको धर्मशाला । *तस्बिर : तृप्ति /कान्तिपुर*

■ **तृप्ति शाही** (बैतडी)

दशरथचन्द नगरपालिका ४ का वीरव हादुर चन्द पूर्व प्रहरी हुन् । ८० वर्षको उमेरमा पनि फुर्तिला देखिने उनले जागिरको दौरान जिल्लाजिल्लामा जाने क्रममा कैयौं पटक धर्मशालाहरूमा बसेको अनुभव सुनाए ।

चन्दको पालामा अहिलेको जस्तो सडक सुविधा, ठाउँठाउँमा बास बस्ने होटलहरू थिएनन् । 'टाढाटाढाको गन्तव्यमा पुग्ने क्रममा धर्मशालाहरूमै बास हुन्थ्यो' उनले भने 'त्यस बेला बाटोमा बस्नुपर्ने धर्मशालाको विकल्प हुन्थेन ।'

एक ठाउँबाट अर्को ठाउँमा आवतजावत गर्दा धर्मशालामा रात बिताएका सम्झनाहरू यहाँका बुढापाकाहरू अहिले पनि सुनाउँछन् । 'आफुलाई आवश्यक पर्ने दालचामल पकाउने भाँडाहरू साथैमा बोकेर लैजाने चलन हुन्थ्यो' जहाँ रात पऱ्यो त्यहीं नजिकको धर्मशालामा गएर बस्ने चलन हुथ्यो' उनले भने । डोटीको तेले लेकमा रहेको धर्मशाला कहिल्यै खाली हुन्थेन । पत्थरले छाएर बनाइएको धर्मशालामा काठलगायत अरु कुनै सामानको प्रयोग गरिएको हुन्थेन ।

ती धर्मशालाको संरक्षण पनि भइरह न्थ्यो । 'विभिन्न जिल्लाका यात्रीहरूबीच धर्मशालामै भेट हुँदा चिनापरिचय हुन्थ्यो' उनले सम्झिँदै भने 'एकआपसमा सम्बन्ध पनि बन्थ्यो ।'

दशरथचन्द नगरपालिका ४ कै गणेश भण्डारी पनि धेरै पटक तेलेको धर्मशालामा बास बसेको सुनाउँछन् । घरको लागि चाहिने सामान ल्याउन हाट जाने बेला धर्मशालामामा बास बसेको उनले सुनाए ।

अहिले ती धर्मशालाहरू लोप हुने अवस्थामा पुगेका छन् । कतिपय संरक्षणको अभावमा जीर्ण भएर भत्किने अवस्थामा छन् । उपयोग हुन छाडेपछि संरक्षणमा कसैको चासो छैन । सरकारी निकायलेसमेत ऐतिहासिक स्थलहरूको संरक्षणका लागि कुनै पहल गरेको पाइँदैन । आफ्नो क्षेत्रमा रहेका ऐतिहासिक स्थल, कला र संस्कृति तथा सम्पदाको जर्गेना गर्नुपर्ने दायित्व लिएका स्थानीय तहहरूले पनि यसतर्फ ध्यान नदिएको स्थानीय बासिन्दाहरू बताउँछन् ।

बैतडी सदरमुकाम खलंगा आसपासमै ५ वटा धर्मशाला रहेको बताउँदै चन्दले जिल्लाभर ८० बढी रहेको अनुमान लगाए । 'कतिपय भत्किसके, कतिपय भत्किने क्रममा छन्' उनले भने 'ऐतिहासिक महत्वका संरचनालाई जोगाउनु युवा पुस्ताको दायित्व हो ।' संरक्षण गरे यस्ता स्थलहरूले पर्यटक आकर्षक गर्न सक्ने उनी औल्याउँछन् ।

पहिलेपहिले धर्मकर्म गर्नेहरूले धर्मशालाहरू बनाउने गर्थे । कतिपयले आफन्तको स्मृतिमा धर्मशाला निर्माण गर्थे । जिल्लामा कतिपय ठाँउमा महिलाहरूले आफ्ना मृत्यु भएका श्रीमान्हरूको नाममा पनि धर्मशालाहरू बनाएको उनले बताए । 'अहिले त धर्मशाला भत्काएर कार्यालय, विद्यालय बनाउन थालिएको देखिन्छ' उनले भने ।

आफ्ना बुवाहरूले धर्मशालामा बसेका कुराहरू गर्ने गरेको बताउँदै स्थानीय शुसीला चन्दले पुराना सम्पदा जोगाएर राखेमा राम्रो हुने बताइन् । उनले भनिन्, 'बुवाहरू सामान ल्याउन भारतको टनकपुर जाँदा धर्मशालामा बास बसेको सुनाउनु हुन्थ्यो' हिँड्दाहिँड्दै कैयौ पटक अकस्मात हिउँ परेपछि धर्मशालाकै आश्रय लिएको बुवाले सुनाउनु हुन्थ्यो ।'

धर्मशाला जोगाउन कुनै काम गर्न नसकेको पाटन नगरपालिकाका प्रमुख केशव बहादुर चन्दले बताए । उनले भने, 'अहिले गाउँगाउँमा सडक यातायात पुगेपछि धर्मशालाको औचित्य समाप्त भएको हो' उनले भने 'केहीलाई ऐतिहासिक स्थलका रुपमा जोगाएर राख्न सके राम्रै हुन्छ ।'

२ महिनामा २ सय अपराधका घटना

धनगढी (कास)- कार्तिक पहिलो साता जिल्ला प्रहरी कार्यालय कैलालीले गोठ बाटै गाई चोरेर काट्ने ३ जनालाई पक्राउ गऱ्यो । त्यसैदिन २ मोटरसाइकल चोरी आरोपमा पक्राउ परे । कैलालीमा पछिल्ला वर्षमा अपराध तथा चोरीका घटना दिनहुँ बढेका छन् ।

जिल्लामा भइरहेका अपराधका प्रकृति पनि फरकफरक छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार पछिल्लो ४ वर्षमा ३ हजार १ सय ३१ अपराधका घटना भएका छन् । आव ०७४/७५ मा ९ सय ७५ अपराध भएका छन् । यो संख्या अघिल्लो वर्षभन्दा ३ सय २७ ले बढी हो ।

आव ०७५/७६ मा १ हजार २ सय ३६ आपराधिक घटनाका मुद्दा दर्ता भएका छन् । चालु आवको पछिल्लो २ महिनामा २ सय बढी घटना भएको प्रहरी नायव उपरिक्षक दक्षकुमार बस्नेतले बताए । कार्यालयका अनुसार जिल्लामा सबैभन्दा बढि सामाजिक अपराधका घटना बढ्दै गएका गएका छन् । पछिल्लो ४ वर्षमा ८ सय १० सामाजिक अपराधका घटनाहरू भएका छन् । गत आवमा ३ सय ६८ सामाजिक अपराधका घटना भएका थिए । चालु वर्षको २ महिनामै ८६ सामाजिक अपराधका मुद्दा दर्ता भएका छन् । बस्नेत भने संख्यात्मक रुपमा जिल्लामा अपराधिक घटना बढेको देखिए पनि यसलाई अपराध बढेको मान्न नमिल्ने बताए । 'अहिले नागरिकमा प्रहरीप्रतिको विश्वास बढ्दै गएको छ । उनीहरूले उजुरी दिन थालेका छन्,' बस्नेतले भने, 'प्रहरीको सक्रियता बढ्नुले पनि अपराधका घटना बढि जस्तो देखिएको हो ।'

प्रहरीप्रतिको विश्वास सर्वसाधारणमा बढ्दै गएपछि उजुरी दिने पनि बढे

प्रहरीले नागरिक चेतनाको वृद्धि भएर उजुरी हुने क्रम बढेको भन्नु उचित नभएको नागरिक समाज कैलालीका अगुवा प्रमोद पाठक बताउँछन् । उनी जिल्लामा प्रहरीको सक्रियता घटेकै कारण अपराधिक क्रियाकलाप बढेको दावी गर्छन् । 'प्रहरीहरू नागरिकको सुरक्षाप्रति जिम्मेवार बन्न सकेका छैनन् । त्यसैले अहिले जिल्लामा अनेक प्रकृतिका अपराधिक क्रियाकलाप बढेका छन्,' उनले भने । अपराध न्यूनिकरण र नियन्त्रणका लागि प्रहरीले रातमा साइकल र पैदल गस्ती सञ्चालन गर्नुपर्ने उनले बताए । सुरक्षाको जिम्मेवारी प्रहरीको रहेको भन्दै उनले प्रहरी जिम्मेवार बन्नुपर्ने बताए । 'केहि समय अघिसम्म रातिका बेला विभिन्न गस्ती हुने गर्थे । अहिले त्यो पनि बन्द भएको छ । प्रहरी सक्रिय बन्न जरुरी छ' उनले भने ।

बेरोजगारी र वितृष्णाले पनि समाजमा यस्ता अपराधिक क्रियाकलाप बढ्ने भएकाले सरकारले पनि युवाका लागि रोजगारी सिर्जना गर्नुपर्ने उनको भनाइ छ । जिल्लामा प्रहरीको सक्रियता घटेकाले अपराधिक क्रियाकलाप बढेको उनको ठम्याइ छ । उनले प्रहरीले दिउँसो मात्रै नभएर नागरिकलाई रातिका बेला पनि सुरक्षित महसुस गराउन गस्ती सञ्चालन गर्नुपर्ने बताए ।

सडक खन्ने विवादमा झडप

बैतडी (कास)- दशरथचन्द नगरपालिका ९, ग्वालेखमा सडक खन्ने क्रममा २ पक्षबीच सोमबार भएको झडपमा ८ जना घाइते भएका छन् । घाइते हुनेमा ७ पुरुष र १ महिला छन् ।

घाइतेहरूको जिल्ला अस्पतालमा उपचार भइरहेको छ । २८ वर्षीया गौरी जोशीलाई बढी चोट लागेको अस्पतालका डाक्टर वसन्तराज जोशीले बताए । एउटा पक्ष सडक खन्न नदिने र अर्को पक्षले जसरी पनि सडक लैजाने अडान लिएपछि उनीहरूबीच झडप भएको जिल्ला प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक डिल्लीनारायण पाण्डेयले बताए । 'वडा कार्यालयले सडक खन्नको लागि काम सुरु गर्ने तयारी गरेको थियो' पाण्डेले भने, 'यो अलि पहिलेबाटै २ पक्षका स्थानीयबीचको विवाद हो । सोमबार डोजरहरू खन्न अगाडी बढ्दा विवाद भयो ।' डोजरमा भने सामान्य क्षति पुगेको प्रहरीले जनाएको छ ।

भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७६/०७७ को लागी निम्न नेपालगञ्जका कलेजहरुमा तल उल्लेखित कार्यक्रमहरुमा भर्ना खुल्यो ।

सि.नं.	संस्थाको नाम र ठेगाना	कार्यक्रम	वर्ष	सम्पर्क फोन नं.
१.	कैलपाल हस्पिटल एण्ड कलेज, नेपालगञ्ज–१०, बाँके	PCL in Radiography	३ वर्षे	०८१-५२१०१७
		PLC in Lab Technician	३ वर्षे	०८१-५२६२७५
		TSLC Computer Engineers	१८ महिने	९८५८०२४६४८
२.	कलेज अफ अलाईड टेक्निकल साईन्स, नेपालगञ्ज, बाँके	Civil Engineers	३ वर्षे	०८१-५२७५४६ ०८१-५२८२६० ९८४८०३३०६६ ९८४८०९१०३७
		PCL in lab Technician	३ वर्षे	
		Amin	१८ महिने	
		Civil-Sub Oversees	१८ महिने	
		Lab Assistant	१८ महिने	

फारम बुझाउने अन्तिम मिति : २०७६ कात्तिक १७ गते सम्म ।

प्रवेश परीक्षा मिति (प्रमाणपत्र तह): २०७६ कात्तिक २३ गते बिहान ८:०० बजे

TSLC तह : २०७६ कात्तिक २३ गते दिउँसो २:०० बजे

शैक्षिक योग्यता:

प्रमाणपत्र तह : SEE परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा C ग्रेड प्राप्त गरी GPA न्यूनतम २ प्राप्त गरेको ।

TSLC तह : SEE परीक्षामा न्यूनतम E ग्रेड प्राप्त गरेको ।

नोट : शनिवार पनि कार्यालय खुला रहने छ ।

बाटो र भन्सार नहुँदा व्यापार शून्य

■ **मनोज बडू** (दार्चुला)

त्रिदेशीय नाकाका रूपमा रहेको चीनको सीमाबजार ताक्लाकोटसँगको दार्चुलाबाट हुने व्यापार अहिले ठप्प छ ।

सीमा क्षेत्रसम्म घोरेटो बाटो अवरुद्ध भएको र भन्सारसमेत नहुँदा यो नाकाबाट परम्परादेखि नै चलिआएको सबै व्यापार बन्द भएको हो । दार्चुलाका व्यापारीले विगतका वर्षमा भारतमा उत्पादित सामान नेपाल हुँदै चीनको सीमाबजार ताक्लाकोट पुऱ्याएर बिक्री गर्ने र उतावाट चिनियाँ वस्तु नेपाल भित्र्याएर व्यापार गर्दै आएको यहाँका व्यापारीहरू बताउँछन् । भारतका विभिन्न सहरबाट सामान ल्याएर नेपाल-भारत सीमाको सीतापुल छोटी भन्सारबाट नेपाल भित्र्याइने र त्यहाँबाट ताक्लाकोट पठाइने गरेको दार्चुला तिंकरका निरञ्जन बुढाथोकीले बताए । 'डेढ दशक अघिसम्म ताक्लाकोटसँग परम्परागतै व्यापार चलेको थियो,' उनले भने, 'चौरी झुप्पुबाट ढुवानी गरी त्रिदेशीय व्यापार गरिन्थ्यो । भन्सारको समस्या हुन थालेपछि व्यापार हुन सकेको छैन ।'

दार्चुलाको तिंकर नाकामा रहेको छोटी भन्सार कार्यालय द्वन्द्वकालमा विस्थापित भएदेखि कम हुँदै



पश्चिम नेपालको बन्द रहेको नेपाल-भारत जोड्ने सीतापुलको छोटी भन्सार क्षेत्र । विगतमा यही पुल भएर नेपाली व्यापारीले चीनको ताक्लाकोटमा व्यापार गर्दै आएका थिए । *तस्बिर : मनोज/कान्तिपुर*

आएको ताक्लाकोटसँगको व्यापार पछिल्लो समय बन्दै भएको छ । 'द्वन्द्वका कारण २०५८ देखि तिंकरको छोटी भन्सार कार्यालय बन्द भए पनि थोरै परिमाणमा चीनिया सामान दार्चुला भित्रिदै आएको थियो,' व्यासका व्यापारी दानसिंह तिंकरीले भने, 'घोरेटो बाटो बन्द भएदेखि ताक्लाकोटसँगको व्यापार बन्द भएको हो ।' उनका अनुसार दार्चुलाका व्यापारीले २०६९ सम्म भारतीय बाटो प्रयोग गरी सदरमुकाम खलंगामा भन्सार काटेर भए पनि ताक्लाकोटबाट चाइनिज सामान नेपाल भित्र्याउने गरेका थिए । पछि त्रिदेशीय सीमाक्षेत्रमा रहेका भारत र तिब्बतको भन्सारमा भारत र कडाई भएपछि सामान ल्याउन छोडेको तिंकरीको भनाइ छ । खलंगादेखि छाङरुसम्मको घोरेटो बाटो बन्द भएदेखि ताक्लाकोटबाट कुनै किसिमको सामान नेपाल नभित्रिएको खलंगा छोटी भन्सारका कर्मचारी बताउँछन् । ताक्लाकोटको सामान नेपाल भित्रिन रोकिएको यकिन तथ्यांक नभए पनि २०६९ सम्म आउने गरेको भन्सारका कर्मचारी बताउँछन् ।

सन् २०१४ अगाडिसम्म भारत-चीन नाकामा भन्सारको व्यवस्था थिएन । चीनको ताक्लाकोटसँग हुने दार्चुलाको व्यापार भारत र चीन सरकारले गरेको व्यापार सम्झौतापछि घटेर हालका वर्षमा भारतसँग बढेको छ । '२०७० सम्म सीमापारि भारतीय बजारमा चाइनिज सामान शून्य हुन्थ्यो,' खलंगाका व्यापारी मोहनदत्त बडूले भने, 'अहिले हाम्रो बजारभन्दा भारतमा चाडो र सस्तो मूल्यमा चीनिया सामान पाइन्छ ।' यहाँका भारतसित सीमा जोडिएका नेपाली बजारमा ५/७ वर्ष अघिसम्म चाइनिज रेडिमेड सामान खासगरि कपडाको राम्रो बजार थियो । अहिले धेरै घटिसकेको छ । भारतीय ग्राहक ६०/७० प्रतिशतले कमी आएका हुँदा सीमावर्ती बजार खस्कँदो अवस्थामा रहेको उनले बताए ।







तपाईंको आज

मेष	भाग्य वृद्धि	तुला	मिष्ठान्न भोजन
वृष	विजय	वृश्चिक	पुण्य आर्जन
मिथुन	धन आर्जन	धनु	अस्वस्थता
कर्कट	प्रशन्नता	मकर	मित्र भेट
सिंह	आर्थिक हानि	कुम्भ	शत्रु वृद्धि
कन्या	काम बन्ने	मीन	मनोकांक्षा पूर्ण

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक ६ गते बुधबार तदनुरुप २३ अक्टोबर २०१९ कार्तिक कृष्णपक्ष दशमी तिथि रात्रिको ९:१४ बजेसम्म उप्रान्त एकादशी तिथी, अश्लेषा नक्षत्र दिनको १२:२३ बजेसम्म उप्रान्त मघा नक्षत्र, शुभ योग दिनको ०३:१३ बजेसम्म उप्रान्त शुक्ल योग, वणिज करण प्रात: १०:२० बजेसम्म उप्रान्त भद्रा करण, कर्कट राशिमा चन्द्रमा दिनको १२:२३ बजेसम्म उप्रान्त सिंह राशिमा । ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर	८:००	कान्तिपुर समाचार
५:३०	आध्यात्मिक सन्देश	८:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)
६:००	जीवन विज्ञान	९:००	कल कान्तिपुर
६:३०	मार्गदर्शन (लाइभ)	९:३०	कान्तिपुर न्यूज
७:००	कान्तिपुर समाचार	१०:००	मनी टक्स (रिपिट)
८:००	गुडमर्निङ नेपाल	१०:३०	कान्तिपुर समाचार
८:३०	कान्तिपुर न्यूज	११:००	सरोकार
९:००	फायरसाइड (रिपिट)	१२:००	मनी टक्स (रिपिट)
१०:००	कान्तिपुर समाचार	१२:३०	कान्तिपुर न्यूज
१०:३०	सुमनसञ्जा (रिपिट)	१३:००	प्रदेश विशेष (रिपिट)
११:००	कान्तिपुर न्यूज	१३:३०	कान्तिपुर समाचार
११:३०	लाइसेन्स टु ड्राइभ (रिपिट)	१४:००	कल कान्तिपुर रिपीटेड
		१५:००	कान्तिपुर न्यूज रिपीटेड
१२:००	कान्तिपुर समाचार	१५:३०	मनी टक्स (रिपिट)
१२:३०	नेपाल स्पेल बी (रिपिट)	१६:००	कान्तिपुर समाचार (रिपीट १)
१:३०	रजतपट (रिपिट)	२:३०	मार्गदर्शन (रिपिट)
२:००	कान्तिपुर समाचार	३:००	कल कान्तिपुर (रिपिट)
२:३०	यू एण्ड आई (रिपिट)	४:००	सरोकार (रिपिट)
३:००	फायरसाइड (रिपिट)		

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत)	१५:००	कान्तिपुर डायरी
०६:३०	कान्तिपुर डायरी	१५:५५	नेपालय (परिमला)
०७:००	द हेडलाइनर्स	१६:००	हेल्थ एन्ड ह्याप्पिनेस डायरी
७:३०	कामुनी बहस र परामर्श (कमला)	१६:०५	कान्तिपुर मञ्च (महेश)
०८:००	डेलामपलेन्ट एन्ड इकोनोमिक्स डायरी	१७:००	डिस्ट्रिक्ट डायरी
०८:०५	द गुडमर्निङ शो	१७:०५	हेल्थ हटलाइन (कमला)
०८:३०	ओल्ड इज गोल्ड	१८:३०	कान्तिपुर डायरी
०९:००	कान्तिपुर डायरी	१९:००	कनेक्ट (प्रियंका)
०९:१०	ट्राफिक अपडेट	२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
०९:१५	राष्ट्रिय गीत	२०:०५	ओल्डी गोल्डी (स्मीता)
०९:२०	मेरो जब करिअर कनेक्ट (थलिसा)	२१:००	कान्तिपुर डायरी
१०:००	स्पोर्ट्स् डायरी	२१:२५	न्युज मेकर अफ द डे
१०:०५	गृह श्रृंगार (सृजना देवकोटा)	२१:३०	इन्द्रेनी
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी	२२:००	कालजयी गीत संगीत (भूपेन्द्र)
११:०५	मनका कुरा	२३:००	पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल)
१२:००	कान्तिपुर डायरी	००:००	फिल्मी परेड (रिपिट)
१२:१०	फिल्मी परेड (दीपकराज गिरी)	०१:००	कालजयी गीत संगीत (रिपिट)
१३:००	डिस्ट्रिक्ट डायरी	०२:००	नेपाली गीतहरु लगातार
१३:०५	के छ नेपाल (दिपाञ्जली)	०३:००	हिन्दी गीतहरु लगातार
१४:००	इन्टरनेसनल डायरी	०८:००	भजनहरु लगातार
१४:०५	के छ नेपाल (दिपाञ्जली)		

अस्पताल र विविध

सुखैंतका महत्वपूर्ण टेलिफोन नम्बर
मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल ५२०२००
जिल्ला प्रहरी कार्यालय ५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) ५२०३९०
क्षेत्रीय अस्पताल एम्बुलेन्स ९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन
महाकाली अञ्चल अस्पताल ५२१९९९
जिल्ला प्रहरी कार्यालय ५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा ५२१२५८
जिल्ला प्रशासन कार्यालय ५२१९०९

कैलालीका महत्वपूर्ण टेलिफोन
सेती अञ्चल अस्पताल ५२१२७१
जिल्ला प्रहरी कार्यालय ५२१९५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा ५२१६००
जिल्ला प्रशासन कार्यालय ५२१९०१
टीकापुर अस्पताल ५६०५५०
क्षेत्रीय अस्पताल ०८३-५२०२००
सुर्खेत विमानस्थल ०८३-५२०९३२

कञ्चनपुर
महाकाली अञ्चल अस्पताल महेन्द्रनगर ०९९-५२१९९९
रेडक्रस एम्बुलेन्स ५२१२५८/५२३९८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर ५२१९०२/५२०४०६
जिल्ला प्रहरी कार्यालय १००/५२१२००

डोटी
सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय ०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी ४२०९३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल ९८५८४४०१९२/४२०२०५
जिल्ला अस्पताल ४२००९२
जिल्ला अस्पताल एम्बुलेन्स ९८४८५४५१५०

जाजरकोट
जिल्ला प्रहरी कार्यालय- ०८९-४३०९३९, ९८५८०४५५५५
अस्पताल- ०८९४३०५८८
एम्बुलेन्स ९८५५५०५४३०
रेडक्रस एम्बुलेन्स ०८९४३००४२, ९८६६०००२६४

कालिकोट
प्रहरी ०८७-४४०५९३, ९८५८३३५५५५
जुम्ला
प्रहरी ०८७-५२००९३, ०८७-५२०९९३
शिक्षण अस्पताल ०८७-५२०३५५, ५२००५५
एम्बुलेन्स ९७४८२९१६६६

दैलेख
जिल्ला प्रहरी कार्यालय ०८९-४२०९२५,९८५८०५५५५५
अस्पताल ०८९-४१०१७७
एम्बुलेन्स ०८९-४१०१८५, ९८६८५६५४८२

पश्चिम रुकुम
जिल्ला प्रहरी कार्यालय ०८८५३०१८७
जिल्ला अस्पताल ०८८५३०२४७, ०८८५३०१५५
एम्बुलेन्स ९८०९८५८५८५

हुम्ला
प्रहरी ०८७-४८००३/ ०८७४८००९२
अस्पताल ०८७-४८००२४
विमानस्थल ९८५१०८३०५५

डोल्पा
जिल्ला प्रहरी कार्यालय ०८७-५५००५५, ९८५८३०५५५५

मुगु
प्रहरी ०८७-४४००९२
अस्पताल ०८७-४४०१३०
एम्बुलेन्स ९८४८३२९६६६

सल्यान
प्रहरी ०८८-५२००७०, ९८५७८४५५५५
अस्पताल ०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस ९८४७८३२४३८/०८८-५२००७४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२४९२४५/४२४९७००
जिल्ला प्रहरी (ललितपुर)	५५२९२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६५४८२९
आकस्मिक प्रहरी सेवा	४२२६९९९
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुगेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०

नेपाल-भारतका कोच युवा सम्मेलन

'समुदायको विकासमा रणनीतिक योजना आवश्यक'

कान्तिपुर संवाददाता (बिर्तामोड)

नेपाल र भारतमा बसोबास गर्ने कोच समुदायको विकासका लागि रणनीतिक योजना आवश्यक रहेको दुवै देशका युवाहरूले निष्कर्ष निकालेका छन्। झापाको बिर्तामोडमा कार्तिक २-३ गते भएको 'अन्तर्राष्ट्रिय कोच सांस्कृतिक युवा सम्मेलन' का सहभागीले कुनै एउटा विषयको विकासले मात्र समग्र समुदायको उत्थान नहुने ठहर गरेका छन्।

उनीहरूले दुवै देशमा कोच समुदायको समस्या समान भएकाले समुदायको विकास र उत्थानका लागि मिलेर अघि बढ्नुको विकल्प नरहेको समेत निष्कर्ष निकालेका छन्। आआफ्नो राज्य प्रशासनमा कोच समुदायको सांस्कृतिक, आर्थिक, सामाजिक, शैक्षिकलगायत समस्याबारे अवगत गराउनु अहिलेको आवश्यकता भएको सम्मेलनको ठहर छ।

पूर्वी नेपालमा बसोबास गर्ने राजवंशी, ताजपुरिया, गनगाई, माझी, सन्थाललगायत जातजाति कोच समुदायअन्तर्गत पर्दछन्। यो समुदायको बसोबास झापा, मोरङ र सुनसरीमा ठूलो संख्यामा छ। भारतको पश्चिम बंगाल, बिहार, असामलगायतका राज्यमा कोच समुदायको बसोबास रहेको पाइन्छ। सम्मेलनमा मेची क्याम्पस भद्रपुरकी प्राध्यापक निता राजवंशीले कोच समुदायको अवस्थाबारे धारणा राखेकी थिइन्। कोच नायिका विनोता बर्मनले युवा एकता नै विकासको पहिलो खुट्किलो भएको बताइन्।

कोच राजवंशी गाभुर संघ उत्तर दिनाजपुर पश्चिम बंगालका महासचिव मोहनलाल सिंहले कोच समुदाय राज्यको बेवास्तामा परेको गुनासो गरे। 'एउटा इतिहास बोकेको समुदायको संरक्षण गर्ने जिम्मेवारी राज्यको हो। तर, दुवै देशले त्यसो गरेनन' उनले भने, 'यहाँबाट पाठ सिकेर हामीले आफ्नो समुदायका लागि केही गर्नुको विकल्प छैन।'

'कोच समुदाय सबै हिसाबले राज्य संयन्त्रबाट टाढिएको अवस्थामा छ। आफ्नै भाषा, कला, साहित्य, संस्कृतिले पूर्ण यो समुदायको विकास र जगेर्ना गर्नु राज्यको पनि दायित्व हो। त्यसैले राज्यको ध्यानाकर्षणका लागि नेपाल-भारतका कोच युवाहरू एकठ्ठा भएका हौं,' कोचिला गाभुर फ्रन्ट नेपालका अध्यक्ष अभय राजवंशीले भने। राष्ट्र अलग भए पनि रहनसहन, संस्कार संस्कृति र सामाजिक समस्याहरू दुवै देशका कोच समुदायको एकै भएको उनले बताए। उनले विगतमा समुदायका अगुवाहरूले गर्न छुटाएको पहल र नेतृत्व भावी दिनमा संयुक्त रूपमा गर्नका लागि कोच युवा सम्मेलन लाभदायी भएको दाबी गरे।

सम्मेलन कोचिला गाभुर फ्रन्ट नेपालले आयोजना गरेको थियो। सम्मेलनमा नर्थ बंगाल इण्डिक कल्चरल वेलफेयर, कोच राजवंशी गाभुर संघ उत्तर दिनाजपुर पश्चिम बंगाल, इबोङ आमार एन्जेओ भारत, राजवंशी विकास समिति बिहार, सिलिउड सिने क्रिएसन भारत, अनुरोध फाउन्डेसन मोरङ र कोचिला गाभुर फ्रन्टका झापा र मोरङका विभिन्न गाउँ/नगर समितिका गरी १५ वटा संस्थाका २ सय ५० बढी युवाको सहभागिता थियो।

प्राथमिक तहमा विद्यार्थी घट्दै

विद्यार्थी नभएपै अधिकांश प्रावि बन्द हुने अवस्थामा छन् । कति त मर्ज भइसके । सामुदायिकमा प्रविधिमैत्री पठनपाठन, बहुभाषा शिक्षण र शिक्षक नहुँदा अभिभावक आफ्ना बालबच्चालाई संस्थागत विद्यालयमा भर्ना गरिरहेका छन् ।

विप्लव महर्जन (सल्यान)

सल्यानको कालीमाटी-१ स्थित कालिका प्राथमिक विद्यालयको कक्षाकोठामा विद्यार्थी । विद्यालयमा ५ जना विद्यार्थी मात्र छन् ।

तस्बिर : विप्लव/कान्तिपुर

शारदा नगरपालिका-५, तल्लोमार्केस्थित जनकल्याण प्राविमा तीन शिक्षक र एक बालविकास सहयोगी छन्। विद्यार्थी संख्या भने ११ मात्र छ। कालीमाटी गाउँपालिका-१, हिङबेरेस्थित प्राविको हालत पनि उस्तै छ। ३ कक्षासम्म सञ्चालित विद्यालयमा जम्मा पाँच विद्यार्थी छन्।

सरकारले सामुदायिक विद्यालयको गुणस्तर वृद्धिमा ध्यान नदिँदा विद्यार्थी संख्या बर्सेनि घटिरहेको छ। प्रायजसो अभिभावकले बालबालिकालाई आधारभूत तह निजी विद्यालयमै पढाउँछन्। माध्यमिक तहमा पुगेपछि भने केहीले सामुदायिकमै ल्याउँछन्। प्रविधिमैत्री पठनपाठन, बहुभाषा शिक्षण र शिक्षक नहुनु, परम्परागत शैलीको पढाइजस्ता कारणले प्राथमिक तहमा विद्यार्थी घटिरहेको शिक्षासेवी डिल्लीबहादुर भण्डारी बताउँछन्। उनका अनुसार विद्यार्थी नभएपै अधिकांश विद्यालय बन्द हुने अवस्थामा छन्।

बागचौर नगरपालिका-२, चिल्ढालेको भानुभक्त आधारभूत विद्यालयमा बालशिक्षाका सहित १८ विद्यार्थी छन्। एक शिक्षक र बालविकास सहयोगीको दरबन्दी रहेको विद्यालयमा विद्यार्थी घटेको भन्दै नगरपालिकाले शिक्षक सरुवा गरेको छ। विद्यालयलाई शिशु कक्षामा सीमित गर्ने नगरपालिकाको योजना छ।

स्थानीय सरकारले सामुदायिक विद्यालयको विकास र निगरानी गर्न नसकेको शिक्षासेवी भण्डारीको आरोप छ। जिल्लाका ५ सय ४ सामुदायिक विद्यालयमध्ये ७१ माध्यमिक, ८७ आधारभूत र २ सय ८७ प्राथमिक तहका छन्। जिल्लाभर संस्थागत विद्यालयको संख्या ४९ छ। सामुदायिकमा विद्यार्थी संख्या घट्दै गए पनि संस्थागत विद्यालय मौलाउँदै गएको उनले बताए।

जिल्लामा सामुदायिकका प्राथमिक तहमा ०७४ मा ३९ हजार ७ सय ८७ विद्यार्थी थिए। ०७५ मा घटेर ३२ हजार ९ सय १२ र चालु शैक्षिक सत्रमा ३० हजार ५ सय ९३ पुगेको छ। विद्यार्थी घटेका कारण यहाँका एक दर्जन विद्यालय मर्ज गरिएका छन्। तीन दर्जन विद्यालयको तह घटाइएको छ। करिब दर्जन विद्यालय बन्द गरिएको शिक्षा विकास तथा समन्वय एकाइले जनाएको छ।

सदरमुकामस्थित शारदा नगरपालिकामा ०७४ मा ३ हजार ९ सय ५ र २०७५ मा ३ हजार ७ सय १५ विद्यार्थी प्राविमा अध्ययनरत थिए। यस वर्ष ३ हजार ५ सय ४१ विद्यार्थी रहेको नगरले जनाएको छ। जिल्लाका १० स्थानीय तहमध्ये सबैभन्दा बढी शारदा नगरपालिकामा ५ हजार २ सय ५ र सबैभन्दा कम त्रिवेणी गाउँपालिकामा १ हजार ५ सय ५२ विद्यार्थी प्रावि तहमा छन्। सामुदायिकमा राजनीतिक चलखेल बढी हुँदा अहिलेसम्म दरबन्दी वितरण र समायोजन हुन सकेको छैन। शिक्षक राजनीति र अन्य काममा व्यस्त हुँदा पनि सामुदायिक विद्यालयको स्तर उक्सिन नसकेको स्थानीय अगुवा पूर्ण केसीको बुझाइ छ।

शारदा नगरपालिका-१०, मधनास्थित कालिका प्राविका प्रधानाध्यापक दीपक थापा विद्यार्थी नहुँदा बन्द भएको विद्यालय नगरपालिकाको सहयोगपछि पुनः सञ्चालनमा ल्याइएको बताउँछन्। कक्षा १ देखि ३ सम्म सञ्चालित विद्यालयमा २८ जना मात्र विद्यार्थी छन्।

स्थानीय तहले अस्थायी शिक्षक भर्ना गरे पनि अन्य व्यवस्थापनमा ध्यान नदिँदा आधारभूत तहको पढाइ कमजोर बन्दै गएको कालीमाटी गाउँपालिकाको काल्वेडाँडास्थित नेपाल राष्ट्रिय प्राविकी प्रधानाध्यापक लीला थापाले बताइन्। उनले शैक्षिक सामग्री र शिक्षक अभावमा प्राथमिक तहको पठनपाठन गुणस्तरीय बन्न नसकेको जनाइन्। ७ वर्षअघि करिब एक सय विद्यार्थी रहेको उनको विद्यालयमा यस वर्ष ४५ जना मात्र छन्। 'शिक्षक म एक्लै छु, बालबालिकालाई खेलाउने र पढाउने शैक्षिक सामग्री छैनन्,' उनले भनिन्, 'सबै कक्षामा नेपाली माध्यमबाट पठनपाठन भइरहेको छ।'

त्रिवेणी गाउँपालिकाका शिक्षा शाखा प्रमुख दलबहादुर रानाले आर्थिक अवस्था राम्रो भएका अभिभावकले बालबालिकालाई निजीमा पढाउने गरेका कारण सामुदायिक विद्यालय सुधार्न मुस्किल परिरहेको बताए। 'अधिकांश विद्यालयमा विद्यार्थी संख्या कम छ, जसकारण सरकारी अनुदान घट्दा शैक्षिक विकासमा पनि असर परिरहेको हो,' उनले भने, 'विद्यार्थी संख्याका आधारमा अनुदान वितरण गरिरहेका छौं, केही विद्यालयमा गुणस्तर बढिरहेको छ।'

शिक्षामा गरिएको लगानीका आधारमा तीन-चार वर्षपछि मात्र प्रभाव देखिने दार्मा गाउँपालिकाका शिक्षा शाखाप्रमुख रोम पाण्डे बताउँछन्। उनका अनुसार गाउँपालिकाले शिक्षा क्षेत्रमा योजना बनाई लगानी गरिरहेको छ। कालीमाटी गाउँपालिका अध्यक्ष दानबहादुर खत्रीले गुणस्तर बढाउन पूर्वाधार निर्माण, स्थानीय पाठ्यक्रम, डिजिटल हाजिरी, शैक्षिक सामग्रीमा लगानी बढाइएको बताए। शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख लालबहादुर घर्तीले संघीयतालले शिक्षामा ठूलो असर पारिरहेको बताए। 'यसअघि एकीकृत रूपमा जिल्लाभरि शैक्षिक विकासमा रकम विनियोजन हुन्थ्यो,' उनले भने, 'तर स्थानीय सरकारमार्फत आवश्यकताभन्दा पहुँचका आधारमा बजेट विनियोजन हुँदा दुरुपयोग बढिरहेको छ।'

एकाइका अनुसार जिल्लामा दरबन्दी अभावको समस्या कायमै छ। प्राथमिक तहमा १ हजार २ सय २० शिक्षक कार्यरत रहेको एकाइले जनाएको छ। त्यसमध्ये ५ सय ६२ स्थायी, ३ सय ५६ राहत र ३ सय २ अस्थायी शिक्षक छन्।

मूल्य सूची राख्न अटेरी

कान्तिपुर संवाददाता (विराटनगर)

वाणिज्य कार्यालयले विराटनगरका थानका कपडा पसलमा मूल्य सूची राख्न दिएको निर्देशन व्यवसायीले अटेर गरेका छन्। कार्यालयले विभिन्न नौ वटा कपडाका ठूला पसल सञ्चालकलाई मूल्य सूची राख्न तीन साताअघि निर्देशन दिएको थियो।

अनुगमनका क्रममा यहाँको रोनक इम्पोरियम पसलमा कपडाको मूल्य तलमाथि गरी उपभोक्ता ठगेको पाइएपछि वाणिज्य कार्यालयले अनिवार्य रूपमा मूल्य सूची राख्न निर्देशन दिएको थियो।

कार्यालयले रोनक इम्पोरियमसहित अम्बिका वस्त्रालय, दिनेश इम्पोरियम, जगदम्बा वस्त्रालय, वंशल इम्पोरियम, अम्बिका इम्पोरियम, नरायण स्टोर, कोसी वस्त्रालय र कावरा इम्पोरियमलाई तीन दिनभित्र मूल्य सूची राख्न निर्देशन दिएको वाणिज्य कार्यालयका निमित्त प्रमुख हिमाल बरालले बताए।

रेडिमेड कपडा र अन्य उपभोग्य वस्तुको मूल्य देखिन्छ। तर थानको कपडाको मूल्य देखिँदैन। यस्तोमा उपभोक्ता सक्कली र नक्कली सामानमा र मूल्यमा ठगिने गरेका छन्। बरालले भने, 'उपभोक्ता संरक्षण ऐनले हरेक वस्तुको मूल्य सूची राख्ने व्यवस्था गरेको छ। त्यसैका आधारमा कपडाका थानको कारोबार गर्ने पसललाई पनि मूल्य सूची राख्न निर्देशन गरिएको हो।' निर्देशनमा कपडाको खरिद र बिक्री मूल्य पनि राख्न भनिएको छ।

ऐनले व्यवस्था गरेकाले कपडा व्यवसायीले मूल्य सूची राख्ने पर्ने बरालको भनाइ छ। मोरङ व्यापार संघ र विराट व्यापार संघलाई पनि आफ्ना सदस्य व्यवसायीहरूलाई मूल्य सूची राख्न दबाब दिन आग्रह गरिएको उल्लेख गर्दै बरालले भने, 'अटेर गरे उपभोक्ता संरक्षण ऐनअन्तर्गत कारबाही हुन्छ।'

वाणिज्य कार्यालयले थान कपडाको मूल्य सूची राख्न दिएको निर्देशन पहिलो हो। विराटनगरबाहेक अन्य कुनै पनि सहरमा यस्तो निर्देशन नभएको बरालको भनाइ छ।

पोखराका 'वैज्ञानिक बा'

पोखराको पर्स्याङमा रहेको विज्ञान प्रयोगशालामा ८५ वर्षीय दीनबन्धु कोइराला ।

तस्बिर : दीपक/कान्तिपुर

दीपक परियार (पोखरा)

फराकिलो बाटोको छेवैमा पर्खालले घेरिएको सानो घरलाई बगैंचाले चिटिक्क पारिएको छ। दुईकोठे घरमा एक्लै बस्छन् ८५ वर्षीय वृद्ध दीनबन्धु कोइराला। गेटबाट छिर्नेबित्तिकै दाहिनेपट्टि टिनको टहरो छ। टहरोमा सिंगो सौर्य प्रणाली अटाइएको छ। ३० वर्षे सरकारी जागिर टुंग्याएका कोइराला अचेल समाजोपयोगी नौला कुरा खोजी गर्छन्।

पोखरा-५ पर्स्याङका स्थानीयले उनलाई बोलाउने नाम हो, 'वैज्ञानिक बा'। खेर गएका सामग्रीको प्रयोगबाट विभिन्न सामान बनाउँदा उनको घर एउटा प्रयोगशालाजस्तै छ। त्यहाँ छन् दृष्टिविहीनलाई उपयोगी सामग्री। दृष्टिविहीनले छामेर बुझ्न सक्ने सौर्य प्रणाली, तारामण्डल, विश्वको नक्सा र लेख्न मिल्ने सजिलो बोर्डलगायत गणितीय सामग्री उनका प्रयोगशालामा छन्। यी सबै उनी आफैंले बनाएका हुन्।

प्लाइउड, काठको धूलो, धागो, काठका टुक्रा, काँटी, कागज, फलाम र टिनलगायत सामान प्रयोग गरेर उनी दृष्टिविहीनका लागि शिक्षण सामग्री तयार पार्छन्। बनाएका सामान विभिन्न विद्यालयलाई दिन्छन्। विद्यार्थी ती सामान अवलोकन गर्न उनको घरैमा आइपुग्छन्।

सूर्यबाट विभिन्न ग्रह कति टाढा छन् भन्ने थाहा पाउन दृष्टिविहीनलाई सहयोगी हाते उपकरण पनि उनी आफैंले बनाए। ग्रहहरू सूर्यका वरिपरि अनुपातिक रूपमा घुमेको प्रक्रिया छामेर बुझ्ने गरी तयार पारिएको सामग्रीमा उनी घोत्लिन्छन् र भन्छन्, 'दृष्टिविहीनले यसलाई उपयोग गर्न सके शिक्षण प्रक्रिया सजिलो हुन्छ।' पृथ्वी आफ्नो कक्षमा घुम्दा कसरी उत्तरायण र दक्षिणायणको स्थिति पर्न आउँछ भन्ने बुझाउन तयार पारिएको बोर्ड, काठ र बाँसको टुक्राबाट बनाइएको अंग्रेजी लिपिका अंक, अक्षर टाँसिएको बोर्ड, छामेर हरफ सिधा लेख्न सकिने गरी बनाइएको बोर्डलगायत सामग्री उनले पोखराकै अमरसिंह नमुना माविलाई हस्तान्तरण गरेका छन्। अमरसिंहमा दृष्टिविहीन विद्यार्थीलाई उनले दुई वर्ष पढाए पनि।

पोखराका रैथाने उनले ०१७ मै एसएलसी उत्तीर्ण गरेका हुन्। तत्कालीन सोल्जर्स बोर्ड भोकेसनल हाइस्कुल (हालको अमरसिंह) बाट एसएलसी उत्तीर्ण गर्दा उनी २४ वर्षका थिए। घरैमा बुबासँग पढेकाले विद्यालय भर्ना हुन ढिला भएको उनी सुनाउँछन्। मेथ्लाङको भीरमा बाबियो काट्न जाँदा नाम्लो बिर्सिए बाबियोकै नाम्लो बनाएर घाँसको भारी बोकेर उनी फर्कन्थे। डोको, स्याँखु, घुम आफैं बनाउँथे।

एसएलसीपछि भूमि सुधारमा १० वर्ष जागिर खाए। लोक सेवा उत्तीर्ण गरी खाद्य संस्थानमा १८ वर्ष काम गरे। नायब सुब्बामा अवकाश लिए। ०४४/४५ सालतिर उनी स्याङ्जाबाट पोखरा फर्किँदै थिए। बसमा दृष्टिविहीन युवा उनीसँगैको सिटमा बसे। ती युवा बाटोमा गुड्ने बसको आवाज सुनेपछि कसैले एकपटक भनिदिएको नम्बर ठ्याक्कै मिलाउँथे। एकपल्ट चढेको बसको आवाज र सुनेको नम्बर उनलाई सम्झना हुन्थ्यो। अचम्मको खुबी देखेर चकित दीनबन्धुले उनलाई देख्ने भएको भए झनै तेजिलो हुन सक्ने प्रतिक्रिया दिए। ती युवकले भने, 'म मेरो अवस्थामा ठीक छु। आँखा देख्ने भएको भए झन् चोर, गुन्डा पो हुन्थें कि !'

दृष्टिविहीन युवकको वाक्यले दीनबन्धुको मन छोयो। उनी जस्तैका लागि केही गर्ने अठोट मनमनै लिए। पोखरा फर्किएर उनले उपयोगी सामग्री बनाउन लागे। उपकरण लगेर अमरसिंहमा दृष्टिविहीन विद्यार्थीलाई पढाउन उपयोग गरिहेरे। जागिरबाट ०५२ मा विश्राम लिएपछि उनको सक्रियता यसैमा झन बढ्यो। दृष्टिविहीनलाई मात्र नभई अरूलाई पनि उपयोगी हुने सामग्री बनाउन थाले। सामान उठाउने क्रेनको नमुना बनाए। इनारमा खसेको सामान निकाल्ने प्रविधि बनाए। काँक्रो चोरी हुनबाट बचाउने उपकरण बनाए। एक ठाउँमा अचेट्दा ५ वटा ढिकी र ४ वटै जाँतो चल्ने प्रविधि बनाए। 'म विज्ञान प्रदर्शनीहरूमा गएर हेर्थें,' उनले भने, 'त्योभन्दा राम्रो बनाउँछु भन्ने अठोट लिन्थें।'

उनले बनाएका उपकरण कामसँग पनि जोडिन्छन्। दृष्टिविहीनले काम गर्न मिल्ने साधन भए सडकमा बस्नुपर्ने अवस्था नआउने उनी बताउँछन्। सडकमा गीत गाइरहेका दृष्टिविहीन देखेपछि उनले किला ठोक्दा हातमा नलाग्ने प्रविधिको हयाम्मर बनाए। दृष्टिविहीनले सियोमा धागो उन्न मिल्ने मेसिन बनाए।